# शिक्षा क्षेत्रको योजना, २०२१–२०३०

# Education Sector Plan, 2021-2030

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

चैत्र, २०७७

# विषय सूची

परिच्छेद १: परिचय ........ 1
१.१ पृष्ठभूमि ........ 1
१.२ नेपालको समग्र सन्दर्भ ........ 2
१.३ मुलुकको शैक्षिक सन्दर्भ ........ 7
१.४ विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू ........ 13
१.५ विद्यालय शिक्षा क्षेत्रका अवसरहरू ........ 14
१.६ योजना निर्माण प्रक्रिया ........ 15
परिच्छेद २: दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य ........ 19
२.१ परिचय ........ 19
२.२ दीर्घकालीन सोच (Vision) ........ 19
२.३ ध्येय (Mission) ........ 19
२.४ उद्देश्यहरू (Objectives) ........ 19
२.५ रणनीतहरू (Strategies) ........ 20
२.६ अपेक्षित मुख्य उपलब्धि ........ 22
२.७ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य ........ 22
२.८ शिक्षा क्षेत्रको योजनामा परिवर्तनको सिद्धान्त ........ 25
परिच्छेद तीन: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू ........ 25
३.१ परिचय ........ 25
३.२ बालविकास र शिक्षा ........ 26
३.३ आधारभूत शिक्षा ........ 37
३.४ माध्यमिक शिक्षा ........ 49
३.५ पाठ्यक्रम तथा मूल्याङ्कन ........ 63
३.६ शिक्षक व्यवस्थापन र विकास ........ 79
३.७ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ........ 98
परिच्छेद चार: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ........ 113

४.१ परिचय......113

४.२ शैक्षिक समता र समावेशीकरण......114

४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम......125

४.४ छात्रवृत्ति......139

४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा......147

४.६ विद्यालय भौतिक पूर्वाधार  विकास......162

४.७ शिक्षामा सूचना र प्रविधि......168

परिच्छेद पाँचः सुशासन तथा व्यवस्थापन......178

५.१ परिचय......178

५.२ संस्थागत संरचना र क्षमता विकास......179

५.३ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध......187

५.३ अनुगमन तथा मूल्याङ्कन......193

**परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन**......201

६.१ परिचय......201

६.२ वर्तमान अवस्था......202

६.३ उद्देश्य......209

६.४ रणनीतिहरू......210

६.५ स्रोतको अनुमान र विश्लेषण......211

६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान......214

परिच्छेद सातः योजनाको नतिजा खाका......218

७.१ परिचय......218

७.२ योजनाको समग्र नतिजा नतिजा खाका......218

७.३ प्रमुख कार्यसम्पादन सूचकहरू (Key Performance Indicators-KPIs)......221

७.४ कार्यक्रम नतिजा खाका (Programme Result Framework-PRF)......225

**सन्दर्भ सामग्रीहरू**......235

**अनुसूचीहरू**......236

# तालिकाहरूको सूची

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येयअनुकूलका शिक्षासम्बन्धी केही हक तथा प्राथमिकताहरू पनि स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले पनि शिक्षालगायत बालबालिका हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SD) का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यसअन्तर्गतको चौथो लक्ष्यले “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य राखी यस उद्देश्यसँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले पनि शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ । उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं योजना २०७७/७८–२०८२/८३ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ । एकातिर नेपालमा कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजना (SSDP) २०७३–२०७८ को अवधि यही आर्थिक वर्षको अन्तसम्म मात्र रहेकोले नयाँ योजना निर्माण गर्नु परेको छ भने अर्कोतिर उल्लिखित सन्दर्भहरू सापेक्ष शिक्षा क्षेत्रमा नयाँ योजनाको आवश्यकता देखिएको छ । त्यसै गरी ज्ञान. विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिकरणसहित आत्मसात गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि शिक्षामा नयाँ योजना आवश्यक देखिएको छ । विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपत विपतबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको

विकासको आवश्यकतालाई अहिलेको कोभिड –१९ जस्तो माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले पनि थप पुष्टि गरेको छ भने यसको प्रभावबाट शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्नु पर्ने आावश्यकता पनि रहेको छ ।

उल्लिखित सन्दर्भले नेपालको शिक्षा क्षेत्रको विकासका लागि नयाँ योजनाको आवश्यकता महसुस गरी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी १० वर्षको शिक्षा विकासको दृष्टिकोणसहित सन् २०२१–२०२५ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ । यस योजनाको पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः मुलुकको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्खिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा नेपालमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माणको प्रक्रिया पनि सङ्क्षेपमा उल्लेख गरिएको छ ।

## १.२ नेपालको समग्र सन्दर्भ

नेपालमा लामो द्वन्दपछि संविधान सभाबाट संघीय गणतन्त्रात्मक संविधान निर्माण भई संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित सरकार गठन भएर मुख्य कानुनी तथा व्यवस्थापकीय संरचनासहित कार्यरत रहेका छन् । यस अवधिमा नेपालमा तुलनात्मक रूपमा स्थिर आर्थिक अवस्था देखिनुलाई सकारात्मक प्रगतिको सङ्केत मान्न सकिन्छ ।सन् २०१९ को आँकडाअनुसार (UNDP , 2020) मानव विकास सूचकाङ्कका दृष्टिले (६०२.०) कुल १८९ मध्ये नेपाल १४२ औं स्थानमा रहेको छ भने न्यूनबाट मध्यम सूचकाङ्क भएको मुलुकमा प्रवेश गरेको छ । व्यक्तिको औसत विद्यालय अवधिमा बढोत्तरी, प्रति व्यक्ति आयमा वृद्धि तथा निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्याको प्रतिशत घट्नु सकारात्मक सूचकहरू हुन् । शिक्षा विकासमा मुलुकको सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यो शिक्षा योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

नेपाल सामाजिक तथा सांस्कृतिक रूपले विविधतायुक्त देश हो ।यहाँ विभिन्न जातजाति, क्षेत्र, समुदायका फरकफरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज तथा प्रचलनहरू रहेका छन् भने नेपालमा बोलिने १२३ भाषा/भाषिका पहिचान गरिएको हुँदा भाषिक दृष्टिले पनि यो बहुभाषी देश हो। एकातिर यस्तो सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुका साथै आआफ्नो संस्कृति तथा भाषाप्रति र समग्रतामा यस्तो विविधताप्रति सबै समुदायले गौरव

गर्ने गर्दछन् । अर्कोतिर नेपालमा भाषिक, जातजातिगत, क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा बञ्चितीकरणमा परी विकासका अवसरहरूबाट बञ्चित भएका र सुविधाविहिन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन् । खास गरी जातजातीय, भाषिक तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भई केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भएका छन् तापनि सुधार गर्नुपर्ने पक्षहरू थुप्रै छन् । यस्ता विभेदहरू हटाउन विभिन्न कानुनहरू बनाइनुका साथै केही लक्ष्यित विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने राजनीतिक, प्रशासनिक तथा केही रोजगारीका क्षेत्रमा आरक्षण तथा विशेष प्रबन्ध पनि गरिएको छ । यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता भिन्नता पूर्ण रूपमा हट्न सकेका छैनन् । यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरू आवश्यक हुन्छन् भने अर्कोतिर सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेदरहितताको वातावरण सृजना गर्ने र आवश्यकतानुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यन दिनु जरुरी छ ।यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने छ । त्यसैगरी सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानिकारक अभ्यासप्रतिको सचेतताको विकास गर्नु पनि उत्ति कै आवश्यक छ ।

### १.२.२ आर्थिक सन्दर्भ

नेपाल न्यून आय भएको मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने तयारीमा छ । विगत केही दशकदेखि नेपालले औसत आर्थिक वृद्धिदरमा राम्रै उपलब्धि हासिल गरेको छ । सन् २०१५ को भुकम्पका कारण सन् २०१५/१६ (०.८ प्रतिशत) र हालको कोभिड–१९ का कारणले सन् २०१९/२० को आर्थिक वृद्धिदर न्यून(२.३ प्रतिशत) रहन जाँदा विगत १० वर्षको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ । भुकम्प पछिको वर्ष २०१६/१७ मा आर्थिक वृद्धिदर ८.२ प्रतिशत पुगेको थियो भने त्यसपछिका दुई वर्ष पनि आर्थिक वृद्धिदर ७ प्रतिशतको हाराहारीमा रही तुलनात्मक रूपमा राम्रो रहेको थियो । विगत १० वर्षको औसत मूल्य वृद्धि ६ प्रतिशतको हाराहारीमा रहेको छ ।

नेपालको सन् २०१९ को प्रतिव्यक्ति कुल राष्ट्रिय आय १०८० अमेरिकी डलरका आधारमा विश्व बैंकको वर्गीकरणअनुसार न्यून आय भएको मुलुकबाट न्यून–मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने आधार पुरा भएको छ । सन् २०१९ को राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) सन् २००९/१० को भन्दा करिब तीन गुणाले वृद्धि भई रु.३७६७ अरब रहेको छ भने यसअनुसार प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु.१.२६ लाख हुन आउँदछ ।

मध्यकालिन खर्च संरचना (MTEF) मा प्रक्षेपण गरिएअनुसार आगामी तीन वर्षको वृद्धिदर तथा राष्ट्रिय कुल गार्हस्थ उत्पादनको प्रक्षेपण निम्नअनुसार रहेको छः

**तालिका १.१: मध्यकालिन खर्च संरचना प्रक्षेपण (सन् २०२०–२०२३)**

| | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | MTEF 2020/2023 (प्रक्षेपण) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 2020/21 | 2021/22 | 2022/23 |
| कुल गार्हस्थ उत्पादन (हालको मूल्य रु. अरबमा) | 2,253.2 | 2,674.5 | 3,044.9 | 3,458.8 | 3,767.0 | 4,312.9 | 5,024.3 | 5,837.0 |
| % आर्थिक वृद्धि | 0.6 | 8.2 | 6.7 | 7.0 | 2.3 | 7.0 | 9.9 | 9.6 |
| % मूल्य वृद्धि | 5.2 | 9.7 | 6.7 | 6.2 | 6.5 | 7.0 | 6.0 | 6.0 |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.) | 79,500 | 93,100 | 104,600 | 117,300 | 126,000 | 142,000 | 163,400 | 187,600 |
| % प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा वृद्धि (स्थिर मूल्यमा) | -0.8 | 6.8 | 5.3 | 5.6 | 0.9 | 5.3 | 8.6 | 8.3 |

*स्रोतः NPC, 2020a.*

यसमा प्रक्षेपण गरिएको आगामी तीन वर्षको आर्थिक वृद्धिदर कोभिडको माहामरीले रोजगारी र उत्पादनमा आएको ह्रासलाई गति लिन लाग्ने समयलाई विचार गर्दा महत्त्वाकांक्षी देखिन्छ । राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) करिब २५ प्रतिशत वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणमा आधारित भएको तर कोभिड–१९ का कारण वैदेशिक रोजगारीमा कमी आउन सक्ने आकलन छ भने पर्यटनलगायत क्षेत्रमा अपेक्षित गतिमा आर्थिक वृद्धि हुन सक्नेमा विश्वस्त हुने आधार नदेखिएकाले यो प्रक्षेपणलाई कोभिड पछिको अवस्थाको विश्लेषणका आधारमा पुनरालवलोकन गर्नु पर्ने देखिन्छ ।

सरकारको आम्दानी र खर्चको अन्तर यो वर्ष ६.५ प्रतिशत रहेको छ भने आगामी तीन वर्षका लागि ९ देखि १० प्रतिशतको अन्तर प्रक्षेपण गरिएको छ । यस वर्ष कर तथा गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको २२ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः २३.५ २४.१ र २४.५ प्रक्षेपण गरिएको छ । त्यसै गरी यस वर्ष कुल खर्च कुल गार्हस्थ उत्पादनको २८.५ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः ३४.२ ३३.८ र ३३.५ प्रक्षेपण गरिएको छ (NPC, 2020a)।

उल्लिखित समग्र आर्थिक परिसूचकहरूको अवस्थाका साथसाथै यसको वितरण हेर्ने हो भने विभिन्न असमानता पाइन्छन् । यसमा प्रदेशगत असमानता उल्लेख्य रहेको छ । उदाहरणका लागि वागमती प्रदेशमा जनसङ्ख्या (२०.९%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै उच्च छ (३५.८%) भने प्रदेश २ मा जनसङ्ख्या (२०.४%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै न्यून छ (१३.८%) । अरु पाँचओटै प्रदेशहरूमा जनसङ्ख्याको अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत कम रहे पनि प्रदेश २ को तुलनामा फरक भने कम रहेको छ । यसमा पनि गण्डकी प्रदेश र प्रदेश १ मा यो भिन्नता अन्य तीन प्रदेशको तुलनामा कम रहेको छ । त्यसै गरी धनी र गरिब बिचको आयमा रहेको ठूलो भिन्नताले उच्च आय हुने माथिल्लो १०% सँग ४० % को हाराहारीमा र न्यून आय हुने तल्लो ५०% सँग करिब २०% मात्र आम्दानी रहेकोले पुष्टि गर्दछ (https://wid.world/country/nepal/ I

### १.२.३ भौगोलिक तथा जनसाङ्खिक स्वरूप

कुल क्षेत्रफल १,४७,५१६ वर्ग किलोमिटर रहेको भूपरिवेष्ठित नेपालको भूगोल र हावापानीमा विविधता छ । पूर्व–पश्चिमको औसत लम्बाइ करिब ८८५ किमि र उत्तर–दक्षिणको चौडाइ करिब १४५ देखि २४१ किमि रहेको छ भने उत्तरतिरबाट क्रमशः दक्षिणतिर पूर्वदेखि पश्चिमसम्म फैलिएका तीन भौगोलिक क्षेत्र हिमाल, पहाड र तराई रहेका छन् । यी तीन भौगोलिक क्षेत्रमध्ये हिमाल, पहाड र तराईमा क्रमशः १५, ६८ र १७ प्रतिशत जति भूभाग रहेको छ भने जनसङ्ख्या क्रमशः ६.७३, ४३ र ५०.२७ प्रतिशत रहेको छ । हिमाल र पहाडबाट तराई तथा सहरी क्षेत्रमा बसोबास गर्ने प्रवृत्ति बढिरहेले पालता बस्ती भएका हिमाली र पहाडी क्षेत्र झन पातलिँदै गएका छन् भने तराई तथा सहरी क्षेत्रमा जनघनत्व बढिरहेको छ । भौगोलिक स्वरूप र हावापानीमा भिन्न रहेका यी तीन क्षेत्रमध्ये हिमाली क्षेत्रमा ज्यादै चिसो हुने र कतिपय स्थानमा हिउँसमेत पर्ने भएकाले यस्ता स्थानमा यो अवधिमा जनजीवन ठप्प हुने गर्दछ । तराईको समथर भूभागमा भने गर्मि समयमा ४४° सेल्सियससम्म तापक्रम पुगी अत्यधिक गर्मि हुने गर्दछ । अधिकांश पहाडी क्षेत्रमा भने मध्यम तापक्रम हुने गर्दछ । हिमाली र पहाडी क्षेत्रमा कठिन भूबनोटका कारणले यातायात, सञ्चारलगायतका विकास तथा जनजीवनमा थप जटिलता उत्पन्न हुने गर्दछ । नेपालको संविधान बमोजिमका सात प्रदेशहरूमा एक वा एकभन्दा बढी भौगोलिक क्षेत्रका भूभागहरू समावेश गरिएको छ । उदाहरणका लागि प्रदेश २ मा तराई क्षेत्रमात्र पर्दछ, गण्डकी प्रदेशमा पहाड र हिमाल पर्दछन्, लुम्बिनी प्रदेशमा तराई र पहाड रहेका छन् भने बाँकी चार प्रदेशमा तराई, पहाड र हिमाल तीनओटै क्षेत्र समावेश भएका छन् ।

जनसाङ्खिक बनोटको कुरा गर्दा सन् २०११ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २.६५ करोडको हाराहारीमा र जनसङ्ख्या वृद्धिदर १.३ प्रतिशत प्रतिवर्ष रहेको छ । यो

जनसङ्ख्या वृद्धिदरका आधारमा प्रक्षेपण गर्दा नेपालको अहिलेको जनसङ्ख्या करिब ३ करोड हुन आउँछ । यसमा महिलाको जनसङ्ख्या करिब ५१.५ प्रतिशत रही पुरुषको भन्दा करिब ३ प्रतिशतले बढी रहेको छ । विभिन्न उमेर समूहमा जनसङ्ख्याको वितरण निम्नअनुसार रहेको छ ।

**तालिका १.२ः उमेर समूहमा जनसङ्ख्याको वितरण**

| उमेर | जनसङ्ख्या |
|---|---|
| 0-3 वर्ष | 1975138 |
| 4 वर्ष | 592825 |
| 5 वर्ष | 661158 |
| 5-9 वर्ष | 3204859 |
| 10-12 वर्ष | 2169404 |
| 5-12 वर्ष | 5374263 |
| 13-14 वर्ष | 1306020 |
| 15-16 वर्ष | 1298617 |
| 13-16 वर्ष | 2604637 |
| 17-21 वर्ष | 2637981 |
| 17-65 वर्ष | 14800442 |
| 22-65 वर्ष | 12162461 |
| 66 + | 1147199 |

*स्रोतः CBS (2018), Statistical Pocket Book.*

उल्लिखित तालिकाअनुसार ४ देखि १६ वर्षको विद्यालय उमेरमा करिब ३२.५ प्रतिशत जनसङ्ख्या रहेको छ भने ४ वर्ष मुनीको जनसङ्ख्या करिब ७.५ प्रतिशत र ६५ वर्ष भन्दा बढी उमेरको जनसङ्ख्या करिब ४.३ प्रतिशत रही बाँकी करिब ५५.७ प्रतिशत जनसङ्ख्या मात्र आर्थिक रूपले सक्रिय हुनसक्ने १७ देखि ६० वर्षमा रहेको छ । प्रदेशगत रूपमा जनसङ्ख्याको वितरण हेर्दा नेपालको कुल जनसङ्ख्याको प्रदेश १ मा १७.१ प्रतिशत, २ मा २०.४ प्रतिशत, वागमतीमा २०.९ प्रतिशत, गण्डकीमा ९.१ प्रतिशत, लुम्बिनीमा १७.० प्रतिशत, कर्णालीमा ५.९ प्रतिशत र सुदूरपश्चिममा ९.६ प्रतिशत जनसङ्ख्या रहेको छ ।

हालको जनसङ्ख्या वृद्धिदरका आधारमा वार्षिक रूपमा वृद्धि हुने विद्यालय उमेरका बालबालिकाको सङ्ख्यालाई विचार गरेर शैक्षिक योजना विकास गर्नु आवश्यक छ भने भौगोलिक बनावट र जनसाङ्खिक स्वरूपले शिक्षालगायत विकास कार्यमा प्रभाव पार्ने भएकाले यसलाई योजना निर्माणको क्रममा एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा लिने गरिन्छ ।

## १.३ मुलुकको शैक्षिक सन्दर्भ

नेपालमा विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

### १.३.१ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक तथा मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुऱ्याउँदछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै गरी नेपाल सरकारको २५-वर्षे दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा पन्ध्रौं आवधिक योजनाका लक्षहरू तय गरिएको छ । उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ ।

### १.३.२ उल्लेख्य उपलब्धि तथा अन्तर (Gaps)

नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ । विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्ना दरमा भएको वृद्धि र साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछन् । सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.४ र ६७.२ प्रतिशत पुगेको छ भने आधारभूत शिक्षा (कक्षा १–५) मा यो प्रतिशत क्रमशः ११९.३ र ९७.१ रहेको छ । त्यसै गरी आधारभूत शिक्षा (कक्षा १–८) कुल र खुद भर्ना दर क्रमशः ११०.४ र ९३.८ प्रतिशत रहेको छ । अर्कोतिर कक्षा १–३ मा औसत कक्षा दोहऱ्याउने दर ८ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ४ प्रतिशतको हाराहारीमा रहेको छ । कक्षा ८ सम्मको टिकाउ दर ७९.३ प्रतिशत मात्र रहेको देखिन्छ । यसरी भर्ना भएकामध्ये करिब २१ प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका र करिब ६.२ प्रतिशत उमेर समूह ५–१२ वर्षका बालबालिकाहरू विद्यालय बाहिर रहेका हुनाले यी दुवै समूहका बालबालिकालाई कक्षा ८ सम्म टिकाउनु जरुरी छ । माध्यमिक तह (कक्षा ९–१२) मा भने कुल र खुद भर्ना दर क्रमशः ७१.४ र ४७.६ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (५२.४ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा बाहिर रहेको छ ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैरनाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ । सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४९.८% निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा भर्ना भएका छन् । विद्यालयहरूको सङ्ख्याका आधारमा १६.४% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू (८३.६%) मा ५०.२% मात्र विद्यार्थी देखिन्छन् । यसका हुनाका दुई कारण छन् । पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले १ वर्षका कक्षा चलाएका छन् । दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन् । त्यसै गरी आधारभूत (१–८) र माध्यमिक तह (९–१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७ र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन् ।

आधारभूत तहमा लैङ्गिक समता सूचक ०.९८ पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ । त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) र आधारभूत तह (कक्षा १–८) मा कुल

भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् । विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्धसहिको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३, ५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन् ।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसिहतको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय. सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्न सक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ। सार्वजनिक शिक्षामा न्यून पहुँच भएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली र शिक्षकका दक्षता सुधारसहित गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ ।

यसै गरी स्थानीय र प्रदेश तहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने, विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम

बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने, तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा देखा परेको अन्तर घटाउने जस्ता प्रमुख चुनौतीहरू रहेका

### १.३.३ विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५ वर्षे (वि.सं. २०७३-२०७८) समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । यस अवधिमा कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्ण हुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना, वृहत् समावेशी गुरू योजना, सिकाइकालागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकका ढाँचाअनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पार्‍यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महसुस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

### १.३.४ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५ वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४ को नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा तीन पटक स्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेको थियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्टि गर्नु पर्ने सुझाव प्रस्तुत भएको छ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ ।

## १.४ चुनौतीहरू विद्यालय शिक्षा क्षेत्रका मुख्य

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्ने;

२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूका लक्ष्यित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने;

४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;

५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्ने;

६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक–सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;

७. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;

८. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि गर्ने;

९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने;

१०. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने;

११. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गर्ने;

१३. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;

१४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;

१५. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;

१६. संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;

१७. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

## १.५ विद्यालय शिक्षा क्षेत्रका अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्:

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने;

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको ;

३. दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको ;

४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको ;

५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको ;

६. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको ;

७. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने ;

८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको ;

९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;

१०. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको;

११. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

## १.६ योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको यो योजना तयारीको प्रारम्भिक कार्यको सुरुआतसँगै कोभिड–१९ को प्रकोप सुरु हुनाले यो प्रक्रियाले पुनः गति लिन केही समय लाग्यो । दूरीमा रही सञ्चार गर्ने विभिन्न वैकल्पिक माध्यमसमेत प्रयोग गरी २०२०को मे/जुन महिनादेखि यस प्रक्रियाले पुनः गति लिएको थियो । शिक्षा क्षेत्रको यो योजना निर्माणको नेतृत्व नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट भई मन्त्रीस्तरबाट योजना निर्माणका लागि आवश्यक संरचना निर्माणको निर्णयका साथै आवश्यक नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । योजना निर्माण प्रक्रियालाई मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता मन्त्रालयका सचिवबाट गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन मन्त्रालयको योजना महाशाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापनका लागि सचिवालयको काम मन्त्रालयको योजना महाशाखाअन्तर्गत रहेको वैदेशिक सहायता समन्वय शाखा (DACS) गरेको थियो ।

यो योजना तयारीका क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायत विषयगत मन्त्रायलहरूसँग सम्बन्धित विषयमा अन्तरक्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । विभिन्न स्थानीय तह, प्रदेश सरकारका निकायहरू, केही विद्यालयहरूसँग अन्तरक्रिया गरी सुझाबहरू लिइएको थियो । यस क्रममा सतओटै प्रदेश र केही स्थानीय तहले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेका थिए । ती अभ्यासमा मन्त्रलय तथा विभागीय निकाय सहभागी भई त्यसका सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो। यो योजना तयारीका विभिन्न चरणमा विकास साझेदारहरूको सहयोग तथा सहभागिता निरन्तर रहेको थियो ।

### १.६.१ अध्ययन तथा समीक्षाहरू

योजनाको तयारीका लागि निम्नअनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिए:

क) विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्निअनुसार रहेका छन्:

- सङ्गठन तथा सन्दर्भ अध्ययन (The institutional and context study)
- लैङ्गिक समता तथा सामाजिक समावेशिता अध्ययन (The gender equality and social inclusion (GESI) study)
- शिक्षाको बाह्य सक्षमता विश्लेषण (The education external efficiency analysis)
- शिक्षाको सामाजिक प्रभाव अध्ययन (The social impact of education study)
- सकारात्मक विचलनको अध्ययन (The positive deviance study)
- अपाङ्गता–समावेशीकरण अध्ययन (The disability-inclusive education study)
- सङ्कटासन्नता र जोखिम अध्ययन (The vulnerability and risk study)
- आर्थिक तथा सार्वजनिक वित्त विश्लेषण (The economic and public finance analysis)
- विद्यालय खाजाको प्रणालीगत अध्ययन (The Systems Approach for Better Education Results (SABER) study on School Feeding)

उल्लिखित नौ ओटा अध्ययनका आधारमा स्थानीय शिक्षा समूहका तर्फबाट शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको गरेको छ ।

ख) यो योजना तयारीका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७ देखि १० जनासम्मको बाह्रओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाह्रओटा विषयतगत समूहले निम्नलिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिए:

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

- समता र समावेशीकरण
- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

उल्लिखित बाह्र ओटा विषयगत प्रतिवेदनले यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो ।

### १.६.२ योजनाको तयारी तथा विकासका लागि संरचनात्मक व्यवस्था

योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियो:

- **योजना निर्देशक समिति (ESP Steering Committee) :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको योजना निर्देशक समितिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सम्बन्धित पदाधिकारीहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामला तथा सामान्य प्रशासन, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहलगायतको प्रतिनिधित्व रहेको थियो ।
- **योजना प्राविधिक सल्लाहकार समूह (TAT):** शिक्षा नीति तथा योजनासम्बन्धी विज्ञको संयोजकत्वमा गठित योजना प्राविधिक सल्लाहकार समूहमा विभिन्न विज्ञ तथा शिक्षा विद्को सहभागिता रहेको थियो ।
- **योजना प्राविधिक समिति (ESP Technical Committee):** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना महाशाखाका प्रमुखको अध्यक्षतामा रहेको योजना प्राविधिक समितिमा मन्त्रालयअन्तर्गतका विभागीय निकायहरू तथा मन्त्रालयअन्तर्गतका विभिन्न शाखाका प्रमुखहरू रहेका थिए ।
- **परामर्शदाता समूहहरू (Consultative Teams):** विभिन्न विज्ञ तथा परामर्शदाताहरूका समूहहरूले आवश्यकतानुसार विभिन्न विषयमा कार्य गरेका थिए । परामर्शदाता समूहहरूका कार्यको संयोजन मन्त्रालयको वैदेशिक सहायता समन्वय शाखाबाट भएको थियो ।
- **विषयगत अध्ययन समूहहरू (Thematic Teams):** माथि उल्लेख भएअनुसार मन्त्रालयले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, मन्त्रालय तथा विभागीय निकायका सम्बन्धत क्षेत्रको अनुभव भएका कर्मचारीहरू, विकास साझेदार तथा

स्थानीय तहका शिक्षा अधिकारीहरूसमेत संलग्न भएका १२ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो ।

- **प्रारम्भिक मस्यौदा समूहहरू (Initial chapter drafting Teams):** मन्त्रालयले सम्बन्धित विषय क्षेत्रमा काम गर्ने २ वा ३ जना विज्ञ तथा कर्मचारी सम्मिलित टिमलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाइएको थियो ।

### १.६.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित मन्त्रालयको टिमले काम गरेको थियो । यस क्रममा उल्लिखत विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययनहरूलगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना प्राजना निर्देशक मसमिति, योजना प्राविधिक सल्लाहकार समूह तथा योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाब तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

# परिच्छेद २ः दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य

## २.१ परिचय

परिच्छेद एकमा उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नेपालको विद्यालय शिक्षाको आगामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू ( Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

## २.२ दीर्घकालीन सोच (Vision)

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने ।

## २.३ ध्येय (Mission)

एक्काइसौँ शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने, नेपाली मूल्य मान्यताप्रति सचेत तथा समता र समावेशितालाई आत्मसात् गर्ने नागरिक तयार गर्ने ।

## २.४ उद्देश्यहरू (Objectives)

यस योजनाको समग्र उद्देश्य गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रूपमा स्थापित गरी सबैका लागि सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समता र समावेशिता प्रवर्धन गर्ने रहेको छ । यो समग्र उद्देश्यको विस्तृतीकरण गरी यस योजनाका निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छः

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु ।
५. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास गर्नु ।
६. विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्नु ।
७. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।
८. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्नु ।
९. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

## २.५ रणनीतहरू (Strategies)

उल्लिखित उद्देश्यहरू प्राप्त गर्नका लागि यस योजनाका केही रणनीतिक प्राथमिकताहरू रहेका छन्। ती रणनीतिक प्राथमिकताहरू (क) विद्यालय शिक्षामा सबैका बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्ने, (ख) विद्यालय शिक्षाको गुणस्तर सुधार तथा सान्दर्भिकता वृद्धि गर्ने, (ग) विद्यालय शिक्षालाई समतामूलक र समावेशी बनाउने र (घ) सुशासन तथा उत्तरदायित्व अभिवृद्धि गर्ने रहेका छन् । यी रणनीतिक प्राथमिकताहरूमा आधारित भई यस योजनाको कार्यान्वयनका लागि निम्नलिखित रणनीतिहरू तय गरिएको छः

१. संघीय सरकारले तोके बमोजिमको मापदण्ड, नर्म्स र ढाँचाअनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट हुनेछ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्नेछ।

२. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा स्थानीय तहले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ।

३. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा स्थानीय सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन् ।

४. निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक/प्राविधिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ।

५. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरिने छ।

६. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनाका साथै गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिने छ ।

७. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिने छ ।

८. अनौपचारिक शिक्षाको पुनर्परिभाषासहित अनौपचारिक र औपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार तथा अनौपचारिक शिक्षाको माध्यमबाट आयआर्जन तथा दिगो सामुदायक विकास प्रबर्द्धन गरिने छ।

९. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने छ।

१०. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा सुधार गर्ने पद्धित विकास गरिने छ ।

११. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गरिने छ ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (२०३०) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने ।

५. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।

६. विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

७. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुने।

८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चत हुने।

९. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि भई सिकाइमा सुधार हुन सहयोग पुग्ने ।

१०. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

११. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

१२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग पुग्ने ।

## २.७ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्नबमोजिम निर्धारण गरिएको छः

## तालिका २.१: मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य

| क.सं. | सूचकहरू | आधार वर्ष (२०७७) को अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८२ | २०८७ |
| **१. प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर | ८६.४ | १०० | १०५ |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ६७.२ | ९० | १०० |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | १०० | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | १०० | १०० |
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६८.७ | ९० | १०० |
| २. **आधारभूत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १२१.९ | १०६ | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९६.८ | ९९ | ९९ |
| २.३ | कक्षा १-५ मा कुल भर्नादर | ११९.३ | ११२ | १०७ |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९७.१ | १०० | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्नादर | ११०.४ | ११५ | ११० |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | ९३.८ | ९९ | १०० |
| २.७ | कक्षा १- ८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९८ | १.०० | १.०० |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ७९.३ | ९८.९ | ९९.५ |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ७२.७ | ९८.७ | ९९ |
| २.१० | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ६.२ | १ | 0 |
| **३. माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९-१० | ९४.६ | १०५.६ | १०९ |

| | | | | |
|---|---|---|---|---|
| ३.२ | खुद भर्नादर कक्षा ९-१० | ६८.७ | ८१.४ | ९६.४ |
| ३.३ | कुल भर्नादर कक्षा ९-१२ | ७१.४ | ९१.६ | ९७ |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | ४७.६ | ५८.१ | ७२.१ |
| ३.५ | कुल भर्नादर कक्षा ११-१२ | ५१.५ | ७७.३ | ८५.८ |
| ३.६ | खुद भर्नादर कक्षा ११-१२ | २५.८ | ४०.१ | ६२.२ |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६०.३ | ९७.९ | ९९ |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | २४.० | ३५.४ | ५२.३ |
| ३.९ | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०० | १.०० |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ७८ | ९६ | १०० |
| ४.२ | १५–२४ वर्षको साक्षरता दर | ९२ | ९९ | १०० |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ५८ | ९५ | १०० |
| **५. महिला शिक्षक प्रतिशत** | | | | |
| ५.१ | आधारभूत तह | ४३.७ | ५० | ५० |
| ५.२ | माध्यमिक तह | २०.६ | २५ | ३० |
| **६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पुरा गरेका विद्यालय प्रतिशत** | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | | ६० | ९० |
| ६.२ | आधारभूत विद्यालय | १३.४ | ७० | ९५ |
| ६.३ | माध्यमिक विद्यालय | | ६० | ९० |
| **७** | **राष्ट्रिय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत** | **११.६४** | **१७** | **२०** |

## २.८ शिक्षा क्षेत्रको योजनामा परिवर्तनको सिद्धान्त

यस योजनाको विकास गर्दा परिवर्तको सिद्धान्तलाई आात्मसात गरिएको छ । परिवर्तनको सिद्धान्तमा आधारित भएर योजना विकास गर्दा सर्वप्रथम हामी कहाँ छौं अर्थात् अवस्था केकस्तो छ, समस्या तथा चुनौतीहरू केके छन् भन्ने कुरा पहिचान वर्तमान अवस्थाको विश्लेषणका आधारमा गर्नुपर्छ । वर्तमान अवस्थाको विश्लेषणका आधारमा अवस्था तथा समस्या र चुनौती पहिचान गरेपछि परिवर्तनको सिद्धान्त विकासको पहिलो चरणमा योजना वा कार्यक्रमको **गन्तव्य वा अपेक्षित प्रभाव (Intended Impact)** पहिचान गर्नुपर्छ । गन्तव्य पहिचान गरिसकेपछि गन्तव्यमा पुग्ने आवश्यक आधारका रूपमा पछिल्ला चरणहरू (Backward steps) क्रमशः पहिचान गर्नुपर्छ । पछिल्लf चरणहरूको पहिचानले गन्तव्यमा पुग्न केकस्ता उपलब्धि प्राप्त गर्नु पर्दछ भन्ने तय गरी क्रमशः पछिल्ला मार्ग पहिचान गर्नुपर्छ । गन्तव्यमा पुग्ने आधारका रूपमा रहने यस्ता **उपलब्धिहरू (Outcomes)** का पनि सृङ्खलाहरू हुन सक्ने भएकाले दीर्घकालीन (Long-term), मध्यकालीन (Intermediate) र तत्कालिन (Immediate) उपलब्धिहरू क्रमशः पहिचान गर्नुपर्छ । पहिचान गरिएका उपलब्धिहरू प्राप्त भए नभएको वा केकति मात्रामा उपलब्धि प्राप्त भए भन्ने कुरा निर्धारण गर्नका लागि उपलब्धि सूचकहरू तयार गर्नु पर्दछ । अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि निश्चित कार्यहरू सम्पादन गरी तत्कालिन **नतिजा (Output)** प्राप्त गर्नु पर्दछ । यी तत्कालिन नतिजा प्राप्तिका लागि विभिन्न **कार्यहरू (Interventions)** आवश्यक हुन्छन् । यसरी परिवर्तनको सिद्धान्तले वर्तमान अवस्थाबाट अपेक्षित गन्तव्यमा केकसरी पुग्ने भन्ने विचार गरी क्रमशः पछिल्ला चरणहरू पहिचान (Backward mapping) गर्न सहयोग गर्दछ ।

शिक्षा क्षेत्रको यस योजनालाई निम्नअनुसार परिवर्तनको सिद्धन्तमा आधारित बनाइएको छः

### १. वर्तमान अवस्थाको विश्लेषण र समस्या तथा चुनौतीहरू पहिचान

शिक्षा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण गरी उपलब्धि तथा अन्तरहरूका आधारमा विद्यमान समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समग्र विश्लेषण गरी चुनौतीहरू पहिचान यस योजनाको पहिलो परिच्छेदमा गरिएको छ भने प्रत्येक उपक्षेत्रको अलग–अलग विस्तृत रूपमा वर्तमान अवस्थाको विश्लेषण गरी समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ । समग्रमा विद्यालय शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गरी गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने र विद्यालय तहको शिक्षामा समता तथा समावेशिताको प्रत्याभूति गर्ने कार्यमा अपेक्षित सफलता प्राप्त गर्ने कार्यमा अझै पनि चुनौतीहरू रहेका छन् । विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू परिच्छेद १.४ मा प्रस्तुत गरिएको हुनाले यसमा दोहऱ्याइएको छैन ।

**अपेक्षित प्रभाव (Intended impact) वा गन्तव्य (Destination) पहिचान**

योजनाका लागि परिवर्तनको सिद्धान्त विकास गर्न सर्वप्रथम योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका प्रभाव अर्थात् योजनाको गन्तव्य पहिचान गरिएको छ । नेपालको संविधानले समतामूलक तथा न्यायपूर्ण समाज विकास गर्ने दृष्टिकोण राखेको छ । यसका लागि आर्थिक तथा सामाजिक रुपान्तरण आवश्यक छ । नेपालीको समृद्ध  नेपाल र सुखी नेपालीको आकांक्षा पुरा गर्न नेपाल सरकारले विकासको २५ वर्षे दीर्घकालीन सोच तयार गरी सोहीअनुरुप पन्ध्रौं योजना २०७६–२०८० विकास गरेको छ । यो दीर्घकालीन आकांक्षा पुरा गर्न शिक्षा क्षेत्रले पनि योगदान गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी यस योजनाको अपेक्षित प्रभाव (Intended impact) वा गन्तव्य (Destination) *आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्नु* रहेको छ ।

**२. अपेक्षित उपलब्धि (Expected outcomes) तयारी**

परिवर्तनको सिद्धान्त विकास गर्ने क्रमको दोस्रो चरणमा योजनाको गन्तव्यमा पुग्नका लागि आवश्यक हुने उपलब्धिहरू तयार गरिएको छ । अपेक्षित उपलब्धिका पनि विभिन्न सृङ्खला हुनसक्ने भएकाले सर्वप्रथम दीर्घकालीन उपलब्धिबाट सुरु गरी क्रमशः मध्यम र अल्पकालीन वा तत्कालीन उपलब्धि तयार गरिएको छ । विद्यालय क्षेत्रको यस योजनाको दीर्घकालीन अपेक्षित उपलब्धि *एक्काइसौं शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने, नेपाली मूल्य मान्यताप्रति सचेत तथा समता र समावेशितालाई आत्मसात् गर्ने नागरिक तयार हुने* रहेको छ ।

उल्लिखित दीर्घकालीन अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि *गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रूपमा स्थापित भई सबैका लागि सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समता र समावेशिता प्रवर्धन हुन* आवश्यक भएकाले यसलाई मध्यकालिन (Intermediate) उपलब्धिका रूपमा लिइएको छ । यो मध्यकालिन उपलब्धि प्राप्तिलाई सघाउने गरी विभिन्न अल्पकालिन उपलब्धिहरू प्राप्त गर्नु पर्ने भएकाले विभिन्न तत्कालिन (Immediate) उपलब्धिहरू तय गरिएका छन् । यस्ता १२ ओटा उपलब्धिहरू तय गरी परिच्छेद २ मा उल्लेख गरिएको छ । यी उपलब्धि प्राप्त भएको सुनिश्चित गर्नका लागि उपलब्धि सूचकहरू तयार गरी परिच्छेद सातमा मुख्य उपलब्धि सूचकहरू (KPIs) र समग्र उपलब्धि सूचकहरू (PRF) प्रस्तुत गरिएको छ ।

**३. नतिजा (Outputs)**

विभिन्न तहका उपलब्धिहरू तयार गरेपछि ती उपलब्धिका लागि केकस्ता नतिजाहरू जस्तैः उत्पादन, सेवा तथा सुविधाहरू आवश्यक हुने हो भन्ने कुरा तय गरिएको छ । उदाहरणका लागि सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने भन्ने

उपलब्धि प्राप्तिका लागि सबै बालविकास तथा शिक्षा केन्द्रहरूमा न्यूनतम भौतिक पूर्वाधार, शैक्षिक सामग्री, सरसफाइ तथा स्वच्छताको प्रबन्ध, न्यूनतम योग्यता पुगेका, तालिम प्राप्त र उत्प्रेरित शिक्षक, पौष्टिक तथा स्वस्थकर दिवा खाजा, आधारभूत स्वास्थ्य सेवा, बालमैत्री वातावरण इत्यादि नतिजाहरू हुन् । परिच्छेद ३ र ४ मा योजनाका विभिन्न उपक्षेत्रगत नतिजाहरू समावेश गरिएको छ।

४. **रणनीति तथा क्रियाकलापहरू (Interventions)**

नतिजा प्राप्तिका लागि विभिन्न रणनीति तथा क्रियाकलापहरू आवश्यक हुन्छन् । एउटा नतिजाका लागि एक वा एकभन्दा बढी क्रियाकलापहरू आवश्यक हुन सक्दछन् भने एउटा क्रियाकलाप एक वा एकभन्दा बढी नतिजासँग पनि सम्बन्धित हुन सक्दछ । यी रणनीति तथा क्रियाकलापका लागि कार्यान्वयन प्रबन्ध तथा आवश्यक स्रोत तथा साधनाको आकलन पनि गरिएको छ ।

उल्लिखित नतिजाको सृङ्खलासहित उपलब्धि तथा गन्तव्य प्राप्तिका लागि अपेक्षित स्रोत साधन, संरचना, उत्तरदायित्व, साझेदार तथा सरोकारवालाहरूको सकारात्मक सहयोग तथा सहकार्यमा निरन्तरता हुने **मान्यताहरू (Assumptions)** का आधारमा यो परिवर्तनको सिद्धान्त विकास गरी सोहीबमोजिम योजना तर्जुमा गरिएको छ ।

शिक्षा क्षेबको यस योजनाको उल्लिखित परिवर्तनको सिद्धान्तका प्रमुख पक्षहरूलाई निम्नलिखित चित्रअनुसार सङ्गठित गर्न सकिन्छः

## शिक्षा क्षेत्रको योजनामा परिवर्तनको सिद्धान्तको स्वरूप

# परिच्छेद तीनः विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ परिचय

यस विद्यालय क्षेत्र योजना सन् २०२१–२०३० का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरी पहिलो पाँच वर्षका अर्थात् सन् २०२१–२०२५ लागि लागत अनुमानसहित योजनाको खाका तयार गरिएको छ । पहिलो परिच्छेदमा यस विद्यालय क्षेत्र योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ । यसले विद्यालय क्षेत्र योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ । परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ । यस परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको  वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरी उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ ।

यस परिच्छेदमा उल्लिखित उपक्षेत्रअन्तर्गतका योजनाको खाका तयार गर्दा यस योजनाका लागि तयार गरिएका सन्दर्भ तथा पृष्ठभूमिको अध्ययन तथा विश्लेषहरू, विद्यालय क्षेत्रको अवस्था विश्लेषण प्रतिवेदन (Education Sector Analysis Report, 2020) तथा यस योजना तयारीका क्रममा तयार गरिएका १२ ओटा विषय क्षेत्रगत विक्षेषणका पत्रहरू (Thematic papers on school sector) ले महत्त्वपूर्ण आाधार प्रदान गरेका छन् । नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण, मौलिक अधिकार, नीति, संरचना इत्यादि, शिक्षासम्बन्धी नीति, विभिन्न शिक्षा तथा अधिकारसम्बन्धी कानुनी प्रबन्ध, संयुक्त राष्ट्रसंघीय दिगो विकासका लक्ष्य तथा दिगो विकासका लक्ष्य ४ सम्बन्धी नेपालको कार्ययोजना, अन्तरराष्ट्रिय सन्धि, सम्झौता तथा नेपालका प्रतिबद्धता, नेपालको पन्ध्रौं योजनाका सम्बन्धित पक्षलाई यस योजनाका प्रमुख सन्दर्भका रूपमा लिइएको छ । त्यसै गरी हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमलगायत विद्यालय शिक्षाको हालसम्मको प्रगति तथा अन्तरका आधारमा क्षमताको आकलन  गरिएको छ भने विद्यालय शिक्षाका लागि राष्ट्रिय

पाठ्यक्रम प्रारूप २०७६ को कार्यान्वयनका लागि आवश्यक संरचना तथा तयारीलाई पनि उपक्षेत्रगत योजना निर्माणको एउटा महत्त्वपूर्ण आधार मानिएको छ ।

यस परिच्छेदमा प्रारम्भिक बालिवकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गर्नुका साथै योजनाका लागि सम्बन्धित उपक्षेत्रका उद्देश्य, रणनीतिहरू, प्रमुख नतिजाको आकलन, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

## ३.२ बालविकास र शिक्षा

### ३.२.१ परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । सर्वाङ्गीण विकासअन्तर्गत बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्दछन् । कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा बाधा पर्न सक्ने भएकाले बालबालिकाका उल्लिखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिनेभन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे कार्यक्रम समावेश गरिएको छ । सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले नेपालमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको कार्यान्वयनबाट हासिल गरिएका अनुभवले यस कार्यक्रमलाई विस्तार गर्ने र सेवालाई सीमान्तकृत तथा पछाडि परेका समुदायको पहुँचसम्म पुऱ्याउने रणनीति विकास तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा मार्ग प्रशस्त गरेका छन् ।

नेपालको विद्यालय क्षेत्रको योजनाको यस खण्डमा नेपालमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको वर्तमान अवस्था विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरिएको छ । पहिचान

गरिएका चुनौतीहरूको सामना गरी प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको स्वरूप तयार गर्ने क्रममा यस योजना अवधिका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

हाल नेपालमा ३०,०३९ सरकारी अनुदान प्राप्त प्रारम्भिक बालविकास केन्द्र र ६,६२३ संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाहरू रहेका छन् (CEHRD, 2020) । चार बर्ष उमेरका बालबालिकाको कुल सङ्ख्या ६ लाख ४० हजारमध्ये ४,३६,११५ प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना भएका भई सो भर्ना दर ६७.२ प्रतिशत पुगेको छ । धेरैजसो संस्थागत विद्यालय तथा निजी क्षेत्रबाट सञ्चालित र केही सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षामा दुई या तीन वर्षका कार्यक्रम सञ्चालनमा छन् भने कतिपय निजी क्षेत्रबाट सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रम चार वर्ष अवधिका पनि छन् । यी सबैमा गरी कुल ११,०५,५६१ बालबालिकाहरू यस कार्यक्रममा सहभागी भएका छन् । उमेर समूह ३–४ वर्षका बालबालिकाको कुल सङ्ख्याका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको कुल भर्नादर (GER) ८६%४. हुन आउँदछ । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ६८ %७. रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक ०.८५ रही समदरमा पुग्न सकेको छैन । प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत शिक्षकहरूमध्ये ९१.३% महिला रहेका छन् । कक्षा १० भन्दा कम शैक्षिक योग्यता हुने शिक्षकको सङ्ख्या ४.३%, कक्षा १० योग्यताका भएका शिक्षकको सङ्ख्या १३.२% र सो भन्दा बढी योग्यता भएका शिक्षकको सङ्ख्या ८२.५% रहेको छ (CEHRD, 2020) ।

प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय तथा समुदाय दुवैमा सञ्चालन गरिएको छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर कायम गर्नका लागि प्रारम्भिक बालविकाससम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । त्यसै गरी प्रारम्भिक बालविकास र शिक्षामा लगानीको सुनिश्चितताको लागि लागत सहभागिता मापदण्ड २०७७ कार्यान्वयनमा ल्याइएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने केन्द्रहरूको कार्यसम्पादन परीक्षण र बालबालिकाहरूको सिकाइ तथा विकासस्तर परीक्षणको कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भइरहेको छ । शिक्षकहरूको पेसागत विकासका लागि तालिमका प्याकेजहरू निर्माण गरी शिक्षकको पेसागत विकास तालिम सञ्चालन भइरहेको छ । विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका लागि छुट्टै व्यवस्थापन समितिको व्यवस्था छ भने सञ्चालनको लागि स्थानीय तहले अनुमति तथा स्वीकृति दिने व्यवस्था रहेको छ ।

विद्यालय क्षेत्र विकास योजना लागु गर्दा आधार बर्ष सन् २०१६ मा प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर ८१ प्रतिशत रहेको र चौथो वर्ष अर्थात् सन् २०१९/२०२० का लागि यसको लक्ष्य ८७.७ प्रतिशत राखिएकोमा प्रगति ८६.४ प्रतिशत पुगेको छ । त्यस्तै आधार बर्षमा प्रारम्भिक बालशिक्षा तथा विकासको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने दर ६२.४ प्रतिशत रहेको र चौथो वर्षका लागि यो लक्ष्य ७०.८ प्रतिशत राखिएकोमा ६८.७ प्रतिशत पुगेको छ । विद्यालय क्षेत्र विकास योजनाले योजना अवधिमा प्रारम्भिक बालविकास तथा शिक्षाका सहजकर्ता/शिक्षकको न्यूनतम योग्यता कक्षा १० उत्तीर्ण र पारिश्रमिक समान योग्यता भएका अन्य सरकारी कर्मचारीले पाए सरह हुने भन्ने उल्लेख भए पनि यो नीति कार्यान्वयन हुन नसकी शिक्षकहरू न्यून पारिश्रमिक मै कार्य गरिरहेका छन् । हाल प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत शिक्षकहरूमध्ये ९५.७ प्रतिशत शिक्षकहरूको शैक्षिक योग्यता कक्षा १० वा सो भन्दा बढी रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको गुणस्तर सुनिश्चित गर्न गुणस्तरका मापदण्डका लागि सञ्चालन कार्यढाँचा र निर्देशिका तयार पारी कार्यान्वयनमा ल्याउने रणनीति रहेकोमा योजना अवधिमा प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम मापदण्ड २०६७ पहिलो संशोधन २०७५) र बालविकास केन्द्रमा लागत सहभागिता मापदण्ड २०७७ तयार गरी कार्यान्वयनमा ल्याइएको छ । यसै गरी योजना अवधिमा सबै प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकहरूलाई एक महिने सघन र पुनर्ताजगी तालिम प्रदान गर्ने लक्ष्य लिइएकोमा शिक्षकहरूको तालिम प्याकेज तयार भई तालिम दिने कार्य सुरु भइसकेको छ ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा उल्लेख्य प्रगति भएको भए तापनि कुल भर्नादरमा प्रदेशगत असमानता कायमै रहेको कुरा प्रदेश २ र कर्णाली प्रदेशको कुल भर्नादर क्रमशः ४९.९% र ६४.१% हुनुले देखाएको छ । त्यसैगरी यी प्रदेशका थुप्रै बालबालिकाहरूले अझै प्रारम्भिक बालविकास तथा शिक्षाको सेवा प्राप्त गर्न नसकेको कुरा स्पष्ट हुन्छ । समुदायमा रहेका प्रारम्भिक बाल शिक्षा उमेर समूहका बालबालिकाको सङ्ख्याको अनुपातमा प्रारम्भिक बालविकास केन्द्रको वितरण हुन सकेको छैन । प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्नादर ६७.२% रहेकोले प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूह भन्दा कम वा बढी उमेर समूहका धेरै बालबालिकाहरू प्रारम्भिक बालविकासमा कार्यक्रममा सहभागी रहेको देखिन्छ । यसले शिक्षकलाई सिकाइ सहजीकरणमा समस्या हुने मात्र नभई बालबालिकाको विकास र सिकाइसमेत प्रभावित हुने गर्दछ। विद्यालय क्षेत्र विकास योजनाको आधार वर्षमा बालविकास केन्द्रको सङ्ख्या ३०,४४८ रहेको र चौथो बर्षमा ३२,००० पुऱ्याउने लक्ष्य राखिएको भए तापनि यो सङ्ख्या बढ्न सकेको छैन । उपलब्ध तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा जम्मा ३,२६२ अर्थात् ०.३% मात्र अपाङ्गता भएका बालबालिकाका भर्ना भएका छन् । बालिवकास केन्द्रका शिक्षकहरूको पारिश्रमिक ज्यादै कम भएको कारणले पनि उनीहरूमा उत्प्रेरणा जगाउन र मनोवल

बढाउन सकिएको छैन । अधिकांश प्रारम्भिक बालविकास केन्द्र वा कक्षाहरूमा प्रारम्भिक बालविकासका मापदण्डअनुसार न्यूनतम भौतिक तथा शैक्षिक सुविधा पुऱ्याउन सकिएको छैन । केन्द्रमा न्यूनतम मापदण्ड अनुसारका भौतिक तथा शैक्षिक सुविधा नहुँदा बालबालिकाहरू गुणस्तरीय सेवा प्राप्त गर्ने हकबाट बञ्चित हुन परेको छ । धेरैजसो केन्द्रमा अपाङ्ग तथा लैङ्गिक मैत्री भौतिक वातावरण नभएका कारण अपाङ्गता भएका बालबालिकाको विकासात्मक आवश्यकता पुरा गर्न सकेको देखिदैन ।

सामुदायिक विद्यालय तथा समुदायमा आधारित बालविकास तथा शिक्षा केन्द्रबाहेक संस्थागत विद्यालय तथा निजी क्षेत्रले पनि अभिभावकको लगानीमा २ देखि ४ बर्षका बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिहेको छ । निजी क्षेत्रबाट सञ्चालित ६,६२३ बालविकास केन्द्रमा ५,५५,०७५ बालबालिका सहभागी (कुल भर्नाको ४९.८%) भएका छन् । केही सामुदायिक विद्यालयहरूले पनि अभिभावकको लगानीमा २ वा ३ वर्षका बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन् । अधिकांश बालविकास केन्द्रहरूमा बालबालिकालाई पढाइ तथा लेखाइमा जोड दिँदा बाल विकासमा समस्या उत्पन्न हुन सक्ने देखिन्छ । अझ २ वा ३ वर्षको कार्यक्रम सञ्चालन गर्ने विद्यालयमा भने ३ वर्षको उमेरदेखि नै पढाइ तथा लेखाइमा जोड दिनाले बालबालिकाको विकासमा नकारात्मक प्रभाव परेको अवस्था पनि छ ।

प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तरका लागि उपयुक्त सिकाइ सामग्रीहरूको विकास तथा वितरण गर्ने रणनीति राखिएको भए तापनि केन्द्रको न्यूनतम मापदण्डसम्बन्धी निर्देशिकामा परिमार्जनबाहेक अन्य पक्षमा उल्लेख्य प्रगति भएको देखिदैन । शिक्षकको क्षमता विकासका लागि तालिमसम्बन्धी प्याकेज निर्माण भएको भए पनि सबै शिक्षकहरूलाई तोकिए बमोजिमको तालिम दिन सकिएको छैन ।

यहाँ गरिएको विश्लेषणका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षामा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छः

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरू विशेष गरी सीमान्तकृत तथा भौगोलिक विकटता भएका क्षेत्र र अपाङ्गता भएकाहरूलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुऱ्याउने ।
२. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा न्यूनतम मापदण्ड पुरा गर्ने।
३. प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकहरूको पारिश्रमिक वृद्धि, वृत्ति विकास तथा क्षमता विकास गर्ने।

### ३.२.३ उद्देश्य

यस योजनाको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको समग्र उद्देश्य सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ । यसका लागि योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरू राखेको छ :

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु ।

२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु ।

३. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु ।

### ३.२.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१. संघीय सरकारले निर्धारण गरेको मापदण्ड, नर्म्स र ढाँचाअनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहले गर्ने छ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्ने छ ।

२. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यक भएमा नयाँ स्थानमा केन्द्र स्थापना गरी प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइने छ ।

३. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका ४ वर्षका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरू विकास गरी पहुँच सुनिश्चित गरिने छ ।

४. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्न र सबै बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गर्न समयसापेक्ष पाठ्यक्रमको परिमार्जन तथा अनुकुलन गरी कार्यान्वयन गरिने छ ।

५. सबै प्रारम्भिक बालविकास तथा शिक्षामा लगानी सुनिश्चित गरी केन्द्रको न्यूनतम मापदण्ड पुरा गराउन लागत सहभागिता प्रारूप २०७७ लाई परिमार्जन गरी कार्यान्वयन गरिने छ ।

६. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

१३. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।

२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।

३. सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारीसहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने ।

४. पाठ्यक्रम परिमार्जन र अनुकुलनसिहत कार्यान्वयन भई प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने ।

५. भौगोलिक जटिलतामा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित, जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र (उद्योग, कलकारखाना) तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरू विकास हुने ।

६. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरूका जिम्मेवार हुने ।

## ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ३.१: प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरू विकास परिमार्जन तथा प्रबोधीकरण | पटक | १ | १ | | | | १ | २ | संघले विकास तथा परिमार्जन र संघ तथा प्रदेशले प्रबोधीकरण गर्ने (बैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षाका लागिसमेत) |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण | स्थानीय तह | ७५३ | | | | | ७५३ | | स्थानीय तह |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिका, (दुर्गममा भेगमा बसोबास गर्ने अपाङ्गता भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागिसमेत ( प्रारम्भिक बाल विकास तथा शिक्षामा पहुँचका लागि बैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन | स्थानीय तह | ७५३ | √ | √ | √ | √ | ७५३ | ७५३ | स्थानीय तहले गर्ने, बैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम भन्नाले घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र (उद्योग, कलकारखानामा) तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम बुझाउने छ। |
| ४ | विकासका साझेदार, गैरसरकारीसंस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | संघ र स्थानीय तह | ७५४ | √ | √ | √ | √ | ७५४ | ७५४ | संघ र स्थानीय तह |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा अपाङ्गताको पहिचान गर्ने व्यवस्था गरी सहयोग उपलब्ध गराउने र आवश्यकताअनुसार थप सेवाको सुनिश्चितता | स्थनीय तह (सबै केन्द्र समावेश हुनेग | ७५३ | √ | √ | √ | √ | ७५३ | ७५३ | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | री) | | | | | | | | |
| ६ | न्यूनतम मापदण्डअनुसार विद्यालयमा आधारित प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्ग मैत्री शौचालय सहितको दुई कक्षा कोठको व्यवस्था | स्थनीय तह (सबै केन्द्र समावेश हुनेगरी) | ७५३ | √ | √ | √ | √ | ७५३ | ७५३ | स्थानीय तह (विद्यालय भौतिक सुधारको क्रियकलाप सँग सम्बन्धित गर्ने) |
| ७ | बालबालिकाको अभिलेखीकरण | केन्द्र | सबै केन्द्र | √ | √ | √ | √ | सबै केन्द्र | सबै केन्द्र | विद्यार्थीहरुलाई कोड दिई चाइल्ड ट्याकिङ गर्ने प्रयोजनका लागि प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले गर्ने |
| ८ | अपाङ्ता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यान्वयन | पहिचान गरिएका सम्बन्धित केन्द्र, निरन्तर | केन्द्र | √ | √ | √ | √ | केन्द्र | | स्थानीय तहको सहयोगमा प्रारम्भिक बालविकास केन्द्रले |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था | केन्द्रका सबै बालबालिका | सबै बालबालिका | √ | √ | √ | √ | | | संघ, प्रदेश र स्थानीय तह (दिवा खाजा तथा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रको क्रियाकलाप अनुसार) |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमलाई बालबालिकाको सर्वाङ्गीण विकास तथा सिकाइ सहजीकरणमा सहयोग हुने गरी सन्दर्भ सापेक्ष बनाउने र प्रवोधीकरण गर्ने | पटक | १ | | | | | १ | | पाठ्यक्रम परिमार्जन गर्दा स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने । |
| ११ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको न्यूनतम मापदण्ड र सिकाइ तथा विकास मापदण्डमा समयसापेक्ष परिमार्जन तथा | पटक | १ | | | | | १ | | मापदण्ड संघले तयार गर्ने, सबै बालविकास तथा शिक्षा केन्द्रले पालना गर्ने गरी स्थानीय तहबाट कार्यान्वयन |
| | | स्थानीय तह | ७५३ | √ | √ | √ | √ | ७५३ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन | | | | | | | | | |
| १२ | मापदण्डले तोकेअनुसार पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | स्थानीय तह, सबै केन्द्रमा समावेश | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय तहले व्यवस्थापन समितिमार्फत अभिभावक, समुदाय, गैर सरकारी संस्था, निजी क्षेत्रसँग सहकार्य र समन्वय गर्ने । निजी क्षेत्रले हाल सामाजिक उत्तरदायित्वअन्तर्गत उपलब्ध गर्दै आएको योगदानलाई प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा उपयोग गर्न प्रोत्साहन तथा सहजीकरण गर्ने । |
| १३ | शिक्षकको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर मिलाउने | शिक्षक प्रतिशत | २५ | ५० | २५ | | | १०० | | स्थानीय तह |
| १४ | प्रारम्भिक बाल विकास तथा शिक्षामा बालबालिकालाई गुणस्तरीय एकीकृत सेवा प्रदान गरी बालबालिकाको मासिक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन (Growth Monitoring) गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध गर्ने | सबै केन्द्र | सबै केन्द्र | √ | √ | √ | √ | | | स्थानीय तह समन्वय गर्ने, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसँग जोड्ने र स्थानीय तहले स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गर्ने |
| १५ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | स्थानीय तह, सबै केन्द्र | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय तह |
| १६ | प्रारम्भिक बालविकास तथा शिक्षाका व्यवस्थापन समितिका सदस्यहरू, वर्तमान तथा भावी अभिभावक तथा सरोकारवालाहरूका लागि प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नियमित अभिमुखीकरण | स्थानीय तह, निरन्तर | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा कम्तीमा माहिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने | स्थानीय तह, सबै केन्द्र | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय तह/बालविकास केन्द्र |
| १८ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्ने र आवश्यकताको आधारमा मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय गर्ने | स्थानीय तह, सबै केन्द्र | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय तह/बालविकास केन्द्र (विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमसँग जोड्ने) |
| १९ | शिक्षकको पेसागत विकासका कार्यक्रम सञ्चालन | शिक्षक प्रतिशत | २५ | २५ | २५ | २५ | | १०० | | स्थानीय तह |
| २० | प्रारम्भिक बालविकास तथा शिक्षामा परिवार तथा समुदाय, निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थाको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | स्थानीय तह | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय तह |
| २१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मापदण्ड पूरा गराउन बजेट व्यवस्थाका लागि लागत साझेदारी मापदण्ड २०७७ परिमार्जन गरी कार्यान्वयन | पटक | १ | | | | | १ | | सघ, प्रदेश, स्थानीय तह |
| | | कार्यान्वयन निरन्तर स्थानीय तह | ७५३ | √ | √ | √ | √ | ७५३ | | |
| २३ | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | सबै स्थानीय तह | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय तह |
| २४ | सबै प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई अनिवार्य रुपमा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा दर्ता गराई | स्थानीय तह, सबै केन्द्र | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यक्रम कार्यान्वयन | | | | | | | | | |
| २५ | प्रारम्भिक बालविकास सेवा तथा पाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको प्रभावकारिताको संघ, प्रादेशिक प्रारम्भिक बालविकास समिति, स्थानीय प्रारम्भिक बालविकास समितिबाट अनुगमन, सुपरिवेक्षण, सहयोग तथा सहजीकरण | तह | ७६१ | √ | √ | √ | √ | ७६१ | | संघ, प्रदेश,स्थानीय तह (अनुगमन तथा सुपरिवेक्षणमा विज्ञहरूलाई पनि समावेश गर्ने) |
| २६ | प्रारम्भिक बालविकास केन्द्रमा सहयोगीको व्यवस्था | सङ्ख्या | १० हजार | २५ हजार | ३० हजार | ३० हजार | ३० हजार | | | |

## ३.३ आधारभूत शिक्षा

### ३.३.१ परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रूपमा लिएको हुनाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्व हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुनेछ भनेको छ । यसै गरी अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ । प्रचलित ऐनहरूले परिभाषित गरेअनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने स्पष्ट गरेको छ ।

यस खण्डमा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश बर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन विगतमा गरिएका प्रयासहरूको नतिजास्वरूप कक्षा १ देखि ५ को खुद भर्नादर ९७.१ प्रतिशत र कक्षा १ देखि ८ को खुद भर्नादर ९३.८ प्रतिशत पुगेको छ । यस्तै आधारभूत तह पूरा गर्ने दर ७२.७ प्रतिशत र कक्षा ८ को टिकाउ दर ७९.३ प्रतिशत रहेको छ । अझै पनि आधारभूत तहको उमेर समूहका ६.२ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् । आधारभूत शिक्षाको पहुँचमा आार्थिक तथा सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिमा आधारित असमानताहरू रहेका छन् । आर्थिक तथा सामाजिक रूपले पछाडि परेका, सीमान्तकृत समुदायका, दलित, जनजाती, कठिन परिस्थितिमा रहेका तथा दुर्गम भौगोलिक

क्षेत्रका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर छ । यस तहको पहुँचमा प्रदेशगत असमानता पनि रहेको छ । उदाहरणका लगि आधारभूत शिक्षामा खुद भर्नादर प्रदेश १ को ९५.८ प्रतिशत छ भने प्रदेश २ को ८४.१ प्रतिशत मात्र रहेको छ । जनसाङ्खिक परिवर्तन, बसाइसराइ तथा बस्तीको स्वरूपमा आएको परिवर्तनअनुकूल आधारभूत तहका कतिपय विद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गर्नु आवश्यक देखिएको छ भने कतिपय अवस्थामा बैकल्पिक प्रबन्धसमेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्नुपर्ने अवस्था छ । यो तहमा निःशुल्क शिक्षालाई पूर्णरूपमा कार्यान्वयन गर्नु छ । संघीय शिक्षा ऐनलगायतका आवश्यक कानुनहरू तर्जुमा गरी नीति तथा कार्यक्रम कार्यान्वयनलाई सहजीकरण गर्नु पर्ने छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित गर्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवा खाजाजस्ता सेवाहरूमा विस्तार तथा सुधार गर्नुपर्ने छ । पेसागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ । आधारभूत तहमा बालबालिकाको विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने उच्च दरका कारण तह तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नु आवश्यक देखिएको छ ।

आधारभूत शिक्षाअन्तर्गत प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिपको सिकाइस्तर न्यून छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा गरिएको कक्षा ३ को पढाइ तथा गणितीय सिप परीक्षणमा न्यूनतम सिकाइ सक्षमता हासिल गर्ने विद्यार्थी प्रतिशत न्यून पाइएको छ । त्यस्तै कक्षा ५ र ८ मा गरिएका सिकाइ उपलब्धि परीक्षणमा न्यूनतम सिकाइस्तर हासिल नगर्ने विद्यार्थीको सङ्ख्या ठूलो रहेको छ भने सिकाइस्तरमा थुप्रै असमानताहरू देखिएका छन् । विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणलगायतका अध्ययनहरूले आधारभूत तहको सिकाइस्तरमा सुधारको क्रम नदेखिएको सङ्केत गरेका छन् । कोभिड महामारीका कारणले अवरुद्ध भएको शिक्षण सिकाइले यसमा समस्या थप भएको छ भने प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिमा पनि सिकाइ निरन्तर रहने पद्धतिको विकास हुनसकेको छैन । पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा निरन्तर सुधार आवश्यक छ । शिक्षण सिकाइ विधिमा सुधारका लागि शिक्षक तयारी तथा विकासमा सुधार तथा अनुगमन, सुपरिवेक्षण र पेसागत विकासका क्रियाकलापहरूलाई व्यवस्थित गर्नु आवश्यक छ । विद्यार्थीको सिकाइप्रति जवाफदेही बनाउने प्रणाली विकास गर्दै आधारभूत विद्यालयमा सिकाइका लागि आवश्यक न्यूनतम सिकाइ पूर्वाधार र वातावरण तयार गर्नुपर्ने छ ।

विद्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालन र व्यवस्थापन तथा नेतृत्व गर्ने कार्य प्रधानाध्यापकबाट भैरहेको छ । यस्तै विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था पनि रहेको छ ।

संघीय संरचनाको कार्यान्वयनसँगै देशकै ७५३ ओटै स्थानीय तहमा शिक्षा शाखा रहने व्यवस्था गरिएको छ भने सबै जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइहरू पनि रहेका छन् । प्रदेश सरकारअन्तर्गत प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रालय र अन्तर्गत प्रदेश शिक्षा विकास निर्देशनालयहरू रहेका छन् भने प्रत्येक प्रदेशमा एकएक शिक्षा तालिम केन्द्र रहेको छ । यसो भए पनि एकातिर धेरैजसो प्रधानाध्यापकको नेतृत्व क्षमता र कुशलता अपर्याप्त देखिएको छ भने अर्कोतिर संघीय शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरू, प्रदेश र स्थानीय तहका कार्य क्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्बन्धमा थप स्पष्टताका लागि थप कानुनी प्रबन्ध आावश्यक छ । त्यसैगरी प्रधानाध्यापकहरूमा शैक्षिक नेतृत्व र व्यवस्थापनका सिप, विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी उत्प्रेरणा तथा वृत्ति विकास, शिक्षक तालिमको कक्षाकोठामा रुपान्तरण, अनुगमन तथा सुपरिवेक्षण र क्षमता विकासलगायतका पक्षामा सुधार आवश्यक छ । प्रचलित स्रोत केन्द्र पद्धतिको अन्त र शिक्षा तालिम केन्द्रहरूको संकुचनले शिक्षक सहायता प्रणालीको पुनर्संरचना आवश्य देखिएको छ । विद्यालय तथा बालबालिकाको शिक्षामा अभिभावक संलग्नता बढाई व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकासमा थप ध्यान दिनुपर्ने पनि देखिन्छ ।

हाल आधारभूत तहको विद्यालय उमेरका करिब २५ प्रतिशत बालबालिकाहरू संस्थागत विद्यालयमा अध्ययन गरिरहेका छन् । यस्ता विद्यालयमा अभिभावकले नै शुल्क तिरिरहेका छन् । यस प्रकारका विद्यालयहरू यस योजना अविधमा निरन्तर हुने अवस्था देखिन्छ तापनि सामुदायिक विद्यालयको सुधारसँगै यस्ता विद्यार्थीहरू सामुदायिक विद्यालयमा आउने सम्भावनालाई विचार गर्दा सामुदायिक विद्यालयमा र संस्थागतमा भर्ना अनुपात केही बढ्न सक्ने देखिन्छ ।

माथि गरिएको विश्लेषणका आधारमा आधारभूत शिक्षामा निम्नलिखित चुनौतीहरू देखिएका छन् :

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
२. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने,
३. आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने,
४. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने,

६. विद्यालयहरूलाई पुनर्वितरण, समायोजन र वैकल्पिक प्रबन्धसमेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्ने,

७. आवश्यक शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक तथा प्रअ तथा कर्मचारीसमेत) व्यवस्थापन गर्ने,

८. पोषण, स्वास्थ्य, दिवा खाजालगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने,

९. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने,

१०. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने,

११. संघीय संरचनाअनुरूप आधारभूत शिक्षाको व्यवस्थापन तथा सञ्चालनका लागि नीतिगत, कानुनी र संरचनागत स्वरूपको विकास तथा कार्यान्वयन गर्ने र संस्थागत क्षमता विकास गर्ने,

१२. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने,

१३. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने,

१४. शिक्षकको वृत्ति विकासलाई व्यवस्थित बनाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाउने।

### ३.३.३ उद्देश्य

यस योजनाको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यक्रमको समग्र उद्देश्य आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ । यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ :

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्नु,

३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,

४. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,

५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील (Resilient) र जवाफदेही बनाउनु,

६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

### ३.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. संघीय मापदण्डअनुसार स्थानीय तहले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गर्नेछन् ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न तीनै तहका सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउने छन् ।

३. स्थानीय तहले आफ्नो क्षेत्रभित्र विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरणसङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था (वैकल्पिक/अनौपचारिक/खुला/परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि) मिलाउने छन् ।

४. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गरिने छ ।

५. सबै आधारभूत विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिने छ ।

६. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गराउन संघीय सरकार र न्यूनतम सक्षमता (MEC) पुरा गराउने कार्यमा स्थानीय तथा प्रदेश सरकारले सहकार्य गरी आवश्यक लगानीको प्रबन्ध गर्नेछन् ।

७. शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ । यसका लागि आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ ।

८. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिने छ ।

९. तीनै तहका शैक्षिक निकायका जनशक्ति र शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापनका लागि शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना गरिने छ ।

१०. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने छ ।

११. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा संघसंस्थाको सहकार्यमा प्रदेश तथा स्थानीय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नेछन् ।

१२. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने छ।

१३. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्न तीनै तहका सरकारले सहकार्य गर्नेछन् र विद्यालयले दिवाखाजा व्यवस्थापन गर्नेछन् ।

१४. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनुसार विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री विधि तथा प्रक्रिया प्रयोग गरिने छ ।

१५. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने योजना तयार गरी कार्यान्वयन गर्नेछन् ।

१६. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने छ ।

१७. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गरिने छ ।

१८. संघीय सरकारले शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपातलगायत शिक्षक दरवन्दीका आधारहरूको पुनरावलोकन गरी स्थानीय तहका लागि दरवन्दी निर्धारण गर्नेछन् र स्थानीय तहले आवश्यकताअनुसार शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्नेछन् ।

१९. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गरी संघीय संरचनाअनुकूल बनाइने छ।

२०. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चत तथा सुधारमा क्षेत्र पहिचान गरिने छ।

२१. शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनर्संरचित गरिने छ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

१४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने ।

२. सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको गरी न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।

३. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।

४. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।

५. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, प्रदेशगत, सामाजिक तथा आर्थिकलगायतका समता सूचकमा सुधार हुने ।

६. विद्यालय शिक्षा प्रणाली  प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) हुने ।

७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।

८. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास  भई  आधारभूत  तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष (Major activities and target)

**तालिका ३.२: आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | | | | १ | | स्थानीय तह |
| २ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | १ | | | | | १ | | संघ (शिक्षक व्यवस्थापन विकासको क्रियकलाप अनुसार) |
| | | स्थानीय तह | ७५३ | | | | | ७५३ | | |
| ३ | विद्यालयमा मापदण्डअनुसार शिक्षक व्यवस्था | स्थानीय तह | ७५३ | ७५३ | √ | √ | √ | ७५३ | | स्थानीय तह |
| ४ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | प्रतिशत | ९५ | ९६ | ९७ | ९७.५ | ९८ | | १०० | स्थानीय तह |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय (हजार) | ५ | ७ | ८ | ६ | ४ | ३० | | संघ तथा स्थानीय तह (विद्यालय भौतिक सुधारको क्रियकलाप अनुसार) |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | विद्यालय प्रतिशत | २५ | २५ | २५ | २५ | | १०० | | संघ तथा स्थानीय तह |
| | | पटक | १ | | | | १ | २ | | |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन | कक्षा | ३ | ४,७, | ५, ८ | | | | | संघ तथा स्थानीय तह (पाठ्यक्रम तथा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | मूल्याङ्कनको क्रियाकलाप अनुसार |
| ८ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास (वहु भाषिक सिकाइ सहजीकरण तथा विद्यार्थी परामर्श सेवासमेत) | शिक्षक प्रतिशत | २० | २० | ३० | ३० | | १०० | | प्रदेश तथा स्थानीय तह (शिक्षक व्यवस्थापन विकासको क्रियकलाप अनुसार) |
| ९ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन | योजना तयारी पटक | १ | | | | | | | स्थानीय तह |
| | | कार्यान्वयन स्थानीय तह | | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | | |
| १० | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | १०० | | संघ तथा स्थानीय तह |
| ११ | शिक्षक तयारी, विकास र सहायता प्रणालीको पुनर्संरचना | तयारी कोर्ष तथा कार्यक्रम विकास | २ | | | | | | | संघ / विश्वविद्यालय तथा प्रदेश (शिक्षक व्यवस्थापन विकासको क्रियकलाप अनुसार) |
| | | सहायता संरचना | २५ | | | | | | | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा | पोषण तथा स्वास्थ्य विद्यालय | ५० | ५० | १०० | १०० | १०० | १०० | | संघ, प्रदेश तथा स्थनीय तह (दिवा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खाजाको प्रबन्ध | प्रतिशत | | | | | | | | खाजा तथा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रकको क्रियाकलाप अनुसार) |
| | | दिवा खाजा विद्यार्थी सङ्ख्या | ३० लाख | ३६ लाख | ४२ लाख | ५० लाख | ५१ लाख | | | |
| १३ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी सङ्ख्या | | | | | | | | संघ, तथा स्थानीय तह |
| १४ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि –पाठ्यपुस्तक | विद्यार्थी सङ्ख्या | ४५ लाख | ४६ लाख | ४७ लाख | ४८ लाख | ४८ लाख | लाख | | संघ, तथा स्थानीय तह (पाठ्यपुस्तक तथा छात्रवृत्तिका क्रियाकलाप अनुसारसमेत) |
| | –आर्थिक रूपमा विपन्नका लागि ड्रेस, स्टेशनरी इत्यादिका लागि छात्रवृत्ति | विद्यार्थी सङ्ख्या | ६ लाख | ६ लाख | ६ लाख | ६ लाख | ६ लाख | ३० लाख | | |
| | – सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय सङ्ख्या | ३० हजार | ३० हजार | ३० हजार | ३० हजार | ३० हजार | ३० हजार | | |
| १५ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गरी सिकाइ सुधारमा प्रयोग गर्ने गरी सुधार गर्ने | विद्यालय प्रतिशत | ४० | १०० | १०० | १०० | १०० | १०० | | संघ, प्रदेश तथा स्थनीय तह (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार |
| १६ | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | स्थनीय तह | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | | स्थनीय तह (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार |
| १७ | –शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना –विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र | प्रणाली सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | संघ, प्रदेश तथा स्थानीय तह |
| | | विद्यालय प्रतिशत | ३० | ४० | ३० | | | १०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावक अभिमुखीकरण | | | | | | | | | |
| १८ | दुर्गम क्षेत्र तथा लक्षित बालबालिकालाई आवासीय प्रबन्ध | विद्यार्थी सङ्ख्या | १८०० | २००० | २२०० | २५०० | २५०० | १०००० | | संघ, तथा स्थानीय तह (छात्रवृत्तिका क्रियाकलाप अनुसार) |

## ३.४ माध्यमिक शिक्षा

### ३.४.१ परिचय

माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) ले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप तथा दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । यही दृष्टिकोणमा आधारित भएर विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ विकास भई सोअनुसारको पाठ्यक्रमको कार्यान्वयन वि. सं. २०७७ बाट प्रारम्भ भएको छ । नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ ।

राष्ट्रिय शिक्षा नीति,२०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन-अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिबृद्धि गर्ने रणनीति लिएको छ ।

माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन् । कक्षा ११ र १२ मा धारको विकल्पहरूसहित एकलपथीय पाठ्यक्रम लागू गरिएको छ । कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था छ । अर्कोतिर श्रम बजारको मागअनुसार आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको समेत व्यवस्था गरिएको छ । शिक्षा नीति, २०७६ ले माध्यमिक तहमा प्राविधिक धारलाई विषेश जोड दिई विद्यालयमा सञ्चालन गरिने, प्राविधिक धारको शिक्षा कक्षा १० पछि आवश्यक प्रयोगात्मक तथा कार्य क्षेत्र अनुभवसहित तीन

वर्षको अवधिको बनाई, यी कार्यक्रम र प्राविधिक तथा व्यवसायिक तालिम केन्द्रअन्तर्गत सञ्चालित सम्बन्धित कार्यक्रमबिच सामञ्जस्य कायम गरिने उल्लेख गरेको छ ।

### ३.४.२ वर्तमान अवस्था

माध्यमिक तहको शिक्षामा विद्यार्थीको पहुँचमा क्रमिक प्रगति भएको छ । माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर र खुद भर्ना दर क्रमशः ७१.४% र ४७.६% पुगेको छ । कक्षा ९-१२ मा लैङ्गिक समता सूचक १.०२ पुगेको छ । तर कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये माध्यमिक तहको कक्षा १० र कक्षा १२ मा पुग्ने दर क्रमशः ६०.३% र २४.०% मात्र रहेको देखिन्छ। यसले कक्षा ८ र कक्षा १० (एसईई) पछाडि ठूलो सङ्ख्यामा बालबालिकाहरूले विद्यालय छाड्ने गरेको देखाउँछ ।

सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा हाल जम्मा १९,६१४ शिक्षकहरू (६,८९८ राहत शिक्षकसमेत) तथा कक्षा ११ र कक्षा १२ मा ५,८५७ शिक्षकहरू (३,९३९ राहत शिक्षकसमेत) सरकारको अनुदानमा कार्यरत छन् भने यसबाहेक कतिपय विद्यालय तथा स्थानीय तहको स्रोतबाट पारिश्रमिक पाउने गरी नियुक्त भएका शिक्षकहरूको सङ्ख्या पनि उल्लेख्य छ । कक्षा ९ र १० मा कुल १०,४०,९७६ बालबालिकाहरू अध्ययनरत रहेका छन् । कक्षा ११ र कक्षा १२ मा ६,६१,६४२ विद्यार्थी भर्ना भएका छन् । संस्थागत विद्यालयतर्फ कक्षा ९ र १० मा २,४६,७९१ (कुल विद्यार्थी सङ्ख्याको करिब २३%) तथा कक्षा ११ र कक्षा १२ मा २,३४,३८३ विद्यार्थी (करिब ३५%) अध्ययनरत रहेका छन्। समग्रमा कक्षा ९ देखि १० मा छात्राहरू ५०.३ % रहेकोमा संस्थागत विद्यालयमा जम्मा ४२.३% छात्रा छन् । यसले निजी विद्यालयमा छोरीलाई भन्दा छोरालाई पठाउन प्राथमिकता दिएको देखिन्छ । माध्यमिक तहको कक्षा ९-१० मा अध्ययनरतमध्ये दलित तथा जनजाति समुदायका विद्यार्थीहरू क्रमशः१२.३% र ३७.५% छन् । त्यस्तै कक्षा ११-१२ मा दलित तथा जनजाति समुदायका विद्यार्थीहरू क्रमशः ८.७% र ३८.१% रहेका छन् । दलित र जनजातिको जनसङ्ख्या क्रमशः १३% र ३७% भएको सन्दर्भमा जनङ्ख्याको तुलनामा दलित समुदायको माध्यमिक शिक्षामा सहभागिताको अनुपात कम देखिन्छ । उल्लिखित विद्यार्थीहरूमध्ये कक्षा ९ र कक्षा १० मा ७,१२३ तथा कक्षा ११ र कक्षा १२ मा २,६२३ अपाङ्गता भएका बालबालिकाहरू अध्ययनरत छन् । माध्यमिक तहकै कक्षा ९ र कक्षा १० अध्यापन गराउने गरी ३९ ओटा परम्परागत विद्यालयहरू सञ्चालनमा रहेका छन् । कुल १२१ ओटा खुला विद्यालयहरूमध्ये ८४ ओटाले माध्यमिक शिक्षाको पठन-पाठन गर्दै आएका छन् भने १७३ ओटा अनौपचारिक प्रौढ विद्यालय सञ्चालनमा रहेका छन् ।

नेपाल सरकारले देशका सबै (७५३ ओटा) स्थानीय तहमा प्राविधिक शिक्षाको संस्थागत पहुँच पुऱ्याउने नीति लिएकोमा हालसम्म प्राविधिक माध्यमिक शिक्षा र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्का कार्यक्रमसहित गरी ६३५ स्थानीय तहमा कुनै न कुनै संस्थागत पहुँच पुगेको छ । यस कार्यक्रमलाई मूर्तरूप दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्वारा स्वीकृत तथा सम्बन्धन प्राप्त गरेका शिक्षालय र संस्थाहरू १०४२ ओटा र सामुदायिक विद्यालयमा प्राविधिक धार सञ्चालन भएका विद्यालयहरू ४८४ गरी देशभरका कुल १५४६ संस्थाहरूमा २३६३ कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको माध्यमिक शिक्षामा पहुँचका सम्बन्धमा एकीन तथ्याङ्क पाउन नसके पनि बहुबञ्चितिमा परेकाहरूको माध्यमिक शिक्षामा पहुँच कम छ । संविधानले माध्यमिक शिक्षालाई निःशुल्क भने पनि यसलाई पूर्ण निःशुल्क बनाउन सकिएको छैन । कक्षा ११ र १२ मात्रै सञ्चालन भएका विद्यालयहरू पनि सञ्चालन भएकोले यसलाई १–१२ या ९–१२ मा समायोजन आवश्यक देखिएको छ ।

आधारभूत शिक्षाबाट सामाजिक लाभ दर (Social rate of return) बढी हुने भएकाले यसलाई गुणस्तरको मूल कसिका रूपमा लिन सकिन्छ । दिगो विकास लक्ष्यले पनि गुणस्तरीय शिक्षामा जोड दिई उपयोगितासँग जोडेको छ । अहिले गुणस्तरलाई सन्तुष्टिसँग पनि जोडेर हेर्ने गरिन्छ । माध्यमिक तह कक्षा १०/एसईईमा र कक्षा ११ र १२ का परीक्षाका नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धि पनि हासिल गर्न नसकेको कारण उच्च शिक्षाबाट समेत बञ्चित छन् । माध्यमिक शिक्षालाई जीवनोपयोगी सिपसँग पनि प्रत्यक्ष रूपले जोड्ने कार्यलाई थप प्रभावकारी बनाई प्राप्त शिक्षाले उपयोग गरी जीविकोपार्जनलाई सहयोग गर्नु आवश्यक छ । शिक्षकलाई नयाँ ज्ञान, सिप र प्रविधिमा अध्यावधिक गराई सिकाइ सुधार गर्नुपर्ने छ । सूचना तथा सञ्चार प्रविधिलाई गुणस्तरीय शिक्षा प्रप्तिको साधनको रूपमा उपयोग गर्ने कार्यमा विस्तार गर्नु छ। कुल शिक्षा बजेटको १० प्रतिशत भन्दा कम मात्र गुणस्तरमा लगानी हुने गरेको हुँदा गुणस्तरमा लगानी अपर्याप्त देखिन्छ । उल्लिखित कारणहरूले माध्यमिक तहमा सिकाइ गुणस्तर कमजोर रहेको देखाउँछ । यस वर्ष कोभिडको महामारी र अन्य प्रकोपका कारण सिकाइ क्षति अझ बढेर जाने देखिन्छ ।

विगत लामो समयदेखि नै क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रूपमा व्याख्या गरिदै आएको छ भने शैक्षिक संस्था भित्र सिकाइ संस्कार विकास गर्नु पर्छ भनेर बहस र पैरवीसमेत हुँदै आएको छ । विज्ञान शिक्षा परियोजना तथा माध्यमिक शिक्षा विकास परियोजनादेखि हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमसम्म क्षमता विकासले

प्राथमिकता पाएको छ । कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, शिक्षकलाई पेसागत तालिम र अध्ययनको अवसर, प्रध्यानध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम पनि भइरहेका छन् । प्रध्यानध्यापकको छुट्टै पदको विकास गर्ने भन्ने नीति तय गरिए पनि कार्यान्वयन भएको छैन ।

संघीयता संरचनाअनुसार तीन ओटै तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भए पनि माध्यमिक तहसम्मको शिक्षा मूलतः स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ । शिक्षा विकाससँग सम्बन्धित संरचनाहरू पनि सोहिअनुसार बन्ने क्रममा छन् । शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा सेवाका कर्मचारी रहने व्यवस्था छ । शिक्षकको पेसागत तालिमका लागि प्रदेश सरकारअन्तरगत तालिम केन्द्रहरू छन् । शिक्षकका केही पेसागत संगठनहरू तथा विभिन्न गैरसरकारी संघ संस्थाले पनि विभिन्न किसिम र समयावधिका क्षमता विकासका कार्यक्रमहरू गर्दै आएका छन् ।

संघीयताको संक्रमणकालिन अवस्था, कर्मचारीहरूको समायोजन, स्थानीय र प्रदेश तहको संरचना, कानुन र व्यवस्थापकीय स्पष्टताको अभावजस्ता कारण संस्थागत विकासले अपेक्षित रूपमा गति लिन भने सकेको छैन । विभिन्न ढङ्गले विकास भएको व्यक्तिगत क्षमता पनि संस्थागत विकासमा रुपान्तरित गर्न सकिएको छैन । शिक्षकको योग्यता र तालिमलाई विद्यार्थीको सिकाइसँग आबद्ध गर्न अझै पनि सकिएको छैन । प्रायजसो शैक्षिक संस्थाहरूमा सिकाइ संस्कृति विकास गर्न सकिएको छैन । पद्धतिगत रूपमा नेतृत्वका उत्तराधिकारीहरू तयार गर्न थप काम गर्नु पर्नेछ । संस्थागत सूचनालाई चुस्त पार्ने गरी सूचना तथा सञ्चार प्रविधि (ICT) मा आधारित व्यवस्थापन प्रणालीलाई अझ विकास गर्नु पर्ने छ । प्रध्यानाध्यापकको नेतृत्व क्षमता राम्रो भएका विद्यालयको विकास तुलनात्मक रूपमा राम्रो भएका प्रसस्त उदाहरण भेटिएका छन् । त्यसैले प्रध्यानाध्यापकलाई अधिकार सम्पन्न बनाउन र थप क्षमता विकासमा गर्न आवश्यक देखिन्छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले माध्यमिक शिक्षामा पहुँचलाई प्राथमिकता दिएको थियो ।उक्त कार्यक्रमले माध्यमिक शिक्षा कक्षा ९–१२ मा कुल तथा खुद भर्नादर क्रमशः ५६.७ बाट ८५.० र ३७.७ बाट ५३.१ पुऱ्याउने लक्ष्य राखेकोमा हालसम्म क्रमशः ७१.४ र ४७.६ प्रतिशत पुगेको छ । त्यसै गरी कक्षा १० र कक्षा १२ सम्मको टिकाउदर क्रमशः ३७.९ र ११.५ बाट ६५.० र २५.० प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा हालसम्म क्रमशः ६०.४ र २४.० प्रतिशत पुगेको छ ।यसबाट विद्यालय क्षेत्र विकासकार्यक्रमको आधार बर्षसँग तुलना गर्दा पाँच बर्षमा कुल भर्नादर, खुद भर्नादर र टिकाउ दरमा उल्लेख्य प्रगति भएको देखिन्छ

तापनि माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या माध्यमिक शिक्षाको पहुँचभन्दा बाहिर रहेको देखिन्छ।

विद्यालय क्षेत्र विकास कार्यक्रम अवधिमा १६७६  निम्नमाध्यमिक विद्यालयहरू माध्यमिक (कक्षा ९ र १०)मा विकास भएका छन् । ५३१  माध्यमिक (कक्षा ९ देखि १०) ले कक्षा ११ र १२ सञ्चालन गर्ने अनुमति पाएका छन् । नमुना विद्यालयहरू ४२२ पुगेका छन् भने ४८४  विद्यालयहरूमा प्राविधिक धारका विषय  सञ्चालनमा आएका छन् । नमुना विद्यालयहरूमा गरिएको लगानीलाई गुणस्तर र समताका दृष्टिले उपयोगी हुने गरी व्यवस्थापन गर्नु र विद्यार्थीको तयारी र परिपक्वतालाई समेत विचार गरेर हाल कक्षा ९ देखि सञ्चालन गरिएको प्राविधिक धारको कार्यक्रमलाई पुनर्संरचना गर्नु आवश्यक देखिएको छ । यस अविधमा शिक्षकको अभाव हटाउन अङ्ग्रेजी, गणित, विज्ञान विषयमा शिक्षक कम भएका विद्यालयका लागि शिक्षण सहयोग अनुदान दिँइदै आएको छ भने यसलाई आवश्यकतानुसार दरवन्दीमा रुपान्तरण गर्नुपर्ने देखिन्छ । गुणस्तरमा सहयोग पुऱ्याउन भौतिक सुविधाहरू, ल्याव, टुलकिटसहरूको विकास र वितरण गरिएको छ । इन्टरनेटको पहुँचमा  प्रगति भएको छ । शिक्षकको अभिप्रेरणा, सुविधायुक्त विद्यालय वातावरण, स्तरीय पाठ्यक्रम,  स्तरीय परीक्षा प्रणाली, जीवनोपयोगी सिपसँग गुणस्तरलाई जोड्ने काममा भने थप सुधार आवश्यक देखिएको छ ।

हाल माध्यमिक तहको विद्यालय उमेरका करिब २८ प्रतिशत बालबालिकाहरू संस्थागत विद्यालयमा अध्ययन गरिरहेका छन् । यस्ता विद्यालयमा अभिभावकले नै शुल्क तिरिरहेका छन् । यस प्रकारका विद्यालयहरू यस योजना अविधमा निरन्तर हुने अवस्था देखिन्छ तापनि सामुदायिक विद्यालयको गुणस्तर सुधारसँगै संस्थागत विद्यालयबाट विद्यार्थीहरू सामुदायिक विद्यालयमा आउने सम्भावनालाई देखिएकाले सामुदायिक विद्यालयमा विद्यार्थी भर्नाको अनुपात केही बढ्ने देखिन्छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि प्रत्येक तहमा क्षमता विकास र संस्थागत सक्षमता अभिबृद्धिमा जोड दिने उद्देश्य रहेको देखिन्छ । संस्थागत क्षमता विकासका लागि योजना निर्माण, प्राविधिक सहायता,  शिक्षक पेसागत विकास,  विद्यालय सुधारका लागि प्रअ तथा  विव्यस अध्यक्षलाई तालिम,  परीक्षा सुधारका लागि कर्मचारीलाई तालिम,  कम्प्युटर प्रयोगशालाको स्थापना,  नमुना विद्यालयको स्थापना लगायतका विषयमा काम भइरहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ स्वीकृत भई सो अनुसारको पाठ्यक्रमको कार्यान्वयन यसै वर्षदेखि प्रारम्भ भएको छ । माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दी पर्याप्त छैन । विद्यालय क्षेत्र विकास कार्यक्रम देश संघीय संरचनामा जानु भन्दा अगाडि नै कार्यान्वयनमा

आएको हुँदा संवैधानिक प्रावधान र कार्यक्रमकाबिच तादाम्य आउन नसक्दा संस्थागत विकास अपेक्षित रूपमा हुन सकेन । यसका लागि संक्रमणकालिन योजना निर्माण गरिए पनि यसको व्यवस्थापन चुनौतीपूर्ण नै रह्यो । विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शैक्षिक सहयोग गर्ने पुरानो स्रोत केन्द्र तथा जिल्ला शिक्षा कार्यालयको संरचना हटाइएको तर नयाँ संरचनाको व्यवस्था नभएको अवस्था छ । धेरैजसो स्थानीय तहमा शिक्षाका कर्मचारी व्यवस्था भए पनि स्थानीय कर्मचारीहरूलाई प्रशासनिक कार्य कै बोझ बढी भएकोले यो संरचना शिक्षाको पेसागत सहयोग गर्ने कार्यमा पर्याप्त देखिँदैन ।

उल्लिखित विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

१. निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने र माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेको ठूलो सङ्ख्यालाई विद्यालयमा ल्याउने ।

२. विपन्न बालबालिका ,विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका ,दुर्गम क्षेत्रका महिला, दलित ,पिछडिएका वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

३. माध्यमिक तह विशेषतः कक्षा १० बाट कक्षा ११ को संक्रमण दर बढाउने तथा माध्यमिक तहमा खुद भर्नादर बढाउने।

४. माध्यमिक तहमा प्राविधिक तथा ब्यावसायिक व्यवस्थित गर्ने ।

५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार, शिक्षकको दक्षतामा वृद्धि र सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गरी सिकाइ सुधार तथा डिजिटल डिभाईडलाई कम गर्ने ।

६. सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने ।

७. सबै विद्यालयमा न्यूनतम सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने ।

८. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने ।

९. संघीय संरचनाअनुरूप माध्यमिक शिक्षाको व्यवस्थापन तथा सञ्चालनका लागि नीतिगत, कानुनी तथा संरचनागत स्वरूपको विकास तथा कार्यान्वयन गर्ने र संस्थागत क्षमता विकास गर्ने ।

१०. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने ।

११. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने ।

१२. शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्ने।

१३. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने।

१४. आवश्यक विषायगत शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्ने ।

### ३.४.३ उद्देश्यहरू

यस योजनाको माध्यमिक शिक्षा कार्यक्रमको समग्र उद्देश्य आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ ।यस योजनाले माध्यमिक शिक्षासम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्य राखेको छ :

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

२. माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बढाउनु ।

३. राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण र प्राविधिक तथा ब्यावसायिक शिक्षा बिचको गतिशीलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्नु।

४. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूलाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउनु।

५. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

६. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु ।

७. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र अन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

### ३.४.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. संघीय मापदण्डअनुसार स्थानीय तहले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा स्थापना गर्ने छन् ।

२. निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिकप्राविधिक⁄ तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता विकास गरिने छ ।

३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा परिमार्जन तथा विविधीकरणकसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ पद्धतिमा सुधार गरिने छ।

४. सिकाइलाई वास्तिवक जीवन तथा व्यवहारसँग सम्बन्धित गराउन विषयवस्तुको स्वरूपअनुसार २५ देखि ५० प्रतिशतसम्मको पाठ्यभारका लागि प्रयोगात्मक अभ्यास, परियोजना कार्य वा सामुदायिक कार्य समावेश गरिने छ।

५. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारको शिक्षाको प्रभावकारिताको अध्यनका आधारमा यसको संरचना र पाठ्यक्रम पुरावलोकन तथा परिमार्जन गरी प्राविधिक शिक्षा प्राप्त गर्नका लागि उमेरको परिपक्वता र आधारभूत भाषिक, गणितीय, विज्ञानसम्बन्धी, सामाजिक तथा नागिरकसम्बन्धी सक्षमतालाई विचार गरेर कक्षा १० पछि कम्तीमा तीन वर्षको कार्यक्रम विकास गरी आवश्यक पूर्वाधार र शिक्षक व्यवस्थासहित सम्भाव्य रोजगारीलाई ध्यान दिएर सञ्चालनमा ल्याइने छ ।

६. राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण र प्राविधिक तथा ब्यावसायिक शिक्षाबिच गतिशीलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित हुने गरी क्षितिजीय तथा लम्बीय योग्यता विकास गरिने छ ।

७. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउन तथा कक्षा १० देखि ११ मा संक्रमणदर बढाउन बैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने र आवश्यकताअनुसार वासीय विद्यालयहरूको विस्तार गरिने छ।

८. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्दै गरी डिजिटल डिभाईड कम गरिने र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइने छ ।

९. शिक्षक निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गरिने छ ।

१०. सबै विद्यालयमा न्यूनतम सक्षमताका अवस्था (PEMC) पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइने छ ।

११. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्नेछन्।

१२. विद्यालय शिक्षादेखि नै विज्ञान, प्रविधि, ईन्जिनियरिङ्, कला र गणित शिक्षा (STEAM) जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्दै लगिने छ ।

१३. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनकालागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरिने छ।

१४. माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रअलाई उत्तरदायी बनाइने छ ।

१५. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका जवाफदेही हुने प्रणाली विकास गरिने छ ।

१६. संघीय सरकारले शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपातलगायत शिक्षक दरवन्दीका आधारहरूको पुनरावलोकन गरी दरवन्दी निर्धारण गर्ने र आवश्यकताअनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्ने छ।

१७. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याई विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराएर सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिने छ र विद्यार्थी मूल्याङ्कन तथा परीक्षा पद्धितमा सुधार गरिने छ ।

१८. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गरी संघीय संरचनाअनुकूल बनाइने छ।

१९. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरिने छ र सुधारमा क्षेत्र पहिचान गरिने छ ।

२०. शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनर्संरचित गरिने छ।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**ख) नतिजा (Results)**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने ।

२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने ।

३. माध्यमिक तहमा प्राविधिक धारतर्फको संरचना तथा स्वरूप परिमार्जन भई व्यवस्थित र सुदृढ हुने ।

४. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रमतथा पाठ्य ,सामग्रीमा परिमार्जन ,उत्प्रेरित शिक्षकको व्यवस्थापन ,प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने ।

५. मध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।

६. माध्यमिक शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, प्रदेशगत, सामाजिक तथा आर्थिकलगायतका समता सूचकमा सुधार हुने ।

७. शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने ।

८. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।

९. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा नतिजा (Major activities and results)

**तालिका ३.३: माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नि:शुल्क माध्यमिक शिक्षाको कार्यान्वयन कालागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | | १ | १ | संघ तथा स्थानीय तह |
| २ | विद्यालय सेवा क्षेत्रको सीमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सीमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताका लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक/ स्थानीय तह | १/ ७५३ | १/ ७५३ | | | | १/ ७५३ | | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा विज्ञान, प्रविधि, ईन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | | | | | | | | संघ, स्थानीय तह (पाठ्यक्रम, मूल्याङ्कन तथा शिक्षक तयारी र विकाससँग समेत जोड्ने) |
| ४ | प्राविधिक धारको शिक्षाको स्वरूप, संरचना, मापदण्ड तथा पाठ्यक्रम समायोजन तथा परिमार्जन | पटक/ विषयक्षेत्र | १/ ६ | १/ ६ | | | | १ / ६ | | संघ (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार) |
| ५ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन गर्ने | पटक/ स्थानीय तह | १/ ७५३ | | | | | १/ ७५३ | | संघ शिक्षक व्यवस्थापन विकासको क्रियकलाप अनुसार) |
| ६ | मापदण्डअनुसार विद्यालयमा आवश्यक विषय शिक्षक व्यवस्था | स्थानीय तह | ७५३ | ७५३ | | | | | | स्थानीय तह |
| ७ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न | तह | ७६० | | | | | | | प्रदेश र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आवश्यकताअनुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षालगायतका बैकल्पिक प्रबन्ध गर्ने | | | | | | | | | |
| ८ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा) | विद्यालय प्रतिशत | २५ | ५० | ७५ | १०० | | | | संघ तथा स्थानीय तह घ तथा स्थानीय तह (विद्यालय भौतिक सुधारको क्रियकलाप अनुसार |
| ९ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गरी पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ समाग्री विकास तथा अध्यावधिक गर्ने | कक्षा | | ९ र १२ | १० | | | | | संघ तथा स्थानीय तह पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार) |
| १० | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | विद्यालय प्रतिशत | २५ | २५ | २५ | २५ | | १०० | | संघ तथा स्थानीय तह |
| | | पटक | | १ | | | १ | २ | | |
| ११ | प्रविधि तथा व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | २० | २० | ३० | ३० | | १०० | | संघ, प्रदेश तथा स्थानीय तह |
| १२ | विव्यस, पिटीए पदाधिकारीको क्षमता विकास | प्रतिशत | २५ | ३० | ३० | १५ | | १०० | | प्रदेश तथा स्थानीय तह |
| १३ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | योजना तयारी पटक कार्यान्वयन स्थानीय तह | १ | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | | स्थानीय तह |
| १४ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | १०० | | संघ तथा स्थानीय तह |
| १५ | शिक्षक तयारी, विकास र सहायता प्रणालीको पुनर्संरचना | कोर्ष तथा कार्यक्रम विकास | १ | | | | | | | संघ / विश्वविद्यालय तथा प्रदेश (शिक्षक व्यवस्थापन विकासको क्रियकलाप अनुसार) |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तथा सञ्चालन | | | | | | | | |
| | | सहायता संरचना | २५ | | | | | | | |
| १६ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | विद्यालय प्रतिशत | ५० | ५० | १०० | १०० | १०० | १०० | | संघ, प्रदेश तथा स्थनीय तह विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रको क्रियाकलाप अनुसार) |
| १७ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी सङ्ख्या | | | | | | | | संघ, तथा स्थानीय तह |
| १८ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि<br>–पाठ्यपुस्तक | कक्षा | ९र १० | ९र १० | ९, १० र ११ | ९,१०, ११ र १२ | ९, १०, ११ र१२ | | | संघ, तथा स्थानीय तह , (पाठ्यपुस्तक तथा छात्रवृत्तिका क्रियाकलाप अनुसारसमेत) |
| | –आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी, दिवा खाजा इत्यादिका लागि छात्रवृत्ति | विद्यार्थी सङ्ख्या | ३ लाख | ३ लाख | ३ लाख | ३ लाख | ३ लाख | १५ लाख | | |
| | – सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | विद्यालय सङ्ख्या | ७ हजार | ७ हजार | ७ हजार | ७ हजार | ७ हजार | ७ हजार | | |
| १९ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय प्रतिशत | ४० | १०० | १०० | १०० | १०० | १०० | | संघ, प्रदेश तथा स्थानीय तह |
| २० | माध्यमिक तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | स्थान | ८ | ८ | ८ | ८ | ८ | ८ | | संघ तथा प्रदेश |
| २१ | –शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना र सञ्चालन | प्रणाली सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | संघ, प्रदेश तथा स्थानीय तह |
| | –विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका | विद्याल | ३० | ४० | ३ | | | १०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण | य प्रतिशत | | | ० | | | | | |
| २<br>२ | दुर्गम क्षेत्र तथा लक्षित बालबालिकालाई आवासीय प्रबन्ध | विद्यार्थी सङ्ख्या | ५०<br>० | १०<br>०० | १<br>५<br>०<br>० | १५<br>०० | १<br>५<br>०<br>० | १५०<br>० | | संघ, तथा स्थानीय तह (छात्रवृत्तिका क्रियाकलाप अनुसार) |

## ३.५ पाठ्यक्रम तथा मूल्याङ्कन

### ३.५.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो । अझ औपचारिक शिक्षा पद्धतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सञ्चालित हुनु पर्दछ । पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, केकस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात् ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेशअनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ । फेरि पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिकरणसहित आत्मसात् गर्न; विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोणअनुरूप व्यवहार गर्न; आफ्नो र अरुको अधिकार र कर्तव्यप्रति सचेत रहन, र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ । यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनुपर्दछ । मानवीय आवश्यकता, बालबालिकाका रुचि, सामाजिक मूल्य मान्यता र समाज तथा विश्वपरिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधिअनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रूपमा लिनु आवश्यक छ ।

यस खण्डमा नेपालमा विद्यालय तह (बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्मको) पाठ्यक्रम विकास, कार्यान्वयन तथा मूल्याङ्कनसम्बन्धी वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरूलाई सामना गरी यस योजना अविधमा पाठ्यक्रमलाई अझ सान्दर्भिक बनाउन यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी यस योजनाका उद्देश्य, रणनीतिहरू, अपेक्षित मुख्य नतिजा, मुख्यमुख्य कार्यक्रम तथा लक्षहरू उल्लेख गरिएको छ ।

### ३.५.२ वर्तमान अवस्था

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो।

पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरियो । यसै क्रममा वि.सं.२०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्यिन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १–१२ मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरुपको पाठ्यक्रममा कतिपय नयाँ विषय क्षेत्र तथा विषयवस्तु समावेश, वर्तमान परिवेशमा उपयोगी नभएका विषय तथा विषयवस्तुलाई परिमार्जन तथा प्रतिस्थापन र शिक्षण सिकाइका विकसित तथा नविनतम दृष्टिकोण, विधि तथा तरिकाहरूको पहिचान गरिएको छ ।यस प्रारूप तथा यसअनुरुपका पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १–३ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ । पाठ्यक्रममा नागिरकताको शिक्षा दिने, विद्यालय तह पुरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ । विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषायवस्तु तथा सिकाइ

क्रियाकलापको भार पाठ्यघण्टा (Credit Based) मा निर्धारित गरिएको छ । विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा व्याख्या गर्ने व्यवस्था गरिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा सोअनुरुप विकास गरिएका पाठ्यक्रमका उल्लिखित परिवर्तन तथा सुधारको प्रभावकारी कार्यान्वयनका लागि थप तयारी तथा क्षमता विकास आवश्यक छ ।यसका लागि शिक्षकको तयारी, क्षमता विकासको अवसर, उत्प्रेरणा तथा जवाफदेहिता ज्यादै महत्त्वपूर्ण छ भने शिक्षक सहायता प्रणालीको स्थापना, स्थानीयलगायत सबै तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ । समस्त पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्रीलाई सान्दर्भिक तथा उपयोगी बनाउन अध्ययन तथा अनुसन्धानका नतिजामा आधारित बनाउन सकिएको छैन । विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षणसिकाइ तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ ।

शिक्षक सेवामा प्रवेशका लागि तालिमको अनिवार्यता र सेवामा प्रवेश गरिसकेपछि पनि निश्चित अवधिमा शिक्षकको पेसागत विकास (TPD) तालिम लिनुपर्ने प्रावधानबाट शिक्षण सिकाइमा सुधारका प्रयास गरिएको छ तापनि पाठ्यक्रमको परिवर्तित सन्दर्भमा शिक्षण सिकाइ कार्यको प्रभावकारिता तथा शिक्षकको तयारी, विकास, कार्यकुशलता र उत्प्रेरणाका पक्षमा सुधारको आवश्यकता देखिन्छ । त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित प्रकारका औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटीको सुरुआत गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरिएको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्राप्त गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रूपमा प्रयोग गर्ने र परीक्षालगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ । कक्षा ८, १० र ११/१२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, बैध र विश्वसनीय बनाउनु पर्ने छ ।त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५, ८ र १० मा विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि परीक्षणसम्बन्धी कार्य चरणबद्ध रूपमा भइरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षाका नीति तथा कार्यक्रम सुधारका आधारका रूपमा प्रयोग गर्ने पद्धतिको विकास आवश्यक छ । समग्रमा अपेक्षित उच्चकोटीको तथा प्रयोगमुखी सिकाइलाई सघाउ पुऱ्याउनका लागि मूल्याङ्कन प्रारूपको विकास तथा कार्यान्वयन गर्न

पर्ने छ । विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउन सकिएको छैन ।

पूर्वीय दर्शनमा आधारित शिक्षा, मातृभाषा तथा स्थानीय विषय, संस्कृतलगायत शास्त्रीय भाषा शिक्षाका लागि कानुनी तथा नीतिगत आधारहरू तयार भई मैलिक एवम् स्थानीय ज्ञान, सिप तथा प्रविधिको उपयोग तथा निरन्तरताका लागि सरोकारवाला पक्षका साथै स्थानीय तह तथा विद्यालयका लागि अवसरको सुनिश्चितता गरिएको छ । सम्बन्धित शिक्षा वा विषयका यथेष्ट रूपमा विज्ञ पहिचान र परिचालन गरी स्थानीय आवश्यकता निर्धारण गर्न नसक्दा यस्ता विषय क्षेत्रका लागि निर्धारित विषय र संरचना प्रभावकारी हुन सकेका छैनन्।

प्राविधिक माध्यमिक शिक्षा, केही परम्परागत शिक्षा तथा स्थानीय पाठ्यक्रमबाहेक अन्य सबै विषयमा पाठ्यक्रमअनुसार कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकहरू पाठ्यक्रम विकास केन्द्रले सम्बन्धित विषय शिक्षक तथा विज्ञहरूबाट लेखाइ मुद्रणका लागि तयार गर्ने र जनक शिक्षा सामग्री केन्द्र तथा निजी मुद्रक तथा वितरकबाट विद्यालयमा बिक्री वितरण हुने व्यवस्था रहेको छ । नेपाल सरकारले स्थानीय तहमार्फत् पाठ्यपुस्तक खरिदका लागि विद्यलयलाई रकम उपलब्ध गराई सामुदायिक विद्यालयमा कक्षा १–१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । विकल्पविहिन र प्रतिस्पर्धाविना तयार हुने यस्ता पुस्तकहरूमा विविध पक्षमा कमजोरी हुन सक्ने सम्भावनालाई नकार्न सकिन्न । विगत केही बर्षदेखि कक्षा १–३ मा प्रारम्भ गरी कक्षा १–५ सम्म पुर्‍याइएको रङ्गीन पाठ्यपुस्तक छपाइ गर्ने कार्य २०७६ देखि कक्षा ८ सम्म पुगेको छ भने पाठ्यपुस्तक छपाइका लागि प्रयोग गरिने कागजको गुणस्तरमा पनि सुधार गरिएको छ । यसका लागि पुस्तक डिजायन र मुद्रणमा सुधार आवश्यक देखिन्छ । त्यसैगरी स्पेसिफिकेसन अनुसाको कागज तथा मुद्रणको गुणस्तर सुनिश्चित गर्नु उत्तिकै आवश्यक छ ।

अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरूले भने निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गरिरहेका छन् । विद्यालय तहमा बहुपाठ्यपुस्तक लागु गरिने नीतिगत व्यवस्था भएको, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले पनि सोही कुरा उल्लेख गरेको र यस सम्बन्धमा निर्देशकामा प्रक्रिया उल्लेख गरिए पनि हालसम्म यसको कार्यान्वयन भएको छैन । निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित पुस्तकहरूमा पनि प्रतिस्पर्धात्मक रूपमा पुस्तक मूल्याङ्कन नहुनु र मूल्याङ्कन औपचारिक मात्र भई सबैलाई सूचीकृत गरिनुले कतिपय ज्यादै कमजोर गुणस्तर र विद्यार्थीको स्तरसँग नमिल्ने पुस्तकहरू पनि प्रयोग हुनसक्ने देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यपुस्तकबाहेक केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी त्यसको विद्युतीय प्रति वेवसाइटमा राख्ने गरेको छ भने प्रारम्भिक कक्षा पढाइ कार्यक्रममार्फत् पाठ्यक्रम विकास केन्द्रले विकास गरेका प्रारम्भिक कक्षा पढाइसम्बन्धी सन्दर्भ सामग्रीहरू भने कार्यक्रम लागु भएका विद्यालयमा पुर्‍याइएको छ । अधिकांश बाल सन्दर्भ सामग्रीहरूको उपलब्धता र प्रयोग सीमित छ भने कतिपय सामग्री अध्यवधिक गर्नुपर्ने पनि छन् । यसका अतिरिक्त पाठ्यक्रम विकास केन्द्रले कक्षा १–५ का लागि विभिन्न २७ मातृभाषाका पाठ्यपुस्तकहरू तयार गरेको छ भने केही मातृभाषामा (लिम्बु–मुन्दुम, राना थारु, मैथिली) कक्षा १–३ का लागि अन्य विषयका पाठ्यपुस्तकहरू पनि तयार गरेको छ । एकातिर सीमित स्रोत तथा जनशक्तिका कारण मातृभाषाका सामग्री विकासमा चुनौती रहेको छ भने अर्कोतिर मातृभाषाका पाठ्यसामग्री प्रयोग गर्ने कार्यमा कतिपय विद्यालय तथा समुदायलाई उत्साहित गर्न पनि सकिएको छैन ।

पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विद्युतीयप्रति तयार गरी पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिएको तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा सञ्चालन गरेको विद्युतीय सिकाइ पोर्टल (e-Learning Portal) मा उक्त सिकाइ सामग्रीहरू राखिएका छन् । माध्यमिक तहको प्राविधिक धारतर्फ पनि विषयगत सिकाइ तथा स्रोत सामग्री विकास गरी वेबसाइटमा राखिएका छन् ।

सहज अवस्थामा मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमका महामारी र विपद्को बेलामा विभिन्न विधि र माध्यम (अनलाइन, अफलाइन,मुद्रित...) मा पाठ्यसामग्रीको पहुँचमा वृद्धि गर्नुपर्ने अवस्था कोभिड–१९ को प्रभावले सिकाइमा भएको अवरोध तथा सिकाइ सामग्रीको अपर्याप्तताले देखाएको छ । सधैं आमनेसामने विधिमा मात्र भर नपरी शिक्षण सिकाइ तथा मूल्याङ्कनका क्रममा पनि अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिएको छ।

विद्यालय क्षेत्र विकास योजनाले राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी प्रारम्भिक कक्षाहरूमा एकीकृत ढाँचासहित विद्यालय तहको पाठ्यक्रम सुधार तथा परिमार्जन गर्ने, गणित, विज्ञान तथा अङ्ग्रेजी विषयमा केही डिजिटल सिकाइ सामग्री तयार गर्ने, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका परिमार्जन गर्ने, विद्यालय तहको शिक्षण सिकाइमा माध्यम भाषासम्बन्धी नीतिगत स्पष्टता गर्ने, प्रारम्भिक पढाइ कार्यक्रमका लागि आवश्यक सिकाइ सामग्री विकास जस्ता कार्यक्रमहरू समावेश गरिएअनुसार लक्षित कार्यक्रम सम्पन्न भएका छन् ।

जीवनपर्यन्त सिकाइ कार्यक्रमहरूको प्रमाणीकरण तथा समकक्षताका माध्यमबाट अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा प्रवेश गर्ने कार्यलाई सुदृढ गर्ने कार्य राष्ट्रिय योग्यता प्रारूपमार्फत्

व्यवस्थित गर्ने प्रस्ताव गरिएकोले यसअनुसार कार्यान्वयनको विस्तृत खाका तयार गरी कार्यान्वयन प्रारम्भ गर्नु पर्ने छ ।

उल्लिखित विश्लेषणका आधारमा विद्यालय तहको पाठ्यक्रम, पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनमा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छः

१. नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास

३. सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण

४. पाठ्यक्रम विकास तथा परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता

५. पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने

६. बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी छनोट, विशेषतः प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसार मातृ भाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग

७. विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन तथा समायोजन

८. अपाङ्गता भएका बालबालिकाकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु

९. पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन

१०. शिक्षक निर्देशिकालगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धता

११. मूल्याङ्कन पद्धतिलाई शिक्षणसिकाइसँग जोड्ने, परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउने

१२. योग्यता प्रमाणीकरणका लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदान (राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयन)

१३. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग

१४. पाठ्यक्रम विकास, परिमार्जन कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह, प्रदेश सरकार तथा विद्यालयको अर्थपूर्ण सहभागिता कायम गरी पाठ्यक्रम कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितता ।

### ३.५.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध नेपाल निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ,

२. अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु ,

३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ,

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु,

५. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।

### ३.५.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध नेपाल निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ भने यसको कार्यान्वयनको मूल्याङ्कन आवधिक रूपमा गरी त्यसका आधारमा पाठ्यक्रम परिमार्जन तथा सुधार गरिने छ ।

६. ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यावहारिक बनाउँदै लगिने छ । यसै क्रममा विद्यालय तहको प्राविधिक धारको हालको पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कनका आधारमा आवश्यक सुधार, परिमार्जन तथा समायोजन गरिने छ ।

७. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गरिने छ । विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकरी ढङ्गले प्रबोधीकरण गरिने छ ।

८. सङ्घीय संरचनाअनुसार प्रदेश तथा स्थानीय सरकार तहबाट पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न उचित कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याइने छ ।

९. राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेअनुसार प्रदेश तथा स्थानीय सरकारको विद्यालय तहको पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न अत्यावश्यक सक्षमता विकास गरी जिम्मेवार बनाइने छ ।

१०. वैकल्पिक सिकाइका आधारमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरी देशमा पर्न सक्ने विपत ,महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने, शिक्षकको पेसागत सक्षमता विकास गर्ने र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइ अवसर अभिवृद्धि गरिने छ र विद्यालयहरूलाई यसका लागि सक्षम बनाइँदै लगिने छ ।

११. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री , स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरूको विकास, परिमार्जन तथा समायोजन गरी डिजिटाइज अनलाइन सिकाइ पोर्टलमार्फत् सर्वसुलभ गराइने छ ।

१२. पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरू, अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, विद्यालय व्यवस्थापन पदाधिकारी, बुद्धिजीवी, शिक्षाप्रेमी, परम्परागत ज्ञान र सिपका ज्ञाता तथा अनुसन्धेता आदिको सहभागिता र भूमिका वृद्धि गरिने छ ।

१३. पाठ्यपुस्तकको गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गरी पाठ्यपुस्तक विकास गरिने छ । कागज तथा छपाइको गुणस्तरसमेत सुधार गरी बहुवर्ष प्रयोगको सम्भाव्यता परीक्षण गरिने छ ।

१४. पाठ्यक्रममा आधारित शिक्षणसिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेसागत सक्षमता विकासलाई निरन्तरता दिई बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गरिने छ ।

१५. परम्परागत रूपमा प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षणसिकाइलाई बालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गता मैत्री बनाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै बढी सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने छ ।

१६. बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी माध्यम भाषा छनोट गरिने छ । यसका लागि विशेषतः प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि आवश्यकताअनुसार मातृ भाषा, स्थानीय भाषा ,बहुभाषा प्रयोगलाई प्राथिमकता दिइने छ ।

१७. विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा शिक्षणसिकाइअनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाइँदै लगिने छ ।

१८. विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरूलाई कार्यान्वयन तहमा नै समाधान गरी शिक्षणसिकाइ प्रक्रियालाई प्रभावकारी बनाइने छ ।

१९. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने (Mentoring and coaching) व्यवस्थालाई कार्यान्वयनमा ल्याई सिकारुको शिक्षण सिकाइ क्रियाकलापमा सहभागिता अभिवृद्धि र सिकाइ उपलब्धिमा सुधार गरिने छ ।

२०. सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणसिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा त्यसको उचित उपयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रूपमा प्रविधिमा आधारित शिक्षणसिकाइलाई परीक्षणमा ल्याइने छ ।

२१. प्रत्येक सामुदायिक विद्यालयमा एक एक सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारुलाई प्रविधिको प्रयोग, थप ज्ञान सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमूलक शिक्षणसिकाइको प्रयोग गर्ने वातावरण सुनिश्चित गरिने छ ।

२२. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र प्रयोगलाई व्यवस्थित गर्न स्थानीय सरकार तथा विद्यालयको सक्षमता विकास गरी जिम्मेवार र जवाफदेही बनाइने छ र भाषा आयोगको परामर्शमा मानकीकरण, शब्दकोश निर्माण, तथा लेख्य परम्पराको विकास गर्दै मातृभाषाको प्रयोगलाई थप व्यवस्थित गरिने छ ।

२३. मातृभाषामा पाठ्यसामग्री विकास तथा प्रयोगका लागि स्थानीय सरकारलाई सक्षम र जिम्मेवार बनाई यसको प्रयोगलाई प्रभावकारी बनाइने छ ।

२४. स्थानीय सरकारमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि आवश्यक संरचना विकास गरी समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यलाई व्यवस्थित गरिने छ ।

२५. अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपीमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास तथा प्रयोगलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गरिने छ ।

२६. पाठ्यक्रम परिमार्जनका क्रममा परिमार्जित पाठ्यक्रम वा नयाँ विकसित पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकमा हुनुपर्ने वा विकास गर्नुपर्ने सक्षमता यकिन गरी उनीहरूको पेसागत सक्षमता विकास योजनासमेत समावेश गरी पाठ्यक्रम कार्यान्वयनपूर्व शिक्षकको सक्षमता विकास गर्ने व्यवस्थालाई सुदृढ बनाइने छ ।

२७. सिकारुको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षाकको वृत्तिविकाससँग आबद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने छ ।

२८. आधारभूत तह र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षालाई सुधार गरिने छ ।

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

१०. विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

**ख) नतिजा(Results)**

१) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्मका पाठ्यक्रम विकास तथा कार्यान्वयन हुने ।

२) कक्षा १–३ मा व्यवहारकुशल सिपहरूसहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम कार्यान्वयन हुने ।

३) कक्षा १–८ सम्म सबै विद्यालयमा सम्बन्धित स्थानीय तहले विकास वा समायोजन गरेअनुसार स्थानीय पाठ्यक्रम कार्यान्वयन हुने ।

४) प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तहसम्म विशेषत कक्षा १–३ मा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण हुने ।

५) बहुपाठ्यपुस्तक प्रयोग हुने र पाठ्यपुस्तकको गुणस्तरमा सुधार हुने ।

६) कक्षाकोठा सिकाइको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारको माध्यमका रूपमा मूल्याङ्कनको प्रयोग हुनाका साथै विभिन्न तहमा सञ्चालन गरिने सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको सही व्याख्या गरेको हुने ।

७) पाठ्यसामग्रीहरू अपाङ्ग मैत्री तथा सामाजिक–सांस्कृतिक तथा भौगोलिक विविधता सापेक्ष हुने ।

८) सिकाइ क्रियाकलाप बालमैत्री, स्थानीय सन्दर्भ सापेक्ष, सान्दर्भिक तथा प्रभावकारी हुने ।

९) पाठ्यक्रम विकास तथा परिमार्जन सहभागितात्मक हुने ।

१०) पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने ।

११) पाठ्यक्रम कार्यान्यनका लागि नतिजा अर्थात् विद्यार्थीको सिकाइमा आधारित उत्तरदायित्व वहन हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष (Major activities and target)

तालिका ३.४: पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन | | | | | | | | | |
| | – नमुना पाठ्यपुस्तक विकास तथा परीक्षण | कक्षा/ विपय | कक्षा ४, ७ र ९ (विषय १७) | कक्षा ५ (विषय १२) | | | | | | |
| | – पाठ्यक्रम कार्यन्वयन | कक्षा/ विपय | | कक्षा ४, ७ र ९ (विषय १७) | कक्षा ५, ८ र १० (विषय १७) | | | | | |
| | – शिक्षक निर्देशिका विकास | कक्षा/ विपय | | कक्षा ४, ७ र ९ (विषय १७) | | | | | | |
| | –पाठ्यक्रम तथा पाठ्यसामग्री अभिमुखीकरण | कक्षा विषय तथा तह वा स्थान | | कक्षा ४, ७ र ९ (विषय १७)/ ७६१ | कक्षा ५, ८ र १० (विषय १७)/ ७६१ | | | | | |
| २ | विद्यार्थी मूल्याङ्कन – मापदण्ड विकास (आन्तरिक, प्रयोगात्मक, बाह्य) | | | | | | | | | |
| | –नमुना साधन विकास | कक्षा/ विपय | १ देखि ५ (विषय १९) | ६ देखि १० (विषय ३५) | ११ र १२ (विषय २०) | | | | | |
| | –कक्षाकोठामा आधारित परीक्षण तथा मूल्याङ्कनका आधार तथा नमुना विकास र प्रबोधीकरण (पृष्ठपोषण र | कक्षा/ विपय तथा तह | | कक्षा १ देखि ५ (विषय १९) | कक्षा६ देखि (विष३५) ७६१ | ११ र १२ (विषय २०) ७६१ | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिलेखनसमेत) | | | ७६१ | | | | | | |
| ३ | प्राविधिक धारतर्फका पाठ्यक्रम तथा पाठ्यसामग्री | | | | | | | | | |
| | –समस्या तथा विकल्प पहिचान र संरचना तयारी | पटक | १ | | | | | | | |
| | – पाठ्यक्रम समायोजन, परिमार्जन तथा विकास | विपय क्षेत्र | | ६ | | | | | | |
| | –पाठ्यसामग्री समायोजन, परिमार्जन तथा विकास | विपय क्षेत्र | | | ६ | | | | | |
| | –प्रयोगात्मक कार्यविधि विकास | विषयक्षेत्र | | ६ | | | | | | |
| | –पाठ्यक्रम तथा पाठ्यसामग्री प्रवोधीकरण | पटक तह | | | ७ | | | | | |
| ४ | परम्परागत शिक्षाको व्यवस्थापन | | | | | | | | | |
| | – पाठ्यक्रम समायोजन, परिमार्जन तथा विकास | कक्षा/ विपय | १ देखि ५ | ६ देखि ८ | ९ र १० | ११ र १२ | | | | |
| | –पाठ्यसामग्री, शिक्षक स्रोत सामग्री समायोजन, परिमार्जन तथा विकास | कक्षा/ विपय क्षेत्र | | १ देखि ५, क्षेत्र ४ | ६ देखि ८, क्षेत्र ३ | ९ र १० , क्षेत्र ३ | ११ र १२, क्षेत्र ३ | | | |
| | – पाठ्यक्रम तथा पाठ्यसामग्री प्रवोधीकरण | कक्षा /तह | | १ देखि ५/७६१ | ६ देखि ८/७६१ | ९ र १०/७६१ | ११ र १२/७६१ | | | |
| ५ | निर्देशिका, कार्यविधि तथा मार्गदर्शन विकास तथा परिमार्जन तथा एकीकरण | सङ्ख्या | २ | | | | | २ | | |
| ६ | डिजिटल सामग्री | पद्धति पद्धति | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | –विभिन्न विषयमा विद्यार्थीका लागि नमुना डिजिटल अन्तरक्रियात्मक सामग्री विकास | कक्षा/ विषय | कक्षा १/ विषय ३ | कक्षा २/ विषय ३ | कक्षा ३/ विषय ३ | कक्षा ४/ विषय ५ | कक्षा ५/ विषय ५ | | | अपाङ्गता भएका (विशेषगरी दृष्टिविहिन तथा श्रवण क्षमताविहिन) ले समेत प्रयोग गर्न सक्ने गरी) |
| | –पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सम्पूर्ण सामग्रीलाई डिजिटलाइज गरी केद्रको इ–पुस्तकालयमा व्यवस्थित गरी सार्वजनिक पहुँच हुने गरी राख्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | पाठ्यपुस्तक | | | | | | | | | |
| | –बहुपाठ्यपुस्तक नीति कार्यान्वयन (गुणस्तर सुनिश्चि गर्ने, मूल्याङ्कन तथा छनोट) | ढाँचा विकास तथा कक्षा | १ | | | | | | | |
| | – निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने | कक्षा/ विषय | १–१० | १–१० | १–१० | १–१० | १–१० | | | |
| | –पाठ्यपुस्तकको बहुबर्षे प्रयोगको परीक्षण | कक्षा/ विषय | तयारी | तयारी | परीक्षण, कक्षा ६, ४ र ९, ६ विषय | परीक्षण नतिजाका आधारमा रणनीति तयारर | एउटा क क्षामा रओनीति कार्यान्वयन | | | |
| | –विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि अनुकूल पाठ्यपुस्तक/ पाठ्यसामग्री विकास तथा निःशुल्क | कक्षा/विषय सङ्ख्या | १ देखि ३ | ४ देखि ५ | ६ देखि ८ | ९ र १० | ११ र १२ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उपलब्ध गराउने | | | | | | | | | |
| ८ | पाठ्यक्रम मूल्याङ्कन | | | | | | | | | |
| | – अनुसन्धान तथा मूल्याङ्कन | तह/कक्षा | | | | १ | १ | | | |
| | – सुधार | कक्षा/ विषय | | | | | अधारभूत | माध्यमिक | | |
| | –विद्यालयमा आधारित पाठ्यक्रम विकास परीक्षण | विषय | | | | कक्षा १ | कक्षा २ | कक्षा ३ | | |
| ९ | मातृभाषा तथा स्थानीय पाठ्यक्रम | | | | | | | | | |
| | –मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, समायोजन तथा कार्यान्वयन | कक्षा/विषय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | यससम्बन्धी क्रियाकलाप सञ्चालन स्थानीय तहबाट हुने |
| | –मातृभाषाकाबाहेक अन्य स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, तथा कार्यान्वयन | कक्षा/विषय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १० | संस्थागत प्रबन्ध र क्षमता विकास | | | | | | | | | |
| | – पाठ्यक्रम विकास केन्द्रलाई छरितो संगठन बनाई आवश्यक विज्ञ परिचालन गरी संरचनागत सुधार | पटक | १ | १ | | | | | | |
| | – प्रदेश तहमा पाठ्यक्रमसम्बन्धी कार्य गर्ने संस्थागत संरचनाको व्यवस्था | पटक | १ | १ | | | | | | |
| | –स्थानीय सरकार तहमा पाठ्यक्रमको विकास, कार्यान्वयन, परीक्षा तथा | पटक | १ | १ | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मूल्याङ्कन, अनुगमनलगायतका प्राविधिक सहयोगका लागि स्थानीय विज्ञ सम्मिलित प्राविधिक संयन्त्रको व्यवस्था | | | | | | | | | |
| | –तीनै तहको कार्य विवरणअनुसार क्षमता विकासका कार्यक्रम तयार गरी कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| | –नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणालीमार्फत् शिक्षकको क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | शिक्षक विकासमा समावेश हुने |
| ११ | सिकारुको सिकाइ उपलब्धिप्रति जवाफदेही बनाई सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आबद्ध गर्ने | पद्धति विकास–पटक कार्यान्वयन | १ निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | शिक्षक व्वस्थापनमा समावेश हुने |
| १२ | आधारभूत तथा माध्यमिक तहका सार्वजनिक परीक्षा प्रणाली सुधारका लागि क्षमता विकास यर्ने | तह | २६१ | ५०० | | | | | | संघ, प्रदेश र स्थानीय तह |

## ३.६ शिक्षक व्यवस्थापन र विकास

### ३.६.१ परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरू (उच्च मावि) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबिच शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य हुन सकेको छैन । यसै गरी देशमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरू, जस्तै- शिक्षक सेवा आयोगबाट छनौट भई नियुक्ति पाएका स्थायी, अस्थायी, राहत अनुदानका, विद्यालयको निजी स्रोतबाट तलब सुविधा पाउने शिक्षक आदि छन् । विभिन्न किसिमका शिक्षकहरूका सेवाको सर्त र सुविधा पनि फरक फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनका लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ

उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा प्रयोग गर्न सकिएको छैन ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस कार्यक्रमका उद्देश्य, उद्देश्य पुरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ३.६.२ वर्तमान अवस्था

**शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस पेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पुरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठत पेसाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेसामा थप आकर्षण बढेको अवस्था छ । शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग, पूर्वानुमानयोग्य सरुवा र बढुवा प्रणाली, कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा, दण्ड र पुरस्कारसम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली, विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती, मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्याई सोझै प्रवेश गराउन सकिने गरी कानुनी तथा प्रक्रियागत व्यवस्थाको सुनिश्चिततामार्फत शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गराउन आवश्यक देखिएको छ ।

शिक्षक सेवा आयोगबाट आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा रिक्त शिक्षक दरबन्दीमा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने कार्य भइरहेको छ । शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ । विद्यालय क्षेत्र विकास योजनावधि (२०७३/०७४-२०७७/०७८) मा चरणवद्ध रूपले माध्यमिक तहमा विषय शिक्षकको नियुक्ति गर्नका लागि मार्गचित्र तयार पार्ने भनिए पनि सो कार्य हुन सकेको छैन । शिक्षक सेवा आयोगको कामलाई थप प्रभावकारी बनाउन प्रदेशस्तरमा शिक्षक सेवा आयोग स्थापना गरी संस्थागत सुदृढीकरण गर्नु आवश्यक देखिएको छ । अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी प्रयोगमा ल्याउनु आवश्यक देखिएको छ ।

**शिक्षक तयारी**

नेपालमा विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका वि.एड., एम.एड. लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता र व्यावसायिक योग्यता दुवै मानिएको छ । यस्ता पूर्वसेवाकालिन शिक्षक शिक्षा कार्यक्रमहरू त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयले सञ्चालन गर्दै आएका छन् । विश्वविद्यालय अनुदान आयोगको EMIS प्रतिवेदन, २०१९ अनुसार शिक्षक शिक्षा कार्यक्रममा सन् २०१८/०१९ मा भर्ना भएका ७५,९५७ विद्यार्थीमध्ये ६३,१६९ विद्यार्थीहरू त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरूमा भर्ना भएका थिए । यसबाट शिक्षक शिक्षा कार्यक्रम सञ्चालनमा त्रिभुवन विश्वविद्यालयले ठूलो हिस्सा ओटेको छ । यी विश्वविद्यालयहरूमा शिक्षक शिक्षा कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूमध्ये ठूलो हिस्सा अर्थात् ४८,४११ छात्राहरू रहेका छन् । विश्वविद्यालका यी कार्यक्रममा उत्तीर्ण दर भने ज्यादै न्यून रहेको छ, जस्तैः सन् २०१८/०१९ मा भर्ना भई परीक्षामा सहभागी भएका परीक्षार्थीहरूमध्ये १६.६५ प्रतिशत विद्यार्थी नियमिततर्फ उत्तीर्ण भएका थिए ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वि.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । विश्वका विभिन्न मुलुकहरूको अभ्यासलाई हेर्दा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुट्टै कार्यक्रममा सहभागी भई सो पुरा गरेपछि मात्र शिक्षकका लागि योग्य मानिने प्रचलन पनि रहेका छन् । शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०४९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२

वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वि.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसैगरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ ।

पन्ध्रौं योजनाले शिक्षकको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको भए पनि यो कार्य हुन सकेको छैन । राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ । यही मापदण्डका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबिचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ । यसैगरी विद्यालय तहको पाठ्यक्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीहरूलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रममा भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ । विश्वविद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षणसम्बन्धी व्यवहारिक कुशलताको कमी देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षणसम्बन्धी विषय अध्ययन गर्नपर्ने भएकाले दुवै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ ।

परिवर्तित कक्षा ११ र १२ को पाठ्यक्रममा संकायगत संरचना नभएकाले अबको एक वर्षमा कक्षा १२ उत्तीर्ण गरी शिक्षक हुनेका लागि कम्तीमा १ वर्षे शिक्षक तयारी कोर्स व्यवस्था गरी सो पुरा गर्नपर्ने व्यवस्था आवश्यक छ । तर दीर्घकालीन रूपमा भने आधारभूत तह र माध्यमिक तहको शिक्षक बन्नका लागि क्रमशः न्यूनतम् शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण भई एक वर्षे शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने गरी कानुनी व्यवस्था गर्न उपयुक्त हुनेछ ।

**शिक्षणसिकाइ क्रियाकलाप**

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ । विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षणसिकाइलाई विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई

शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको अवस्था छ । नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् ।

पन्ध्रौं योजनाले शिक्षणसिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षाशिक्षण पद्धतिमार्फत पढाइ सिप प्रवर्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ । विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-२०७७/०७८) ले शैक्षणिक अभ्यासको सुधारमार्फत नै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन्छ भन्ने मान्यता बोकेको पाइन्छ । यो विद्यालय क्षेत्र विकास योजनाको एउटा रणनीति पनि हो । गुणस्तरीय शिक्षणसिकाइ क्रियाकलापबाट शिक्षाको स्तरमा सुधारको अपेक्षा गर्न सकिन्छ । यस योजनाले बालकेन्द्रित तथा अन्तर्क्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइका तौरतरिकाको प्रयोगमा जोड दिएको पाइन्छ । यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका रूपमा नभई गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने उल्लेख छ ।

कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याउन कमजोर सिकाइस्तर भएका विद्यार्थीका लागि विशेष सहयोग, अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता, शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, निरन्तर विद्यार्थी मूल्याङ्कन, परियोजना तथा प्रयोगात्मक कार्यमा जोड, उपचारात्मक शिक्षण पद्धति, परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषण लिई शिक्षणसिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षकबाट अपेक्षित रूपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औँल्याएका छन् (DOE, 2006)।

विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित कष्टमाइज्ड तालिमहरू सञ्चालन गरी शिक्षणसिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो । हजारौं शिक्षकले पेसागत विकास तालिम पाए तापनि शिक्षकले तालिममा सिकेका सिपको कक्षाकोठामा प्रयोग अपेक्षित रूपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औँल्याएको अवस्था छ (DOE, 2006)। तालिममा सक्रिय सिकाइका तौरतरिकाहरूका बारेमा जानकारी हासिल गरे पनि कक्षाकोठाको अभ्यासमा रुपान्तरण हुन नसकेको अध्ययन प्रतिवेदनहरूले औँल्याएका छन् ।

कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, उपयुक्त कार्य वातावरणको कमी आदिका कारणले कक्षाकोठाको शिक्षणसिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ।

### शिक्षक पेसागत सहयोग पद्धति

विश्वमा शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरू प्रचलनमा छन् जस्तै- कक्षाअवलोकन र छलफल, मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरूको सिकाइ सञ्जाल, कन्फरेन्स, सहपाठीसँगको अन्तक्रिया, प्रतिविम्बित अभ्यास आदि । नेपालमा शिक्षक पेसागत सहयोगका लागि वि.स. २०२८ मा लागु भएको राष्ट्रिय शिक्षा पद्धति योजनाले लिडर र फिडर विद्यालय (Leader and Feeder School) को अवधारणा अघि पनि सारेको थियो । यसैगरी विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) र सोपश्चात् नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए । प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन् १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले समेत शिक्षकको पेसागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमश: तिनको सङ्ख्या विस्तार गरी १०५१ स्रोत केन्द्रहरूमार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आइरहेको थियो । स्रोतकेन्द्रहरूले आफ्नो सेवाक्षेत्रका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिकासम्बन्धी अभिमुखीकरण गर्ने, शैक्षिक विषयवस्तुमा प्रधानाध्यापकहरूसँग नियमित बैठक गर्ने, शैक्षिक सामग्री निर्माण तथा प्रयोगसम्बन्धी कार्यशाला सञ्चालन गर्ने, कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने, अतिरिक्त क्रियाकलापहरू सञ्चालनमा सहयोग गर्ने, शैक्षणिक योजनाहरू निर्माणमा सहयोग गर्ने, शिक्षकहरूबिचको अन्तरक्रिया गराउने

आदि कार्यहरू हुने गर्थे ।तर संघीय संरचनाको कार्यान्वयनसँगै स्रोत केन्द्र पद्धति विघटन भएको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार स्थानीय तहमा सेवा निवृत्त शिक्षकहरूलाई अध्ययन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदिमा प्रयोग गर्ने उल्लेख गरेपनि अनुभव हस्तान्तरणका लागि कानुनी व्यवस्था मिलाउन सकिएको छैन । दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबिच सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपयोग हुन सकेको छैन ।

विद्यालय क्षेत्र विकास कार्यक्रममा शिक्षक पेसागत सहयोग स्रोतकेन्द्र, अगुवा स्रोत केन्द्र र शैक्षिक तालिम केन्द्र र जिल्ला शिक्षा कार्यालयहरूबाट गर्ने प्रबन्ध मिलाइएको थियो । सोहीबमोजिम विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षाअवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रधानाध्यापक बैठक, शिक्षक अन्तर्क्रिया कार्यशाला, छोटो अवधिको मागमा आधारित तालिम सञ्चालन आदि कार्यहरू स्रोतकेन्द्र, तालिम केन्द्र र जिल्ला शिक्षा कार्यालयहरूबाट हुँदै आएका थिए । यसबाट एक खालको शिक्षक पेसागत सहायता प्रणाली विकास भएको अवस्था थियो । मुलुक संघीय संरचनामा गएसँगै ती सबै स्रोत केन्द्रहरू खारेज भए । हाल स्रोतकेन्द्रले सम्पादन गर्दै आएका कामहरू समेत स्थानीय तहले गर्नुपर्ने अवस्था छ । शिक्षक पेसागत सहयोगका लागि अवसरहरूमा विविधता ल्याउने कार्य खासै हुन सकेको छैन । शिक्षक सहयोग प्रणाली स्थापना गरी शिक्षक पेसागत सहयोगलाई प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।

प्रधानाध्यापकको कुशल नेतृत्वबाट नै विद्यालयले आफ्ना लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न सक्छ । पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले शिक्षकलाई निरन्तर पेसागत सहयोगमा प्रधानाध्यापकलाई बढी जिम्मेवार बनाउन कार्यान्वयन पक्षमा सुधार ल्याउनु पर्ने आवश्यक देखाएको छ ।

**शिक्षक क्षमता विकास कार्यक्रम**

पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेसागत विकास सम्भव हुन्छ । नेपालमा शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भए । शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा

शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापनासँगै सोअन्तर्गत ९ ओटा प्राथमिक शिक्षक तालिम केन्द्रहरू स्थापना भएर ती तालिम केन्द्रहरूबाट सेवाकालीन प्राथमिक शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन गरिए । शैक्षिक जनशक्ति विकास केन्द्रमा माध्यमिक शिक्षा विकास केन्द्र गाभिएपछि शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतका शिक्षक तालिम केन्द्रहरू (२९ ओटा), अगुवा स्रोत केन्द्रहरू र स्रोत केन्द्रहरूमार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आए। विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत पनि शैक्षिक जनशक्ति विकास केन्द्रले तिनै तालिम केन्द्रहरू (२९ ओटा), अगुवा स्रोत केन्द्रहरू र स्रोत केन्द्रहरूमार्फत शिक्षक पेसागत विकास (टिपिडि) तालिम कार्यक्रम सञ्चालन गर्दै आएको थियो।तर संघीय संरचनाको कार्यान्वयनसँगै शिक्षक तालिम तथा विकासका लागि प्रत्येक प्रदेशमा एक/एक गरी जम्मा सात तालिम केन्द्रहरू मात्र रही अन्य संरचनाहरू हटेका छन् ।

पन्ध्रौं योजनाले विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशः अलग्गै प्रधानाध्यापकको व्यवस्था गरी सबै प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने उल्लेख छ । यसैगरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, बहु कक्षा शिक्षण, कक्षा शिक्षण पद्धतिसम्बन्धी ज्ञान र सिप हासिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने समेत व्यवस्था गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरू, जस्तैः कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिविम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रूपमा गरिने अनुसन्धान (Collaborative Research) मेन्टरिङ, कोचिङ आदि सञ्चालन गरिने व्यवस्था गरेको छ । साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित, अनलाइन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने उल्लेख छ ।

मुलुक संघीय संरचनामा गएसँगै साविकको शैक्षिक जनशक्ति विकास केन्द्र साविकको शिक्षा विभागमा गाभिन गई सो विभाग शिक्षा तथा मानव स्रोत विकास केन्दमा रुपान्तरण हुन पुग्यो । शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य यस केन्द्रबाट हुँदै आएको छ ।

शिक्षकको पेसागत विकासका लागि सात ओटा प्रदेशस्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाइन तथा अफलाइन विधिबाट एक महिने प्रमाणीकरण शिक्षक तालिम (दुई चरणमा) र कष्टोमाइज्ड शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ । हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले पनि शिक्षकको पेसागत विकासलाई जोड दिएको अवस्था छ ।

विद्यालय क्षेत्र विकास योजनावधिमा आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान, गणित र अङ्ग्रेजी विषयका शिक्षकहरूको शिक्षण क्षमता विकासका लागि टिपिडि तालिम सञ्चालनलाई प्राथमिकतामा राख्ने कार्य भइरहेको छ तापनि विद्यमान सात ओटा शिक्षा तालिम केन्द्रहरूबाट मात्र ठूलो सङ्ख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको अवस्था छ । यसैगरी शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सिपको कक्षाकोठामा प्रयोगमा समस्या देखिएको विभिन्न अध्ययन प्रतिवेदनहरूले औँल्याएका छन् ।

**शिक्षक उत्तरदायित्व**

शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ । शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ । यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नुपर्छ । विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिकाअनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति पनि उत्तरदायी हुनुपर्छ ।

नेपालमा शिक्षक उत्तरदायित्वको सन्दर्भमा कुरा गर्दा थुप्रै सामुदायिक विद्यालयहरूले राम्रा अभ्यास प्रस्तुत गरेको छन् । यस सन्दर्भमा पर्याप्त विद्यार्थीहरू भएका, नियमित पठनपाठन हुने र विद्यार्थीको सिकाइ उपलब्धि पनि उच्च भएका केही विद्यालयहरूका अभ्यासलाई नमुनाका रूपमा पनि लिन सकिन्छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग जोड्ने काम गरेर उत्तरदायी बनाउने प्रयास गरे पनि यो अनौपचारिक मात्र हुनगई यसबाट कुनै योगदान भएको देखिदैन।

पन्ध्रौं योजनाले शिक्षकले कक्षाकोठामा बिताउने समयलाई नियमित पठनपाठनसँग आबद्ध गर्दै शिक्षकहरूलाई पेसाप्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति

जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ, विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तहप्रति जवाफदेही बनाइने उल्लेख गरेको छ । विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ ।

नेपालमा विभिन्न समयमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले राष्ट्रिय स्तरमा गरेको विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (NASA) बाट विद्यार्थीहरूको सिकाइ उपलब्धि कमजोर देखिएको छ (ERO, 2014, 2015, 2017, 2018) । शिक्षणसिकाइमा सुधार ल्याई विद्यार्थीको सिकाइ उपलब्धि बढाउन शिक्षक पेसागत विकासका अवसरहरू प्रदान गर्दै आएको छ तर शिक्षक पेसागत विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडेर हेर्ने कुराको कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्ने आवश्यकता देखिएको छ ।

विद्यार्थीको सिकाइउपलब्धि कमजोर हुनुमा अर्को समस्या भनेको शिक्षक सरुवा र विद्यालयमा अनुपस्थिति हो । विभिन्न जिल्लाको कोटामा गएर परीक्षा उत्तीर्ण गर्ने र नियुक्ति पाएपछि तुरुन्तै सरुवाको पहलमा लाग्ने प्रवृत्तिले विद्यालयको दैनिक पठनपाठनमा निकै बाधा परेको छ । अझ सरुवा भएपछि लामो समयसम्म पदपूर्ति नहुँदा विद्यालयमा बालबालिकाहरू पढाइबाट लामो समयसम्म बञ्चित हुन परेको अवस्थासमेत छ । सरुवा प्रणाली व्यवस्थित नहुँदा दुर्गम र पहुँच कमजोर भएका ठाउँमा शिक्षक अपुग हुने तर सहर र सदरमुकामहरूमा थुप्रिने अवस्था रहेको छ, जुन सामाजिक न्यायको सिद्धान्त विपरीत देखिन्छ । यस्तो प्रावधानले गर्दा शिक्षकलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउन कठिन बनाएको छ ।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ ।

नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेकमा १:३०, पहाडी भेकमा १:४० र तराई तथा काठमाडौं उपत्यकामा १:५० रहेको छ । यही अनुपातलाई आधार मानेर शिक्षक सङ्ख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरूका लागि नेपाल सरकारले शिक्षक सहायता अनुदान रकम प्रदान गर्दै आएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अभिलेखअनुसार प्रदेश, जिल्ला र विद्यालयपिच्छे शिक्षक विद्यार्थी अनुपात फरक फरक छ । उदाहरणका लागि प्रदेश न. २ मा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १:४९, कक्षा ६-८ मा

१:९४ र कक्षा ९-१० मा १:६६ छ भने गण्डकी प्रदेशमा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १:१२, कक्षा ६-८ मा १:३० र कक्षा ९-१० मा १:२४ छ । तराईमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेको पाइन्छ भने हिमाली भेकमा यो अनुपात न्यून रहेको छ । आधारभूत र माध्यमिक तहमा सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्ने कार्य पनि उत्तिकै चुनौतीपूर्ण छ । मुलुक संघीय संरचनामा गएसँगै शिक्षक नियुक्ति, सरुवा, कार्यसम्पादन मूल्याङ्कन जस्ता कार्यको जिम्मेवारी स्थानीय तहमा रहेकाले स्थानीय तहले स्थानीय स्रोतमा शिक्षक नियुक्ति गर्ने कार्य गर्ने गरेका छन् ।

शिक्षक आपूर्ति र वितरणलाई व्यवस्थित गर्नका लागि बहुकक्षा बहुस्तर शिक्षण हुनसक्ने विद्यालयहरू पहिचान गर्ने गरी शिक्षकहरूलाई तालिम प्रदान गर्ने, अत्यधिक विद्यार्थी सङ्ख्या भएका कक्षा १-५ सञ्चालित विद्यालयहरू पहिचान गर्ने र शिक्षक विद्यार्थीको निर्धारित अनुपातबमोजिम हुने गरी शिक्षक दरबन्दी थप गर्ने, समावेशी शिक्षा/विशेष शिक्षाका लागि विद्यालय पहिचान गरी शिक्षक तथा कर्मचारी सहयोग उपलब्ध गराउने, आधारभूत तथा माध्यमिक तहमा विज्ञान, गणित र अङ्ग्रेजी शिक्षकको अभाव भएका विद्यालयहरू पहिचान गरी शिक्षक दरबन्दी थप गर्ने आदि कार्यलाई प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ११ क (१) मा शिक्षक सेवालाई समावेशी बनाउन सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा खुला प्रतियोगिताद्वारा पूर्ति हुने शिक्षक पदमध्ये पैतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिलाका लागि ३३%, आदिबासी जनजातिका लागि २७%, मधेसी २२%, दलित ९%, अपाङ्ग ५% र पिछडिएको क्षेत्रका लागि ५% पदमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था छ । नेपालमा आधारभूत तहमा ४०.०३% र माध्यमिक तहमा १८.८७% महिला शिक्षकहरू सामुदायिक विद्यालयमा कार्यरत छन् । यसैगरी माध्यमिक तहमा ७.४% दलित र १९.२ जनजाति शिक्षकहरू कार्यरत छन् भने आधारभूत तहमा ५.९% दलित र ३०.९% जनजाति शिक्षकहरू कार्यरत छन् (CEHRD, 2020)। शिक्षक सेवा आयोगले रिक्त शिक्षक पदमा उपयुक्त उमेद्वार छनौट गर्न परीक्षा सञ्चालन गर्ने काम गर्छ । शिक्षक सेवा आयोगको परीक्षाप्रति आम नागरिकको विश्वास बढ्दै गएको अवस्था छ भने अस्थायी शिक्षक पदपूर्तिका सन्दर्भमा सबैतिर निर्धारित मापदण्डको प्रयोग गराउन सकिएको छैन।

मुलुकभरका केही विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी बढी भएको अवस्था पनि छ तर शिक्षक दरबन्दी मिलान कार्य राष्ट्रिय रूपमा गर्ने कार्यले गति लिन सकेको छैन । शिक्षक दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७४ लाई प्रभावकारी कार्यान्वयनका लागि गति दिन ढिलाइ भइरहेको अवस्था छ । यसैगरी मुलुकभर करिब ४०,००० शिक्षक राहत

अनुदानमा कार्यरत छन् । स्थानीय तहको स्रोतबाट तलब सुविधा खाने शिक्षकहरू पनि छन् । साविकको उच्चमाध्यमिक तहमा कार्यरत शिक्षकहरू पनि छन् । ती शिक्षक पदहरूलाई स्थानीय तहबाट व्यवस्थित शिक्षक पदमा रुपान्तरण गर्ने वा संघीय शिक्षक पद नै कायम गर्ने भन्नेमा स्पष्टताको खाँचो देखिएको छ । यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ समेतलाई विचार गरेर शिक्षक व्यवस्थापन गर्नु आवश्यक देखिन्छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आधारभूत तह (कक्षा १-५) मा बढी वा घटी भएका शिक्षक दरबन्दीलाई आधारभूत तह कक्षा (६-८) मा समायोजन र माध्यमिक तहमा दरबन्दी मिलान तथा थप गर्ने सम्बन्धमा दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७३ स्वीकृत भई कार्यान्वयनमा ल्याएको छ । सोहीबमोजिम शिक्षक दरबन्दी मिलान तथा समायोजनको काम अघि बढेको छ तापनि यसको कार्यान्वयन पुरा भएको छैन । तह तथा विषयगत आधारमा शिक्षकहरूको नियुक्ति तथा पदस्थापन गरी कार्यसम्पादनमा सुधार ल्याउने विषय चुनौतीपूर्ण छ । दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७३ बमोजिम विद्यालय क्षेत्र विकास योजना अवधि (२०७३/०७४-२०७७/०७८) मा विद्यार्थी शिक्षक अनुपातका आधारमा बढी शिक्षक भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षक दरबन्दी पुनर्वितरण गर्ने काम भएको छ, जसअनुसार कुल १२,८२७ दरबन्दी पुनर्वितरण कार्य सम्पन्न भएको छ ।

उल्लिखित विश्लेषणका आधारमा शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा देहायबमोजिमका चुनौतीहरू पहिचान गरिएका छन्:

१. शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु

२. विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यालयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरूलाई समायोजन

३. सक्षम शिक्षक आपूर्तिका लागि विश्वविद्यालयमा शिक्षा संकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु,

४. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु,

५. शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु,

६. शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध

७. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

८. उपलब्ध शिक्षकहरूको औचित्यपूर्ण वितरण गर्नुका साथै आवश्यक विषयगत विशिष्टतासहित आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।

### ३.६.३ उद्देश्य

उपर्युक्त समीक्षा तथा चुनौतीहरूका आधारमा शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् :

१. शिक्षक तयारीको गुणात्मक पक्षको पुनरावलोकन गरी शिक्षक तयारीको वर्तमान स्वरूप तथा प्रक्रियामा परिवर्तन गरी सक्षम शिक्षक आपूर्ति गर्नु

२. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु

३. सबै तहमा शिक्षकहरूको योग्यता पुनरावलोकन गरी विषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु

४. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु

५. आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु

६. सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन गरी सान्दर्भिक र प्रभावकारी बनाउनु

७. शिक्षकको निरन्तर पेसागत विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षक शिक्षासम्बद्ध संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्नु।

### ३.६.४ रणनीतिहरू

१. शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गर्ने र यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गरिने छ।

२. वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पर्याप्त विषयवस्तुको ज्ञान र शिक्षण सिपमा केन्द्रित हुँदै पुनरावलोकन गरिने छ।

३. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/दरबन्दी पुनर्वितरण तथा थप गरिने छ ।

४. प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण गरेको शिक्षकको योग्यता अद्यावधिक गरिने छ ।

५. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा एक वर्षअघि नै छनौट गरी प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा नै नियुक्ति गरिने र प्रकाशित प्रतिक्षा सूचीबाट अर्को वर्षको छनोटसम्म शिक्षक नियुक्त गर्ने प्रबन्ध गरिने छ ।

६. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिमलाई अनिवार्य बनाइने छ।

७. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने छ । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकतानुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिने छ ।

८. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिने छ ।

९. शिक्षकको सेवा सर्त, सुविधा, प्रोत्साहन, बढुवालगायत वृत्ति विकासका प्रावधानहरूलाई पुनरावलोकन गरी समसामयिक बनाइने छ ।

१०. शिक्षक नियुक्ति, सरुवा तथा तालिम तथा पेसागत विकासमा र सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने छ ।

### ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

१. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुने ।

**ख) नतिजा (Results)**

१. शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन भई यसलाई राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचामा रुपान्तरण तथा सोका आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने ।

२. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने गरी पुनर्संरचना तथा सुधार हुने ।

३. विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार हुने ।

४. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने ।

५. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने ।

६. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने ।

७. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/ पुनर्वितरण तथा हुने र शिक्षकको आपूर्ति नियमित रूपमा हुने ।

८. शिक्षकको वृत्ति विकासका लागि पारदर्शि र पूर्वानुमानयोग्य र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

## ग) प्रमुख क्रियाकलापहरू  तथा लक्ष्य

**तालिका ३.५: शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क. स. | प्रमुख कियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| **शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति** | | | | | | | | | | |
| १ | मेधावी विद्यार्थीलाई  सहज तरिकाले शिक्षण पेसामा प्रवेश गराउने गरी  कानुनी व्यवस्था गर्ने । | प्रतिशत | २ | | | | | २ | २ | संघ |
| २ | प्रत्येक वर्ष स्थायी शिक्षक नियुक्तिको सिफारिस गर्न सक्षम हुने गरी प्रत्येक प्रदेशमा शिक्षक सेवा आयोगको विस्तार तथा संस्थागत सुदृढीकरण गर्ने । | सङ्ख्या | ७ | | | | | | ७ | संघ, प्रदेश |
| ३ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने । | जना | | | | | | | | स्थानीय तह |
| | सबै स्थायी शिक्षकको स्वास्थ्य विमा अनिवार्य गर्ने । | जना | १ लाख | १.५ लाख | २ लाख | २ लाख | २ लाख | २ लाख | २.५ लाख | संघ, स्थानीय तह |
| ५ | सरुवा र बढुवालाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउने गरी कानुनी व्यवस्था गर्ने । | संख्या | १ | | | | | १ | १ | संघ |
| ६ | पाठ्यकमका आधारमा आधारभूत तह (कक्षा १-५) मा बहुकक्षा बहुस्तर, कक्षाशिक्षक, आधारभूत (कक्षा ६-८) र माध्यमिक तहमा विषयगत शिक्षक नियुक्ति गर्न मार्गचित्र तयार गर्ने । | संख्या | १ | | | | | १ | १ | संघ |
| ७ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण  गर्ने । | संख्या | १ | | | | | १ | १ | स्थानीयतह |
| **शिक्षक तयारी** | | | | | | | | | | |
| ८ | बृहद् राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचा विकास गर्ने । | संख्या | १ | | | | | १ | १ | संघ |
| ९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबिचको सहकार्यबाट एक वर्षे शिक्षक तयारी कोर्स विकास गर्ने । | संख्या | ३ | | | | | ३ | ३ | संघ |
| १० | विश्वविद्यालयहरूका शिक्षा संकाय कोर्स परिर्वतन गर्ने, भर्नाका आधार, शिक्षण सिकाइ प्रकिया र मूल्याङ्कन विधिमा सुधार गरी गुणस्तर सुधार गर्ने | विवि | ७ | | | | | ७ | ७ | सम्बन्धित विश्वविद्यालय |
| ११ | विश्वविद्यालयहरूका शिक्षा संकायले कक्षा १२, स्नातक र स्नात्तकोत्तर पछि कम्तीमा १ एक एक वर्षे शिक्षक तयारी कोर्सको कार्यक्रम सञ्चालन गर्ने । | विवि | ७ | | | | | ७ | ७ | सम्बन्धित विश्वविद्यालय |
| १२ | शिक्षक बन्नका लागि हालको न्यूनतम् शैक्षिक योग्यतामा वृद्धि गर्ने गरी कानुनी व्यवस्था गर्ने ।<br>(प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण भएको सुनिश्चित गर्ने ।) | संख्या | १ | | | | | | १ | संघ |
| १३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूस्लाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने । | जना | ७०० | १४०० | २८०० | २८०० | २३००० | १०००० | २०००० | संघतथा प्रदेश ले विश्वविद्यालयतथा अन्य तालि प्रदायक संस्थासँग सहकार्य गरेर |
| १४ | नयाँ नियुक्ति पाएका शिक्षकहरूलाई एक महिने सेवा प्रवेश तालिम सञ्चालन गर्ने । | जना | ४००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | ६०००० | प्रदेश |
| **शिक्षणसिकाइ** | | | | | | | | | | |
| १५ | नियमित शिक्षणसिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने । | संख्या | १ | | | | | | १ | संघ |
| १६ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने । उपचारात्मक शिक्षण पद्धति लागू गर्ने । | संख्या | | | | | | | | स्थानीय तह |
| १७ | दृष्टिसम्बन्धी अपाङ्गता भएका सबै बालबालिकाका लागि ब्रेललिपिलगायतबाट र श्रवणसम्बन्धी अपाङ्गता भएकालाई साङ्केतिकलगयतबाट सिक्ने व्यवस्था | ब्रेल पाठ्यसाम | | | | | | | | पाठ्यक्रम तथा मूल्यांकाको क्रियाकलाप सँग सम्बन्धित |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मिलाउने । | ग्री, डिजिटल पद्धति र सामग्री | | | | | | | |
| १८ | प्रत्येक माध्यमिक विद्यालयमा एक पुस्तकालयको प्रबन्ध गर्ने र प्रत्येक आधारभूत कक्षामा पुस्तक कुना व्यवस्था गर्ने | संख्या विद्यालयक ाकक्षा | ३००० कक्षा १–३ | ४००० कक्षा ४–६ | ३००० कक्षा ७–८ | | | १०००० सबै १–८ कक्षा | १२००० सबै १–८ कक्षा | संघ, स्थानीय तह, विद्यालय |
| १९ | प्रत्येक विद्यालयमा कम्तिमा एक सुविधायुक्त ICT Lab को प्रबन्ध गर्ने । | संख्या | २००० | २००० | २००० | २००० | २००० | १०००० | २०००० | स्थानीय तह |
| २0 | प्रत्येक विद्यालयमा उपकरण/विज्ञान सामग्रीयुक्त कम्तिमा एक विज्ञान प्रयोगशालाको प्रबन्ध गर्ने । | संख्या | २००० | २००० | २००० | २००० | २००० | १०००० | २०००० | स्थानीय तह |
| २१ | प्राविधिक तथा व्यावसायिक शिक्षा धारको पढाइलाई व्यावहारिक र सिपमा आधारित बनाउन प्रयोगात्मक पक्षमा जोड दिने र यसका लागि सुविधायुक्त प्रयोगशालाको प्रबन्ध गर्ने । | संख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | संघ, प्रदेश र स्थानीय तह |
| २२ | योग्य, दक्ष र उत्प्रेरित शिक्षकको व्यवस्थाबाट शिक्षणसिकाइलाई विद्यार्थीकेन्द्रित, परियोजनामा आधारित, समूहकार्यमा आधारित, प्रयोगात्मक कार्यमा आधारित बनाउने गरी शिक्षण तथा सिकाइ सामग्री विकास गर्ने । | सेट | १ | १ | १ | १ | १ | १ | १ | विद्यालय, स्थानीय तह |
| २३ | प्रत्येक विद्यालयमा उच्च गतिको इन्टरनेट सेवाको उपलब्धतामार्फत शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढाउने । | सेट | २८०० | २८०० | २८०० | २८०० | २८०० | १४००० | २८००० | संघ,स्थानीय तह |
| २४ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्ने गरी सहजीकरण पुस्तिका विकास गर्ने । | संख्या | १ | | | | | | १ | संघ,पाठ्यक्रम तथा मूल्यांकनका क्रियाकलापसँग सम्बन्धित गराउने |
| २५ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने । | सबै शिक्षक | १ | | | | | | १ | विद्यालय |
| २६ | विद्यार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्ने । प्र.अ.लाई जिम्मेवार बनाउने । | सबै प्र.अ. | १ | | | | | | १ | विद्यालय, स्थानीय तह |
| २७ | सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर, विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गराउने गरी ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने । | जना | १००० | १००० | १००० | १००० | १००० | ५००० | १०००० | स्थानीय तह र प्रदेश |
| **शिक्षक पेसागत सहयोग पद्धति** | | | | | | | | | |
| २८ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग मार्गदर्शन विकास गर्ने । | संख्या | १ | | | | | | १ | संघ |
| २९ | कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरुको ई-सञ्जाल/समूह बनाउने । | संख्या | ७८ | ७५ | ७५ | ७५ | ७५ | ३७८ | ७५३ | स्थानीय तह |
| ३० | शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । *(शिक्षण पेसामा प्रवेश गरेको शिक्षकका लागि कम्तिमा ३ महिनासम्म अनुभवी/विज्ञ शिक्षकको साथमा रहेर)* | जना | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३०००० | स्थानीय तह |
| ३१ | असल अभ्यासको अवलोकन भ्रमण गराउने । | जना | ९००० | ९००० | ९००० | ९००० | ९००० | ४५००० | ९०००० | स्थानीय तह |
| ३२ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबिच सञ्जाल विकास गर्ने । | संख्या | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | ७५३ | स्थानीय तह |
| ३३ | विद्यालयमा आधारित नियमित र प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणको संयन्त्र विकास गरी कार्यान्वयनमा ल्याउने । | संख्या | १ | | | | | | १ | विद्यालय |
| ३४ | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने । | संख्या | १ | | | | | | १ | |
| ३५ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्न तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवानिवृत्त दक्ष शिक्षकहरूको विज्ञ टोली गठन | संख्या | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७६ | ७५३ | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने । | | | | | | | | | |
| ३६ | शिक्षा तालिम केन्द्रहरुलाई ICT Hub को रुपमा विकास गर्ने । | संख्या | ३ | २ | २ | | | ७ | ७ | प्रदेश |
| ३७ | सहपाठी कक्षाअवलोकन गर्ने ।<br>(प्रत्येक शिक्षकको प्रत्येक महिनामा कम्तिमा २ ओटा कक्षाअवलोकन र पृष्ठपोषण आदानप्रदान) | संख्या | | | | | | | | विद्यालय |
| **शिक्षक पेसागत विकास** | | | | | | | | | | |
| ३८ | शैक्षिक तालिम केन्द्रहरूको संख्या वृद्धि गरी प्रदेशको मातहतमा राखेर शिक्षक पेसागत विकासका कार्यक्रम सञ्चालन गर्ने । विद्यालयमा आधारित शिक्षक सहायता पद्धतिको स्थापना गर्ने । | संख्या | २१<br>७५३ | | | | | २१<br>७५३ | २१<br>७५३ | प्रदेश<br>स्थानीय तह |
| ३९ | राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षक पेसागत विकासका विभिन्न अवसरहरु उपलब्ध गराउन विद्यमान शिक्षक पेसागत विकास प्रारुप, २०७२ लाई परिमार्जन गर्ने । | संख्या | १ | | | | | | १ | संघ |
| ४० | सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइका लागि अनलाइन/अफलाइन शिक्षक तालिम सञ्चालन गर्ने ।<br>*(प्रत्येक शिक्षकले प्रत्येक ७ वर्षमा तालिम पाउने)* | जना | १३००० | १३००० | १३००० | १३००० | १३००० | ६५००० | ९०००० | प्रदेश, |
| ४१ | व्यवहारकुशल तथा एकाइसौं शताब्दीका सिकाइ सिप, आधारभूत तह कक्षा १-५ मा पढाउने शिक्षकका लागि कक्षाशिक्षणसम्बन्धी र अन्तरसम्बन्धित विषयवस्तुहरुलाई समेत समेटी मागमा आधारित छोटो अवधिको तथा पुनर्ताजगी अनलाइन/अफलाइन शिक्षक तालिम सञ्चालन गर्ने । | जना | ९००० | ९००० | ९००० | ९००० | ९००० | ४५००० | ९०००० | प्रदेश, स्थानीय तह |
| ४२ | शिक्षणसिकाइका सम्बन्धमा शिक्षक अनलाइन अफलाइन कन्फरेन्स/सेमिनार सञ्चालन गर्ने ।<br>(व्यक्तिगत तथा सहकार्यात्मक अनुसन्धान प्रतिवेदनको प्रस्तुति लगायतका विषयमा प्रत्येक गाउँपालिका/नगरपालिकामा प्रत्येक वर्ष सञ्चालन गर्ने) | संख्या | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | स्थानीय तह |
| ४३ | प्रशिक्षकहरुका लागि कम्तिमा १० दिनको प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने । | जना | २०० | २०० | २०० | २०० | २०० | १००० | २००० | संघ |
| ४४ | एक महिने आधारभूत तह टिपिडि प्रमाणीकरण तालिमलाई एकै चरणमा सञ्चालन गर्ने गरी शिक्षा तालिम केन्द्रबाट १५ दिनको अनलाइन/अफलाइन शिक्षक तालिम कार्यशाला र बाँकी १५ दिनको विद्यालयमा आधारित प्रतिविम्बित अभ्यास (Reflective Practice) मा आवद्ध गर्ने । | जना | ६५०० | ६५०० | ६५०० | ६५०० | ६५०० | ३२५०० | ६५००० | प्रदेश |
| ४५ | एक महिने माध्यमिक तह टिपिडि प्रमाणीकरण तालिमलाई एकै चरणमा सञ्चालन गर्ने गरी शिक्षा तालिम केन्द्रबाट १५ दिनको अनलाइन/अफलाइन शिक्षक तालिम कार्यशाला र बाँकी १५ दिनको विद्यालयमा आधारित प्रतिविम्बित अभ्यास (Reflective Practice) मा आवद्ध गर्ने । | जना | २००० | २००० | २००० | २००० | २००० | १०००० | २०००० | प्रदेश |
| ४६ | विद्यालय तहमा शिक्षकको निरन्तर पेसागत विकास गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउनुको साथै शिक्षकको निरन्तर पेसागत विकास कार्यलाई विद्यार्थी सिकाइउपलब्धिसँग आवद्ध गर्ने । | पद्धति | १ | | | | | १ | १ | संघ |
| ४७ | एकमहिने प्रधानाध्यापक शैक्षणिक नेतृत्व विकास तालिमलाई पनि १५ दिनको तालिम केन्द्रमा आधारित -शैक्षणिक नेतृत्व सिप विकास, समन्वय सिप विकासमा जोड) र बाँकी १५ विद्यालयमा आधारित अभ्यासकेन्द्रित बनाउने । | जना | १००० | १००० | १००० | १००० | १००० | ५००० | १०००० | प्रदेश |
| ४८ | वहिरा बालबालिकालाई शिक्षण गर्न सांकेतिक भाषाको प्रयोगसम्बन्धी शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | जना | १०० | १०० | १०० | | | | ३०० | प्रदेश |
| ४९ | प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकका लागि १ महिने तालिम सञ्चालन गर्ने । | जना | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५००० | स्थानीय तह |
| ५० | विभिन्न विषयमा शिक्षक पेसागत विकास तालिम पाठ्यक्रम विकास तथा परिमार्जन गर्ने । | जना | ५० | | | | | | ५० | संघ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **शिक्षक उत्तरदायित्व** | | | | | | | | | | |
| ५१ | विद्यार्थी सिकाइउपलब्धिका आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापक र स्थानीय तहलाई जिम्मेवार बनाउने । | पद्धति | १ | | | | | १ | १ | संघ |
| ५२ | विद्यालयमा छुट्टै प्रधानाध्यापक पदको व्यवस्था गरी करारमा नियुक्त गर्ने कानुनी व्यवस्था गर्ने । | पद्धति | १ | | | | | १ | १ | संघ |
| ५३ | रिपोर्ट कार्ड वितरणको प्रबन्ध गर्ने । | सबै विद्यालय | | | | | | | | विद्यालय, स्थानीय तह |
| ५४ | शिक्षक सरुवालाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउने । | पद्धति | १ | | | | | | | संघ |
| ५५ | शिक्षकले शिक्षणमा बिताउने समयमा प्रधानाध्यापकलाई जिम्मेवार बनाउने । | सबै विद्यालय | | | | | | | | विद्यालय, स्थानीय तह |
| **शिक्षक आपूर्ति र वितरण** | | | | | | | | | | |
| ५६ | दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७३ पुनरावलोकन गरी तदनुसार तहगत, क्षेत्रगत र विषयगत रुपमा स्थानीय तहअनुसार शिक्षक दरबन्दी मिलान/दरबन्दी पुनर्वितरण तथा विद्यार्थी संख्याका आधारमा थप । | पटक<br>स्थानीय तह<br>जना<br>आधारभूत तह (कक्षा १-५)<br>–आधारभूत तह ( कक्षा ६-८)<br>–माध्यमिक तह ( | १<br>७५३<br><br>१०००<br><br>८०००<br><br>८००० | <br>√<br><br>१४००<br><br>८०००<br><br>८४०० | <br>√<br><br>१५२२<br><br>८४०१<br><br>५४२५ | <br>√<br><br>. | <br>√ | १<br>७५३<br><br>३९२२<br><br>२४४०१<br><br>२४८२५० | | संघ |

# ३.७ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

**(Non- formal Education and Lifelong Learning)**

## ३.७.१ परिचय

सिकाइ जीवन पद्धतिसँग जोडिएको छ । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । देशको भूगोल, हालसम्मको शिक्षाको पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवं आजीवन शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तरको अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ ।

शिक्षा क्षेत्र योजना २०७७-८७ मा अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रावधानलाई विगत आधा शताब्दीमा मुलुकमा भए गरेका परीक्षणहरू, विभिन्न अन्तर्राष्ट्रिय अनुभवहरू तथा सबै सरोकारवालाहरूको सल्लाह र सुझाबको आधारमा समय सापेक्ष सुधार गरिएको छ । अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी १० वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्धन गर्नेतर्फ लैजानु पर्ने देखिन्छ ।

नेपालको विद्यालय क्षेत्रको योजनाको यस खण्डमा नेपालमा अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गरी प्रारम्भिक अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रमको स्वरूप तयार गर्ने क्रममा यस योजना अवधिका लागि अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रमका उद्देश्य, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्षहरू यसमा समावेश गरिएको छ ।

### ३.७.२ वर्तमान अवस्था

शैक्षिक इतिहासलाई अध्ययन गर्दा नेपालमा अनौपचारिक तथा आजीवन सिकाइको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । आजीवन सिकाइलाई संस्थागत गर्न नसकिए पनि नेपालमा अनौपचारिक शिक्षाको विकासका लागि विभिन्न प्रयासहरू भइरहेका छन् । विद्यालय क्षेत्र विकास कार्यक्रम अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइअन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमको गुणस्तरमा सुधार हुने नतिजाको अपेक्षा गरिएको थियो । त्यसैगरी कार्यक्रम अवधिमा २४,००,००० निरक्षर तथा नव साक्षरहरूले निरन्तर शिक्षा प्राप्त गर्ने, आधारभूत तहका १,६५,००० बालबालिकाहरूले लचिलो शिक्षा प्राप्त गर्ने (आधारभूत भन्नाले तह कक्षा १-५ र ६-८ सरह, माध्यमिक तह कक्षा ९-१२ सरह), १,६०,००० सहजकर्ताले आधारभूत तथा पुनर्ताजगी तालिम प्राप्त गर्ने र निरन्तर शिक्षा प्रदान गर्न ४,२४२ सामुदायिक अध्ययन केन्द्र सञ्चालनमा हुने परिमाणात्मक लक्ष्य किटान गरिएकोमा २१५१ सामुदायिक सिकाइ केन्द्रहरू स्थापना भई सञ्चालनमा रहेका छन् । सामुदायिक सिकाइ केन्द्रसम्बन्धी विषयलाई शिक्षा ऐनमा समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रको अवधि सम्ममा कुल साक्षरता दर ८७ प्रतिशत, १५-२४ बर्ष उमेर समूहको साक्षरता दर ९५ प्रतिशत र १५ बर्ष माथिको साक्षरता ७५ प्रतिशत पुऱ्याउने लक्ष्य निर्धारण गरिएकोमा ती साक्षरता दरहरू क्रमशः ७८ प्रतिशत, ८८.६ प्रतिशत र ५७ प्रतिशत पुगेको छ । यसै गरी खुला शिक्षा प्रवर्धन गर्न १२१ ओटा खुला विद्यालय र १७३ ओटा अनौपचारिक प्रौढ विद्यालय सञ्चालित छन् ।

अनौपचारिकलगायत अन्य माध्यमबाट सिकेका सिकाइहरूलाई समेत समकक्षता प्रदान गरी गतिशीलता र पारगम्यतालाई सहज बनाउनका लागि राष्ट्रिय योग्यता प्रारूप (National Qualification Framework- NQF) नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्र (तत्कालिन अनौपचारिक शिक्षा केन्द्र) बाट आधारभूत तहको समकक्षी अनौपचारिक शिक्षाको सिकाइ क्षेत्र, मापदण्ड तथा उपलब्धिहरूको प्रारूप तयारी भइरहेको छ ।

राष्ट्रिय शिक्षा नीति – २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, बैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

सिकाइ सक्षमता १२ ओटा निर्धारण गरी साक्षर नेपाल अभियान सञ्चालन भई हालसम्म ५३ जिल्ला साक्षर घोषणा भएका छन् । अनौपचारिक तथा निरन्तर शिक्षा, खुला तथा बैकल्पिक शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास गरिएको छ भने तालिम मापदण्ड निर्धारण गरी सोका आधारमा सहजकर्ताहरूका लागि तालिम प्रदान गरिएको छ।महिला सहभागिता र सशक्तिकरणमा बृद्धि भएको छ ।औपचारिक शिक्षामा विशेष गरी पिछडिएका समुदायका छात्राहरूको सहभागितामा वृध्दि भएको छ ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा बैकल्पिक तथा निरन्तर शिक्षा शाखा र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अनौपचारिक तथा शैक्षिक प्रविधि महाशाखाअन्तर्गत अनौपचारिक तथा बैकल्पिक शिक्षा शाखा र पाठ्यसामग्री विकास शाखा रहेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालयअन्तर्गत शैक्षिक योजना तथा अनुसन्धान महाशाखा र शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दछन् । स्थानीय तहहरूमा शिक्षा तथा खेलकुद महाशाखा/शाखाहरूको अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी पनि रहेको छ । यसका साथै स्थानीय तहमा अनौपचारिक तथा जीवनपर्यन्त शिक्षासम्बन्धी कार्य गर्न विगतदेखि नै सामुदायिक सिकाइ केन्द्र (Community Learning Center-CLC) रहेका छन् ।

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भएपछि शिक्षा क्षेत्रको पुन:संरचना हुँदा साविकको अनौपारिक शिक्षा केन्द्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र एउटा शाखामा सीमित हुन पुगेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र सोअन्तर्गत शैक्षिक योजना तथा अनुसन्धान महाशाखा रहे पनि उक्त शाखाको कार्यविवरणमा अनौपचारिक तथा आजीवन सिकाइसँग सम्बन्धित विषय समावेश छैन । स्थानीय तहमा रहेको शिक्षा महाशाखा/शाखाको कार्यविवरणमा यससम्बन्धी विषय समावेश भए पनि यस विषयले प्राथमिकता प्राप्त गरेको देखिदैन । यसरी हेर्दा शिक्षा क्षेत्र एउटा सिङ्गै पाटोको रूपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले नत व्यक्तिगत रूपमा नत संस्थागत र प्रणालीगत रूपमा नै क्षमता विकास गर्ने विषयले महत्त्व पाएको देखिन्छ । विगत १ दशकभन्दा बढी अवधिदेखि साक्षरतालाई अभियानका रुपमा सञ्चालन गर्दा समेत अझै २४ जिल्ला साक्षर घोषणा हुन बाँकी रहेका छन् । सबै युवाहरूका लागि खुला तथा दूर शिक्षाको अवसर उपलब्ध गराउन सकिएको छैन । अनौपचारिक शिक्षा नीति र खुला तथा दूर शिक्षा नीतिले परिकल्पना गरेको उपलब्धि हासिल गर्न सकिएको छैन । सामुदायिक सिकाइ केन्द्रहरूलाई अपेक्षित रूपमा सुदृढीकरण गर्न सकिएको छैन । त्यसैगरी आवश्यकताअनुरुप

आजीवन सिकाइका अवसरहरू विस्तार गर्न सकिएको छैन । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात् अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापन ( संरचना, लगानी, अपनत्व आदि) को जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्मअनुसार कार्यसम्पादन हुन सकेको देखिदैन । आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले साक्षरतासम्बन्धी तथ्याङ्कका लागि पनि राष्ट्रिय जनगणनाको प्रक्षेपणमा भर पर्नु पर्ने अवस्था रहेको छ ।

उल्लिखित विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ:

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित
२. अनौपचारिक, खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रूपमा संस्थागत विकास
३. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सिपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ (Digital and functional literacy) लगायत आजीवन शिक्षा तथा समकक्षताको व्यवस्थापन
४. परम्परागत शिक्षाको संरक्षण, प्रवर्धन, व्यवस्थापन, नियमन र प्रमाणीकरणका लागि स्पष्ट नीति, मापदण्ड निर्धारण गरी संस्थागत सुदृढीकरण
५. मौलिक तथा पुस्तौनी ज्ञान तथा सिप (Indigenous and intergenerational Knowledge and skills) को पहिचान, संरक्षण प्रवर्धन एवम् स्तरीय ढाँचामा रुपान्तरण
६. सिकारुको आवश्यकता अनुसारका सक्षकतामा आधारित कार्यक्रम विकास र कार्यान्वयन
७. अनौपचारिक तथा आजीवन सिकाइ सम्बद्ध विश्सनीय तथा खण्डीकृत तथ्याङ्क तयार
८. समग्र कार्यक्रमलाई समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गर्न भौतिक, वित्तीय, मानव स्रोत र प्रविधिको पक्षमा सुदृढ गर्ने
९. गुणस्तरीय जीवनका लागि आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवधारणागत स्पष्टता
१०. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउने
११. अनौपचारिक तथा निरन्तर शिक्षा, खुला तथा बैकल्पिक शिक्षाका लागि मापदण्ड अनुकूल पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास
१२. आवश्यकतामा आधारित आजीवन सिकाइसँग सम्बन्धित मोडुलर सिकाइ सामग्री विकास र कार्यान्वयन
१३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको क्षेत्रमा प्राप्त उपलब्धिहरूको गुणस्तरको लेखाजोखा

१४. नागरिक व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने

१५. अन्तर सरकार, अन्तर मन्त्रालय र अन्तर निकायबिच भरपर्दो समन्वय तथा परिचालनको लागि संघ, प्रदेश र स्थानीय तहमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ व्यवस्थापनका लागि एकीकृत संयन्त्रको प्रबन्ध

१६. संस्थागत क्षमता विकासका लागि पर्याप्त स्रोतको व्यवस्था ।

### ३.७.३ उद्देश्य

यस योजनाको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको समग्र उद्देश्य सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. नेपाललाई साक्षर मुलुकको रूपमा विकास गर्नु,

२. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,

३. औपचारिक, अनौपचारिक र अरितिक शिक्षाकाबिच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency ), गतिशीलता (Mobility) र पारगम्यता (permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु,

४. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीणकरण गर्नु,

### ३.७.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छः

१. साक्षर नेपाल अभियान पुरा गर्न अन्तर सरकार / मन्त्रालय / निकायबिच समन्वय र सहकार्य अभिबृद्धि गर्दै स्थानीय तहको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिने छ ।

२. साक्षारता सिकाइमा रेडियो, टेलिभिजन, मोवाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागी मैत्री सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिवृद्धि गरिने छ ।

३. मौलिक एवम् परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ ।

४. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरिने छ । यसका लागि स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै जाने छ ।

५. स्थानीय सरकारको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने छ ।

६. तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरुपका डिजिटल सिकाइ सामग्री विकास, सिकाइ परीक्षण र प्रमाणीकरणका लागि आवश्यक प्रबन्ध गरिने छ।

७. राष्ट्रिय योग्यता प्रारूपअनुसार अरितिक, अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्ड विकास गरिने छ ।

८. विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको राष्ट्रिय अवधारणा पत्र तयार गरिने छ ।

९. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरुपका डिजिटल सिकाइ सामग्री विकास गरिने छ।

१०. संघ, प्रदेश र स्थानीय सरकारलगायत साझेदार निकायबिच समन्वय, सहजीकरण तथा राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन गर्न संघदेखि स्थानीय तहसम्म नै एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

११. अनौपचारिक एवं आजीवन सिकाइका लागि संघ, प्रदेश र स्थानीय सरकारबिच स्रोत साझेदारी प्रारूप विकास गरिने छ ।

१२. स्थानीय तहको क्षमता र अपनत्व विकासका लागि अन्तर सरकार र अन्य सरोकारवालाहरू बिच समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गरिने छ ।

१३. स्थानीय तहले सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ एम सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो (Lifelong Learning Hub) को रूपमा विकास गर्ने छ ।

१४. अन्तर सरकार र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा वैकल्पिक शिक्षा सञ्चालनका निमित्त विद्यमान सामुदायिक संरचना (शिक्षा, स्वास्थ्य ,कृषि ,वन तथा वातावरण

समुदायमा आधारित संस्था) तथा जनशक्तिको उपयोगसम्बन्धी नीति तयार गरी कार्यान्वयन गरिनेछ।

### ३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष

**क) उपलब्धि (Outcomes)**

११. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१. साक्षर नेपाल घोषणा हुने र नवसाक्षरहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमको प्रबन्ध हुने।

२. आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरूको सृजना हुने।

३. सिकारुको आवश्यकताअनुसार आजीवनका सिकाइका नमुना मोड्युलर सिकाइ सामग्रीहरू विकास र कार्यान्वयन हुने।

४. सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइको केन्द्र (Lifelong Learning Hub) को रूपमा विकास हुने।

५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।

६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गर्न नीति/नियमावली/कार्यविधि तयार भई गरी राष्ट्रिय योग्यता प्रारूपअनुरुप समकक्षता प्रदान हुने ।

७. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी खण्डीकृत डाटा वेस तयार हुने।

८. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारिताको प्रारूप तयार हुने।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ३.६: अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौति लक्ष्य (५ बर्ष) | | | | | | भौति लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र यसको आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समूहबाट अवधारणा पत्र तयार गराई अभिमुखीकरण गर्ने | पटक/स्थान ( तह) | १/७६१ | | | | | १/७६१ | | |
| २ | तीनै तहका सरकारको लागत सहभागिताको प्रारूप तयार गर्ने । | पटक | १ | | | | | | | संघ |
| ३ | निरक्षरहरूको विवरण सङ्कलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कको डाटावेस तयार गर्ने । | पटक | १ | | | | | | | स्थानीय तह |
| ४ | साक्षार घोषणा गर्न बाँकी जिल्ला/स्थानीय तहलाई साक्षर घोषणा गरी नेपाललाई साक्षर घोषणा गर्ने र आवश्यकमा आधारित साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | जिल्ला | १२ | १२ | | | | २४ | | स्थानीय तह |
| | | स्थानीय तह | ७५३ | √ | √ | √ | √ | ७५३ | | |
| ५ | स्थानीय मागका आधारमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्ने | स्थानीय तह | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय तह (आवश्यकता र उपलब्ध स्रोतका आधारमा थप गर्दै जाने) |
| ६ | सामुदायिक पुस्तकालयहरूलाई सामुदायिक केन्द्रसँग आवद्ध गर्ने । | पुस्तकालय | | | | | | | | स्थानीय तह |
| ७ | सामुदायिक केन्द्रमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था | स्थानीय तह | २०० | २०० | २०० | १५३ | | ७५३ | | स्थानीय तह |
| ८ | केन्द्रमा संयोजक व्यवस्था तथा सहयोगीको व्यवस्था | स्थानीय तह,केन्द्र अनुसार | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यवस्था हुने गरी | | | | | | | | |
| ९ | संघ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र विकास गर्ने | तह | ३ | | | | | | | संघ, प्रदेश, स्थानीय तह |
| १० | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य गर्ने | तह | ७६१ | √ | √ | √ | √ | ७६१ | | संघ, प्रदेश, स्थानीय तह |
| ११ | स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग सहकार्य गर्ने | स्थनीय तह | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय तह, सामुदायिक केन्द्र |
| १२ | आजीवन सिकाइका लागि मोड्युल तथा सामग्री विकास (मौलिक तथा परम्परागत ज्ञानसहित) र डिजिटाइज्ड | मोड्युल | | १० | १० | १० | | ३० | | संघ, प्रदेश, स्थानीय तह |
| १३ | सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (रेडियो, टेलिभिजन,अनलाइन तथा अफलाइन डिजिटल सामग्री, डिजिटल प्लेटफर्म विकास र सञ्चालन) | तह | ७६१ | √ | √ | √ | √ | ७६१ | | संघ, प्रदेश, स्थानीय तह |
| १४ | राष्ट्रिय योग्यता प्रारूपअनुसार योग्यता प्रमाणीकरण तथा समकक्षतासम्बन्धी कार्यविधि तयार तथा कार्यान्यन गर्ने | पटक | १ | √ | √ | √ | √ | १ | | संघ |
| १५ | सिकाइ सामग्री र सिकाइको प्रमाणीकरणको व्यवस्था गर्ने । | सरकार | ८ | √ | √ | √ | √ | ८ | | संघ, प्रदेश |
| १६ | संस्थागत प्रबन्ध (मापदण्ड, नमुना मोड्युल सामग्री विकास, समन्वय र सहजीकरण लगायतका लागि संघस्तरमा संरचना विकास, प्रदेश सामाजिक विकास मन्त्रालयको शिक्षा महाशाखाको कार्यविवरणमा समावेश, स्थानीय तहमा फोकल प्वाइन्टको व्यवस्था) | तह | ३ | | | | | ३ | | संघ, प्रदेश, स्थानीय तह |
| १७ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, धार्मिक प्रकृतिका विद्यालय लगायतका संस्थाहरू संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलब्ध गराउने । | संस्था | | | | | | | | स्थानीय तह |
| १८ | जेष्ठ नागरिक, श्रमिक, कैदीहरूका लागि | | | | | | | | | स्थानीय तह, आवश्यकतामा आधारित |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आवश्यकतामा आधारित निरन्तर सिकाइको प्रबन्ध गर्ने । | | | | | | | | | |

# परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्रकाअन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायत पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरूसहितको योजनाको खाका प्रस्तुत गरिएको छ । परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशिकरण; स्वास्थ्य, पोषण तथा दिवा खाजा; छात्रवृत्ति; आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; विद्यालय भौतिक विकास; शिक्षामा सूचना तथा सञ्चारलगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ । यी विषयलाई यस खण्डमा अलग्गै प्रस्तुत गर्दा कतिपय रणनीति तथा क्रियाकलापहरू दोहिरन जाने भए पनि अघिल्लो परिच्छेदका रणनीति तथा क्रियाकलापहरूले सम्बन्धित खण्ड वा उपक्षेत्रमा प्रयोग गर्ने कुरामा विशेष ध्यान दिन्छ भने यस परिच्छेदले ती विषयलाई व्यवस्थित गर्न र विभिन्न उपक्षेत्रमा उपलब्धि प्राप्तिलाई सहयोग पुऱ्याउँछ ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशिकरणको अभिवृद्धि; विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन; आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी; विद्यालय भौतिक विकास; र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरी चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ ।

## ४.२ शैक्षिक समता र समावेशीकरण

### ४.२.१ परिचय

नेपाल सामाजिक–सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामजिक विभेद र बञ्चितीकरण परेका समुदायहरू पनि छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपालीबाहेक अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा शैक्षिक बञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ ।

उल्लिखित विविधता भएको नेपाली समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, सेलिब्रेसन गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधता (diversity) लाई प्रोत्साहित गर्नु आवश्यक छ । बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता (equity) कायम गर्नु आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सृजना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ । समता अभिवृद्धिसहित विविधतालाई समावेश गर्न (inclusion) प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्त्व दिएको महसुस गर्नु पर्दछ । यस प्रकार शिक्षामा विविधता (diversity), समता (equity) र समावेशिता (inclusion) को प्रवर्धन गर्नु आवश्यक छ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्त्वपूर्ण र अत्यावश्यक छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुऱ्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ । यस्ता बाधाहरूमा समुदाय तथा परिवशअनुसार भिन्नता हुनसक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ । कुनै बाधाहरू भौतिक तथा स्रोत–सामग्रीसँग सम्बन्धित हुन सक्दछन् भने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुनसक्दछन् । कतिपय बाधाहरू संरचनागत पनि हुन सक्दछन् ।

यस परिच्छेदमा विविधताको सम्मान र समता तथा  समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको सङ्क्षिप्त समीक्षा गरी त्यसमा देखिएका अन्तरहरू (gaps) का आधारमा चुनौतीहरू पहिचान गरिएको छ । यसमा देखिएका अन्तर तथा चुनौतीहरू हटाई विविधता अनुकूल हुनेगरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरूसमेत उल्लेख गरिएको छ ।

समता तथा  समावेशितासम्बन्धी केही रणनीति तथा क्रियाकलापहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालगायत अन्य  सम्बन्धित विषयगत खण्डमा पनि समावेश गरिएको भए पनि उल्लिखित उपक्षेत्रसँग अन्तरसम्बन्धित महत्त्वपूर्ण विषयका रूपमा यसलाई यस परिच्छेदमा अलग्गै प्रस्तुत गरी योजनाको समग्र खाका समावेश गरिएको छ । त्यसैले अन्य खण्डमा समावेश भएका रणनीति तथा क्रियाकलापहरूले सम्बन्धित उपक्षेत्रका समग्र क्रियाकलापलाई सङ्गठित र अन्तरसम्बन्धित गर्न सहयोग गरे तापनि समता तथा समावेशितासम्बन्धी समग्र योजना विकास गरी अरु उपक्षेत्रसँग सम्बन्धित गराउन यसले सहयोग गर्ने छ ।

### ४.२.२ वर्तमान अवस्था

नेपालको  शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष प्रबन्ध स्वरूप वि.सं. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि. सं. २०२१ मा लेबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसैगरी वि. सं. २०२५ देखि खगेन्द्रबहादुर बस्नेतको अगुवाइमा सुरु भएको नेपाल अपाङ्ग अन्ध संघ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरूको लागि आवसीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरूका लागि पनि आवसीय प्रबन्धको सुरुआत भएको थियो । अपाङ्गता भएका व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्धसहित यो नेपाल अपाङ्ग अन्ध संघ नवजीवन गृह केही पछि खगेन्द्र नवजीवन केन्द्रका रूपमा स्थापित भई हाल काठमाडौँको जोरपाटीमा सञ्चालन भरइरहेको छ । शिक्षा नियमावली २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ । बालिका तथा महिला शिक्षामा वि.सं. को २०५० को दशकदेखि केही प्रोत्साहनमूलक कार्य प्रारम्भ भए पनि अपाङ्गतालगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले बञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागितका लागि वि.सं. को २०५० को दशकदेखि केही योजनाबद्ध प्रयास सुरु भएको थियो ।

समतामूलक एवं समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्नेसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरू सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३–२००२, सालामान्का घोषणा सन् १९९४, तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिवद्धता जनाएको छ । यी सम्पूर्ण महासन्धि एवं घोषणापत्रहरूले अपाङ्गता भएका व्यक्तिलगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाका राष्ट्रिय कार्यक्रमको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन् । विशेषगरी संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, सन् २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी उक्त अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदन समेत गरिसकेको छ ।

खासगरी सबैका लागि शिक्षाको डकार घोषणापत्र र तदनुसार नेपालले बनाएको राष्ट्रिय कार्ययोजनाले विभिन्न कारणले शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई शिक्षामा समावेश गर्नका लागि समावेशीकरणको अवधारणासहित पहुँच विस्तारमा जोड दिई छात्रवृत्तिलगायत प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै महिला शिक्षक नियुक्तिबाट प्रारम्भ भएको आरक्षणलाई कानुनी मान्यतासहित महिला, जनजाति, दलित, मधेशी र दुर्गम क्षेत्रका लागि शिक्षक नियुक्तिमा निश्चित प्रतिशत आरक्षणको प्रबन्ध भएको छ ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्ता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयबाट

बहुबञ्चितीकरणमा परेका बालबालिकहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाएको छ तापनि पहुँचमा सुधारका साथै सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नु पर्ने देखिएको छ । यसै सम्बन्धमा दिगो विकास लक्ष्य ४ ले समावेशिता र समतालाई विशेष जोड दिएअनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ ।

नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लिखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यकंमहरू पनि सञ्चालित छन् । उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तकसहित निःशुल्क शिक्षा, अपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । त्यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, विद्यालय तहमा महिलालगायत शिक्षक नियुक्तिको समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ, पाठ्यक्रममा लैङ्गिकलगायत सांस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको, स्थानीय भाषा, संस्कृति, इतिहास, ज्ञान तथा सिपलाई विद्यालय शिक्षामा समावेश गर्न स्थानीय पाठ्यक्रम तथा सिकाइ क्रियाकलापलाई स्थानीयकरण गर्ने प्रबन्ध, परम्परागत सिकाइ पद्धति र औपचारिक शिक्षासँग सम्बन्ध स्थापित गर्ने नीति, बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तुलाई पाठ्यक्रममा समावेश गरिएको छ । बालबालिकाहरूको गुनासो तथा सुझावहरू लिखित तथा मौखिक रूपमा सुन्नका लागि लैङ्गिक सम्पर्क विन्दु र विद्यालयमा गुनासो सुनुवाइसम्बन्धी व्यवस्था, समावेशीकरण र समतासम्बन्धी विषयवस्तुलाई शिक्षक तालिममा समावेश लगायतका कार्यक्रमहरू कार्यान्वयन गरिएका छन् ।

विद्यालय क्षेत्र विकास योजनाले अर्थपूर्ण पहुँचमा, कार्यमूलक सहभागितामा र अर्थपूर्ण सिकाइ उपलब्धिमा समता गरी तीन ओटा क्षेत्र पहिचान गरेको छ । पहुँच सुनिश्चित गर्नु भनेको विद्यालय शिक्षामा भर्ना भएका बालबालिकाहरूले भयरहित र सौहार्द्र विद्यालय वातावरणमा स्वागत गर्नु हो भने सहभागिता भनेको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ स्वीकार्य हुनु हो । सिकाइ उपलब्धि भन्नाले बालबालिकाले आवश्यकता अनुसारको जीविकोपार्जन तथा जीवनोपयोगी सिप सिक्नु हो । लिङ्ग, सामाजिक-आर्थिक अवस्था, भौगोलिक अवस्थिति, स्वास्थ्य तथा पोषणको स्थिति, अपाङ्गता, जातजाति, भाषा र सङ्कटासन्न अवस्थाका बालबालिकालाई समता सुदृढीकरणका लागि लक्षित समूह मानेको छ ।

आधारभूत तह कक्षा १–८ र माध्यमिक तह कक्षा ९–१२ को खुद भर्ना दर क्रमशः ९२.७ र ४७.६ पुगेको, माध्यमिक तहमा लैङ्गिक समता सूचक समदरमा पुगेको र आधारभूत तथा माध्यमिक तह पूरा गर्ने दर विगतको तुलनामा बढेको छ । हाल देशभर ३८० ओटा स्रोतकक्षा तथा ३३ ओटा विशेष विद्यालय र २३ ओटा समावेशी विद्यालयबाट अपाङ्गता भएका बालबालिकाहरूले शिक्षामा अवसर पाइरहेका छन् । परिणामस्वरूप ७७ हजार भन्दा बढी अपाङ्गता भएका बालबालिकाहरू विद्यालयमा भर्ना भएका छन् । स्थानीय तहहरूमध्ये १२६ तहमा आधारभूत तहको विद्यालय उमेर समूह (५-१२) वर्षका बालबालिकाहरू विद्यालय बाहिर नरहेको घोषणा भएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षणको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको छ । साक्षरता दरमा पनि उल्लेख्य वृद्धि भएको छ ।

समग्रमा आधारभूत तह पुरा गर्ने दर ८२ प्रतिशत पुगेको छ भने कक्षा ८ र कक्षा १२ सम्मको टिकाउ दर क्रमश: ७९.३ र २४ पुगेको छ । आधारभूत तह कक्षा (१- ८ ) र माध्यमिक तह (९- १२) मा खुद भर्ना दर क्रमश: ९२.७ प्रतिशत तथा ४७.६ प्रतिशत पुगेको छ । त्यसै गरी प्रारम्भिक बालबिकासको अनुभवसहित कक्षा एकमा भर्ना हुने बालबालिकाको प्रतिशत ६८.७ पुगेको छ । प्रारम्भिक बालबिकास कार्यक्रममा कुल भर्ना दर ८६.४ प्रतिशत पुगेको छ । साक्षरता अभियान कार्यक्रमको सफ़लताको परिणाम स्वरूप साक्षरता दर ८२ प्रतिशत पुगेको छ । कक्षा एकमा भर्ना भई कक्षा ८ पुरा गर्ने बालक र बालिकाको अनुपात १.०४ कायम भएको र यही अनुपातमाध्यमिक तथा उच्च तहमा पनि पुगेको छ । आधारभूत तहको लैङ्गिक समता सूचक ०.९८ पुगी समदरको नजिक रहेको छ भने माध्यमिक तहको लैङ्गिक समता सूचक समदर (१.०१) मा पुगी सन्तुलित अवस्थामा रहेको छ । आधारभूत तह पुरा गर्ने विद्यार्थीहरूको प्रतिशतमा भएको वृद्धिले माध्यमिक तहमा कुल भर्ना दर पनि वृद्धि भई ५९ प्रतिशत पुगेको छ । आधारभूत तथा माध्यमिक तहमा दलित विद्यार्थीको भर्ना दर वृद्धि भई कक्षा १–५ मा १९.५, कक्षा ६—८ मा १५.६, कक्षा ९—१० मा १२.३ र ११—१२ मा ८.७ प्रतिशत पुगेको छ । त्यसै गरी विभिन्न जनजाति र समुदायका बालबालिकाहरूको भर्ना दरमा पनि वृद्धि भई कक्षा १–५ मा ३३.७ कक्षा ६–८ मा ३७.६ कक्षा ९–१० मा ३७.६ र कक्षा ११– १२ मा ३८.१ प्रतिशत पुगेको छ । आधारभूत शिक्षा मातृभाषामा पाउने व्यवस्था छ । आधारभूत तथा माध्यमिक तहमा महिला शिक्षकको अनुपात क्रमश ४४.९ प्रतिशत र २० प्रतिशत पुगेको छ ।

दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्ति, विद्यालय तहमा लैङ्गिक समताका लागि महिला शिक्षकको

व्यवस्था, विद्यालय नर्स, पाठ्यक्रममा लैङ्गिक सम्वेदनशीलता कायम, समावेशीकरण र समतासम्बन्धी विषयवस्तुलाई शिक्षक तालिममा समावेश लगायतका कार्यक्रमहरू कार्यान्वयन गरिए तापनि अझै विद्यालय शिक्षामा समता र समावेशिता कायम गर्न सकिएको छैन । आधारभूत विद्यालय उमेर समूह (५-१२) का अझै ६.२ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् भने बिचैमा विद्यालय छाड्ने दर उल्लेख्य रही तहगत टिकाउ दरमा सुधार आवश्यक देखिन्छ । त्यसै गरी विभिन्न तहको विद्यालय पुरा गर्नेमध्ये करिब दुई तिहाइ विद्यार्थीको शैक्षिक उपलब्धि सन्तोषजनक छैन । विद्यालय बाहिर रहेका, बिचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता तथा समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ ।

उल्लिखित विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ:

१. लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने ।
२. सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
३. अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाइ राख्ने ।
४. लक्षित समूहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्ने ।
५. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने ।
६. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गर्ने ।
७. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री बनाउने ।

### ४.२.३ उद्देश्यहरू

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने ।

३. विविधता, समता एवं समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरूलाई जवाफदेही बनाउने ।

४. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी  विद्यालयलाई बालमैत्री बनाउने ।

५. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता गर्ने ।

### ४.२.४ रणनीतिहरू

१. स्थानीय तहमार्फत् घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।

२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ ।

३. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिस्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरूसमेत विकास गरी पहुँच सुनिश्चित गरिने छ ।

४. विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरिहरू लक्ष्यित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ ।

५. आाधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने छ । त्यसै गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आाबद्ध गरिने छ ।

६. आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।

७. विद्यालयमा अभिभावकको संलग्नता बढाइने छ ।

८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गरिने छ ।

९. लक्षित समुहका बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गरी उनीहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि समयसापेक्ष पाठ्यक्रममा अनुकुलन, नमुना शैक्षिक सामग्रीको विकास तथा शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने छ ।

१०. विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिने छ ।

११. औपचारिक विद्यालय शिक्षाबाट बञ्चितीमा परेका लक्षित समूहका बालबालिकाहरुको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइने छ ।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

१२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

**ख) नतिजा (Results)**

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने छन् ।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने।

३. विविधता, समता एवं समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरू जवाफदेही बन्ने छन् ।

४. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपारइरहित बालमैत्री वातावरण सिर्जना हुने छ ।

५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि हुने ।

६. विद्यालयहरूमा अपाङ्ग मैत्री र लैङ्गिक मैत्री वातावरण सृजना हुने ।

**ग) प्रमुख क्रियाकलापहरू**

**तालिका ४.१: समता र समावेशिताका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | स्थानीय तहहरूमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयत्र विकास गर्ने । | पटक | | १ | | | | १ | स्थानीय तह |
| २ | शिक्षाको (प्रारम्भिक बालविकास, आधारभूत, माध्यमिक, प्रविधिक तथा व्यावसायिक शिक्षा तथा आजीवन र निरन्तर शिक्षा) अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गर्ने । | निरन्तर | | | | | | | वैकल्पिक शैक्षिक कार्यक्रम भन्नाले औपचारिक विद्यालय शिक्षाको वैकल्पिक ररुपमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम बुझ्नुपर्दछ । संघ,प्रदेश र स्थानीय तह |
| ४ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | | | | | | | स्थानीय तह |
| ५ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागत ( Opportunity Cost ) सँग तादात्म्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने | निरन्तर | | | | | | | संघ, प्रदेश र स्थानीय तह |
| ६ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिक मैत्री बनाउने । | निरन्तर | | | | | | | संघ, प्रदेश र स्थानीय तह |
| ७ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गर्ने । | निरन्तर | | | | | | | स्थानीय तह |
| ८ | विशेष आवश्यकता हुने बालबालिकाहरूका लागि मौजुदा पाठ्यक्रममा अनुकुलन गरी कार्यान्वयन गर्ने । | पटक | १ | | | | | १ | अपाङ्गताका आधारमा विषयवस्तुमा घटबढ तथा मूल्याङ्कन प्रक्रियामा (समय थप गर्ने तथा बैकल्पिक प्रश्न निर्माण) समेत सम्बोधन गर्ने । संघ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकासका लागि पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश गर्ने । | पटक | १ | | | | | १ | संघ र प्रदेश |
| १० | विद्यालय शिक्षा तथा आजीवन सिकाइको आवश्यकता अनुसारको सिकाइ सामग्रीको विकास गर्ने । | निरन्तर | | | | | | | संघ र प्रदेश |
| ११ | सिकाइ सहजीकरणमा सञ्चार तथा सूचना प्रविधिको उपयोगका लागि आवश्यक पूर्वाधार तथा क्षमता विकास गर्ने । | निरन्तर | | | | | | | संघ र प्रदेश |
| १२ | राष्ट्रिय पाठयक्रम प्रारूप अनुरुप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकताअनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रधानअध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण गर्ने । | पटक | | १ | | १ | | २ | स्थानीय |
| १३ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने। | पटक | | १ | | | | १ | संघ प्रदेश र स्थानीय |
| १४ | शिक्षण पेसामा विशेष लक्षित समूहका व्यक्तिहरूको सहभागिता बढाई समावेशी तुल्याउन उल्लिखित समूहलाई शिक्षक तयारीका लागि छात्रवृत्तिको अवसर दिने । | निरन्तर | | | | | | | संघ |
| १५ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने | पटक | | १ | | १ | | २ | स्थानीय तह |
| १६ | पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र  सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने । | पटक | १ | १ | १ | | | १ | संघ, स्थानीय तह |
| १७ | आधारभूत तह सम्मको शिक्षा मातृभाषा/बहुभाषामा पाउने व्यवस्था गर्ने तथा मातृभाषाका पाठ्यपुस्तक विकास तथा निर्माण गर्ने । | निरन्तर | | | | | | | संघ र प्रदेश |
| १८ | स्थानीय तहबाट आधारभूत शिक्षाको | पटक | | | १ | | | १ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यवस्था मिलाउने । | | | | | | | | |
| १९ | समता रणनीति गरेको व्यवस्थाअनुसार लैङ्गिक समानता र समावेशीकरणलाई एकीकृत मुद्दाको रूपमा सम्बोधन गर्ने । | निरन्तर | | | | | | | संघ प्रदेश र स्थानीय |
| २० | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने। | निरन्तर | | | | | | | स्थानीय |
| २१ | पाठ्यक्रम, पाठ्यसामग्री, विद्यालय वातावरणा तथा सिकाइ प्रक्रियालाई समता र समावेशिताका दृष्टिले परीक्षण तथा सुधार गर्ने । | पटक | १ | | | १ | | २ | स्थानीय |
| २२ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय गर्ने । | निरन्तर | | | | | | | संघ प्रदेश र स्थानीय |
| २३ | प्रदेश तहमा गठित लैङ्गिक सञ्जाललाई स्थानीय तहहरूमा विस्तार गरी बालविवाह, लैङ्गिक हिंसा, हानिकारक लैङ्गिक अभ्यास तथा सकारात्मक पुरुषत्वका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने र विद्यालय तहमा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गर्ने । | निरन्तर | | | | | | | प्रदेश र स्थानीय |

## ४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.३.१ परिचय

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास (Sanitation and hygiene practice) र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरूको प्राप्ति सहज रूपमा हुनु पर्दछ । यस्ता आधारभूत स्वास्थ्य ,सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रूपमा सहज, प्रभावकारी र मितव्ययी बनाउन सहयोग पुग्ने देखिएको छ (Bundy et al., 2018)। बालबालिकाले षोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा बिताउने तथा आउने–जाने समय समेतलाई गणना गर्दा हुन आउने ७–८ घण्टाको समयको करिब मध्यतिर खानाखाजाको प्रबन्ध / , गर्ने स्वास्थ्यविद्यालयमा हुन आवश्यक छ । त्यसैगरी बालबालिकाले विद्यालयमा प्राप्त सरसफाइ, स्वच्छता तथा पोषणसम्बन्धी शिक्षाले उनीहरूको स्वास्थ्य, सरसफाइ, स्वच्छता तथा पोषणको अवस्थामा सुधार हुनाका साथै उनीहरूमा यससम्बन्धी उपयोगी ज्ञान, सिप तथा क्षमता हासिल भई स्वस्थ जीवनका लागि सहयोग प्राप्त हुन्छ । खासगरी १२वर्षको उमेरदेखिका १३/ बालिकाहरूक ा लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालमा विद्यालयमा पहुँच वृद्धि भई भर्ना दर तथा लैङ्गिक समानता सूचकजस्ता सङ्ख्यात्मक शैक्षिक उपलब्धिहरूमा उल्लेख्य सुधार भए पनि विद्यार्थीको टिकाउ दरकक ,्षाकोठामा सहभागितासिकाइ उपलब्धिजस्ता गुणस्तरसम्बन्धी उपलब्धिहरूमा धेरै सुधार गर्नुपर्ने छ । , मानसिक तथा बौद्धिक रू ,रीय उपलब्धिहरू हासिल गर्नका लागि विद्यार्थीहरू शारीरिकगुणस्तपमा तयार हुनु पर्दछ । यसका लागि विद्यालयमा विद्यार्थीहरूलाई प्रदान गरिने स्वास्थ्य ,दिवा खाजा तथा पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा सहयोगको भूमिका महत्त्वपूर्ण हुन्छ। नेपालका बालबालिकाहरूमा पातलोपन कमतौल जस्ता ,शीघ्र कुपोषण तथा पुडकोपनजस्ता दीर्घकालीन कुपोषणलगायत अन्य शुक्ष्म तथा बृहत पोषक तत्त्वहरूको कमीपानीजन्य र , माटोजन्य परिजीविहरूको संक्रमण धेरै रहेको देखिन्छ । यस्तो अवस्थाले बालबालिकाहरूको शारीरिक ,मानसिक र बौद्धिक किसिमले कमजोर हुनाका साथै उनीहरूको शैक्षिक उपलब्धिहरू न्यून हुने सम्भावना बढाउँदछ । यही अवस्थालाई विचार गरेर नेपालमा पनि विद्यालयका

बालबालिकाहरूका लागि दिवा खाजा सहितको स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको आवश्यकता महसुस गरी विगत केही वर्षदेखि यस्ता केही कार्यक्रमहरू सञ्चालन गरिदै आएको छ।

नेपालका सन्दर्भमा भएका केही कानुनी तथा नीतिगत प्रावधानहरूले पनि विद्यालय स्वास्थ्य तथा पोषणलाई विद्यालय क्षेत्रको योजनामा समावेश गरी कार्यान्वयन गर्नुपर्ने आधार तयार गरेको छ । उदाहरणका लागि नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धी अधिकारहरू, खाद्य सम्प्रभुतासम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिकासम्बन्धी कानुन इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्यसम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेको छ ।

स्वास्थ्य, पोषण तथा दिवा खाजासम्बन्धी केही रणनीति तथा क्रियाकलापहरू यस योजनाको प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा खण्डमा पनि समावेश गरिएको भए पनि उल्लिखित उपक्षेत्रसँग अन्तरसम्बन्धित विषयका रूपमा विद्यार्थीको विकास र सिकाइलाई सहयोग पुग्ने विद्यार्थी सहायता प्रणालीमध्ये एक महत्त्वपूर्ण प्रणाली विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण (खाजासहित) सम्बन्धी योजनाको समग्र खाका यस खण्डमा प्रस्तुत गरिएको छ । त्यसैले अन्य खण्डमा समावेश भएका स्वस्थ्य, पोषण तथा दिवा खाजासम्बन्धी कार्यक्रमले विभिन्न उपक्षेत्रसँग अन्तरसम्बन्धित गराउन सहयोग पुग्दछ । यस खण्डमा दसवा खाजाको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएका छन् भने चुनौतीको सामना गर्नका लागि आवश्यक रणनीतिहरू, उद्देश्य, नतिजा तथा मुख्य क्रियाकलाप र लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण (SHN), र पानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी केही कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम सञ्चालन भएका छन् । विद्यालयमा स्वास्थ्य, पोषण तथा दिवा खाजा कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्दा सबैका लागि शिक्षाको डकार बैठक सन् २००० ले सिफारिस गरेको FRESH (Focusing Resources on Effective School Health) ढाँचालाई विचार गरिएको छ (WB, 2002)।यस ढाँचाले मुख्यगरी चारओटा अङ्गहरू समावेश गरेको छ । पहिलो, विद्यालय स्वास्थ्यसम्बन्धी नीतिहरू तय गर्नु; दोस्रो, सुरक्षित पानी तथा सरफाइसहित सुरक्षित

विद्यालय वातावरण सिर्जना गर्नु; तेस्रो, सिपमा आधारित स्वास्थ्य शिक्षाको प्रबन्ध गर्नु; र चौथो, विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु रहेका छन् । वर्तमान अवस्थाको विश्लेषणमा दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको अलगअलग समीक्षा गरी तिनीहरूको अन्तरसम्बन्ध उल्लेख गरिएको छ ।

**दिवा खाजा**

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हालसम्म सञ्चालन हुँदै आई यस वर्ष कर्णाली र सुदूरपश्चिम प्रदेशका आठ जिल्लामा खाद्यान्न अनुदानमा दिवा खाजा कार्यक्रम सञ्चालित छ भने सन् २००८ देखि छानिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आर्थिक वर्ष २०७७/२०७ मा सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाईदिवाखाजाको व्यवस्था गरिएको छ । नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७-७८ मा यो लगानी करिब ८ अरब पुगेको छ । नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य , प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवाखाजा सहितको स्वास्थ्य र पोषण कार्यक्रमलाई अन्तरसम्बन्धित अवधारणाको रूपमा अघि सारेको थियो ।

विगत करिब चार दशक देखि नै देशका खाद्य असुरक्षित विकास विका गरिबी तथा न्यून मानव विकास सूचकाङ्क रहेका क्षेत्रहरूमा लक्षित रूपमा सञ्चालन रहेको दिवा खाजाले शिक्षा, स्वास्थ्य, पोषण र सामाजिक सुरक्षाको दृष्टिकोणले केही महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको अध्यन तथा विश्लेषणहरूले देखाएका छन् । जस्तै : नेपालकै दिवा खाजाको लागि भएको लागत लाभ विश्लेषण (CBA) ले दिवा खाजामा भएको प्रत्येक १ डलरको लगानीले ५डलरको २. जीवनमार्फत राष्ट्रिय अर्थतन्त्रमा हुने देखा प्रतिफल एउटा लाभग्राहीकोउँछ (WFP, 2018)। यस विश्लेषणको क्रममा दिवा खाजा भएको र नभएको क्षेत्रहरू को शैक्षिक तथ्याङ्क (विद्यालय)को तुलना गर्दा दिवा खाजा नभएको क्षेत्र भन्दा सो भएको क्षेत्रमा विद्यार्थीहरूको विद्यालयमा टिकिरहने दर ०.८८ वर्षले बढी भएको देखाउँछ ।

सरकारले प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा ५ सम्मका सार्वजनिक विद्यालयमा अध्यनरत सबै विद्यार्थीका लागि दिवा खाजाको प्रबन्धका लागि बजेट छुट्याएर महत्त्वपूर्ण

उपलब्धि हासिल गरेको भए पनि नीति तथा कानुनी व्यवस्था, वित्तीय पर्याप्तता तथा दिगोपन, कार्यक्रमका लागि उपयुक्त सङ्गठनात्मक व्यवस्था, उपयुक्त कार्यक्रम विकास र कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा विभिन्न मुद्दा तथा चुनौती देएका छन् । पछिल्लो नेपालको विद्यालय खाजा कार्यक्रमको विश्लेषणले (Poudel & Haag, 2020) यस कार्यक्रममा वित्तीय क्षमता तथा समुदायको सहभागितामा राम्रै प्रगति भई केही सुधार मात्र गर्नुपर्ने भए पनि नीति तथा नियामक ढाँचा, संगठनात्मक संरचना तथा समन्वय र कार्यक्रम डिजायन तथा कार्यान्वयनको अवस्था भने कमजोर देखाएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकाका आधारमा दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ तर कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ । अध्ययनहरूले देखाएअनुसार (Poudel & Haag, 2020) आवश्यकतानुसार अभिभावकको समेत संलग्नतामा विद्यालय तहका सबै बालबालिकालाई दिवा खाजाको व्यवस्था गर्ने गरी कानुनी प्रबन्ध पनि आवश्यक देखिएको छ । त्यस्तै वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, सामग्री तथा खाजा बनाउने व्यक्तिलगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिँदैन । विद्यालय तहदेखि संघीय तहसम्मको दिवा खाजासँग सम्बन्धित सङ्गठन संरचना, ठाडो र तेर्सो समन्वय तथा सहकार्यकार्यको स्वरूपमा तथा कार्यक्षेत्रमा परिमार्जन आवश्यक देखिएको छ । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्ने, आवश्यक बृहत् तथा सूक्ष्म पौष्टिक तत्त्व समावेश भएका बहु मेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्रथमिकता दिनु पर्ने छ । खाद्यान्न उत्पादन, वितरणमा साना किसान, स्थानीय व्यापारि तथा अभिभावकको सहभागिता बढाउनु छ । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्ने कार्यका लागि केही स्थानमा परीक्षण गरिए पनि ती अनुभवलाई विस्तार तथा संस्थागत गर्न सकिएको छैन । यस बाहेक दिवा खाजा कार्यक्रमलाई विद्यार्थीको समग्र पोषण अवस्थाको सुदृढीकरण गर्ने गरी एकीकृत तथा सम्बन्धित गर्नु पर्ने छ ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने

भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ । यही कुरालाई विचार गरेर सन् १९९२–२००४ का लागि विद्यालय तथा समुदाय स्वास्थ्य कार्यक्रमका नाममा केही समुदायमा कार्यक्रम सञ्चालन गरेको थियो । सन् २००४ मा सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तयार गरेको राष्ट्रिय पोषण रणनीतिमा १३ ओटा स्वास्थ्य तथा पोषणसम्बन्धी रणनीतिहरू गरेकोमा त्यसमध्ये एउटा रणनीति विद्यालय स्वास्थ्य तथा पोषणसँग सम्बन्धित थियो । यसले विद्यालयका बालबालिकाहरूमा कुपोषण घटाउने र विद्यार्थीहरूको वृद्धि, विद्यालय भर्ना र उपस्थिति बढाई सिकाइ उपलब्धि सुधार गर्ने लक्ष्य लिएको थियो । सन् २००६ मा शिक्षा र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले संयुक्त रूपमा विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरेको थियो भने त्यसका आधारमा सन् २००८ मा यससम्बन्धी संयुक्त कार्ययोजना (Joint Action Plan-JAP on SHN) तयार गरेको थियो । सन् २००८–२०१२ का लागि SHN रणनीति तथा JAP का आधारमा जाइकाको सहयोगमा स्याङ्जा र सिन्धुपाल्चोक जिल्लाका केही प्राथमिक विद्यालयमा सञ्चालन गरिएको SHN पाइलट परियोजनाले परियोजना सञ्चालन भएका स्थानमा स्वास्थ्यसम्बन्धी व्यवहारमा सकारात्मक परिवर्तन गर्न र intestinal worm infestations घटाउन सहयोग गरे पनि कार्यान्वयन र समन्वय भने प्रभावकारी भएको देखिएन (MOH/MOE, 2014; Shrestha et al. 2016) । यो पाइलट परियोजना समाप्त भएपछि JAP लाई अध्यावधिक गरी सन् २०१४/२०१५ देखि २०१९/२०२० सम्म ५ वर्षका लागि तयार गरिएको JAP मा विद्यालय स्वास्थ्य तथा पोषणको न्यूनतम प्याकेज पनि तयार गरिएको थियो । न्यूनतम प्याकेजअन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण, आवश्यकतानुसार प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस, कक्षा ६–१० का बालिकाहरूका लागि आइरन चक्की, छात्रा र छात्रका लागि अलग–अलग शौचालय, व्यस्थापन समितिको सक्षमतामा सुधार तथा बाल क्लबहरूको परिचालन रहेका छन् । वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि वितरणका कार्यक्रम, प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस र यसको प्रतिस्थापन र आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् । प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस एक पटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध भएका छैनन् भने अधिकांशमा प्रतिस्थापन हुन नसक्दा प्रयोग विहिन हुन पुगेका छन् । अन्य कार्यक्रमहरू विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सहकार्य र सक्रियतामा भर पर्न गई उपलब्धिमा विविधता देखिएको छ । एकातिर विद्यालय

स्वास्थ्य तथा पोषण रणनीति, २००६ परिमार्जन गरी सान्दर्भिकरण गर्नु छ भने अर्कोतिर कार्यक्रम कार्यान्वयनका लागि स्थानीय स्तरमा विद्यालयमा आधारित संयन्त्र तथा क्षमता विकास आवश्यक छ ।

दिवा खाजालगायत बाल स्वास्थ्य तथा पोषणलाई नेपालका विभिन्न कानुन तथा नीतिहरूमा समावेश गरिएको कुरा उल्लेख गरिसकिएको छ । यस क्रममा नेपालको पन्ध्रौं योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरिने उल्लेख गरेको छ भने वागमती प्रदेशले एक विद्यालय एक नर्स कार्यक्रम केही विद्यालयबाट सुरु गरी क्रमश: विस्तार गरिहेको छ । पन्ध्रौं योजनाले बालबालिकाको स्वस्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता र खाद्य सम्प्रभुतासम्बन्धमा नीतिगत प्राथमिकता दिए पनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीतिहरूले स्पष्ट गर्न सकेका देखिदैनन् । राष्ट्रिय योजना आयोगको संयोजकत्वमा तयार गरिएको बहुक्षेत्रीय पोषण योजना दोस्रो, सन् २०१८–२०२२ (MSNP-II) ले विभिन्न क्षेत्रबिचका कार्यक्रम एकत्रित गर्ने, यस सम्बन्धी नीति तथा रणनीति निर्माण र कार्यक्रममा समन्वय गर्ने संयन्त्र बनाए पनि एकातिर क्षेत्रगत उत्तरदायित्त्वमा प्राथिमकता रहने हुनाले समन्वयात्मक कार्य प्रभावकारी हुन सकेको देखिदैन भने अर्कोतिर विद्यालयसँग यस बहुक्षेत्रीय पोषण योजनाको दरो सम्बन्ध स्थापित हुन सकेको छैन (Poudel & Haag, 2020) । फेरि यसले पोषणमा विशेष जोड दिने भएकाले बालबालिकाको स्वस्थ्य, पोषण तथा दिवा खाजा र सरसफाइ तथा स्वच्छतालाई अन्तरसम्बन्धित तथा आवश्यकतानुसार एकीकृत गर्न पर्याप्त हुने देखिदैन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइ सुधार गर्नका लागि जुका नियन्त्रण, सूक्ष्म पोषक तत्त्व पूरण तथा दृष्टि एवम् श्रवणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने उद्देश्य राखी विभिन रणनीतिहरू प्रस्ताव गरिएका थिए । यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरू स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नु पर्ने हुँदा कार्यक्रमको नतिजामा एकरूपता देखिएको छैन । विशेषतः विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ ।

### सरसफाइ तथा स्वच्छता

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक

प्रभाव पार्दछ । बालबालिकाको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुनु उनीहरूको संविधान प्रदत्त हक पनि हो भने दिगो विकास लक्ष्य नं. ४ र ६ अन्तर्गत सबै विद्यालयहरूमा सुरक्षित तवरले व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सूचकाङ्क पनि तोकिएको छ ।

तत्कालिन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरिएको विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४ ले उल्लेख गरेअनुसार सबै विद्यालयहरूमा हुनु पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानीसहित पर्याप्त पानी; विद्यार्थी सङ्ख्याअनुसार अलगअलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय; वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधा; विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन; सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्सा/खाजा घर; विपद जोखिम व्यवस्थापन; सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन् । उल्लिखित सुविधा तथा सेवाबाहेक बालबालिकाका लागि सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षाको प्रबन्ध पनि विद्यालयमा हुन आवश्यक छ । स्वच्छता प्रवर्धन र दिगोपनका लागि विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४ को पुनरावलोकन गरी तदनुकूलको संस्थागत व्यवस्था आवश्यक छ ।

प्रत्येक विद्यालयमा छात्र र छात्राका लागि अलगअलग शौचालय निर्माण गर्ने कार्यमा विगत केही वर्षदेखि विशेष जोड दिइएको र नयाँ विद्यालय भवन निर्माण गर्दा शौचालयसमेत समावेश गर्न थालिएकाले यसमा राम्रो प्रगति भएको छ । तर पनि विद्यार्थी सङ्ख्याको अनुपातमा शौचालयको व्यवस्था, पर्याप्त पानी र साबुनको प्रबन्ध, सफाइ, विद्यार्थीको उमेर समूहअनुसार फरक आकार तथा स्थानमा शौचालय र विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि शौचालयको विशेष प्रबन्ध गर्न भने धेरै विद्यालयमा बाँकी नै रहेको छ । विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि केही कार्यहरू भएका छन्, जस्तैः छात्र र छात्रालाई अलग अलग शौचालय, गतवर्षदेखि सुरु गरिएको निःशुल्क सेनिटरी प्याड वितरण । तर पनि कतिपय विद्यालयमा अझै पनि सुरक्षित र सहज चेन्ज कोठा/स्थानको अभाव, पानी तथा सरसफाइ प्रबन्धको कमजोरी तथा प्रयोग भएका सामग्रीको व्यस्थापनमा समस्या देखिएको छ भने अधिकांश विद्यालयमा महिनावारी स्वच्छतासम्बन्धी शिक्षा तथा परामर्शको व्यवस्था रहेको छैन । वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधामा पनि कतिपय विद्यालयले प्रगति गरे पनि धेरैजसो विद्यालयले यसमा थप कार्य गर्नु छ । धेरैजसो विद्यालयमा भान्सा/खाजा

घर/कोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ । विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद, जोखिम तथा महामारी समावेश गरी थप सुधार गर्नु आवश्यक छ । बालबालिकाका लागि सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक छ ।

दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समीक्षाका आधारमा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका लागि मितव्ययी, प्रभावकारी, दिगो र पर्याप्त सङ्गठनात्मक संरचना विकास गरी तीनै तहको सरकारका यससम्बन्धी कार्यलाई व्यवस्थित गर्ने

२. संघीय संरचनाअनुसार स्थानीय क्षमता सुदृढीकरण तथा सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्ने

३. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्ने

४. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने

५. दिवा खाजाका लागि खाना टोकरी तथा मेनु विकासलगायत पोषण तथा स्वास्थ्यको आधारभूत गुणस्तरका लागि विद्यालयको प्राविधिक क्षमता विकास गर्ने

६. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने

७. कार्यक्रमलाई प्रभावकारी रूपमा अनुगमन गर्ने र समयाबद्ध कार्यक्रम मूल्याङ्कन पद्धति विकास गर्ने

८. विद्यालय खाजालाई सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानुनी प्रबन्ध गर्ने

९. विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सफाइ तथा स्वच्छतासम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउने

१०. विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सफाइ तथा स्वच्छतासम्बन्धी कार्यलाई एकीकृत तथा सम्बन्धित गर्ने

११. विद्यालय स्वास्थ्य तथा पोषणका रणनीतिलाई सन्दर्भ सापेक्ष परिमार्जन तथा विकास गरी कार्यन्वयन गर्ने

१२. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।

### ४.३.३ उद्देश्य

यस योजनाले विद्यालय स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु

२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु

३. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूका स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु

४. अभिभावकहरू, स्थानीय सरकार तथा अन्य सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

५. विद्यालय स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रमहरू कार्यान्वयनका लागि यससम्बन्धी शासकीय प्रबन्ध तथा उत्तरदायित्व सुदृढ गर्नु ।

### ४.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. शिक्षास्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेट ,ने गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति २००६ को पुनारवलोकन तथा वर्तमान परिपेक्ष्यमा अध्यावधिक गरिने छ । दिवा खाजालगायत स्वास्थ्य तथा पोषण कार्यक्रमहरू तीनै तह र अन्य क्षेत्रसमेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यन्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार गरिने छ ।

२. बालबालिकाको लागि विद्यालयमा नै सफाताजा र पोषिलो खाजा तयारी ,को लागि चाहिने भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गरिने छ ।

३. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराइने छ भने अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ । विद्यार्थीले दिवा खाजा पाउने कुरालाई अधिकारका रूपमा स्थापित गराइने कानुनी प्रबन्ध गरिने छ ।

४. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमलाई कार्यन्वयन र व्यवस्थापनका लागि तीनै तहका सरकारमा आवश्यक क्षमता सहितको जनशक्तिकार्यन्वयन संयन्त्र र संस्थागत , व्यवस्थापन गरिने छ । यी कार्यक्रमहरूलाई विद्यालय तहमा एकीकृत र प्रभावकारी रूपमाकार्यान्वयन गर्न विद्यालयमा आवश्यक संयन्त्रसहित क्षमता विकास तथा एक विद्यालय एक स्वास्थ्यकर्मीको अवधारणालाई कार्यान्वयन गरिने छ ।

५. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल , किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था गरिने छ ।

६. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू , )भिटामिन ए र आइरण फोलिक एसिड आदिको वितरण ( र किशोरिहरूको महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने छ ।

७. विद्यालयमा स्वास्थ्य,खाद्य सुरक्षा , सफाइ तथा स्वच्छता, किशोरिहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषिक्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यन्वयन गरिने छ ।

८. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित कृषि उत्पादनलाई प्रोत्साहन गर्ने) गरी ( खाद्य टोकरी निर्माण र यस टोकरीको आधारमा सामाजिकरूपले स्वीकार्य र सांस्कृतिक , बालबालिका रुचि समेतलाई ध्यानमा राखी गुणस्तरीय तथा पोषिलो खाजा मेनु तयार गर्नको लागि आवश्यक प्रविधिको विकास तथा यस प्रविधिलाई सञ्चालन गर्न सबै स्थानीयको क्षमता अभिवृद्धि गरिने छ ।

९. दिवा खाजाको लागि चाहिने खाद्य सामग्रीहरूको आपूर्तिको लागि स्थानीय उत्पादनमा आधारित आपूर्ति श्रृङ्खलाको निर्माण गर्न आवश्यक पूर्वाधारको निर्माणकिसान तथा , किसान समूहहरूलाई क्षमता अभिवृद्धिलगायत अन्य आर्थिक र प्राविधिक सहयोगको लागि कृषिलगायत अन्य क्ेषेत्रसँग सहकार्य गर्ने व्यवस्था मिलाइने छ ।

१०. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको वित्तीय स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारीविकास ,सार्वजनिक साझेदारी-निजी ,क्षेत्रगत एकता , अभिभावकहरूको सहभागिता र सहयोगको ,साझेदार संस्थाहरूको सहयोगलागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गरिने छ ।

११. कार्यक्रमको अनुगमनमूल्याङ् ,कनलगायत खाद्य सुरक्षागुणस्तरसम्बन्धी प्राविधिक , संघीय र ,सहयोगको लागि आवश्यक प्रविधि विकाससहितप्रादेशिक विश्वविद्यालयहरू तथा नेपाल सरकारको प्राविधिक संस्थाहरू जस्तै) खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग , स्वास्थ्य मन्त्रालय परिवार कल्याण महाशाखासमन्वय र सहकार्य गरिने छ ।

१२. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने छ ।

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१. विद्यालय स्वास्थ्य तथा पोषण रणनीति अध्यावधिक तथा परिमार्जन भई दिवा खाजासहित विद्यालय स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी स्पष्ट भूमिका तथा जिम्मेवारी निर्धारण तथा कार्यान्वन हुने ।

२. विद्यालय खाजालाई विद्यार्थीको अधिकारका रूपमा स्थापित गर्ने कानुनी प्रबन्ध हुने ।

३. दिवा खाजालगायत स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यन्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुने ।

४. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने ।

५. सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूले अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने ।

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमलाई कार्यन्वयन र व्यवस्थापनका लागि तीनै तहका सरकारमा आवश्यक क्षमता सहितको जनशक्तिकार्यन्वयन संयन् ,त्र र संस्थागत प्रबन्ध हुने र यी कार्यक्रमहरूलाई विद्यालय तहमा एकीकृत र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यालयमा आवश्यक संयन्त्रसहित क्षमता विकास तथा एक विद्यालयमा एक स्वास्थ्यकर्मीको व्यवस्था हुने ।

७. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल , किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था हुने ।

८. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँचभिटामिन ए र ) जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू , को वितरण र किशोरिहरूको महिनावारी स्वच्छताको लागि (आइरण फोलिक एसिड आदि ने ।स्यानीटरी प्याडको वितरण नियमित रूपमा हु

९. विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य,खाद्य सुरक्षा , सफाइ तथा स्वच्छता, किशोरिहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष (Major activities and target)

### तालिका ४.२: दिवा खाजा ,स्वास्थ्य तथा पोषणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नीतिगत कानुनी र नियामक ढाँचा र दस्तावेज विकास , )स्वास्थ्य तथा पोषण रणनीति परिमार्जन ;JAP परिमार्जन; दिवा खाजाको कानुनी प्रवन्ध सुदृढीकरण ;स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड तथा स्थानीय कार्यान्वयन ढाँचा विकास( | दस्तावेज सङ्ख्या | ४ | १ | - | | - | ५ | | संघीयप्रादेशिक र स्थानीय , सरकार |
| २ | सरकारका तीनै तहमा बहुक्षेत्रीय समन्वय संयन्त्र स्थापना, संघीय शिक्षा मन्त्रालय, प्रदेश, स्थानीय तह र विद्यालयमा दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी आावश्यक संरचना पहिचान ,स्थापना तथा सञ्चालन | तह सञ्चालन निरन्तर | २ | २ | | | | ४ | | संघीय प्रादेशिक र स्थानीय , सरकार |
| ३ | विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन प्रक्रिया विकास | तह | २ | | | | | २ | | स्थानीय तह तथा विद्यालय |
| ४ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय प्रतिशत | २५ | ५० | २५ | | | १०० | | प्रदेश र स्थानीय तह |
| ५ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यार्थी | ३० लाख | ३६ लाख | ४२ लाख | ५० लाख | ५१ लाख | | | संघ र स्थानीय तह |
| ६ | दिवा खाजाको तयारी तथा वितरण | विद्यालय | | | | | | | | |
| ७ | तालिम/प्रचार–प्रसार/मेनु तयारी र आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | स्थानीय तह | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | | |
| ८ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारीकिसान समूहलाई तालिम , तथा सहयोग | स्थानीय तह | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | | स्थानीय कृषि विकास एकाइ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | प्रत्येक विद्यालयलाई एक स्वास्थ्यकर्मीको व्यवस्था | विद्यालय | १० हजार | ६ हजार | ६ हजार | ३ हजार | | २५ हजार | | प्रदेश तथा स्थानीय तह |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू भिटामिन ए र आइरण) प्रदान (फोलिक एसिड आदि | विद्यार्थी | ५० लाख | ५० लाख | ५० लाख | ५० लाख | ५० लाख | २५० लाख | | स्थानीय स्वास्थ्य संस्था तथा विद्यालय |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय प्रतिशत | २५ | २५ | २५ | २५ | | १०० | | स्वास्थ्य मन्त्रालय |
| १२ | विद्यालयमा स्वास्थ्य,खाद्य सुरक्षा ,सफाइ तथा स्वच्छता , पोषण र किशोरिहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा | विद्यालय प्रतिशत | २५ | ५० | २५ | | | १०० | | स्थानीय स्वास्थ्य संस्था तथा विद्यालय |
| १३ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था | विद्यालय प्रतिशत | २५ | ५० | २५ | | | १०० | | शिक्षा मन्त्राल,स्थानीय तह तथा विद्यालय |
| १४ | कक्षा ६ देखि १२ किशोरिहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | विद्यार्थी | १० लाख | १० लाख | १० लाख | १० लाख | १० लाख | ५० लाख | | स्वास्थ्य मन्त्रालय र स्थानीय तह |
| १५ | प्रभावकारी अनुगमन का लागि पद्धति तथा सफ्टवेरको विकास तथा तालिम | १ पटक | १ | ३ | | | | १ ३ | | संघ, प्रदेश र स्थानीय तह |
| १६ | कार्यक्रमको प्रभावकारिता, कार्यकुशलता तथा प्रतिएकाइ लागतको अध्ययन तथा तथा विभिन्न मोडालिहरूको अध्ययन | सङ्ख्या | १ | १ | | २ | | २ | | संघ, प्रदेश |

## ४.४ छात्रवृत्ति

### ४.४.१ परिचय

छात्रवृत्तिलगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरी समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ। यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेसनरीलगायतका सामग्रीहरू, दिवा खाजा इत्यादि उपलब्ध हुन नसकी विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ । यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आाधारभूत तहमा अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ । त्यसै गरी यसबाट विद्यालयमा उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकाले बालबालिकाको सिकाइ सुधार गरी शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ । विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि प्रदान गरिने यस्ता छात्रवृत्ति तथा प्रोत्साहनहरू मूलतः गरिबी केन्द्रित हुन आवश्यक छ । गरिबी केन्द्रित छात्रवृत्तिको प्रावधानले सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई पनि समेट्न सक्दछ ।

लक्षित समुदायहरू विशेषतः गरिब, सुविधाविहिन, अपाङ्गता भएका तथा विभिन्न किसिमका कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई छात्रवृत्तिलगायत अतिरिक्त सहयोग गर्नु पर्ने कुरालाई नेपालको संविधान तथा विभिन्न नीतिहरूले पनि आधार प्रदान गरेको छ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा १० सम्मका सबैका  विद्यार्थीले शुल्क तिर्न नपर्ने र पाठ्यपुस्तक निःशुल्क प्राप्त गर्ने व्यवस्था रहेको छ भने कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि विद्यालयमा दिवा खाजाको प्रबन्ध भएकोले विद्यार्थीको विद्यालयमा उपस्थिति र सिकाइप्रक्रियासँग प्रत्यक्ष रूपमा सम्बन्धित अन्य आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले छात्रवृत्ति प्रदान गर्नु उपयुक्त हुन्छ । यस्तो सहयोगले प्रत्यक्ष रूपमा विद्यार्थीलाई र अप्रत्यक्ष रूपमा सम्बन्धित परिवारलाई आर्थिक सुरक्षा प्रदान गर्दछ । हुन त आर्थिक रूपमा कमजोर विद्यार्थीलाई सहयोग दुई तरिका वा उद्देश्यले  गर्न सकिन्छ । पहिलो, विद्यार्थीलाई विद्यालय आउन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग गर्नु र दोस्रो, परिवारका लागि अवसर मूल्य प्रदान गरी सुरक्षा प्रदान गर्नु । विद्यालयमार्फत् विद्यार्थीलाई प्रदान गरिने यस्तो सहयोग विद्यार्थीको सिकाइ सहभागितासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुनु अर्थात् उल्लिखित दुई तरिकामध्ये पहिलो स्वरूपको हुनु बढी उपयुक्त हुन्छ भने परिवारलाई प्रत्यक्ष सहयोग पुग्ने दोस्रो किसिमको सहयोग आवश्यकतानुसार सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत  स्थानीय तहले अलग्गै प्रदान गर्न गर्नु उपयुक्त हुन्छ ।

यसको अर्थ, दोस्रो प्रकारको सहयोगलाई शिक्षा क्षेत्रमा समावेश नगरी सामाजिक सुरक्षाअन्तर्गत समावेश गरेर आवश्यकतानुसार शिक्षासँग सम्बन्धित गराउनु उपयुक्त हुन्छ ।

छात्रवृत्तिसम्बन्धी केही रणनीति तथा क्रियाकलापहरू आधारभूत तथा माध्यमिक शिक्षा खण्डमा पनि उल्लेख गरिएको भए पनि यसलाई व्यवस्थित पद्धतिका रूपमा विकास गर्न छात्रवृत्तिका सबै पक्षहरू समावेश गरी यस खण्डमा अलग्गै प्रस्तुत गरिएको छ । त्यसैले आधारभूत तथा माध्यमिक शिक्षा खण्डमा उल्लेख गरिएका रणनीति र क्रियाकलापले छात्रवृत्तिलाई अन्तरसम्बन्धित गर्न सहयोग गर्ने छन् भने कार्यक्रमको समग्र स्वरूप तथा विस्तृतीकरणका लागि यस खण्डले सहयोग गर्नेछ । यस खण्डमा छात्रवृत्तिसम्बन्धी वर्तमान अवस्थाको संक्षिप्त विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरिएको छ । यसमा पहिचान गरिएका चुनौतीहरूको सामना गरी छात्रवृत्तिलाई प्रभावकारी बनाउनका लागि यस योजनाका छात्रवृत्तिसम्बन्धी उद्देश्य, रणनीतिहरू, अपेक्षित नतिजा, मुख्य क्रियाकलापहरू र लक्ष्य प्रस्तुत गरिएको छ ।

### ४.४.२ वर्तमान अवस्था

नेपाल सरकारले विद्यालय तहका विद्यार्थीहरूका लागि विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गरिरहेको छ । हाल विभिन्न किसिमका छात्रवृत्तिहरू प्राप्त गर्ने विद्यार्थी सङ्ख्या विद्यालय तहको कुल विद्यार्थी सङ्ख्याको करिब ५० प्रतिशत रहेको छ । कक्षा १–५ मा कुल विद्यार्थी सङ्ख्याको करिब ७० प्रतिशतले कुनै न कुनै प्रकारको छात्रवृत्ति पाएका छन् । हाल विद्यालय तहमा विद्यार्थीलाई प्रदान गरिदै आएका विभिन्न किसिमका आवासीय र गैरआवासीय छात्रवृत्तिहरू निम्नअनुसार रहेका छन्:

**आवासीय छात्रवृत्ति**

आवासीय छात्रवृत्तिअन्तर्गत आर्थिक वर्ष २०७७,मा प्रदान गरिएका छात्रवृत्तिका किसिम ७८/ लक्षित विद्यार्थी सङ्ख्या र छात्रवृत्तिको रकम निम्नअनुसार रहेको छः

**तालिका ४.३ः विभिन्न किसिमका आवासीय छात्रवृत्तिहरू**

| क्र.सं . | छात्रवृत्तिको किसिम | विद्यार्थी सङ्ख्या | वार्षिक रकम |
|---|---|---|---|
| १ | फिडर छात्रावास (छात्रा) | ४२० | प्रति महिना रु ४,०००/– का दरले १० महिनाका लागि प्रति विद्यार्थी जम्मा रु ४०,०००/– |
| २ | अपाङ्ता भएका विद्यार्थी | ७४८७ | |
| ३ | मुक्त कमलारी | ३०३ | |
| ४ | मोडेल स्कुल | ५०६ | |
| ५ | हिमाली छात्रावास | १७३६ | |

| | | | |
|---|---|---|---|
| ६ | लोपोन्मुख र सीमान्तकृत समुदायका बालबालिका | ५० | |
| ७ | सडक बालबालिका तथा बालश्रमिक | २५० | |
| जम्मा | | १०७५२ | |

उल्लिखित आवासीय छात्रवृत्तिमध्ये कमलारी छात्रवृत्तिको सङ्ख्या क्रमशः घट्दै गई केही वर्षसम्म मात्र रहने छ भने मोडेल स्कुल छात्रवृत्तिलाई विद्यार्थीको आवश्यकतासँग जोड्नु पर्ने देखिन्छ। यस प्रकार आवासीय छात्रवृत्ति पाउनेको सङ्ख्यालाई हालको सङ्ख्याकै वरिपरिमा रहनु आवश्यक देखिन्छ ।छात्रवृत्ति रकममा मूल्य वृद्धिअनुसार समायोजन आवश्यक हुन्छ ।

### गैरआवासीय छात्रवृत्ति

गैरआवासीय छात्रवृत्तिअन्तर्गत आर्थिक वर्ष २०७७,मा प्रदान गरिएका छात्रवृत्तिका किसिम ७८/ लक्षित विद्यार्थी सङ्ख्या र छात्रवृत्तिको रकम निम्नअनुसार रहेको छः

**तालिका ४.४ः विभिन्न किसिमका गैरआवासीय छात्रवृत्तिहरू**

| क्र.सं. | छात्रवृत्तिको किसिम | विद्यार्थी सङ्ख्या | वार्षिक रकम (रु) |
|---|---|---|---|
| १ | अपाङ्ता<br>कशैक्षिक सामग्री (<br>ख(प्रयोग भए मात्र) यातायात खर्च (<br>गसहयोगीका लागि ( | ४५,११६ | १०००<br>३०००<br>५००० |
| २ | छात्रा<br>क,कर्णाली ( कक्षा १–५<br>ख,कर्णाली ( कक्षा ६–८<br>ग,(कर्णालीबाहेक) अन्य ( कक्षा १–५ | १५,७३,३७१ | १०००<br>१५००<br>४०० |
| ३ | दलित | ८,३१,७१२ | ४०० |
| ४ | लोपोन्मुख र सीमान्तकृत समुदायका बालबालिका | ५२,६३९ | ५०० |
| ५ | मुक्तकमलारी<br>क१कक्षा (–८<br>ख९कक्षा (–१०<br>ग११कक्षा (–१२ | २९० | १५००<br>१८००<br>५००० |

| | | | |
|---|---|---|---|
| ६ | गरिबी केन्द्रित<br>क (कक्षा ९–१०<br>ख९कक्षा (–१२ विज्ञान ) (विषयबाहेक<br>ग९कक्षा (–१२ (विज्ञान विषय) | | ६०००<br>१८०००<br>२४००० |
| ७ | द्वन्दपीडित<br>क१कक्षा (–५<br>ख६कक्षा (–८<br>ग९कक्षा (–१०<br>घ११कक्षा (–१२ | | १२०००<br>१४०००<br>१६०००<br>१८००० |
| ८ | सहिद परिवार<br>क१कक्षा (–५<br>ख६कक्षा (–१०<br>ग११कक्षा (–१२ | | १२०००<br>१८०००<br>२४००० |

उल्लिखित छात्रवृत्तिमध्ये गरिबी केन्द्रितबाहेक अन्य सबै छात्रवृत्ति सम्बन्धित समूहका सबैले प्राप्त गर्ने भएकाले समूह पहिचानबाहेक अन्य कुनै छनोटका आधार आवश्यक पर्दैन । गरिबी केन्द्रित छात्रवृत्ति भने प्रोक्सि मिन्स टेस्टिङ )Proxy Means Testing-PMT( का आधारमा कोटाअनुसार छनोट गरिन्छ । मुक्तकमलारी, द्वन्दपीडित, सहिद परिवारका बालबालिकाका लागि प्रदान गरिने छात्रवृत्ति पाउनेहरूको सङ्ख्या क्रमशः घट्दै जाने देखिन्छ । आर्थिक वर्ष २०७७ किसिमका आवासीय तथा गमा प्रदान गरिएका उल्लिखित विभिन्न ७८/ैरआवासीय दुवै छात्रवृत्ति गरी जम्मा २६ लाख बालबालिकाले छात्रवृत्ति प्राप्त गरिरहेका छन् भने यसका लागि जम्मा २ अरब ७० करोड बजेट विनियोजन गरिएको छ ।

विभिन्न किसिमका छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या धेरै देखिए पनि धेरैजसो विद्यार्थीले प्राप्त गर्ने छात्रा, दलित र लोपोन्मुख तथा सीमान्तकृत जनजाति छात्रवृत्तिको रकम ज्यादै न्यून भएकाले यसबाट कुनै योगदान हुन सक्ने देखिदैन । फेरि यस्तो नगन्य रकमको छात्रवृत्ति कुन प्रयोजनका लागि भन्ने पनि स्पष्ट छैन । त्यसैले उद्देश्यविना सामाजिक, जातीय तथा लैङ्गिक आधारमा छात्रवृत्ति प्रदान गर्नुको उपादेयता पनि पुष्टि हुँदैन । छात्रवृत्तिसम्बन्धी अध्ययनहरूले पनि ज्यादै न्यून रकम तथा गरिबी केन्द्रित हुन नसक्दा यस्ता छात्रवृत्ति प्रभावकारी नभएका देखाएका छन् (DOE, 2075) बताएका छन् । फेरि कक्षा १–५ का सबै विद्यार्थीले दिवा खाजा तथा कक्षा १–१० का सबै विद्यार्थीले शुल्क तिर्न नपर्ने र पाठ्यपुस्तक निःशुल्क प्राप्त गर्ने

भएकाले छात्रवृत्तिको उद्देश्य वा प्रयोजन, प्राप्त गर्ने आधार तथा रकमको पुनरावलोकन आवश्यक देखिन्छ ।

वर्तमान अवस्थाको उल्लिखित विश्लेषणका आधारमा छात्रवृत्तिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

१. धेरै विद्यार्थीले प्रप्त गर्ने छात्रा, दलित र लोपोन्मुख तथा सीमान्तकृत जनजाति छात्रवृत्तिको रकम ज्यादै न्यून हुनु

२. धेरैजसो छात्रवृत्तिहरू निश्चित आधार तथा आवश्यकतामा आधारित नभई सबैलाई प्रदान गरिनु

३. अधिकांश छात्रवृत्ति गरिबी केन्द्रित नभई जातजाति र लिङ्गलाई आधार मानेर प्रदान गरिनाले यसको औचित्य र सान्दर्भिकतामा प्रश्न उठ्नु

४. आवासीय बाहेकका छात्रवृत्तिका उद्देश्य तथा उपयोगिता स्पष्ट पार्नु

५. कतिपय व्यक्ति तथा सेवाग्राहीले जातजाति र लिङ्गका आधारमा दिइने यस्ता छात्रवृत्तिप्रति सकारात्मक नहुनु र यसले सामाजिक असमानतालाई घटाउन भन्दा बढाउन सहयोग गरेको सोचाइ राख्नु

६. लक्षित विद्यार्थी छनोट गरी छात्रवृत्ति वितरण गर्नका लागि स्थानीय तहमा स्वायत्तता नहुनु

७. छात्रवृत्ति वितरण र यसको उपयुक्तता तथा प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु

### ४.४.३ उद्देश्य

यस योजनाका छात्रवृत्तिसम्बन्धी निम्नलिखित उद्देश्यहरू रहेका छन् :

१. आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा सहज पहुँच पुर्‍याई सिकाइमा उनीहरूको सहभागिता र उपलब्धि बढाउने ।

२. विद्यालय शिक्षामा समता वृद्धि गरी समावेशी बनाउने ।

३. सबै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्ने ।

### ४.४.४ रणनीतिहरू

१. हालका छात्रवृत्तिका किसिम र छनोटका आधारको पुनरावलोकन तथा परिमार्जन गरी लक्षित र आावश्यकतामा आधारित छात्रवृत्ति पद्धति विकास गरिने छ । छात्रवृत्तिका लागि मूलत: गरिबीलाई केन्द्रित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था मिलाइने छ ।

२. सम्बन्धित विद्यालय र समुदायको सहभागितामा स्थानीय तहमा छात्रवृत्ति व्यवस्थापन समिति गठन गरिने छ ।

३. छात्रवृत्तिका लागि छनोटका मुख्य आधारसिहत एकमुष्ट अनुदान रकम स्थानीय तहमा पठाइने छ ।

४. आवासीय तथा गैरआवासीय गरी दुई किसिमका छात्रवृत्ति व्यवस्था गरी छनोटका लागि पारदर्शी आाधारहरू प्रयोग गरिने छ ।

५. छात्रवृत्ति उद्देश्यमूलक बनाइने छ । जस्तैः जस्तै दिवा खाजा उपलब्ध नगराइएकाहरूका लागि दिवा खाजा, स्टेसनरी तथा सिकाइ सामग्री, पोशाक इत्यादिका लागि र दिवा खाजा उपलब्ध गराइएकाहरूका लागि दिवा खाजाबाहेक अन्यका लागि छात्रवृत्ति प्रदान गर्न सकिन्छ ।

६. छात्रवृत्ति रकमको पुनरावलोकन गरी उद्देश्यअनुरुप पर्याप्त हुने गरी व्यवस्था गरिने छ ।

७. स्थानीय तहहरूले आवश्यक स्रोत व्यवस्थासहित कार्यविधि तयार गरी थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्नेछन् ।

८. शिक्षा क्षेत्रको बजेटमा समावेश छात्रवृत्ति विद्यार्थीलाई विद्यालयमा अध्ययन गर्न र सिकाइ क्रियाकलापमा सहयोगी हुने कार्यमा केन्द्रित गरिनेछ भने परिवार तथा व्यक्तिको जीवनयापन तथा कल्याणसँग सम्बन्धित सहयोग आवश्यकतानुसार सामाजिक सुरक्षाअन्तरगत स्थानीय तहले अलग्गै प्रदान गर्ने व्यवस्था मिलाउने छन् ।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

१. विद्यालय तहको शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई समता र समावेशितामा सुधार हुने ।

**ख) प्रमुख नतिजाहरू**

१. विशेषतः गरिबीमा रहेका, कठिन परिस्थितिमा रहेका, सुविधाविहिन र अपाङ्गता भएका बालबालिकालाई केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्यिन हुने ।

२. उद्देश्य र आवश्यकतामा आधारित भएर छात्रवृत्ति वितरण हुने ।

३. लक्ष्यित समूहको विद्यालयमा भर्ना हुने, टिकिरहने र सिकाइमा सहभागिताको दरमा सुधार भई सिकाइमा सुधार हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ४.५: छात्रवृत्तिहरूसम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | छात्रवृत्ति छनोट तथा वितरण निर्देशिका विकास | पटक | १ | | - | | - | १ | | संघीयर स्थानीय , सरकार |
| २ | छात्रवृत्ति व्यवस्थापन समिति गठन | स्थानीय तह | ७५३ | | | | | ७५३ | | स्थानीय सरकार |
| ३ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण<br>क आवासीय छात्रवृत्ति ( अपाङ्गता भएका लागि ) (समेत | विद्यार्थी सङ्ख्या | १२ हजार | १२ हजार | १२ हजार | १२ हजार | १२ हजार | ६० हजार | | स्थानीय तह तथा विद्यालय<br>कक्षा १–५ मा करिब २०, कक्षा ६–८ मा करिब १५ र कक्षा ९–१२ मा करिब १० प्रतिशत विद्यार्थी |
| | खअपाङ्गता ) गैरआवासीय ( (भएका लागि समेत<br>– कक्षा १–५ | | ६ लाख | ६ लाख | ६ लाख | ६ लाख | ६ लाख | ३० लाख | | |
| | – कक्षा ६–१२ | | ३ लाख | ३ लाख | ३ लाख | ३ लाख | ३ लाख | १५ लाख | | |
| ४ | अनुगमन तथा मूल्याङ्कन | तह | ७६१ | ७६१ | ७६१ | ७६१ | ७६१ | ७६१ | ७६१ | संघ, प्रदेश र स्थानीय तह |

# ४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

**(Education in Emergency and Crisis Situation)**

## ४.५.१ परिचय

युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in emergency and crisis ) को रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी (preparedness), आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (response) गर्ने आपतकाल पश्चात क्षतिको आपूरण (recovery) गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिए पछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ–आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थामा शिक्षा (Education in emergency) लाई समावेश गर्ने गरेका छन् । नेपालमा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिदै आएको छ । विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड–१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजना (२०२१-२०३०) मा आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

यस खण्डमा मूलत: तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छः

क) **प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण** **(DRR, Disaster risk reduction)** : भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपात, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, अति चिसो र तातो वातावरण आदि ।

**ख) महामारी** **(Pandemic, epidemic):** झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, एनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू।

(ग) **युद्ध, द्वन्द्व, विस्थापन, बसाइसराई** **(War, conflict, displacement, migration):** आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आादि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन तथा बसाइसराइ, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने ।

शिक्षा क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित उल्लिखित सम्भावित संकटका तीनओटा बृहत्तर क्षेत्रहरूको व्यवस्थापनमा निम्नानुसार अन्तरसम्बन्धित विषयलाई केन्द्रविन्दुमा राख्नु पर्ने हुन्छ ।

क) **अधिकार (Right):** कतिपय अवस्थामा संकटले नागरिकको अधिकार कुण्ठित हुन पुग्छ । नागरिक तथा बालबालिकाको बाच्न पाउने, विकास गर्न पाउने, सहभागी हुन पाउने र हिंसा, शोषण तथा दुराचार आदिबाट सुरक्षित रहने जस्ता आधारभूत अधिकारलाई विपतको समयमा पनि कायम रहने सुनिश्चितता हुनु पर्दछ ।

ख) **समावेशीकरण** **(Inclusiveness):** जोखिम वा संकटले समाजमा पछाडि परेका वर्ग, अपाङ्गता भएका बालबालिका, महिला तथा बृद्ध बृद्धालाईलाई बढी प्रभावित गरेको हुन्छ र टाठा बाठाले बढी सुविधा प्राप्त गर्ने हुन सक्छ । तसर्थ विपतको समयमा कमजोर वर्गलाई विभेदरहित रूपमा सुविधा वा सहयोग पाउने सुनिश्चितता हुनु पर्दछ ।

ग) **समता र न्याय** **(Equity and justice)**: जोखिमले सामाजिक भिन्नता (social divide) बढाउने सम्भावनामा वृद्धि हुनसक्ने भएकाले एउटै स्वरूपको (blanket approach) योजनाले सबैलाई न्याय नगर्न सक्छ । त्यसैले समाजका सबैभन्दा कम सुविधा प्राप्त व्यक्तिले सबैभन्दा बढी फाइदा पाउने गरी सबैका लागि निष्पक्ष अवसरको समानता (Raow, 2001) का आधारमा विपदको व्यवस्थापनमा समयमा सामाजिक न्यायको प्रत्याभूति हुनु पर्दछ ।

घ) **पहुँच** **(Access):** विपदको समयमा बालबालिकालगायत समाजका पछाडि परेका नागरिकहरू खाद्यान्न, बास, औषधि उपचार, शिक्षण सिकाइ जस्ता आधारभूत आवश्यकताहरूको

पहुँचबाट बञ्चित हुन सक्छन् । तसर्थ विपद या संकटकालीन समयमा ती आधारभूत आवश्यकामा सबैको पहुँच हुने विषयलाई प्राथमिकता दिइनु पर्दछ ।

ङ) **गुणस्तर र सुशासन (Quality and good governance):** जोखिम वा संकटको समयमा प्रवाह हुने सेवामा गुणस्तर सुनिश्चित गरिनुका साथै सुशासनका आधारभूत मान्यताहरू जस्तै कानुन वा विधिमा आधारित (rule of law), उत्तरदायित्व (accountability), पारदर्शिता (transparency) र सहभागिता (participation) सुनिश्चित हुनु पर्दछ ।

च) **सेवाको दक्षता (Eefficiency of service):** सेवा प्रवाह जति चुस्त र प्रभावकारी हुन्छ त्यति नै संकटमा परेका व्यक्तिहरूको उद्धार तथा पुनर्स्थापन र स्वास्थ्य तथा शिक्षा जस्ता आधारभूत सेवा समयमा नै पाउँछन् । फलस्वरूप संकट वा विपदबाट हुने क्षति कम हुन जान्छ । मानवीय, वित्तीय एवम् भौतिक स्रोत साधनको मितव्ययी परिचालन गरी तत्काल धेरै सेवा प्रवाह गर्ने मान्यता यस अन्तर्गत पर्दछ ।

### ४.५.२ वर्तमान अवस्था

#### क) नीतिगत तथा कार्यक्रमिक अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित नहुने उल्लेख गरेको छ । त्यसैगरी बालबालिकालाई शारीरिक सजाय (corporal punishment), मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ (bulling) र यौन दुराचार (sexual harassment) बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका (२०६७) जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वय निर्देशिका (२०६८) ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रकिया समावेश गरेको छ ।

त्यसै गरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप (२०६७) ले विद्यालयको प्रभावकारिता, समावेशीकरण, शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालयको भौतिक अवस्था, शिक्षणसिकाइ प्रक्रिया, मातृभाषामा शिक्षणसिकाइ र विद्यालय व्यवस्थापन जस्ता नौ विशेष क्षेत्रका न्यूनतम र अपेक्षित मापदण्ड सहितको कार्यढाँचा

विकास गरी विपद्कालीन शिक्षाको व्यवस्थाका लागि आधार तयार पारेको छ भने विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति, २०७१ **ले** सामाजिक अवस्था, लैङ्गिकता, भौगोलिक अवस्थिति, अपाङ्गता, जात र जातीयता, भाषा, स्वास्थ्य र पोषण, तथा संकटासन्न समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षाको दायरामा ल्याउने, विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सिकाइ र उपलब्धिमा सुधार ल्याउने एवम् विद्यालय बिचैमा छाड्नेदरलाई घटाउने जस्ता प्रमुख उद्देश्यहरूसहित बालबालिकाको अवस्थाअनुसार छुट्टाछुट्टै सम्बोधन गर्ने गरी सिकाइ सुनिश्चित गर्ने मार्गदर्शन गरेको छ ।

बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज (Comprehensive School Safety minimum package, 2018) ले सुरक्षित विद्यालय न्यूनतम मापदणडले विशेषत: शिक्षा क्षेत्रमा प्राकृतिक विपत्तिको प्रभावमा केन्द्रित रही ३ ओटा पिलरहरू; सुरक्षित (१) सिकाइ पूर्वाधार (Safe Learning Facilities) विपद् जोखिम व्यवस्थापन (२) (School Disaster (Risk) Management) को सुदृढीकरण र सरोकारवाला तथा समुदायब (३) विपद जोखिम न्यूनीकरण र उत्थानशीलताको शिक्षा (Disaster Reduction and Resilience Education) का न्यूनतम मापदण्ड तयार गरी विद्यालयमा आधारित कार्यान्वयनको परिकल्पना गरेको छ । बृहत् विद्यालय सुरक्षा गुरुयोजना तथा कार्यान्वयन कार्यविधि (Comprehensive school safety master plan ,2017 and Comprehensive school safety minimum package ,2018) ले अपेक्षा गरेका विद्यालय सुरक्षाका मापदण्डहरू कार्यान्वयन गर्ने सम्बन्धमा मार्गदर्शन गर्दछ । विशेषत विद्यालय क्षेत्र विकास योजना र बृहत् विद्यालय सुरक्षा गुरुयोजनाले परिकल्पनागरेको बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि सहजता प्रदान गर्न यो कार्यविधि ल्याइएको हो । यसमा विद्यालयको न्यूनतम् सुरक्षा उपायका लागि गर्नुपर्ने क्रियाकलापहरू समेट्दै शिक्षक र विद्यार्थीलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिनसक्ने वातावरण तयार गर्ने, शिक्षामा गरिने लगानीको सुरक्षा तथा सुनिश्चित गर्ने वातावरण बनाउने, र शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता विकास गर्ने जस्ता उद्देश्य लिई प्राकृतिक प्रकोपका कारण शिक्षा क्षेत्रमा पर्ने प्रभावको व्यवस्थापनको आधार तयार परेको छ ।

समग्र शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकुल सिकाइ वातावरण सुनिश्चित गर्न **दिगो** विकास लक्ष्य ४ को राष्ट्रिय कार्यढाँचा (SDG4 National Framework, 2030) ले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ । नीति पुनरावलोकन तथा परिमार्जन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र अनुसन्धानमा आधारित प्रवर्तनात्मक कार्यक्रमको निर्माण तथा कार्यान्वयन गर्ने, सिकाइका लागि आवश्यक पर्ने आन्तरिक तथा वाह्य वातावरणका न्यूनतम मापदण्ड तयार गर्ने तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको परिपालना गर्दै अधिकारमा आधारित लैङ्गिक संवेदनशीलता, सुरक्षा चासो तथा बालमैत्री र

हिंसारहित शैक्षिक कार्यढाँचाको प्रवर्द्धन गर्ने जस्ता विषय अघि सारेको छ । पन्ध्रौं योजनाले प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धित विषयको अध्याय उल्लेख गरिएको छ ।यसले अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङ्गहरूलाई क्षमतावान बनाउने नीति अख्तियार गरी सुरक्षित विद्यालयको आधार तयार पारेको छ ।

हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP 2016-22) ले विपद जोखिम न्यूनीकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयको रूपमा विशेष प्राथमिकता दिंदै मुख्यतः सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित जिल्लाहरूका विद्यालयको मर्मतसम्भार र भूकम्पीय — प्रभाव बाहिरका जिल्लामा सुरक्षित निर्माण तथा प्रबलीकरणमा केन्द्रित रहने उल्लेख गरेको छ । सुरक्षित विद्यालयको अवधारणाले बृहत् विद्यालय सुरक्षाको ढाँचाको तीन खम्बालाई समेटेको छः सरोकारवाला तथा (३) विपद् जोखिम व्यवस्थापनको सुदृढीकरण र (२) सुरक्षित पूर्वाधार (१) समुदायबिच उत्थानशीलताको शिक्षा। यसले विद्यार्थीहरूलाई सिकाइको सुरक्षित वातावरण सुनिश्चित गर्नका लागि सबै विद्यालयमा विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने विषयमा जोड दिएको छ ।

राष्ट्रिय शिक्षा नीति,२०७६ ले पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली–बेइज्जती, विभेदलागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिने उल्लेख गरिएको छ । यस प्रकार शिक्षाका सम्बन्धमा नीतिगत र कार्यक्रमिक प्रथमिकता हुँदै आएको छ।

### ख) प्रमुख राष्ट्रिय विपत्ति र सम्बोधनको अवस्था

२०७२ बैशाख १२ को विनासकारी भूकम्प र त्यस पछिका पराकम्पबाट ठूलो जनधनको क्षति भयो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले २०७३ बैशाखमा प्रकाशित गरेको विपद् पश्चात पुनर्उत्थान ढाँचा (Post Disaster Recovery Framework-PDRF) को प्रतिवेदनअनुसार उक्त भूकम्पबाट ७,९२३ विद्यालयहरू र ४९,६८१ कक्षाकोठाहरूको क्षति भएको थियो । क्षतिग्रस्त विद्यालयहरूको पुनर्निर्माणका लागि छुट्टै केन्द्रीय आयोजना कार्यान्वयन एकाइ स्थापना गरी सो एकाइबाट पुनर्निर्माणसम्बन्धी नीतिगत मार्गनिर्देशन एवम् स्रोतअनुरुप विद्यालय पुनर्निर्माण कार्य

सञ्चालन भैरहेको छ । विशेषत: भूकम्प प्रभावित जिल्लाहरूमा Build Back Better को विश्वव्यापी अवधारणालाई आत्मसात गरी नेपाल राष्ट्रिय भवन निर्माण संहिता एवम् भवन निर्माणसम्बन्धी प्रचलित मापदण्डहरू पूर्णपालना हुने गरी भौतिक रूपमा सुदृढ, सुरक्षित र बालमैत्री विद्यालयहरू पुनर्निर्माण कार्य भैरहेको छ । यस कार्यक्रम अन्तरगत Japan Fund for Poverty Reduction (JPRSP) बाट ८ नमूना विद्यालय, Emergency Earthquake Assistance Project (EEAP) ADB बाट १३६ विद्यालय ,Disaster Resilience School Project (DRSP) ADB बाट १३० विद्यालय ,Emergency School Reconstruction Project (ESRP) JICA बाट २३६ विद्यालय ,USAID बाट १७ विद्यालय, भारत सरकारको अनुदानबाट ७० विद्यालय, चीन सरकारबाट ७ ओटा र नर्वे सरकारको सहयोगमा २४ विद्यालय विद्यालय भवन निर्माण गर्ने लक्ष रहेको छ । तथापि तोकिएको अवधि भित्र सबै क्षतिग्रस्त विद्यालयको आवश्यकतालाई सम्बोधन हुने गरी समन्यायिक रूपमा निर्माण तथा पुनर्निर्माण गर्न स्रोतको सुनिश्चिता गर्नु, निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरूलाई उच्चतम् रूपमा सदुपयोगमा ल्याउनु र निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरूको दिगोपनाका लागि संरक्षण सम्वर्द्धनको सुनिश्चिता गर्नु जस्ता चुनौतीहरू विद्यमान छन् ।

कोभडको शिक्षा क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई १९- र सम्बोधनसँग सम्बन्धित केही कार्यहरू विगत ११ महिनाबाट सञ्चालन गरिएका छन् । मानव इतिहासिक कै ठूलो विश्वव्यापी महामारी कोभिड–१९ ले नेपालको पनि सामाजिक एवम् आर्थिक जीवनमा ठूलो नकारात्मक असर पुऱ्यायो । यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल सरकारले २०७६ चैत्र ४ देखि सबै शिक्षण संस्थाहरू, नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धित सामाजिक सुरक्षा, विकास निर्माण, अध्ययन अनुसन्धान तथा सामुदायिक कार्यक्रमहरू स्थगित गरिएको थियो । नेपालको शिक्षा क्षेत्रका ३५ हजार ५ सय २० विद्यालयहरूसय १४ , प्राविधिक शिक्षालयहरू ४९सय ३हजार १उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरू र २५, देशभरका पूर्व प्राथमिकदेखि माध्यमिक तहसम्म अध्ययनरत ८१ लाख २७ हजार १ सय ८३ विद्यार्थीहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा रहेका १ लाख ४३ हजार १ सय ७३ र उच्च शिक्षामा अध्यनरत ४ लाख २३ हजार ९ सय ९६ विद्यार्थीहरूका शिक्षण सिकाइ कोभिडसय ७हजार ६८लाख ३ट प्रभावित भए। त्यसै गरी विद्यालय तहका बा १९-९०, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा १२ हजार ८ सय १६ र उच्च शिक्षामा कार्यरत ९ हजार २ सय ६९ शिक्षकका दैनिक शिक्षण सिकाइ कार्य अवरुद्ध भएको थियो। देशव्यापी बन्दाबन्दी सुरूहुँदा कक्षा ९ सम्मको सबै परीक्षाहरू सम्पन्न भए तापनि एसईई, कक्षा ११ र १२ का परीक्षाहरू र विश्वविद्यालय तहका सबै परीक्षाहरू प्रभावित हुन पुगे।

कोभिड-१९ ले विशेषत: शिक्षण सिकाइमा पारेको असरलाई कम गर्न र बैकल्पिक माध्यमबाट बालबालिकाले सिक्न पाउने अवसरलाई निरन्तरता दिन केही नीतिगत र कार्यक्रमिक प्रयासहरू

हुँदै आएका छन् । जसमध्ये विकास साझेदारहरू समेतको सहकार्यमा कोभिड-१९ को असर न्यूनीकरण गरी शैक्षिक क्षति कम गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रको भैपरी योजना तयार भयो भने सोका आधारमा विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७, विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना, २०७७, विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७ तयार भएको र माध्यमिक शिक्षा परीक्षा (एसईई) नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ जारी गरियो ।

विद्यालय तहको पाठ्यक्रमलाई केन्द्रित गरी विभिन्न विषयमा अनलाइन, अफलाइन सिकाइ सामग्री तयार भै वेबसाइटमा राखिएको र कक्षा १ देखि १० सम्मका लागि रेडियो तथा दूर शिक्षा पाठ प्रसारणको समय तालिका सार्वजनिक गरी सोही अनुसार पाठहरू प्रसारण सुरु गरिएको थियो। यसै सन्दर्भमा नेपाल सरकारले २०७७ आषाढ १ देखि वैकल्पिक माध्यमबाट सिकाइ प्रारम्भ गर्नका लागि सम्बन्धित सबैलाई सार्वजनिक रूपमा आव्हान गरेको थियो । यसका अतिरिक्त कोभिड महामारीको अवस्थामा सुरक्षाका सामान्य उपायहरूसहित सिकाइलाई निरन्तरता दिन सहयोग पुग्ने र विद्यार्थी शिक्षकमा परेको मनोसामाजिक असरलाई कम गर्ने खालका चेतनामूलक सन्देश तयार गरी मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा राखिएको र केही रेडियो टिभीबाट प्रसारणसमेत गरिदै आएको छ । यसै क्रममा विभिन्न स्थानीय तहहरू, केही गैरसरकारी संघसंस्था, शिक्षकका पेसागत तथा विषयगत सञ्जालहरू तथा विद्यालयहरूले पनि शिक्षकको क्षमता विकासलगायतका कार्यहरू सञ्चालन गरेका छन् तापनि यी प्रबन्धहरूमा सबैको पहुँच पुऱ्याउन  र यसलाई प्रभावकारी बनाउनु पर्ने देखियो ।

उपर्युक्त अनुसारका आपतकालीन अवस्थाहरूले आगामी दिनहरूका लागि शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोत साधन,  आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेसागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको भरपर्दो प्रणाली विकास गर्नुपर्ने आवश्यकता समेत देखाएका छन् ।

### ग) चुनौतीहरू

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाअनुसार केही पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन भविष्यवाणी गर्न भने सकिदैन । त्यसै गरी कतिपय प्रकोप, माहामारी तथा आपतकालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ । तसर्थ आपतकालीन अवस्थाको शिक्षालाई

योजनामा कसरी समावेश गर्ने भन्ने नै प्रमुख मुद्दा हो । स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार को हुने जस्ता मुद्दाहरू यसमा रहेका छन् । नेपालको शिक्षा क्षेत्रको यो योजना बनाउने सन्दर्भमा निम्नानुसारका मुद्दाहरू चुनौतीका रूपमा देखिन्छन् :

क) आपतकालीन अवस्थामा शिक्षा (Education in Emergency) अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने ?

ख) छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्ग (component) मा यस विषयको प्रत्याभूति गर्ने ?

ग) प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्दले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने ?

घ) अनुमान गर्न नसकिने (Unpredictable) घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने?

**ङ)** कतिपय संकट अन्तर्राष्ट्रिय हुन्छन्, कतिपय राष्ट्रिय त कतिपय स्थानीय तहका हुन्छन् । यसमा कुन संकटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने ?

**च)** योजना तत्कालिक बनाउने कि दीर्घकालिक ?

छ) संकटकालीन शिक्षा योजना निर्माणमा को सहभागी हुने र यसको प्रक्रिया के हुने ?

उल्लिखित अनुसारका मुद्दाहरूले सृजना गरेका चुनौतीहरूलाई विचार गरेर सबै प्रकारका सम्भावित संकटकालीन अवस्थालाई व्यवस्थापन गर्ने गरी स्रोत, साधन र जिम्मेवारीको होसियारीपूर्वक सम्बोधन गर्नु नै आगामी योजनाको प्रथमिकता हुनु पर्दछ ।

### ४.५.३ उद्देश्यहरू

सामान्यत: विपदको अवस्थामा शिक्षा व्यवस्थापनको मुख्य उद्देश्य जस्तो सुकै परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरी उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासलाई अबरुद्ध हुन नदिनु हो भने विशिष्ट रूपमा यस्तो शिक्षाका निम्नानुसारका उद्देश्य हुनेछन्:

१. सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।

२. सम्भावित सङ्कटको सामना गर्ने अर्थात् उत्थानशील (**resilient**) प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्ने **(preparedness)** ।

३. सङ्कटको प्रतिकार्य **(response)** को संयन्त्र र कार्यढाँचा तयार गर्ने ।

४. अल्पकालीन र दीर्घकालीन पुनर्स्थापन **(recovery)** गर्ने ।

### ४.५.४ रणनीतिहरू

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका रणनीतिहरूले प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन, महामारी र युद्ध, द्वन्द्व, विस्थापन तथा बसाइसराई गरी तीनै पक्षलाई समेट्नु पर्दछ । **प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन** (DRR, Disaster risk Reduction and Management) अन्तर्गत भूकम्प, ज्वालामुखी, बाढीपहिरो, हावाहुरी, असिना, हिमपात, हिमपहिरो, आगलागी, चट्याङ, अतिवृष्टि, अनावृष्टि खडेरी, दुर्घटना, शीतलहर, लू, अति चिसो र तातो वातावरण आदि प्रकोपहरूको बारेमा पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूका बारेमा जनकारी तथा सिप विकास, र प्रकोपबाट शिक्षा क्षेत्रलाई बचाउन आवश्यक तयारी पर्दछन् । त्यसै गरी **महामारी** (Pandemic, epidemic) अन्तर्गत झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, एनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड लगायतका सरुवा रोग तथा महामारीहरूबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी र महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपयहरूको तयारी पर्दछन् । **युद्ध, द्वन्द्व, विस्थापन, बसाइसराई** (War, conflict, displacement, migration) अन्तर्गत आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रादायिक, धार्मिक, राजनीतिक द्वन्द्व र युद्ध तथा सामाजिक सांस्कृतिक विसंगतिका कारण प्रभावित भई मानिसहरूको विस्थापन तथा बसाइसराइ, सुविधाभोग तथा अवसरको खोजीमा हुने आन्तरिक तथा बाह्य बसाइसराइ आदिको अवस्था आउन नदिन र आइहाले पनि बालबालिकालाई सुरक्षित राख्ने र सिकाइको निरन्तरताको सुनिश्चितताका लागि आवश्यक नीतिगत र कार्यक्रमिक तयारी पर्दछन् ।

यी तीनओटै पक्षलाई ध्यानमा राखेर आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षासम्बन्धमा यस योजनाका मुख्य रणनीतिहरू निम्नअनुसार हुनेछन्:

१. शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद वा संकटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नता (vulnerability) को मूल्याङ्कन (assessment) तथा विश्लेषण गरिने छ ।

२. हरेक स्थानीय सरकारले संकटासन्नता (vulnerability) को मूल्याङ्कन (assessment) का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् (comprehensive) योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन् ।

३. शिक्षासम्बन्धी ऐन कानून, पाठ्यक्रम र शिक्षासम्बन्धी नीतिहरूको पुनरावलोकन गरी आवश्यकतानुसार परिमार्जन गरिने छ भने विपद तथा संकटमा शिक्षासम्बन्धमा विकास गरिएका मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरूलाई एकीकृत गरिने छ ।

४. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ ।

५. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्री (relief materials) को प्रबन्ध गरिने छ ।

६. विद्यार्थी, शिक्षक ,अभिभावक तथा तीनै तहको सरकारको तयारी (preparedness), रोकथाम (prevention), प्रतिकार्य (response), र पुनर्स्थापन (recovery) का लागि क्षमता विकास गरिने छ ।

७. विपदमा सेवा प्रवाहको संयन्त्र, प्रणाली र सेवा प्रवाहको रणनीतिक केन्द्रको स्थापना गरिने छ।

८. विपद् व्यवस्थापनको तयारी (preparedness), प्रतिकार्य (response), र पुनर्स्थापन (recovery) मा गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूको सहभागिता र सहयोगसमेत परिचालन गरिने छ ।

९. विपद व्यवस्थापनका परम्परागत ज्ञान, सिप तथा अनुभवहरूलाई समयानुकुल पुनर्व्याख्या तथा प्रयोगमा ल्याइने छ ।

१०. प्रकृतिक विपद, महामारी, शान्ति सुरक्षा र अधिकारका क्षेत्रमा कामगर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच केन्द्रदखि वडातह सम्म समन्यय र जिम्मेवारीको संयन्त्र बनाइने छ ।

११. विपद व्यवस्थापन र संकटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सफल अभ्यासहरुलाई स्थानीयकृत (localize) गरिने छ ।

१२. विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाइने ।

१३. प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइने छ।

### ४.५.५ प्रमुख प्राथमिकता क्षेत्र, नतिजा तथा क्रियाकलाप

**क) प्रमुख प्राथमिकता क्षेत्र**

तालिका ४.६: आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका प्राथमिकता क्षेत्र

| | मुख्य क्षेत्र<br>**Core Area** | मुल सिद्धान्तहरू<br>**Key Principles** | मुल नतिजाहरू<br>**Key solution** |
|---|---|---|---|
| १ | प्राकृतिक प्रकोप व्यवस्थापन (Natural hazards/ DRRM ) का लागि<br>पूर्वतयारी (Preparedness), सम्बोधन (response) and पुनर्उत्थान (recovery) | अधिकारमा आधारित (Right based), | संकटासन्नता (vulnerability) को मूल्याङ्कन (assessment) |
| | | समता र समावेशीता Equity and inclusiveness | पूर्वतयारी (Preparedness) |
| | | पहुँच (Access) | स्थानीयकृत योजना (Localized planning) |
| | | न्याय (Justice) | सचेतना तथा तालिम (Awareness and training) |
| | | गुणस्तर र सुशासन (Quality and good governance) | उत्थानशील पूर्वाधार विकास (Resilient school construction reconstruction) |
| | | दक्षता (Efficiency) | तत्काल सम्बोधन संयन्त्र (Immediate response mechanism) |
| | | | पुनरुत्थान अझ सुदृढ निर्माण (Recovery, build back better) |
| २ | महामारी (Epidemic/ Pandemic) को समयमा स्वास्थ्य उपचार सहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह / सिकाइको निरन्तरता | स्वास्थ्य पहिलो प्राथमिकता (Health first) | जनचेतना (Awareness), |
| | | खाद्य सुरक्षा (Food and security) | पूर्व तयारी (Preparedness) |
| | | सिकाइ समावेशी अवसर र सहभागिता (Access to learning Inclusiveness Participation ) | सेवा प्रवाह (Service delivery)<br>पुनरुत्थान (Recovery)<br>वैकल्पिक सिकाइ (Alternative learning ) |
| ३ | युद्ध, सामाजिक द्वन्द, हिंशा, बसाइसराइको (War, conflict and displacement , migration) अवस्थामा पनि आधारभूत अव्यकताको पूर्ति सहित सिकाइको निरन्तरता | बालबालिका शान्ति क्षेत्र (Children as zone of peace) | राजनीतिक तथा सामाजिक समझदारी र घोषणा (Political Consensus , declaration) |
| | | बालबालिकालाई पहिलो प्राथमिकता (Putting the child at the center) | आचार संहिताको कार्यान्वयन (Code of conducts) |
| | | लैङ्गिक तथा अपाङ्गता र सामाजिक समावेशिता (Inclusion of Gender, disability, marginalized and more vulnerable children) | विद्यालय र स्थानीय तहमा सुरक्षित सिकाइ कार्य समूह (Safe learning action groups at local/school level) |
| | | | सुरक्षित खनेकुरा र बास (Safe food and shelter) |
| | | | मनोसामाजिक सहयोग (Psychosocial support) |
| | | | सिकाइको निरन्तरता (Learning continuation ) |
| | | | प्रणालीगत सुधार र क्षमता विकास (Syste strengthening and capacity building) |

**ख) उपलब्धि**

१. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

**ग) नतिजा**

१. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने ।

२. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील (**resilient**) हुने।

३. महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह / सिकाइको निरन्तरता हुने ।

४. युद्ध, सामाजिक द्वन्द, हिंशा, बसाइसराइको अवस्थामा पनि आधारभूत अव्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुने ।

## घ) क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ४.७ : आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | सुधारका विषयक्षेत्र | योजना अवधिको कुल लक्ष | लक्ष्य | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०२१ | २०२२ | २०२३ | २०२४ | २०२५ | २०२६ | २०३० | |
| १ | सुरक्षित विद्यालय नीति पुनरावलोकन तथा मापदण्ड निर्माण | | १ | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | |
| २ | क्षमता विकास | | | | | | | | तीनै तह |
| | उत्थानशीलताका लागि whole school approach का आधारमा सचेतना विकास | ३५५२० विद्यालय | ५००० | १०००० | १०००० | १०५२० | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | स्थानीय सरकार |
| | शिक्षक तथा विव्यस तालिम | ७०००० जना | १०००० | २०००० | २०००० | १०००० | १०००० | | स्थानीय सरकार |
| | स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण | ७५३ स्थानीय सरकार | ३५३ | ४०० | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | स्थानीय सरकार विद्यालय |
| | निरन्तर र सुरक्षित सिकाइ का लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह Safe learning action group निर्माण र परिचालन | ३५५२० विद्यालय | ५००० | २०००० | १०५२० | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | DRR Resilient विद्यालय भवन निर्माण | यो कार्यक्रम विद्यालय भौतिक पूर्वाधार विकास खण्डमा समावेश हुनेछ । | | | | | | | तीनै तहको समन्वयमा |
| ४ | भौतिक पूर्वाधारपुनर्निर्माण , सबलीकरण | | | | | | | | तीनै तहको समन्वयमा |
| ५ | विद्यालयहरुमा सूचना प्रविधिको विस्तार | यो कार्यक्रम विद्यालय सूचना प्रविधि विकास खण्डमा समावेश हुनेछ । | | | | | | | तीनै तहको समन्वयमा |
| ६ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षिक / कार्यकर्ताको व्यवस्था | ३५५२० विद्यालय | ५००० | २०००० | १०५२० | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | तीनै तहको समन्वयमा |
| ७ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन ( Green, Clean, Peace and safe schools ) | ३५५२० विद्यालय | ५००० | २०००० | १०५२० | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | निरन्तर कार्यान्वयन हुने | स्थानीय सरकार विद्यालय |
| ८ | आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षासँग सम्बन्धित विभिन्न मापण्ड, निर्देशिका तथा कार्यविधिहरू एकीकृत गर्ने | १ पटक | १ | १ | | | १ | | संघ र स्थानीय तह |

**कार्यक्रम कार्यान्वन ढाँचाको विस्तृतीकरण**

१. आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि नीतिहरूको पुनरावलोकन तथा न्यूनतम मापदण्डहरू विकास तथा एकीकरण गरिने छ र त्यसैका आधारमा तालिम तथा सचेतना सामग्री विकास गरिने छ ।

२. सुरक्षित विद्यालयका लागि क्षमता विकास गर्न निम्नानुसार गरिनेछः

(क) ३५५२० विद्यालयमा नै आधारभूत चेतना विस्तार गर्न हरेक विद्यालयका प्रधानाध्यापक र विव्यस अध्ययक्षलाई प्राकृतिक प्रकोप र महामारीमा शिक्षा व्यवस्थापन तथा अधिकारमा आधारित शिक्षाका सम्न्धमा ३ दिने तालिम उपलब्ध गराइने छ ।

(ख) तालिम प्राप्त विव्यस अध्यक्ष एवम् प्रधानाध्यापकबाट आआफ्नो विद्यालयमा शिक्षक विद्यार्थीहरूका लागि क्षमता विकास तालिम तथा सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने छन् ।

(ग) ७५३ स्थानीय तहमा vulnerability Assessment गरी हरेक स्थानीय तहमा प्रकोप व्यवस्थापन र संकटमा शिक्षासम्बन्धी हरेक ३ वर्षमा पुनरावलोकन गर्ने गरी २०३० सम्मको योजना बनाउने व्यवस्था मिलाइनेछ ।

(घ) हरेक विद्यालयमा प्राकृतिक प्रकोप र महामारीमा शिक्षा व्यवस्थापन तथा अधिकारमा आधारित शिक्षासम्बन्धी कार्यक्रमलाई कार्यान्वयन तथा प्रवर्द्धन गर्न शिक्षक विद्यार्थी अभिभावक रहेको Education in Emergency and Crisis Action group गठन गरी परिचालन गरिने छ ।

(ङ) विद्यालयमा हुने भौतिक निर्माण तथा मर्मत सम्भारका कर्यक्रममरूलाई vulnerability Assessment को findings लाई आधारित गरिने छ । सबै प्रकारका विकास निर्माणलाई सुरक्षित विद्यालयको अवधारणा र मापदण्ड अनुसार गरिनेछ ।

(च) सूचना प्रविधिमा आधारित सिकाइसामग्री, भौतिक पूर्वाधार र क्षमता विकासका कार्यक्रमहरुलाई ESP को ICT in Education component मा समायोजन गरिने छ ।

(छ) योजना अवधिमा हरेक विद्यालयमा प्राथमिक उपचार कक्ष र स्वास्थ्यकर्मीको व्यवस्था मिलाइनेछ ।तत्कालका लागि स्थानीय स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा विद्यालयमा स्वास्थ्य सेवा उपलब्ध गराने छ ।

(ज) प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरुलाई व्यापक रुपमा कार्यान्वयनमा ल्याउन योजना अवधिमा सबै विद्यालयलाई Green, Clean, Peace and Safe विद्यालयको रूपमा प्रवर्द्धन गरिने छ।

(झ) सुरक्षित विद्यालयको मापदण्ड पूरा गरेका स्थानीय सरकारलाई resilient स्थानीय तहको रूपमा घोषणा गर्ने अभियान गरी योजना अवधिमा ७५३ तहनै सुरक्षित हुने छन् ।

# ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

## ४.६.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश बर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

## ४.६.२ वर्तमान अवस्था

नेपालमा हाल कुल विद्यालयको सङ्ख्या ३५,५२० मध्ये २७,५४० सामुदायिक विद्यालय रहेका छन् । देशका सबै सामुदायिक विद्यालयहरूमा गरी जम्मा ९४,८१५ विद्यालय भवन रहेकामा ५९,९४० भवन पक्की छन् । ती भवनहरूमा जम्मा १,७३,५८२ कक्षाकोठा सञ्चालनमा रहेका छन् भने १,६९,१३८ ओटा कोठा नपुग रहेको तथ्याङ्क रहेको छ । प्रधानाध्यापका लागि बेग्लै कोठा जम्मा ८,९८७ विद्यालयमा मात्र देखिन्छ भने ११,०६९ विद्यालयमा अलग्गै कम्प्युटरको कोठा रहेको छ । सबै विद्यालयमा गरो जम्मा शौचालयको सङ्ख्या ९३,७२५ रहेकोमा धेरे जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन । यी

विद्यालयहरूमा जम्मा ५४,२८३ स्टाफ कोठा, ९५,३३ पुस्तकालय कोठा र ३,३५८ खेलकुद कोठा रहेका छन् भने ६,१८७ ओटा कोठामा विज्ञानका ल्यावहरू रहेका छन् ।

२०७२ सालमा गएको विनासकारी भुकम्पबाट ७,९२३ विद्यालयहरूका ४९,६८१ कक्षाकोठामा क्षति पुगेको थियो । जसमध्ये हालसम्म ६,०८५ विद्यालयहरू पुनर्निर्माण भइसकेका छन् भने १,४६८ विद्यालय निर्माण सम्पन्न हुने क्रममा रहेका छन् ।

संघीयता कार्यान्वयन भन्दा अघि तत्कालीन शिक्षा विभागमा भौतिक निर्माणसम्बन्धी काम गर्ने बेग्लै शाखा र सबै जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक पूर्वाधारको काम हुदै आएकोमा हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अति न्यून प्राविधिक कर्मचारीको व्यवस्था रहेको छ भने कार्यान्वयनको जिम्मेवारी स्थानीय तहहरूको रहेको छ भने निर्माणको मापदण्ड तथा आधार संघीयतहबाट हुँदै आएको छ । यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना प्राप्त गर्न चुनौती भइरहेको छ ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने प्राथमिकता प्राप्त सक्षमता नै पर्याप्त पूर्वाधार हो वा होइन भन्ने पनि विचार गर्नु पर्ने छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभाहल, मञ्च, बगैचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) के र कति आवश्यक हो पर्ने हो र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ । विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन व्यवस्थापन प्रणालीमा आबद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आकलन गर्न सकिएको छैन । हालै मात्र बृहत् रूपमा पुनर्निर्माणका क्रममा केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (CLPIU) बाट विद्यालय निर्माणमा ४ ओटा मोडालिटी (विद्यालय व्यवस्थापन समितिबाट निर्माण हुने, ठेक्काबाट निर्माण हुने. दातृ निकायबाट निर्माण हुने र गैर सरकारी संघसंस्थाबाट निर्माण हुने) अवलम्बन गरिएका छन् । प्राप्त सूचनाका आधारमा हालसम्म पूर्वाधारको आवश्यकता सम्बोधन हुन सकेको छैन ।

विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । जस्तै ४ कोठाको भवन बनाउदा विद्यालय क्षेत्र विकास

कार्यक्रमअन्तर्गत रु ३६ लाख विनियोजन भएको छ भने सोही नाप बमोजिमको भवन केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट निर्माण गर्दा रु ६० लाखदेखि ७२ लाख सम्मको लागत इस्टिमेट तयार भई कार्यान्वयनमा रहेका छन् । भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कहीं विवाद र कानुनी प्रश्न उठिरहेका छन् । शिक्षा मन्त्रालयअन्तरगतको सबै भन्दा ठूलो बेरुजुको हिंस्सा भवन निर्माणको रहेको छ । भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्गतामैत्री बन्न सकेका छैनन् । यसबाट विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन्ः

१. विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसमा लागि आवश्यक भूमिका स्पष्ट पार्नु ।
२. पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु ।
३. सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु।
४. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु ।
५. आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
६. पूर्वाधारहरूलाई अपङ्गता र लैङ्गिक मैत्री बनाउनु ।

### ४.६.३ उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ,
२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु,
३. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवं जवाफदेहि प्रणालीको विकास गर्नु,

### ४.६.४ रणनीतिहरू

१. विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनर्परिभाषित गरिने छ।
२. पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण. देशको भूगोल. हावापानी र लागतका आधारमा मापदण्ड विकास गरिने छ ।
३. विद्यालय पूर्वाधार विकासका लागि संघ. प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन प्रारूप विकास गरिने छ ।

४. स्थानीय तहको संयोजनमा विकास भएका पूर्वाधारहरूको विद्यालय भन्दा बाहिरका अन्य पक्षसँग उपयोगका सन्दर्भमा विधि विकास प्राप्त हुने आम्दानीलाई संबर्द्धन मर्मतका लागि व्यवस्था मिलाइने छ ।

५. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्था एवं निकायहरूसँग लागत साझेदारी गरिने छ ।

६. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माणको गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा कार्यान्वयन गरिने छ ।

७. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप सरचनाको योजना एकै पटक गरिने छ । Build Back Batterको अवधारणा बमोजिम पुर्निर्माण अगाडि बढाइने छ ।

८. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

९. अन्तर सरकार र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार उपयोग एवं जनशक्तिको उपयोगसम्बन्धी नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

### ४.६.५ नतिजा तथा प्रमुख क्रियाकलापहरू

**क) उपलब्धि**

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

**ख) नतिजा**

१. विद्यालय शिक्षाअन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुने ।

२. भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको १० वर्षे मास्टर प्लान तयार हुने ।

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने।

४. देशका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
५. एक विद्यालय सम्पूर्ण पूर्वाधार (A school with complete infrastructure) को अवधारणाअनुसार पूर्वाधार विकास हुने ।
६. विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था हुने ।
७. पूर्वाधार विकासका लागि आवश्यक विधि. मापदण्ड र स्तरीकरणका सूचक तयार हुने ।
८. विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भारका पद्धति विकास हुने ।

## ग) क्रियाकलाप तथा लक्ष्य

**तालिका ४.८: विद्यालय भौतिक पूर्वाधार विकासका क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय शिक्षा अन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित गर्ने | पटक | १ | | | | | १ | | संघ |
| २ | पूर्वाधार विकास मास्टर प्लान तयार | पटक | १ | | | | | १ | | संघ तथा स्थानीय तह |
| ३ | पूर्वाधार विकास प्रारूप विकास र तीनै तहमा स्रोतको विनियोजना | पटक<br>नियमित | १ | | | | | १ | | संघ, प्रदेश तथा स्थानीय तह |
| ४ | एक विद्यालय सम्पूर्ण पूर्वाधार (A School with Complete Infrastructure) अनुरूप भौतिक पूर्वाधारको विकास गर्ने | विद्यालय सङ्ख्या | s | | | | | | | हालका करिब ८ हजार विद्यालयहरू तयार भइसकेकाले अन्यका लागि संघ, प्रदेश |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | तथा स्थानीय तह |
| ५ | मापदण्ड एवं स्तरीकरणका सूचक विकास | पटक | १ | | | | | | | संघ |
| ६ | अपाङ्गतामैत्री लैङ्गिक मैत्री संरचनाको विकास | विद्यालय सङ्ख्या | | | | | | | | प्रदेश तथा स्थानीय त |
| ७ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार | विद्यालय सङ्ख्या | | | | | | | | स्थानीय तह |

# ४.७ शिक्षामा सूचना र प्रविधि

**(ICT in Education)**

## ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग गर्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ (MoE, 2013) । यी चारओटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् ।

उल्लिखित सिद्धान्तका आधारमा उक्त गुरु योजनाले निर्धारण गरेका शिक्षामा सूचना तथा सञ्चार प्रविधिका उद्देश्यहरूमा सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिलाई आधारभूत साक्षरताका रूपमा विकास गरी डिजिटल डिभाइड कम गर्ने; शिक्षामा समतामूलक पहुँच पुऱ्याई गुणस्तर अभिवृद्धि गर्ने र शिक्षाको सेवा प्रवाह तथा प्रणालीमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने रहेका छन् । यसका लागि उक्त गुरु योजनाले पहिचान गरेका चारओटा क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने; मानवीय स्रोत विकास गर्ने; डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारओटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो । हालको परिस्थिति अनुकूल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अध्यावधिक तथा परिमार्जन गरी यी क्षेत्रहरू यस योजनामा पनि समावेश गर्नु उपयुक्त हुने देखिन्छ ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षणसिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel, Kafle, 2020) । यस्तो अवस्थामा सबैका

लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु चुनौतीपूर्ण कार्य रहेको छ ।

यस परिच्छेदमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गर्नका लागि योजनाका उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित विषयगत उपक्षेत्रहरू जस्तै: प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यामिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक विकास तथा व्यवस्थापनलगायत समग्र शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका केही पक्षहरू पनि उल्लेख गरिएको भए पनि समग्रतामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगको अवस्थाको विश्लेषणका आधारमा यस परिच्छदमा योजनाको खाका समावेश गरिएको छ । त्यसैले यस परिच्छदका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी समग्र योजना निर्माण गरी सम्बन्धित विषय क्षेत्रसँगै सम्बन्धित गराइनु पर्दछ ।

### ४.७.२ वर्तमान अवस्था

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगको वर्तमान अवस्थाको विश्लेषण गर्दा आवश्यक नीति, कानून तथा रणनीतिहरूको अवस्था र तिनको कार्यान्वयन, शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम, लक्ष्य र प्रगितको समीक्षा गर्नुपर्ने हुन्छ । नेपालले बोर्ड बैंक नीति, २०७१ ल्याई विद्यालय लगायतमा कनेक्टिभटी र सुरक्षाको विषयमा नीतिगत स्पष्टता प्रदान गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्‍याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना

तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । एकातिर शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले नीतिगत आधार तयार गरेका छन् भने अर्कोतिर शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ तयार भई रणनिति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरिएको छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षणसकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने; शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने; सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने; निरन्तर सिकाइको प्रबन्ध गर्ने; सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने; अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने; सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म बनाउने; निरन्तर सिकाइको प्रबन्ध गर्ने; सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने; अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने; शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने; शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने; स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए । उक्त गुरुयोजनामा कार्यक्रम सञ्चालनका लागि आवश्यक रणनीति तथा लक्ष्यहरू पनि निर्धारण गरिएको थियो ।

त्यसैगरी विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधका क्रियाकलाप समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने; विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने; पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने; नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने; एकीकृत लेखा सफ्टवेयर (CGAS) कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने रहेका थिए ।

उल्लिखित नीतिहरू तथा योजनाले लक्षित गरेका शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यमा भएको प्रगति र वर्तमान अवस्थाको संक्षिप्त समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) लाई वेभमा आधारित बनाइएको छ तापनि धेरैजसो विद्यालयमा कम्प्युटरलागयत सूचना प्रविधिसम्बन्धी सामग्री तथा इन्टरनेट कनेक्टिभिटीको अभाव हुनाले यसलाई पूर्ण रूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन ।

त्यसैगरी विद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र उच्च शिक्षाका अलगअलग शैक्षिक सूचना पद्धति भएकाले तिनीहरूबिच सम्बन्ध स्थापित गर्न कठिनाइ भएको छ । विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका वार्षिक रूपमा लागनी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि एकातिर यी सुविधाहरू न्यून छन् भने अर्कोतिर शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या ज्याँदै कम रहेको छ । कतिपय विद्यालयहरूको विभिन्न व्यक्ति तथा संघसंस्था मार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सामग्री प्राप्त गर्ने गरेका छन् । एकातिर साधन तथा संरचना बढाउन आवश्यक छ भने अर्कोतिर यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि गर्नुपर्ने छ ।

शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि डिजिटल सामग्रीको पर्याप्त नहुनु पनि समस्याका रूपमा रहेको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत पाठयक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजीटल सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरूबाट पनि विभिन्न विषयमा डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ । दृष्टि विहिनका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटलाइज गर्ने कार्य भएको छ । कोभड-१९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई वेग्लै वेवपोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीयप्रति पनि वेवसाइटमा राख्ने गरिएको छ । कोभिड-१९ को अवस्थामा सिकाइलाई निरन्तरता दिन यसका अतिरिक्त विभिन्न भर्चुअल माध्यमबाट पनि कक्षा सञ्चालन गरिएको थियो । डिजिटल सामग्री निर्माण केही मात्रामा भए पनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियत्मक नहुनु र सहज प्राप्त हुन सक्नु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटीलगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुऱ्याउने, क्षमता विकास गर्न विभिन्न किसमका अपाङ्गता भएकाहरूको लागि पनि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौतीहरू देखिएका छन् ।

ाथि उल्लेखित उपलब्धि तथा अवसरहरूको आधारमा गत शैक्षिक २०७६÷७७ को अन्त्यवाट **कोभिड१९** को प्रभावबाट मुलुक भरका सबै विद्यलायहरू ६ महिना भन्दा बढी समय अप्रत्यासित रूपमा बन्द रहन गएको अवस्थामा शिक्षा मन्त्रालयले विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्य-योजना जारी गरी सोका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सरकारी प्रयास र अन्य सरोकारवाला साथै विभिन्न निकायको समन्वयमा विद्यार्थी सिकाइलाई निरन्तरता दिनका लागि विविध बैकल्पिक सिकाइका विधिहरूको विकास, व्यवस्थापन र सञ्चालन गरेकोमध्ये प्रविधिमा आधारित विधिहरू प्रमुख रहेका थिए । यी विधिहरूमा प्रमुखतः छापाका शिक्षण सिकाइ

सामग्रीहरू, रेडियोबाट प्रसारित सामग्रीहरू, टि.भी.वाट प्रसारित सामग्रीहरू, वेवसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरू, On line Portal हरूको पहुँचबाट प्राप्त सामग्रीहरू (CEHRD को learning portal, You tube Channel/Virtual classes, CDC को ई-पुस्तकालय साथै अन्य संस्थाहरूद्वारा निर्मित Online सामग्रीहरू) र शिक्षण सिकाइ समूह गठन, Online based Zoom meeting सिकाइका मुख्य विधिहरू रहेका थिए । यस अवधिमा भए गरेका क्रियाकलापहरूको आधारमा लगभग १३% विद्यालयहरूले मात्र वेवमा आधारित सामग्री प्रयोग गरेको देखिन्छ भने बाँकी विद्यालयहरूले अन्य बैकल्पिक विधिहरू प्रयोग गरेको देखिन्छ । यसको अर्थ विद्यालयहरूमा भएको इन्टरनेट सुविधा सीमित वा कम गुणस्तरको रहेका कारण वा उपलब्ध सामग्रीहरू प्रयोगकर्ता अनुकूल तथा सान्दर्भिक नभएका कारण अपेक्षाकृत विद्यालय र विद्यार्थी सङ्ख्याले उयोग नगरेको हुन सक्छ ।

शैक्षिक व्यवस्थापनमा पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) स्थापना र स्थानीय तहसम्म एकीकृत सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) विकास गरी अनलाइन गरिएको छ । त्यसैगरी विभिन्न सूचना तथा कतिपय सेवाका लागि आवेदन दिने लगायतका कार्यका लागि अनलाइन पद्धति विकास गरिएको छ । विद्यालयको लेखाप्रणालीलाई व्यवस्थित गर्ने, परीक्षाका फाराम लगायतका कार्यलाई अनलाइन गर्न थप कार्य गर्नुपर्ने छ ।

विद्यालय क्षेत्र विकास योजना (SSDP) कार्यान्वयनको हालसम्मको अवस्थामा हाल सञ्चालनमा रहेका जम्मा २८,८३३ सामुदायिक विद्यालयहरूमध्ये ५०.२% विद्यालयमा विद्युत र १८.७% विद्यालयमा इन्टरनेटको सुविधा उपलब्ध छ भने ४१.९% विद्यालयमा कम्प्यूटरको सुविधा छ ।कम्प्यूटरको सुविधा भएका विद्यालयमध्ये करिब ३७.०% विद्यालयमा मात्र शिक्षण सिकाइ प्रयोजनमा कम्प्यूटरको प्रयोग भएको छ अभिलेख छ । प्रशासनिक कार्यमा मात्र कम्प्यूटर सुविधा प्रयोग गर्ने विद्यालयको सङ्ख्या कम्प्यूटरको सुविधा हुनेमध्ये करिब ३६ प्रतिशत रहेको हुँदा कतिपय विद्यालयमा कम्प्यूटर भए पनि प्रयोग नभएको अवस्था पनि छ । यसरी हेर्दा सरकारी तथा अन्य संस्थाहरूबाट हाल सञ्चालनमा रहेका प्रबिधिमा आधारित विभिन्न विधि तथा पद्धतिलाई अझ समयसापेक्ष सके मात्र उपलब्ध सुविधाहरूलाई अधिकतम उपयोग गर्न सकिने देखिन्छ ।

सङ्ख्यात्मक रूपमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना २०१३–२०१७ मा १० हजार विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका उपकरण तथा कनेक्टिभिटी सहितको संरचना तयार गर्ने लक्ष्य राखेकोमा हालसम्म करिब १२ हजारको हाराहारीका सामुदायिक विद्यालयमा कम्प्युटर भए तापनि केही विद्यालयहरूमा मात्र व्यवस्थित रूपमा संरचना तयार भएको देखिन्छ । इन्टरनेट सुविधा भएका सामुदायिक विद्यालयहरू करिब ५ हजार ४ सय विद्यालय मात्र रहेका

देखिन्छन् ।त्यसै गरी केन्द्रमा डिजिटल पुस्तकालय, डाटा केन्द्र र डिजिटल स्टुडियो स्थापनमा उल्लेख्य प्रगति भएको देखिंदैन । केही प्रशिक्षक, शिक्षक तथा कर्मचारीलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी तालिम दिइएको छ भने यसलाई विस्तार गर्नुपर्नेछ ।

वि.सं. २०७६ देखि नेपाल दुरसञ्चार प्राधिकरणले पनि ग्रामीण दूरसञ्चार विकास कोष मार्फत् केही विद्यलयहरूलाई प्रस्ताव आह्वान गरी कनेक्टिभिटी र अन्य संरचनामा सहयोग गरिरहेको छ ।

उल्लिखित समीक्षाका आधारका शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ:

१. सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी आदिको विस्तार तथा सबै विद्यालयहरूमा व्यवस्था

२. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याव, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास

३. सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास

४. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु

५. अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँच

६. विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग

७. सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु

८. शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधि (E-governance) को प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु

९. विभिन्न तहका सरकार तथा इन्टरनेट प्रदायक संस्थाहरूका बिच समन्वय र सहकार्य व्यवस्थित गर्नु

### ४.७.३ उद्देश्यहरू

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।

२. डिजिटल डिभाइस कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।

३. शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरितो र सस्तो बनाउने ।

४. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउने ।

### ४.७.४ रणनीतिहरू

१. सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रवन्ध मिलाइने छ।

२. संघीय तहमा एकीकृत शैक्षिक सूचना तथा सञ्चार प्रविधि केन्द्रको विकास गरिनेछ ।

३. सबै शिक्षकहरूको क्षमता विकास गरी शिक्षक पेसामा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सिप अनिवार्य गरिनेछ ।

४. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरिनेछ ।

५. सबै पाठ्यक्रम तथा पाठ्यसामग्रीको डिजिटलप्रति सहजै उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

६. विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गरिनेछ ।

७. तालिम केन्द्रहरूका ब्लेन्डेड पद्धतिबाट तालिम सञ्चालन गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षकको पेसागत विकासमा सहयोग पुऱ्याइनेछ ।

८. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।

९. इ–पोर्टललाई व्यवस्थित बनाइने छ ।

१०. विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटका सुविधा विस्तार मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गरिने छ ।

११. आधारभूत पूर्वाधार सुनिश्चित गर्न तीनओटै सरकारबिच एकीकृत कार्यक्रम र बजेटको व्यवस्था गर्ने साथै सम्बन्धित निकायहरू बीचमा समन्वय र सहकार्य गर्ने र नियमित स्रोत र साधनको उपलब्ध गराइने छ ।

१२. IEMIS लाई थप व्यवस्थित गरिनेछ र शिक्षाका विभिन्न सेवा तथा व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिनेछ ।

१३. हाल मुलुक भरी सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरूमध्ये कम्तिमा एक स्थानीय तह एक सामुदायिक अध्ययन केन्द्र अनुपातमा Digital Learning Centre, साक्षरतासंग व्यवसायिक सप विकास र अन्य क्रियाकलाप सञ्चालन गरी अनौपचारिक तथा निरन्तर शिक्षालाई समेत सम्बोधन गरी निरनतरता दिइने छ ।

१४. सामुदायिक अध्ययन केन्द्र र सामुदायिक पुस्तकालयहरू एकीकृत गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाइनेछ ।

१५. विभिन्न तहका सरकार र इन्टरनेट प्रदायक संस्थाहरूबिच समन्वय र सहकार्य वृद्धि गरिने छ।

### ४.७.५ नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नाका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन हुने ।

**ख) नतिजा**

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि केन्द्रीय डाटा सेन्टर तथा डिजिटल ल्याव स्थापना र सञ्चालन हुने ।

२. प्रत्येक तालिम केन्द्र सूचना तथा सञ्चार प्रविधि केन्द्रको रूपमा विकास तथा सञ्चालन हुने।

३. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।

४. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने ।

५. सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुग्ने ।

६. सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने ।

७. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने ।

८. सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने ।

९. सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुधार भई सुदृढ हुने ।

१०. सूचना प्रविधिको प्रयोगले विद्यालयदेखि संघीय निकायहरूसम्मको व्यवस्थापन र सुशासनमा सुधार आउने ।

११. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत हुने।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

**तालिका ४.९: शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १. | डाटा सेन्टर तथा डिजिटल ल्याव स्थापना | सङ्ख्या | | १ | | | | | | |
| २. | प्रत्येक तालिम केन्द्रलाई सूचना तथा सञ्चार प्रविधि केन्द्रको रूपमा क्षमता विकास गर्ने (संरचना तथा जनशक्ति) | सङ्ख्या | ४ | १० | १० | ५ | | | २९ | |
| ३. | विद्यालयमा ICT संरचना विस्तार गर्ने | विद्यालय सङ्ख्या | | | | | | | | |
| ४. | प्रत्येक विद्यालय इन्टरनेट कनेक्टिभिटी | | | | | | | | | |
| ५. | शिक्षक विकास तथा तयारी कोर्समा ICT समावेश गर्ने | पटक | | १ | | | | | | |
| ६. | शिक्षक छनोटका लागि आधारभूत ICT सीप अनिवार्य गर्ने गरी कोर्स परिवर्तन गर्ने | | १ | | | | | | | |
| ७. | शिक्षक र शैक्षिक व्यवस्थापनको ICT सम्बन्धी क्षमता अभिवृद्धि गर्ने | | | | | | | | | |
| ८. | शिक्षक तथा कर्मचारी तालिम ब्लान्डेड मोडमा सञ्चालन गर्ने | | | | | | | | | |
| ९. | विभिन्न कक्षाका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास | | | | | | | | | |
| १०. | अन्तरक्रियात्मक डिजिटल सामाग्रीहरू विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि पनि उपयुक्त हुने गरी विकास गर्ने | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | Education Portal व्यवस्थित गर्ने | | | | | | | | |
| १२. | पाठ्यक्रम तथा पाठ्यसामग्रीका डिजिटल प्रति सबैलाई सहजरूपमा उपलब्ध गराउने | | | | | | | | |
| १३ | IEMIS लाई व्यवस्थित गर्ने | | | | | | | | |
| १४ | विभिन्न सूचना तथा सेवाहरूलाई ICT को प्रयोग गरी छिटो र प्रभावकारी बनाउने | | | | | | | | |
| १५ | सामुदायिक अध्ययन केन्द्रहरूको ICT क्षमता वृद्धि गर्ने | | | | | | | | |
| १६ | साइवर सेक्युरिट प्रणाली सुदृढ गर्ने | | | | | | | | |
| १७ | सञ्चालनमा रहेका CLC हरूमा डिजिटल सिकाइ केन्द्र स्थापना गर्ने | | | | | | | | |

# परिच्छेद पाँचः सुशासन तथा व्यवस्थापन

## ५.१ परिचय

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्ध (governance) लाई जनाउँद छ । यसमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रबन्धअन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासन (good governance) को प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापनसम्बन्धी उल्लिखित तीन पक्षहरूको उचित व्यस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप; संवैधानिक प्रावधानअनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्त्व; तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपुरक वा सम्पुरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनाका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । त्यसै गरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्त्वजस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ ।

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ । यसमा योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना तथा क्षमता विकाससहित सुशासन प्रवर्धन, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन तथा मूल्याङ्कन प्रणालीको गरी तीन खण्डमा विषयवस्तु प्रस्तुत गरिएको छ।

## ५.२ संस्थागत संरचना र क्षमता विकास

### ५.२.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्ने तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार; अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार; र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

### ५.२.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षासम्बन्धी मापदण्ड र स्तर निर्धारण, संघीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भै शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू सरोकरवालाहरुबाट आइरहेका छन् ।

साविकमा शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये सातओटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् भने अरू तालिम केन्द्रहरू खारेज भएका छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशनालयहरू प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साविकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन् । लोकसेवा आयोगले स्थानीय तहका लागि कम्तीमा एउटा स्थानीय तहमा एक जना शिक्षा सेवाको कर्मचारी पु¥याउने लक्ष्यका आधारमा करिब सात सय जना शिक्षा सेवाका कर्मचारीको सिफारिस गरेको छ । तत्कालिन निजमती सेवा ऐनमा भएको व्यवस्थाअनुसार २४ (घ) (१) को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदसोपान अझै व्यवस्थित हुनसकेको छैन भने संघीय स्वरूपअनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ राखियो तर ती एकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन । एकातिर समन्वयको लागि कायम भएका जिल्लाको समन्वय एकाइ क्रियाशील र प्रभाकारी नभएको अवस्था छ भने अर्कोतर्फ प्रदेश सरकारहरूले प्रदेश स्तरका सेवा प्रवाह गर्न क्षेत्रीय स्तरमा डिभिजन कार्यालय स्थापना गर्ने क्रम बढेको छ । त्यसै गरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुनर्परिभाषित गर्नु पर्ने

देखिन्छ । जिल्ला समन्वय एकाइ र प्रदेश निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन् तर उपयोग नहुँदा जिर्ण हुँदै जाने अवस्था छ ।

साविकको परीक्षा नियन्त्रण कार्यालय र उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसरी गर्ने, कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धारलगायत हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका पोलिटेक्निक र ट्रेडस्कुललगायत निजी प्रदायकबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन संघ र प्रदेशस्तरमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुङ्गो लागेको अवस्था छैन । शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका कामकारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुङ्गो लाग्न बाँकी नै रहेको अवस्था छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त प्रायः भई विद्यालयहरूमा शिक्षक सहयोगको पद्धति नै टुटेको अवस्था छ ।

सरकारका विभिन्न तहहरूबिच सहजीकरण र समन्वयनका पक्षमा सुधार गर्नु पर्ने आवश्यकता महसुस भएको छ भने नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु पर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लय र गतिमा तर आ-आफ्ना भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नु पर्ने देखिन्छ ।

### ५.२.३ उद्देश्य

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन प्रवर्धनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन्:

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वयसहअस्तित्व र ,सहकार्य , सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघप्रदेश र स्थानीय , तहको अन्तरसम्बन्धसुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्ने

२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थीको उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीय तहमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने

३. कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रतिको जवाफदेही र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्ने

४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने

### ५.२.४ रणनीतिहरू

१. संघप्रदेश र स्थानीय तहको अधिकार तथा दायित्त्वलगायतका पक्षहरूमा स्पष्टता कायम गर्न , आवश्यक कानुनी प्रबन्ध गरिने छ ।

२. संघप्रदेश र स्थान ,ीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषदको संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्नुका साथै र कार्यान्वयन समिति पनि गठन गरिने छ ।

३. हालको जिल्ला शिक्षा समन्वय तथा विकास एकाइलाई पुनर्संगठित गरिने छ ।

४. शिक्षक तालिम केन्द्रहरू विस्तार तथा सुदृढ गरिने छ ।

५. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।

६. अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइको व्यवस्थापनका लागि संघ, प्रदेश, स्थानीय तह तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।

७. प्रदेशमा कक्षा १० का लागि परीक्षा बोर्ड स्थापना गरिने छ ।

८. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता सुधार गरिने छ ।

९. स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**क) उपलब्धि (Outcomes)**

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

९. तीनै तहका सरकार विद्यालयलगायत शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने ।

१०. तीनै तहका सरकार विद्यालयलगायत शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने ।

११. शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमता सुधार हुने ।

१२. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने ।

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

### तालिका ५.१: संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | ८ | ७५३ | | | | ७६१ | | संघ, प्रदेश तथा स्थानीय तह |
| २ | राष्ट्रिय शिक्षा परिषदको संरचनामा परिवर्तन र कार्यान्वयन समिति निर्माण तथा सञ्चालन | पटक<br>सञ्चालन | १/१<br>२/४ | √<br>२/४ | √<br>२/४ | √<br>२/४ | √<br>२/४ | १/१ | | संघ |
| ३ | जिल्ला शिक्षा समन्वय तथा विकास एकाइको पुनर्गठन | सङ्ख्या | २० | √ | √ | √ | √ | २० | | संघ तथा प्रदेश |
| ४ | शिक्षक तालिम | सङ्ख्या | २२ | २९ | २९ | २९ | २९ | २९ | | संघ तथा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | केन्द्र थप तथा सुदृढ गर्ने | नियमित | + ७ | | | | | | | प्रदेश |
| ५ | संघ. प्रदेश तथा स्थानीय तहमा संगठन तथा व्यवस्थापन सर्भे गरी संगठन तथा जनशक्तिको पुनर्संरचना गर्ने | पटक | १ | | | | | १ | | संघ, प्रदेश तथा स्थानीय तह |
| ६ | प्रतिवेदन र तथ्याङ्क प्रणाली सुधार तथा सुदृढ गर्ने | पद्धति | १ | | | | | १ | | संघ, प्रदेश तथा स्थानीय तह |
| ७ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | पद्धति प्रअ सङ्ख्या | १ | ५ हजार | ५ हजार | ५ हजार | ५ हजार | २० हजार | | स्थानीय तह मावि तथा कक्षा १–८ चलेका आधारभूत विद्यलालय |
| ८ | शिक्षक तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन गर्ने | पद्धति | १ | √ | √ | √ | √ | १ | | स्थानीय तह, विद्यालय |
| ९ | स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा सञ्चालन गर्ने | सङ्ख्या | ७५३ | √ | √ | √ | √ | ७५३ | | स्थानीय |
| १० | अनौपचारिक शिक्षा र जीवन पर्यन्त | संयन्त्र | ८ | ८ + ७५३ | √ | √ | √ | ७६१ | | संघ, प्रदेश |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाइसम्बन्धी विभिन्न तहमा संयन्त्र विकास गर्ने | | | | | | | | | तथा स्थानीय तह |
| ११ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारीसम्बन्धी सेवा तथा समन्वयसम्बन्धी सयन्त्र विभिन्न तह तथा विद्यालयमा विकास गर्ने | संयन्त्र | ८ | ७५३ | | | | ७६१ | | संघ, प्रदेश, स्थानीय तह तथा विद्यालय |
| १२ | शिक्षासम्बन्धी कार्यका लागि स्थानीय तह, प्रदेश तथा संघका जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | २६१ | ३०० | २०० | | | ७६१ | | संघ, प्रदेश, स्थानीय तह |

**उल्लिखित क्रियाकलापको व्याख्या**

१. संघले संघीय शिक्षा ऐन तथा नियमावली तथा विद्यालय शिक्षासम्बन्धी यस योजनाका विभिन्न खण्डमा उल्लेख भएअनुसार एकीकृत मापदण्ड विकास गर्ने र प्रदेश तथा स्थानीय तहमा शिक्षासम्बन्धी कानुन तथा कार्यविधि तयार गरी लागु गर्ने ।

२. संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतमा प्रादेशिक सामाजिक मन्त्री र स्थानीय तहको उचित प्रतिनिधित्व हुने गरी राष्ट्रिय शिक्षा परिषद गठन र सम्बन्धित सचिवहरू र स्थानीय तहको प्रतिनिधित्व हुने गरी कार्यान्वयन समिति गठन गर्ने ।

३. संघ र प्रदेशबाट सञ्चालन हुने शैक्षिक गतिविधिको सञ्चालन तथा स्थानीय तहरूसँग समन्वय र सहजीकरण गर्न प्रदेश मातहतमा रहने गरी हालको जिल्ला शिक्षा समन्वय तथा विकास एकाइलाई पुनर्संगठित गरी ३ वा ४ जिल्ला कार्यक्षेत्र हुने गरी २० ओटा एकाइ व्यवस्थापन गर्ने ।

४. हालका २२ ओोटा जिल्ला शिक्षा समन्वय तथा विकास एकाइलाई प्रदेशअन्तरगतका शिक्षक तालिम केन्द्र रूपमा पुनर्संगठित गरी तालिम केन्द्रहरू २९ ओटा बनाउने ।

५. संघ, प्रदेश तथा स्थानीय तहमा विद्यालय शिक्षासँग सम्बन्धित कार्यका लागि संगठन तथा व्यवस्थापन सर्भे गरी संगठन तथा जनशक्तिको पुनर्संरचना गर्ने

६. स्थानीयले प्रदेश र संघमाप्रतिवेदन र तथ्याङ् प्रदेशले संघमा प्रगति ,क पठाउने र सार्वजनिक गर्ने आवश्यक कानुनी व्यवस्था, संयन्त्र र प्रविधिको विकास गर्ने । विद्यार्थी, शिक्षक र शिक्षण संस्थाको नियमित गुणस्तर परीक्षण विद्यार्थी उपलब्धि परीक्षण र ) न्वय भए नभएको समेत गर्ने र त्यसको नतिजाको कार्या (संस्थाको कार्यसम्पादन परीक्षण परीक्षण गरी सार्वजनिक गर्ने नीतिगत व्यवस्था गर्ने ।

७. प्रधानाध्यापकलाई पाँच वर्षका लागि कार्यसम्पादन करार गरी राम्रो कार्यसम्पदन गर्ने प्रअ लाई अर्को एक अवधिसम्मका लागि मात्र करार अवधि थप गर्न सकिने व्यवस्था गरी क्षमता विकासको व्यस्था गर्ने ।

८. शिक्षकलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने पद्धित विकास गर्ने ।

९. स्थानीय तहमा पठनपाठनमा शिक्षकहरूलाई सहयोग गर्ने पद्धतिको विकास गरी विद्यालयहरूको सहभागितामा शिक्षक सहायता तथा प्रवर्तनात्मक कार्यका लागि विषय शिक्षकको सञ्जाल गठन तथा सञ्चालन गर्ने ।

१०. अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइको व्यवस्थापनका लागि संघ, प्रदेश, स्थानीय तह संयन्त्र तयार गर्ने र सामुदायिक अध्ययन केन्द्रलाई पुनर्संरचना गरी प्रभावकारी बनाउने।

११. विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारीसम्बन्धी सेवा, शिक्षा तथा तयारीका लागि संघमा समन्वय तथा स्थानीय तहमा सहकार्य र समन्वय संयन्त्र विकास गर्ने ।

१२. समग्र स्थानीय तहका शिक्षाका निकाय तथा कर्मचारी र सरोकारवालाको क्षमता विकासका कार्यक्रम सघन कार्ययोजना विकास गरी कार्यान्वयन गर्ने ।

# ५.३ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध

## ५.३.१ परिचय

योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि कार्यान्वयनको उपयुक्त प्रबन्ध आवश्यक छ । कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति ,कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्त्व पर्दछन् । यस परिच्छेदको अघिल्लो खण्डमा यस योजनाका लागि आवश्यक सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गरिसकिएकोले कार्यान्वयन प्रबन्धको महत्त्वपूर्ण पक्षका रूपमा यसलाई लिई यस खण्डमा कार्यान्वयनको प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ ।

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति ,प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप पूर्ण रूपमा रुपान्तरण गर्ने कार्य पुरा भएको छैन । त्यसैले एकातिर यो सङ्क्रमणलाई सहज रुपान्तरण गर्न सहयोग गर्ने गरी कार्यान्वयन प्रबन्ध गर्नु पर्ने छ भने अर्कोतिर योजना कार्यान्वयनका विशिष्ट कार्यहरू सम्पादनमा लागि आवश्यक संरचना तथा प्रबन्ध पनि आवश्यक हुन सक्दछन् । कार्यान्वयन प्रबन्ध तयार गर्दा विचार पुऱ्याउनु पर्ने अर्को पक्ष भनेको यस योजनाको कार्यान्वयन संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणलीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु हो ।

उल्लिखित सन्दर्भमा यस खण्डमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनको प्रबन्ध उल्लेख गरिएको छ । कार्यान्वयन प्रबन्धको समग्र पक्षअन्तर्गत यस परिच्छेदको अघिल्लो खण्डमा उल्लिखित सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू पनि समावेश हुने भएकाले त्यसलाई समेत आधारमा मानेर कार्यान्वयन प्रबन्ध उल्लेख गरिएको छ । यस योजनाको अनुगमन तथा मूल्याङ्कनका विस्तृत रणनीति तथा क्रियाकलापहरू आगामी खण्डमा समावेश गरिएकाले यस खण्डमा कार्यान्वयन प्रबन्धको र जिम्मेवारी मात्र समावेश गरी संघ प्रदेश स्थानीय तह तथा विद्यालयअन्तर्गत कार्यन्वयनको जिम्मेवारी तथा प्रक्रिया इङ्गित गरिएको छ ।

## ५.३.२ वर्तमान अवस्था

नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भई केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण भए तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप रुपान्तरण गर्न थप कार्य गर्नु पर्ने देखिन्छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नु पर्ने छ । संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गर्दछ । त्यसै गरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरूको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । मन्त्रालयअन्तर्गत समग्र विद्यालय क्षेत्रका कार्यक्रमको रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरू विकास तथा शिक्षा सेवाका कर्मचारीको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि पाठ्यक्रम विकास केन्द्र र शैक्षिक पद्धित, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरी सुधारका मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरी तीनओटा विभागीय विकायहरू रहेका छन् । शिक्षक छनोट, बढुवा तथा अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तभरण लगायतका निवृत्त शिक्षकको सेवाका लागि संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत शिक्षक किताबखाना रहेको छ । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ र कक्षा १० मा सार्वजनिक परीक्षा सञ्चालन गरिरहेको छ ।

प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र अन्तर्गत एकएकओटा शिक्षा विकास निर्देशनालय र एकएकओटा तालिम केन्द्रहरू रहेका छन् भने केही प्रदेशहरूले केही डिभिजनल कार्यालयहरू खोल्न थालेका छन् । स्थानीय तहमा शिक्षा महाशाखाशाखा रहेका छन् ।प्रत्येक विद्यालयमा / विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ । यसका अतिरिक्त संघीय शिक्षा मन्त्रालयअन्तरगत प्रत्येक जिल्लामा एउटाका दरले ७७ ओटा जिल्ला शिक्षा विकास तथा समन्वय एकाइहरू रहेका छन् ।

संघीय संरचनाअनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएका सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका

लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ । हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्नअनुसार छन्:

१. स्रोत केन्द्र पद्धति विघटन भई अर्को स्थानीय शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएको कठिनाइ हटाउनका लागि स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु

२. तत्कालमा रहेका २९ शिक्षा तालिम केन्द्रलाई ७ ओटामा खुम्च्याइएको अवस्थामा शिक्षक तालिमको क्षमता अपर्याप्त भएकाले विस्तार गर्नु ।

३. एकातिर पर्याप्त कार्यविवरणा विना नै तत्कालिन जिल्ला शिक्षा कार्यालयहरूलाई जनशक्ति केही कम गरी ७७ ओटा जिल्ला शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण गरी संघीय शिक्षा मन्त्रालयअन्तर्गत राखिएको छ भने अर्कोतिर स्थानीय तहमा जनशक्ति अभाव हुनाले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित हुन नसकेको अवस्थामा सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु ।

४. विद्यालय शिक्षाका सन्दर्भमा प्रदेश तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्नु पर्ने र तदनुकूल कार्यान्वयन संयन्त्र पुनर्संरचित गर्नु ।

५. संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु ।

६. संघ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्ने, आवश्यक सूचनाको सहज आदान प्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु ।

### ५.३.३ योजना कार्यान्वयनको प्रबन्ध

यस योजना कार्यान्वयनको अवधिमा संघीय संरचनाअनुसार हालसम्म गरिएका कार्यान्वयन प्रबन्धको अनुभवका आधारमा कार्यान्वयन प्रबन्धमा आवश्यक सुधारसहित स्पष्ट जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्नु आवश्यक छ । शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तर्जुमा, आवश्यक नीतिगत मापदण्ड परिमार्जन तथा विकास ,कार्यक्रम कार्यान्वयन तथा अनुगमन तथा मूल्याङ्कनका लागि तीन तहका सरकारबिच जिम्मेवारी तथा उत्तरदायित्त्वको स्पष्टताका साथै एक अर्कोबिच आपसी समन्वय, सहकार्य र आदान प्रदान पद्धतिको विकास आवश्यक छ । यसका लागि तीन तहका सरकारबिच ठाडो (Vertical) अन्तरसम्बन्ध र सञ्चार प्रणाली तथा प्रत्येक सरकारका विभिन्न निकायबिचको तेर्सो (Horizontal) समन्वय तथा सञ्चार प्रणाली पनि स्थपित हुनुपर्छ । फेरि यस योजनाको कार्यान्वयनको मुख्य थलो वा एकाइ विद्यालय

भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रबन्धका साथसाथै स्थानीय तहले विद्यालयका क्रियाकलापहरूको नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकतानुसार सहयोग र समन्वय गर्नु पर्दछ ।

संघीय तहबाट शिक्षाका लागि प्रदेश तथा स्थानीय तहमा जाने अधिकांश बजेट सशर्त अनुदान (Conditional grants) हुने भएकाले सो अनुदानको खर्च गर्दा निर्धारित मापदण्ड पालना गर्नु पर्ने हुन्छ भने प्रदेश तथा स्थानीय तहले आफ्नै तथा अन्य स्रोतबाट शिक्षामा गर्ने लगानीलाई पनि समग्रतामा शिक्षाको पहुँच, सहभागिता, गुणस्तर तथा समता र समावेशिता प्रवर्धन गर्ने किसिमले व्यवस्थित गर्नु पर्दछ । प्रदेश तथा स्थानीय तहहरूले संघीय तहबाट प्राप्त सशर्त अनुदानका अतिरिक्त अन्य अनुदान र उनीहरूको आफ्नै स्रोतबाट व्यवस्था गरिएको बजेट समेटेर वार्षिक बजेट तथा कार्यक्रम निर्धारण गर्नु पर्दछ । यस प्रकार शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि तीनै तहका सरकार संरचनामा सुधार तथा क्षमता विकास गर्नुका साथै विद्यालयको पनि क्षमता विकास गर्नु आवश्यक छ ।

शिक्षा क्षेत्रको यस योजनाको समग्र कार्यान्वयन प्रक्रियका लागि विभिन्न तहमा निम्निलखित प्रबन्ध गरिने छः

### संघीय तह

१. संघीय शिक्षा मन्त्रीको अध्यक्षतामा शिक्षा ऐनमा व्यवस्था भएअनुसारको राष्ट्रिय शिक्षा परिषदमा प्रदेश सामजिक विकास मन्त्री तथा स्थानीय तहका प्रमुख वा उपप्रमुखको पनि प्रतिनिधित्त्व हुने व्यवस्था मिलाउनाका साथै यस परिषदको सचिवालय स्थापना गर्ने ।

२. मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिमा गरिने चौमासिक समीक्षामा यस योजनाको कार्यान्वयन अवस्था तथा उपलब्धिको समीक्षा गरी अन्तरमन्त्रालय तथा विभिन्न तहका सरकारहरूबिचको समन्वय र सहकार्यका लागि राष्ट्रिय  विकास समस्या समाधान समितिले सहयोग गर्ने ।

३. शिक्षा सचिवको अध्यक्षतामा गठन हुने योजना कार्यान्वयन समिति शिक्षा मन्त्रालयको योजना महाशाखा प्रमुख, मन्त्रालयअन्तर्गतका केन्द्रीय निकायका प्रमुखहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायतका प्रतिनिधि र प्रदेश समाजिक मन्त्रालयका सचिवको प्रिनिधित्त्व रहने छ ।यस समितिको बैठकमा आावश्यकता भएमा विकास साझेदारका प्रतिनिधिलाई पनि आमन्त्रित गर्न सकिने छ।

४. संघीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा मन्त्रालयको योजना महाशाखाले कार्यन्वयनका लागि सम्बन्धित निकायहरूबिच समन्वय गर्ने छन् भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकाको विकास, शैक्षिक सूचना प्रणाली व्यवस्थापन र वार्षिक स्थिति प्रतिवेदन तयारी गर्ने छ ।

५. पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रदेश तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी निर्धारित कार्यक्रम सञ्चालन गर्ने छन्।

६. शिक्षा मन्त्रालयको योजना तथा अनुगमन महशाखाअन्तर्गतको वैदेशिक सहयता समन्वय शाखाले विकास सहायता सञ्चालनका लागि विकास साझेदारहरूबिच समन्वय गर्नेछ।

७. विभिन्न विषय क्षेत्रमा अन्तरमन्त्रालय तथा अन्तरनिकाय समन्वय र सहकार्यका लागि आवश्यकतानुसार समन्वय संयन्त्र विकास हुनेछ ।

८. यो योजनाका प्रमुख उपलब्धि सूचकहरू (KPI), कार्यक्रम नतिजा सूचकहरू (PRF) र वार्षिक कार्यक्रम तथा बजेटका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग सहकार्य गरी मन्त्रालयको योजना महाशाखाले वार्षिक रूपमा अनुगमनसूचक तयार गरी नियमित रूपमा अनुगमन प्रतिवेदन तयार गर्नेछ ।

९. शिक्षा मन्त्रलयले विकास साझेदार तथा सरकारका सम्बन्धित निकायहरू समेतको सहभागितामा कार्यक्रम कार्यान्वयनको वार्षिक समीक्षा गरी सुधारका लागि सुझाव प्रदान गर्ने तथा सुधारका लागि कार्य योजना तयार गर्न सहयोग गर्ने पद्धतिलाई व्यवस्थित गर्ने ।

### प्रदेश तह

१. प्रदेश तहमा सामाजिक विकास मन्त्रालयले प्रदेश शिक्षा विकास निर्देशनालयमार्फत आवश्यक समन्वय गर्नेछन् भने प्रदेश मातहतमा रहने शिक्षा डिभिजन कार्यालय तथा तालिम केन्द्रहरूले निर्धारित कार्यक्रम कार्यान्वयन गर्नेछन् ।

२. प्रदेश शिक्षा डिभिजन कार्यालयमार्फत कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तह तथा संघीय तहसँग आवश्यक समन्वय गर्नेछन् ।

३. योजनाका लागि संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानका अतिरिक्त अन्य अनुदान तथा प्रदेशको आफ्नै स्रोतबाट सञ्चालन हुनेगरी एकीकृत रूपमा वार्षिक योजना तयार प्रदेश सामाजिक विकास मन्त्रालयले तयार गर्ने छ भने कार्यान्वयनको अवस्थाको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाउनेछन् ।

४. प्रदेशमा प्रदेश परीक्षा बोर्ड स्थापना गरी कक्षा १० को सार्वजनिक परीक्षा सञ्चालन गर्नेछन् ।

### स्थानीय तह

१. स्थानीय तहले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्नेछन् ।

२. स्थानीय तहका शिक्षा महशाखाशाखाको क्षमता विकास गरी सुदृढ गरिन /े छ भने स्थानीय तहले कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्नेछन् ।

३. स्थानीय तहले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन् ।

४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार स्थानीय तहले कानुन तथा मापदण्ड तथा निर्देशिका विकास गर्ने छ।

५. स्थानीय तहले एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधार मा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने छन् ।

६. स्थानीय तहले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने छन् ।

### विद्यालय

१. विद्यालयले विद्यालय सुधार योजना (SIP) तयार गरी बार्षिक रूपमा अध्यवधिक गर्नेछन् ।

२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्नेछन् ।

३. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यपकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने छ ।

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्नेछन्।

५. विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने छन् ।

६. विद्यालयले स्थानीय सरकारका सम्बन्धित एकाइहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोत व्यक्तिसमेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको व्यवस्था र आपतकालको व्यवस्थापनसमबन्धी सिप प्रदान गर्नका लागि आवश्यक समिति वा संरचना तयार गर्ने छन् । विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्नेछन् ।

#### समुदायिक अध्ययन केन्द्र

१. सामुदायिक अध्ययन केन्द्रको सञ्चालनका लागि व्यवस्थापन समिति गठन गरिने छ ।

२. स्थानीय तहबाट प्राप्त अनुदान तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानी समेतका आधारमा स्थानीय तहको समन्वयमा  व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने छ ।

३. सामुदायिक अध्ययन केन्द्रले विभिन्न विषयगत स्थानीय तहका एकाइहरू, सामुदायिक तथा गैरसरकारी संस्थाहरू तथा समुदायसँग आवश्यकतानुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने छ ।

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै

कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनको क्रममा सिकिएका पाठहरूको आधार तथा संघीय संरचनाको सन्दर्भमा अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य, रणनीति एवम् यस शिक्षा क्षेत्रको योजनामा संघीय स्वरूपअनुसारको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासका लागि सबै तहका सरकार, सबै निकाय र सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन ढाँचा, साधन, विषय र प्रतिवेदनसम्बन्धी विषयहरू यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

### ५.३.२ वर्तमान अवस्था

नेपालमा आठौं योजनाबाट अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गको रूपमा समेटेको पाइन्छ । राष्ट्रियस्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) र मन्त्रालयस्तरमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) गठन भई चौमासिक रूपमा बैठक बस्ने र विकास कार्यक्रमहरूको चौमासिक प्रगति समीक्षा गर्ने गर्दछ । राष्ट्रिय शिक्षा पद्दतिको योजना अवधिमा शिक्षा मन्त्रालयमा मूल्याङ्कन शाखा रहेकोमा २०४९ पछि यसलाई अनुगमन शाखाका रूपमा विकास गरियो भने २०६३ पछि अनुगमन महाशाखाका रूपमा विकास गरिएको थियो । संघीय संरचना प्रारम्भ भएपछि मन्त्रालयको संरचनागत परिवर्तन भई योजना तथा अनुगमन महाशाखाअन्तर्गत अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ ।

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट. प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलव्धि परीक्षण गर्दै आएको छ। विद्यालय निरीक्षक तथा स्रोतकेन्द्रबाट शिक्षकलाई शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरिवेक्षण हुने गरेकोमा अहिले आएर स्रोतकेन्द्र खारेज भएका हुनाले सुपरिवेक्षणका लागि कुनै संस्थागत प्रबन्ध रहेको छैन।

दिगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिने गरिएको छ।

वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा भएका सबल र कमजोर पक्षको जानकारी लिने तथा लक्ष्य र वास्तविक कार्यान्वनको अवस्थाबिचको अन्तर पत्तालगाउनका लागि नतिजा तालिका अनुसारको सूचना सङ्कलन गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधारसम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलव्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य सुरू गरिएको छ । बाह्य मूल्याङ्कन समूहबाट विद्यालय क्षेत्र विकास कार्यक्रमको मध्यावधि मूल्याङ्कन कार्य सम्पन्न भएको छ । विद्यालय तह, स्थानीय तह, प्रदेश र संघीय तहमा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रममा वैदेशिक सहयोगको कतिपय अंश लक्ष्यित नतिजामा आधारित गरी वाह्य संस्था वा विज्ञद्वारा भुक्तानी सूचकहरू (disbursement indictors-DLI) रुजू गरेर मात्र उपलब्धिअनुसार सरकारले भुक्तानी पाउने व्यवस्था पनि गरिएको छ ।

उल्लिखित प्रबन्ध भए पनि संघीय संरचनाअनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरी आवश्यक नतिजाहरू सबै तहको सरकारले प्राप्त गर्न सक्ने गरी स्वचालित बनाइनु पर्नेछ ।यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाइनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ ।

उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छः

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास,स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु

२. अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु

३. अनुगमनको प्रतिवेदन व्यस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास

४. संघीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्संगठित गर्नु

५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु

६. सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु

७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु ।

### ५.३.३ उद्देश्य

१. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु

२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलव्धि हासिल गर्नु ।

४. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

### ५.३.४ रणनीतिहरू

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ ।

२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण (सफ्टवेयरको निर्माण गरी) गरिने छ ।

३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइने छ । सूचक विकासका लागि प्रमुख नतिजा सूचक ( अनुसूची १: KPIs) तथा नतिजा खाका ( अनुसूची २: PRF) लाई मुख्य आधार बनाइने छ ।

४. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गरिने छ ।

५. विद्यालयदेखि शिक्षाका स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरू एवम् शिक्षा सम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि वेबमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइने छ ।

६. योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरी प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ र कुन तहले कुन कुन स्तर कुन कुन विषयको अनुगमन तथा मूल्याङ्कनलाई ध्यान दिने भन्ने निश्चित गरिने छ ।

७. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गरिने छ ।

८. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गरिने छ ।

९. अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्यमा जोड दिइने छ।

१०. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ ।

११. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ ।

१२. प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित आवधिक मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ ।

१३. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गरिने छ ।

१४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ ।

### ५.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने ।

२. अनुगमनका आधारमा नतिजा सुधार हुने ।

३. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने ।

४. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने।

५. विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

**घ) अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरू**

**तालिका ५.२: अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र. सं. | **क्रियाकलाप** | **एकाइ** | लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | अनुगमनको जिम्मेवारीसहित एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन विकास | पटक | १ | | | | | १ | संघ |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | | १ | १ | १ | १ | १ | ५ | संघ, स्थानीय तह |
| ३ | कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक तह तथा निकायले आफूले कार्यान्वियन गरेका कार्यक्रमको अनुगमन गर्ने | निकाय | | | | | | | संघ,स्थानीय तह |
| ४ | कार्यक्रम कार्यान्वियनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | संघ, प्रदेश तथा स्थानीय तह |
| ५ | शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सुधार गरी तीनै तहका सरकारले आवश्यक सूचना लिन सक्ने गरी एकीकृत तथा व्यवस्थित गर्ने | सुधार–पटक<br>कार्यान्वयन–पटक | १<br>२ | <br>२ | <br>२ | <br>२ | <br>२ | १<br>१० | संघ |
| ६ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश तथा स्थानीय तह |
| ७ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | कार्यक्रम | | १ | २ | | २ | ५ | संघ, प्रदेश |
| ८ | शिक्षा क्षेत्रको योजना कार्यान्वयनको समग्र मूल्याङ्कन गर्ने | पटक | | | १ | | १ | २ | संघ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | कक्षा | | ८ | ५ | १० | | | संघ,स्थानीय तह |
| १० | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने । | विद्यालय प्रतिशत, कक्षा १–८ | | २५ | २५ | २५ | २५ | | संघ,स्थानीय तह |
| ११ | स्थानीय तहले अनुगमन पद्धति विकास तथा कार्यान्वयन गर्ने | पद्धति ७५३ | १ ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | १ ७५३ | संघ,स्थानीय तह |
| १२ | अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्न क्षमता विकास गर्ने | ७६१ | ३०० | २०० | १७१ | | | | संघ,स्थानीय तह र प्रदेश |
| १३ | विद्यालयहरूमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह, विद्यालय |
| १४ | विद्यालयहरूको लेखा परीक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह, विद्यालय |
| १५ | विभिन्न विषय तथा मुद्दामा अध्ययन तथा अनुसन्धान | सङ्ख्या | ९ | ११ | १२ | १२ | १२ | ४४ | संघ र प्रदेश |

द्रष्टव्यः तालिकाको क्रमसङ्ख्या १ सँग सम्बन्धित अनुगमन तथा मूल्याङ्कनका लागि मुख्य जिम्मेवारी निम्नअनुसार हुनु उपयुक्त हुने छः

विभिन्न तहका सरकारका अनुगमन तथा मूल्याङ्कनसम्बन्धी  विशिष्ट जिम्मेवारी पहिचान गरिएमा दोहरोपन हट्ने र सबै पक्ष समावेश हुन सहयोग पुगी अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी र कार्यकुशल हुन सहयीग पुग्दछ । यस सन्दर्भमा शिक्षा क्षेत्रको यस योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी संघ. प्रदेश र स्थानीय तहका विशिष्ट जिम्मेवारी पहिचान गरिएको छ । यहाँ के विचार पुऱ्याउनु आवश्यक छ भने अनुगमन तथा मूल्याङ्कनसम्बन्धी संघ. प्रदेश र स्थानीय तहका यी विशिष्ट जिम्मेवारी भित्रका नतिजा तथा प्रतिवेदनहरू सबै तहका सरकारका निकायले सहज तथा नियमित रूपमा प्राप्त गर्ने पद्धित स्थापित गरिनु आवश्यक छ भने यी विशिष्ट जिम्मेवारी मात्र भएकाले अनुगमनका लागि आवश्यकताअनुसार थप क्षेत्र समावेश गर्न सकिने छ ।

१. भौतिक संरचना, शिक्षकको पर्याप्तता र योग्यता, समुदायको सहभागिता, प्रविधिमैत्री वातावरण निर्माण, शिक्षक विद्यार्थीमैत्री शैक्षिक वातावरण, पाठ्यपुस्तक वितरणलगायत **कार्यक्रमका आगत (Inputs)** को अनुगमनको मुख्य जिम्मेवारी स्थानीय तहको हुने छ ।

२. शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, नेतृत्व र व्यवस्थापन, सह तथा अतिरिक्त क्रियाकलाप, नियमितता, पाठ्यक्रम कार्यान्वयन, शिक्षक तालिम अनौपचारिक कक्षा खुला तथा बैकल्पिक कक्षा, विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलानलगायत **कार्यक्रम कार्यान्वयन प्रक्रिया (Process)** को अनुगमनको मुख्य जिम्मेवारी प्रदेश तथा स्थानीय तहको हुने छ ।

३. शिक्षक विद्यार्थी नियमितता प्रतिशत, सिकाइमा प्रविधिको प्रयोग, भर्नादर, टिकाउ दर, कक्षा दोहोऱ्याउने दर, तालिम प्राप्त शिक्षक प्रतिशत, प्रविधियुक्त विद्यालय सङ्ख्या, प्राविधिक शिक्षामा पहुँचलगायत **कार्यक्रमको परिणाम (Output)** को अनुगमनको मुख्य जिम्मेवारी स्थानीय तहको हुने छ ।

४. विद्यार्थीको सिकाइ उपलब्धि, सेवाग्राहीको सन्तुष्टि, शिक्षकको पेसागत सन्तुष्टि, तह पूरा गर्ने दर, लैङ्गिक समता तथा अन्य समता सूचक, आन्तरिक सक्षमतालगायत **कार्यक्रमको उपलब्धि (Outcome)** को अनुगमनको मुख्य जिम्मेवारी प्रदेश तथा संघीय तहको हुने छ ।

५. जीवनपर्यन्त सिकाइ, दक्षताको उपयोग, विविधताको सम्मान, समता तथा समावेशीकरणलगायत **कार्यक्रमको प्रभाव (Impact)** को अनुगमनको मुख्य जिम्मेवारी संघीय तहको हुने छ ।

# परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण तथा उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । भविश्यका लागि गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गरिन्छ । त्यसैले बालबालिकाको शिक्षामा गरिने लगानी व्यक्ति, समाज र  राज्यको दीर्घकालिन विकासका लागि सहयोग गर्दछ । राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु  पर्दछ । ती तीन पक्षहरूमा पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता; दोस्रो, सहभागी भई सकेकालाई उचित  र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन् ।

शिक्षामा लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकांक्षालाई विचार गरेर नेपालमा पनि सरकार तथा समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकांक्षा तथा आवश्यकता, यससम्बन्धी विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन  गरिदै आएको छ । यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन् । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ पनि स्वीकृत गरेको छ । संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व भएको छ । यसका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ ।

संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र

आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपूरक अनुदानको राष्ट्रिय योजना आयोगबाट वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थापन हुँदै आएको छ । सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पुरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा स्थानीय र प्रदेश तहबाट हाल अभ्यास भएको देखिदैन । संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ ।

शिक्षामा राज्यको पर्याप्त लगानी  समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्त्वपूर्ण पक्ष हो । एकातिर संवैधानिक प्रावधानले मुलुकले समता र न्यायमा आधारित समाजवाद उन्मुख राज्य परिकल्पना गर्नु, अर्कोतिर शिक्षामा क्षेत्रको लगानी र निजीको क्षेत्रमा संलग्नता क्रमशः बढ्दै जानुले शिक्षामा लगानीका सम्बन्धमा चुनौती थपिएको छ । राज्य संघीय स्वरूपमा व्यवस्थापन हुँदै गर्दा संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्त्वको विषय बनेको छ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान **गरी तिनलाई** एकत्रित  गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्त्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीको पक्ष उत्तिनै सक्षम हुन्छ र व्यवस्थित हुन्छ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

## ६.२ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई

लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ ।

**शिक्षामा राज्यको लगानीको अवस्था**

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कुल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि२०५५सं . देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ । विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ । विगत ५ वर्षको शिक्षा क्षेत्रको बजेट देहायअनुसार रहेको छ ।

**तालिका ६ :१.विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप)  बजेट रु करोडमा(**

| आ.व. | शिक्षा बजेट | वैदेशिक सहायता रकम | वैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट वृद्धि प्रतिशत | कुल संघीय बजेटमा शिक्षा बजेटको अंश | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७३/७४ | ११६३६ | १०३४ | ८.८८ | १७.९६ | ११.१ | ४.१ |
| २०७४/७५ | १२६६४ | १०९६ | ८.६५ | ८.८४ | ९.९ | ४.२ |
| २०७५/७६ | १३४५१ | १२८७ | ९.५७ | ६.२१ | १०.२ | ४.१ |
| २०७६/७७ | १६३७६ | १७४६ | १०.६६ | २१.७४ | १०.६ | ४.४ |
| २०७७/७८ | १७१७१ | २४५१ | १४.२८ | ४.८६ | ११.७ | ४.४ |

*स्रोतः अर्थमन्त्रालय (सम्बन्धित आ.व. का बजेट पुस्तिकाहरू)*

माथिको तालिकाअनुसार कुल शिक्षा बजेट वार्षिक रूपमा वृद्धि हुँदै गएको देखिन्छ । विगत ५ वर्षमा औसत ११.९ प्रतिशतका दरले शिक्षाको बजेट वृद्धि भएको देखिन्छ तापनि वार्षिक मूल्यवृद्धि दरसँग तुलना गर्ने हो भने औसत वास्तविक बजेट वृद्धि दर ५ प्रतिशतको हाराहारीमा मात्र देखिन्छ। कुल राष्ट्रिय बजेटमा शिक्षा क्षेबको पाँच वर्षको बजेटको अंश ९.९ प्रतिशतदेखि ११.७ प्रतिशतसम्म रहेको देखिन्छ । आ. व. २०६७/६८ भने यो प्रतिशत १७.१ पुगेको थियो ।

त्यसै गरी, विकास साझेदार संस्था (DPs) हरूसँग संयुक्त लगानी प्रबन्ध (JFA) एवम् क्षेत्रगत विकास ढाँचा (SWAP) मा आधारित परियोजनाका आधारमा लगानीको प्रयास भैरहेको छ । विगत ५ वर्षको विद्यालय शिक्षा क्षेत्रको बजेट विश्लेषण गर्दा कुल शिक्षाको बजेटबाट वार्षिक रूपमा औसत ६९.५ प्रतिशत बजेट विद्यालय क्षेत्रमा छुट्याइएको देखिन्छ । यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६ :२.SSDP समयावधिमा सरकारी र वैदेशिक स्रोतको अवस्था बजेट) बजेट रु करोडमा(**

| आ.व. | जम्मा शिक्षा बजेट | SSDP | | | |
|---|---|---|---|---|---|
| | | बजेट | बजेट % | वैदेशिक सहयोग रकम | वैदेशिक सहयोग % |
| २०७३/७४ | ११६३६ | ८५९८ | ७३.८९ | ७७०.०० | ८.९६ |
| २०७४/७५ | १२६६४ | ९३०६ | ७३.४८ | ७८३.०० | ८.४१ |
| २०७५/७६ | १३४५० | ९२९३ | ६९.०९ | ९१८.०० | ९.८८ |
| २०७६/७७ | १६३७५ | ९८८४ | ६०.३६ | १०८९.० | ११.०२ |
| २०७७/७८ | १७१७१ | १२१२५ | ७०.६१ | १३२८.० | १०.९५ |

*स्रोतः अर्थमन्त्रालय (सम्बन्धित आ. व. का बजेट पुस्तिकाहरू)*

विगत ५ वर्षको विद्यालय क्षेत्र विकास कार्यक्रमका लागि नेपाल सरकार र वैदेशिक सहयोगबाट लगानीको हिस्सा औसतमा क्रमशः ९०.२ र ९.८ प्रतिशत रहेको छ ।

**शिक्षामा घरपरिवार र निजी लगानी**

शिक्षा क्षेत्रमा घरपरिवारको लगानी उलेख्य छ भने यसमा निजी क्षेत्रले पनि लगानी गरिरहेको छ । शिक्षामा गरिने सार्वजनिक र घरपरिवार तथा निजी लगानीलाई मुलुकले अवलम्बन गरेको दर्शन र राज्यका विहङ्गम राष्ट्रिय नीतिको सापेक्षतामा हेर्ने गरिन्छ । नेपालको संविधानले नेपाल राज्य समाजवाद उन्मुख हुने र आधारभूत तहसम्मको शिक्षा नि:शुल्क र अनिवार्य हुने तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने कुरा मौलिक हक कै रूपमा समावेश गरेको छ । त्यसै गरी शिक्षालाई नागरिक अधिकारको रूपमा राज्यका नीतिमा उल्लेख भएको छ । यो पक्षबाट शिक्षामा गरिने सार्वजनिक र निजी लागानीलाई विश्लेषण गर्दा शिक्षामा सार्वजनिक लगानी बढाउनु पर्ने अवस्था देखिन्छ ।

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालमा पढ्ने विद्यार्थी सङ्ख्या कुल विद्यार्थी सङ्ख्याको २५ प्रतिशतभन्दा बढी रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षा भने ५० प्रतिशत भन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा रहेका छन् । विद्यालय तहसम्मको शिक्षाको प्रबन्ध राज्यको दायित्व हुने संवैधानिक प्रत्याभूतिलाई सम्बोधन गर्ने सन्दर्भमा निजी

क्षेत्रको सहभागिता केकसरी हुने भन्ने विषय पनि शिक्षामा लगानी र स्रोत व्यवस्थामा महत्त्वपूर्ण हुन्छ । नेपालका निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा सरकारी खर्च (लगानी) प्रत्यक्ष रूपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ । त्यसका लागि सरकार तथा निजी खर्च के कति भयो भनी हिसाबकिताब गरेको पाइदैन र यो सहज पनि छैन । प्रति विद्यार्थी निजी र सार्वजनिक क्षेत्रबाट के कति लगानीमा भएको छ भन्ने एउटा अनुसन्धान प्रतिवेदनले देखाएको नतिजा यहाँ प्रस्तुत गरिएको छ । यहाँ प्रति विद्यार्थी सार्वजनिक खर्च विभिन्न तहका सरकारले सम्बन्धित तहले शिक्षामा गरको खर्चका आधारमा निकालिएको छ भने प्रति विद्यार्थी निजी लगानीले सामुदयिक विद्यालयमा अभिभावकले गर्ने विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च र निजी विद्यालयमा पढाउने अभिभावकले तिरेको शुल्कलगायत सबै खर्चहरू समावेश भएका छन् ।

**तालिका ६.३: नेपालमा प्रति विद्यार्थी लगानीको तुलनात्मक अवस्था**

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रु | |
|---|---|---|
| | सार्वजनिक | निजी |
| पूर्व प्राथमिक /बालविकास र शिक्षा | ३६०२ | १७३३६ |
| प्राथमिक तह (कक्षा १-५) | ११५३६ | २०२५४ |
| आधारभूत तह (कक्षा ६-८) | ११२५१ | १९९८४ |
| माध्यमिक तह (कक्षा ९-१०) | १०६८१ | ३१६९६ |
| माध्यमिक तह (कक्षा ११-१२) | १६५५६ | ३५७५२ |

*स्रोत: NCE-Nepal (Cited from, UNESCO/IIEP and MOE, 2018)*

माथिको तालिकाअनुसार पूर्व प्राथमिक /बालविकास र शिक्षाबाहेक अन्य तहहरूमा सार्वजनिक लगानीको तुलनामा निजी लागानी करिब दोब्बर भएको देखिन्छ भने पूर्व प्राथमिक /बालविकास र शिक्षामा भने निजी लगानी सार्वजनिक लगानीको झण्डै पाँच गुणा बढी देखिन्छ । नि:शुल्क विद्यालय शिक्षालाई राज्यको दायित्वका रूपमा कार्यान्वयन गर्नका लागि अहिलेकै अवस्थामा पनि सरकारको लगानी बढाउनु जरुरी देखिन्छ भने समग्रमा शिक्षा प्रवाह सुधार गरी बालबालिका मैत्री वातावरमा सबैका लागि गुणस्तरीय शिक्षाको प्रबन्धका लागि थप लगानी आवश्यक छ ।

मुलुकले संघीय गणतन्त्रात्मक संविधान वि. सं. २०७५ मा प्राप्त गरेपछि संघीय स्वरूपको राज्य व्यवस्थापन गर्ने क्रममा संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारको निर्वाचन भएर ती सरकारहरू क्रियाशील भएको सन्दर्भमा संवैधानिक मार्गदर्शन तथा त्यसबाट सिर्जना भएका दायित्त्व, प्राथमिकता तथा जिम्मेवारीले शिक्षामा स्रोत तथा लगानीको स्वरूप निर्धारणलाई महत्त्वपूर्ण आधार तयार गर्दछ भने दिगो विकास लक्ष्य तथा बालअधिकार तथा शिक्षासम्बन्धी नेपालले गरेका प्रतिबद्धता, राष्ट्रिय कानुन तथा नीतिहरू पनि शिक्षामा सार्वजनिक लगानीका आधारहरू हुन् ।

फेरि सार्वजनिक विद्यालयहरूमा विद्यार्थीको भर्ना दर घट्न थाल्नु र संस्थागत (निजी) विद्यालयमा बढ्नुले एकातिर सार्वजनिक शिक्षाको व्यवस्थापन तथा गुणस्तरप्रति अभिभावक विश्वस्त हुन नसकेको भन्ने देखिन्छ भने अर्कोतिर आर्थिक रूपले सक्षम तथा सहज परिस्थितिमा रहेका र आर्थिक रूपले कमजोर तथा सुविधाविहिनबिचको भिन्नतालाई फराकिलो पार्दै लैजाने कार्यलाई बालमस्तिष्कमा नै रोपण गरी यसले समाजका असमानता र द्वन्दलाई मलजल गरेको देखिन्छ । यस्तो अवस्थामा शिक्षाको लगानीले यस्तो भिन्नता तथा असमानतालाई साँघुर्‍याउन सहयोग गर्नुपर्छ।

सार्वजनिक विद्यालयहरूमा विद्यार्थीको भर्ना दर घट्न थालेको र संस्थागत (निजी) विद्यालयमा बढ्न थालेको एउटा तथ्य तल प्रस्तुत आँकडाले पनि स्पष्ट पार्दछन् :

**तालिका ६.४: सार्वजनिक र निजी विद्यालयमा विद्यार्थीको भर्नाको अवस्था**

| शिक्षाको तह | सामुदायिक | | | निजी | | |
|---|---|---|---|---|---|---|
| | २०१९।२० | २०१८।१९ | वृद्धि % | २०१९।२० | २०१८।१९ | वृद्धि % |
| आधारभूत तह (कक्षा १–५) | 2,398,809 | 2,734,695 | -12 | 1,055,476 | 937,460 | 13 |
| आधारभूत तह (कक्षा ६–८) | 1,307,939 | 1,389,783 | -6 | 456,889 | 431,160 | 6 |
| आधारभूत तह (कक्षा १–८) | 3,706,748 | 4,124,478 | -10 | 1,512,365 | 1,368,620 | 11 |
| माध्यमिक तह (कक्षा ९–१०) | 787,800 | 807,967 | -2 | 246,791 | 218,935 | 13 |

*स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास प्रतिवेदनऽ (२०१९-२०) र (२०१८-१९)*

माथिको तालिकामा प्रस्तुत सन् २०१८/१९ र २०१९/२० को तथ्याङ्क तुलना गर्दा नेपालका सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्न थालेको देखिन्छ भने निजीमा बढी रहेको छ । शिक्षामा राज्यको लगानीका दृष्टिले विद्यार्थी सङ्ख्या क्रमशः सामुदायिक विद्यालयमा घट्दै जानु र निजीमा बढ्दै जानुले ले सार्वजनिक शिक्षा गरिने लगानीप्रति थप संवेदनशील हुन पर्ने भएको छ । यसले एकातिर मुलुकले अवलम्बन गरेको नीति र मौलिक हक एवम् नागरिक अधिकारको रूपमा शिक्षालाई गरिएको संवैधानिक प्रत्याभूतिका बारेमा संवेदनशील भई शिक्षामा लगानी हुन पर्ने कुराको सङ्केत गरेको छ भने अर्कोतर्फ स्रोतको आश्यकताको अनुमान पनि निजी तथा सार्वजनिक विद्यालयमा जाने विद्यार्थी सङ्ख्या विचार गर्नु पर्ने हुन्छ ।

अर्कोतर्फ, शिक्षामा घरपरिवारको लगानी पनि उल्लेख्य भएको अध्ययनहरूले देखाएका छन् । निजी विद्यालयहरूमा शुल्कलगायत सबै खर्च घरपरिवारबाटै हुने गर्दछ भने सामुदायिक विद्यालयहरूमा पनि घरपरिवारको लगानी विद्यार्थीको स्टेसनरी तथा ड्रेसलगायत हुने भएकाले

बालबालिकाको शिक्षामा उनीहरूको उल्लेख्य लगानी भइरहेको छ । विद्यालय शिक्षामा करिब ४८.९ प्रतिशत घर परिवारको, ४.६ प्रतिशत शिक्षणसंस्थाहरूको आफ्नै कमाइ र २.१ प्रतिशत गैरसरकारी सस्थाहरूको गरी कुल निजी लगानी करिब ५५.५ प्रतिशत र बाँकी करिब ४४.५ प्रतिशत मात्र सार्वजनिक लगानी अनुमान छ (ESA, 2020) । शिक्षाका सबै तहमा गुणस्तर र पहुँच अभिवृद्धिका विभिन्न कार्यक्रमहरू सञ्चालनका लागि समन्वयात्मक रूपमा स्रोतको खोजी र व्यवस्थापन गर्ने जस्ता प्रयास निरन्तर रूपमा भई रहेका छन् । तर पनि विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन पनि थप लगानी आवश्यक देखिन्छ भने कतिपय विद्यालयहरूमा सिकाइका लागि आवश्यक न्यूनतम प्रबन्धका लागि पनि थप लगानी आवश्यक देखिन्छ । त्यसै गरी दलित, महिला, विभिन्न प्रकारका परिस्थतिमा रहेका. विपन्न तथा अपाङ्गता भएका बालबालिकाहरूलाई शिक्षाको पहुँच तथा सहभागिता बढाई समावेशिता प्रवर्धन गर्ने नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि थप लगानी आवश्यक देखिन्छ । फेरि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाको कार्यसम्पादन परीक्षण र विद्यार्थी उपलब्धि परीक्षणका नतिजाले पनि गुणस्तर अभिवृद्धिका लागि लगानीका दायरा बढाउनु आवश्यक देखिएको छ । यी छलफलले विद्यालय शिक्षामा हालको बजेट पर्याप्त नहुनाका साथै कार्यान्वयनको ढाँचामा पनि सुधार आवश्यक देखाएका छन् ।

### शिक्षाका विभिन्न उपक्षेत्रमा भएको लगानीको अवस्था

शिक्षामा गरिने लगानी सिकारू (विद्यार्थी) का लागि हो । त्यसका लागि शिक्षक व्यवस्थापनमा सर्वाधिक लगानी हुने गर्छ । भौतिक पूर्वाधार तथा संरचना,प्रशासनिक खर्च ,शैक्षिक सामग्री , छात्रवृत्ति, दिवा खाजा आदि लगानीका प्रमुख विषयक्षेत्र हुन् । उदाहरणका लागि नेपालमा विद्यालय क्षेत्रको कुल खर्चको ६५ प्रतिशत भन्दा बढी हिस्सा शिक्षक तलबमा भई रहेको छ । विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरूमा दुई आर्थिक वर्षको लगानीको अवस्था तालिका ६.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.५: शिक्षामा विभिन्न उपक्षेत्रगत संघीय लगानी**

| उपक्षेत्र | 2019/20 | | 2020/21 | |
|---|---|---|---|---|
| | बजेट (रु लाख) | प्रतिशत | बजेट (रु लाख) | प्रतिशत |
| प्रारम्भिक बालविकास तथा शिक्षा | 2,733.20 | 1.67 | 2,938.00 | 1.71 |
| आधारभूत तह | 68,072.80 | 41.57 | 84,974.30 | 49.49 |
| माध्यमिक तह | 28,348.40 | 17.31 | 33,134.10 | 19.30 |
| प्राविधिक शिक्षा | 4,077.20 | 2.49 | 9,558.90 | 5.57 |
| उच्च शिक्षा | 17,638.40 | 10.77 | 17,624.40 | 10.26 |
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | 1,345.20 | 0.821 | 584.7 | 0.34 |

| | | | | |
|---|---|---|---|---|
| शैक्षिक व्यवस्थापन | 41,540.70 | 25.37 | 22,897.80 | 13.33 |
| जम्मा | **163,755.90** | 100 | **171,712.20** | 100 |

स्रोतः अर्थमन्त्रालय (बजेट पुस्तिकाहरू)

यो तालिकाले सबैभन्दा बढी लगानी आधारभूत शिक्षामा र त्यसपछि माध्यमिक शिक्षामा रहेको देखाउँदछ । शैक्षिक व्यवस्थापनमा सन् २०१९/२० मा भन्दा सन् २०२०/२१मा झण्डै आधा बजेट कम भए पनि यसमा तेस्रो ठूलो बजेट रहेको छ ।

शिक्षामा गरेको लगानीको वस्तुपरक रूपमा यति लगानी गरेकोले यति उपलब्धि भयो भन्न गाह्रो छ किनकि शिक्षामा गरिएको लगानीको प्रतिफल तत्काले देखिँदैन । फेरि शिक्षामा गरिने लगानीलाई मानवीय सन्तुष्टिसँग जोड्ने पनि गरिन्छ, जुन मापन गर्न सहज छैन । शिक्षामा गरिने लगानी मानव संसाधन विकासको लागि गरिने लगानीको रूपमा लिइने गरेको पाइन्छ। यी दीर्घकालीन प्रभाव पार्ने विषयक्षेत्रका अतिरिक्त वस्तुपरक सूचकका आधारमा पनि शिक्षामा लगानीको उपलब्धि हेर्ने गरिन्छ ।

अघिल्ला खण्डहरूमा विस्तृत रूपमा उल्लेख भएका तथ्याङ्कअनुसार साक्षरता दरमा वृद्धि, विद्यालयमा भर्ना दर, उत्तीर्ण दर, विद्यार्थी शैक्षिक उपलब्धि जस्ता पक्षमा भएको प्रगतिलाई शिक्षामा गरिएको लगानीको प्रतिफलको रूपमा लिइने गरिन्छ । नेपालमा विद्यालय उमेर समूहका बालबालिका विशेष गरी आधारभूत तह (कक्षा १–५), आधारभूत तह (कक्षा १–८) र माध्यमिक तहमा खुद भर्नादर क्रमशः ९७.१, ९३.४ र ४७.६ पुगी उल्लेख्य रूपमा बढ्नु र उच्च शिक्षामा समेत कोरा भर्नादर बढ्नु साथै साक्षरता दरमा उल्लेख्य वृद्धि हुनुलाई शिक्षामा गरिएको लगानीको राम्रो प्रतिफलको रूपमा लिइन्छ । त्यसै गरी शिक्षण संस्थामा छात्राको सङ्ख्या उल्लेख्य रूपमा बढ्नु र शिक्षक सङ्ख्या वृद्धि हुनु पनि शिक्षामा गरिएको लगानीको प्रतिफल हो । नेपालमा शिक्षामा लगानीका सम्बन्धमा शिक्षक व्यवस्थापनको स्वरूप र शिक्षामा राज्यको लगानीको विषय सर्वाधिक पेचिलो बनेको छ । यी विषयवस्तुहरूका बारेमा अघिल्ला खण्डहरूमा विस्तृत रूपमा चर्चा गरिएको छ ।

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छः

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने

२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने

३. संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गर्ने

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्ने

६. आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने

११. वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न ।

## ६.३ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,

२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

४. खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु,

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रियाउपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

## ६.४ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्:

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आआफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिएको छ ।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गरिनेछ ।

३. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।

४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कुल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कुल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ ।

५. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पुरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरी वैदेशिक सहायताको उपयोग क्षेत्रगत उपागम (Sector Wide Approach - SWAp) को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च (Program-based and Result-based financing) गरिने छ र Non-pooling fund लाई पनि निर्धारित कार्यक्रममा आधारित गराइने छ । ,

६. सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिने छ ।

७. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिने छ ।

८. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने छ ।

९. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

## ६.५ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा दुई मूलभूत प्रक्रिया बिचमा सामानजस्य गर्ने प्रयास हुन्छ । नागरिक अपेक्षा, राष्ट्रिय प्रतिवद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका राष्ट्रय नीति तथा कार्यक्रम (Aspiration and policy need) लाई उचित रूपमा सम्बोधन गर्न स्रोतको आकलन गर्न पर्ने हुन्छ । त्यसरी आकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामर्थ्य के कति छ (Envelope base) त्यो पनि सँगसँगै विश्लेषण गरिन्छ । सामान्यतया राष्ट्रिय सामर्थ्य कुल गार्हस्थ उत्पादनलाई आधार बनाई निकालिन्छ । यस प्रकार आवश्यकता र सामर्थ्यको बिचमा सामञ्जस्य कायम गरी योजनाका कार्यक्रमहरू र तिनको प्राथिमिकता निर्धारण गरिन्छ । यी दुई पक्षलाई आधार मानी यहाँ अनुमान र विश्लेषण गरिएको छ ।

### अपेक्षा र नीतिका आधारमा अनुमान

संवैधानिक प्रावधानअनुसार आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क गर्ने दायित्व राज्यको रहेको छ । प्रत्येक बालबालिकालाई शिक्षाको हक हुने र प्रारम्भिक बालविकास तथा शिक्षालाई आधारभूत शिक्षाअन्तर्गत नै आवश्यक बजेटको व्यवस्था राज्यले गर्न पर्ने हुन्छ । त्यस्तै सबैको पहुँच र सहभागिताको सुनिश्चितताका लागि विशेष गरी आर्थिक रूपले विपन्न, विभिन्न कठिन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकाहरूलाई थप प्रोत्साहित आवश्यक हुन्छ । अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा बाहेकका अनौपचारिक तथा निरन्तर शिक्षा, विद्यालयतहमा प्राविधिक तथा व्यवसायिक शिक्षा, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास, सूचना तथा सञ्चार प्रविधि, भौतिक पूर्वाधार, विपद व्यवस्थापन, दिवा खाजालगायत विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ स्वच्छता लगायतको

खर्चका लागि लगानी सुनिश्चित गर्नु आवश्यक छ । यस योजनाको अनुगमन तथा मूल्याङ्कन तथा व्यवस्थापकीय कार्यलाई व्यवस्थित गर्न र विभिन्न तहमा क्षमता विकासमा थप लगानी आवश्यक छ।

उल्लिखित आवश्यकता समेतका आधारमा विषयगत समूहको प्रारम्भिक अनुमानले विद्यालय क्षेत्रका लागि योजनाको पहिलो वर्षमा करिब २ खरव रुपैयाँ लगानी आवश्यक हुने देखाएका छन् भने त्यसपछिका वर्षहरूमा क्रमिक रूपमा लगानी वृद्धि गर्नु आवश्यक देखिन्छ । यसअनुसार वर्तमान मूल्यमा यस योजनाको पहिलो पाँच वर्षका लागि करिब ११ खरब रुपैयाँ लगानी आवश्यक देखिन्छ । यसले संवैधानिक प्रतिवद्धताअनुसार राज्यले शिक्षा क्षेत्रमा आफ्नो दायित्व पूरा गर्न हालको शिक्षा बजेटमा वृद्धि आवश्यक हुने देखाएको छ ।

यो प्रारम्भिक अनुमानलाई यससँग सम्बन्धित विभिन्न पक्षहरूको विश्लेषण गरेर पुनः हिसाब गरिएको छ । निजी क्षेत्रका विद्यालयको उपस्थिति र ती विद्यालयमा हुने विद्यार्थीको सहभागिताको आकलनले पनि सरकारको लगानीको आकारमा प्रभाव पार्ने कुरालाई विचार गरिएको छ । वर्तमान लगानीको अनुपात तथा स्रोतको उपलब्धता (Resource Envelope) समेतका आधारमा बजेट अनुमान गरिएको छ । यसो गर्दा स्रोतको उपलब्धतालाई विचार गरेर कतिपय क्रियाकलापहरूलाई प्राथमिकीकरण पनि गरिएको छ । यसका लागि स्रोतको उपलब्धता (Resource Envelope) अनुमानको विश्लेषण गरी सामर्थ्य पहिचान गर्न पर्ने हुन्छ । यसरी सामर्थ्य पहिचान गर्दा सरकारी ,(ततीनै तहका सरकारको स्रो) गैरसरकारी संघसंस्थ र विकास साझेदार निकायहरू सबै पक्षबाट उपलब्ध हुन सक्ने स्रोतको अनुमान गर्न पर्ने हुन्छ ।

**स्रोतको उपलब्धता (Resource Envelope) को अनुमान**

कुल गार्हस्थ उत्पादन तथा राष्ट्रिय बजेटमा हुने वृद्धिका आधारमा आगामी ५ वर्षमा शिक्षा क्षेत्रका लागि उपलब्ध हुनसक्ने बजेट आकलन गरिएको छ । यसका लागि नेपालको मध्यकालिन खर्च संरचनाको तीन वर्षको प्रक्षेपण तथा पन्ध्रौं योजनाको पाँच वर्षको गार्हस्थ उत्पादन तथा त्यसबाट प्राप्त हुने सरकारको बजेटको हिस्सा स्रोत आकलनको महत्त्वपूर्ण आधार भए पनि कोभिड–१९ का कारण अर्थतन्त्रमा परेको नकारात्मक प्रभावका कारण यसमा प्रक्षेपण गरिएको कुल गार्हस्थ उत्पादन तथा आर्थिक वृद्धि महत्त्वाकांक्षी देखिएको छ । यसर्थ, अर्थतन्त्रको हालको अवस्था तथा सम्भाव्य वृद्धिका आधारमा सम्भाव्य उच्च, मध्यम तथा न्यून वृद्धि आकलन गरिएको छ । यस आलनका आधारमा मध्यमस्तरको प्रक्षेपित आर्थिक वृद्धिदरका आधारमा यस शिक्षा क्षेत्रको योजनाका लागि स्रोत पहिचान गरिएको छ ।

**तालिका ६.६: कुल गार्हस्थ उत्पादनका आधारमा स्रोतको आकलन (सन् २०२० को स्थिर मूल्यमा)**

| क्र. सं. | विवरण | 2020//21 | 2021/22 | 2022/23 | 2023/24 | 2024/25 | 2025/26 | |
|---|---|---|---|---|---|---|---|---|
| १ | कुल गार्हस्थ उत्पादनमा वृद्धि (%) | | 2.5 | 5.23 | 5.04 | 5.02 | 6.00 | |
| २ | कुल गार्हस्थ उत्पादन (रु अरब) | 4005 | 4105 | 4320 | 4545 | 4773 | 5059 | |
| ३ | मुद्रास्फिति (%) | 6.00 | 5.12 | 5.80 | 5.60 | 5.30 | 5.30 | |
| ४ | कुल गार्हस्थ उत्पादनको प्रतिशतका रुपमा राष्ट्रिय बजेट | 31.702 | 30.042 | 29.708 | 30.042 29.569 | 29.708 29.508 | 29.569 29.508 | 29.508 |
| ५ | कुल गार्हस्थ उत्पादनका आधारमा राष्ट्रिय बजेटको आकार (रु अरब) | 1269.67 | 1233.22 | 1297.81 | 1350.21 | 1411.33 | 1492.81 | |
| 6 | कुल गार्हस्थ उत्पादनको प्रतिशतका रूपमा शिक्षामा लगानी | 4.3 | 4.5 | 4.7 | 4.9 | 5.0 | 5.0 | |
| 7 | शिक्षामा लगानीका लागि कुल गार्हस्थ उत्पादनबाट प्राप्त हुने बजेट (रु अरब) | 171.7 | 184.7 | 203.0 | 222.3 | 238.3 | 252.6 | |
| 8 | शिक्षाको कुल बजेटमा विद्यालय क्षेत्रको अंश प्रतिशत | 70.6 | 70.6 | 70.6 | 70.6 | 70.6 | 70.6 | |
| 9 | विद्यालय क्षेत्रका लागि कुल गार्हस्थ उत्पादनबाट प्राप्त हुने बजेट (रु अरब) | 121.25 | 130.4 | 143.4 | 157.0 | 168.2 | 178.3 | |

*स्रोतः अर्थ मन्त्रालय बजेट पुस्तिकाहरू, राष्ट्रिय योजना आयोग पन्ध्रौं योजना तथा मध्यकालिन खर्च संरचना, विश्व बैंकको प्रक्षेप*

उल्लिखित तालिकामा गरिएको मध्यम प्रक्षेपणअनुसार यस योजना अर्थात् विद्यालय क्षेत्रका लागि संघीय स्रोत पहिलो वर्ष (सन् २०२१/२२) देखि पाचौं वर्षसम्मका लागि क्रमशः रु १३०.४ रु १४३.४, रु १५७.०, रु १६८.२ र रु १७८.३ (सन् २०२० स्थिर मूल्यमा) उपलब्ध हुने देखिन्छ । यसमा प्रदेश तथा स्थानीय तहले आफ्नो स्रोतबाट शिक्षा क्षेत्रमा गर्न सक्ने लगानी समावेश गरिएको छैन ।

संघीय बजेटको अतिरिक्त विभिन्न प्रदेश र स्थानीय तहले आफ्नो आम्दानीबाट थप लगानी गरे पनि यसका लागि मापदण्ड निर्धारण गरिएको छैन । संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह बिचको शिक्षामा लगानीको मापदण्ड निर्धारण गरी तीनै तहबाट लगानी सुनिश्चित हुने व्यवस्था गर्नु आवश्यक छ । त्यसैगरी वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउनु आवश्यक छ । आव २०१९/२० र २०२०/२१ को पाँच ओटा प्रदेशले शिक्षामा विनियोजन गरेको बजेट कुल प्रदेश बजेटको १.७ देखि ४.२ प्रतिशत अर्थात २.६४ प्रतिशत मात्र रहेको देखिन्छ भने ८० ओटा स्थानीय तहले उनीहरूको आम्दानीबाट ०.१२ देखि ३२.५४ प्रतिशतसम्म बजेट छुट्याएका छन् ।यो प्रतिशत औसत ५.४३ मात्र हुन आउँछ । प्रदेश तथा स्थानीय तहले आफ्नो स्रोतबाट गर्ने लगानी

बढ्ने आकलनसहित कम्तीमा पनि कुल बजेटमा शिक्षामा गरिने संघीय खर्चको अनुपातमा शिक्षा क्षेत्रमा गर्न सक्ने लगानी अपेक्षा गरिएको छ ।

**Comment [L1]:** To be confirm

## ६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रमअनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चिततासहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ भने प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम सक्षमताका मापण्ड पुरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्नका लागि आवश्यक हुने गरी लगानीमा वृद्धि गर्नु पर्ने आवश्यकतालाई ख्याल गरेर लगानी वृद्धि गरिएको छ । माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यासायिक सिप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । आधारभूत तहमा पाँच वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताका मापण्ड पुरा गर्ने भने माध्यमिक तहमा दश वर्षभित्र सबै विद्यालयमा यो मापदण्ड पुरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ । विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ । पाठ्यक्रमको सान्दर्भिकता बढाउने. पाठ्यपुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समाविशतामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमध्ये केहीलाई आवासीय प्रबन्धसहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ । यसको अतिरिक्त विद्यालयमा आधारित स्वास्थ्य, पोषण तथा सरसफाइ तथा स्वच्छता (किशोरिहरूको महिनावारी सरसफाइ तथा स्वच्छतासमेत) र आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको व्यवस्थापनको तयारीका लागि पनि बजेट समावेश गरिएको छ ।

**तालिका ६.७: विद्यालय क्षेत्रअन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट**

| उपक्षेत्र | 2021/22 78/79 | 2022/23 79/80 | 2023/24 80/81 | 2024/25 81/82 | 2025/26 82/83 | पाँच वर्षको जम्मा | |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बाल विकास तथा शिक्षा | 1,968.1 | 12,050.7 | 11,909.9 | 11,859.9 | 11,798.0 | 59,586.53 | 6.22 |
| आधारभूत शिक्षा | 98,887.24 | 101,852.89 | 115,158.35 | 117,834.72 | 120,762.40 | 554,495.59 | 57.86 |
| माध्यमिक शिक्षा | 38,585.31 | 41,971.34 | 45,712.77 | 48,824.44 | 52,496.99 | 227,590.85 | 23.75 |
| अनुगमन तथा मूल्याङ्कन र क्षमता | 130.34 | 111.50 | 174.50 | 108.50 | 194.50 | 719.94 | 0.08 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विकास | | | | | | | |
| अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ | 1,610.60 | 1,618.85 | 1,606.85 | 1,586.10 | 1,575.60 | 7,998.00 | 0.83 |
| विद्यालय भौतिक सुधार तथा विपत जोखिम न्यूनीकरण | 16684.28 | 16684.28 | 16884.28 | 17084.28 | 17084.28 | 84,421.40 | 8.81 |
| पाठ्यक्रम र मूल्याङ्कन | 374.50 | 377.50 | 374.00 | 68.00 | 56.50 | 1,250.50 | 0.13 |
| शिक्षक व्यवस्थापन र विकास | 694.94 | 692.94 | 690.14 | 686.00 | 686.00 | 3,450.01 | 0.36 |
| **जम्मा (रु दशलाखमा)** | 168,935.31 | 175,359.98 | 192,510.77 | 198,051.89 | 204,654.25 | 939,512.22 | |
| सुशासन तथा व्यवस्थापन (कुल बजेटको २ प्रतिशत) | 3,378.71 | 3,507.20 | 3,850.22 | 3,961.04 | 4,093.09 | 18,790.24 | 1.96 |
| **जम्मा (रु दशलाखमा)** | 172,314.02 | 178,867.18 | 196,360.99 | 202,012.93 | 208,747.34 | 958,302.46 | 100 |
| **जम्मा (अमेरिकी डलर दशलाखमा)** | 1,472.77 | 1,528.78 | 1,678.30 | 1,726.61 | 1,784.17 | 8,190.62 | |

अनुमान २०२० को स्थिर मूल्यमा योजना कार्यान्वयनको पहिलो पाँच वर्षका लागि जम्मा ८१९०.६२ मिलियन अमेरिकी डलरको स्रोत आवश्यक देखिन्छ ।

**प्रस्तावित बजेटमा नपुग स्रोत तथा नपुग स्रोत पुरा गर्ने उपाय**

यस योजनाका लागि उल्लिखित तालिका ६.७ मा गरिएको बजेट आकलनअनुसार आवश्यक पर्ने स्रोतलाई तालिका ६.६ सँग तुलना गर्दा कुल गार्हस्थ उत्पादनका आधारमा प्राप्त हुनसक्ने स्रोत र आवश्यक पर्ने स्रोतबिच तालिका ६.७ मा उल्लेख भएअनुसार भिन्नता देखिएको छ ।

**तालिका ६.८: योजनाका लागि अपुग स्रोतको वार्षिक विवरण**

| अपुग स्रोत (२०२० को स्थिर मूल्यमा) | **2021/22** 78/79 | **2022/23** 79/80 | **2023/24** 80/81 | **2024/25** 81/82 | **2025/26** 82/83 | **5-year Total** |
|---|---|---|---|---|---|---|
| रु दशलाखमा | (41,877.42) | (35,504.29) | (39,361.60) | (33,768.86) | (30,408.62) | (180,920.79) |
| अमेरिकी डलर मिलियनमा | (357.93) | (303.46) | (336.42) | (288.62) | (289.90) | (1,546.33) |

तालिका ६.८ मा उल्लिखित विवरणअनुसार योजना कार्यान्वयनको पहिलो पाँच वर्षका लागि जम्मा १५४६.३३ मिलियन अमेरिकी डलरको स्रोत अपुग हुने देखिन्छ ।

शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि अपुग हुने यो स्रोत पुरा गर्नका लागि विभिन्न तरिका हुन सक्दछन् । यो नपुग स्रोत जुटाउनका लागि वैदेशिक सहायता परिचालन गर्ने, प्रदेश तथा स्थानीय तहको सोत योजनाका लक्षित कार्यक्रममा लगानी गर्ने, शिक्षा कर लगाउने क्षेत्र पहिचान, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूले विद्यालय शिक्षा क्षेत्रमा गर्ने लगानीलाई यस योजनाका कार्यक्रमसँग सम्बन्धित गराउने जस्ता विकल्प हुन सक्दछन् । यहाँ पहिलो तरिका अर्थात् वैदेशिक सहायता परिचालनबाट प्राप्त हुनसक्ने स्रोतको आकलन शिक्षा क्षेत्रमा हाल सहयोग गरिरहेका बहुपक्षीय तथा तथा द्विपक्षीय विकास साझेदारहरू तथा अन्य सम्भाव्य साझेदारहरूबाट प्राप्त हुन सक्ने सहयोगका आधारमा गरिएको छ।

तालिका ६.९: योजनाका लागि अपुग स्रोतका लागि वैदेशिक सहायताको अनुमान

| **क.सं.** | **विकास साझेदारहरू** | **SSDP मा सहयोग रकम (USD in millions)** | **ESP का लागि सहयोग अनुमान (USD in millions)** | **कैफियत** |
|---|---|---|---|---|
| १ | विश्व बैंक (WB) | | | |
| २ | एसियाली विकास बैंक (ADB) | | | |
| ३ | युरोपियन युनियन (EU) | | | |
| ४ | शिक्षामा ग्लोवल सहकार्य (GPE) | | | |
| ५ | फिनलैण्ड | | | |
| ६ | युएसएड (USAID) | | | |
| ७ | जाइका | | | |
| ८ | युनिसेफ | | | |
| ९ | अन्य | | | |
| जम्मा | | | | |

यस तालिकामा SSDP मा संयुक्त वित्तीय प्रबन्धअन्तर्गत रहेर वा त्यसभन्दा बाहिर रहेर SSDP का निर्धारित कार्यक्रमा सहयोग गर्ने र ESP का लागि प्राप्त हुन सक्ने सहयोगको आकलन गरिएको छ। SSDP भन्दा बाहिर रहेर पनि विद्यालय क्षेत्रका विभिन्न कार्यक्रममा विभिन्न मुलुक तथा निकायले सहयोग गरेका छन् । यसमा भुकम्पपछिको विद्यालय पुनर्निर्माणको सहयोग तथा अन्य सहयोगहरू पर्दछन् । विद्यालय क्षेत्रबाहेक उच्च शिक्षा, प्रविधिक तथा व्यवसायिक शिक्षा लगायतमा पनि वैदेशिक सहयोग परिचालन गरिएको भए पनि यस योजनाको प्रयोजनका लागि विद्यालय क्षेत्रमा प्राप्त हुन सक्ने सहायतामा मात्र यसमा आकलन गरिएको छ ।

## अपेक्षित उपलब्धि

वि.सं. २०८७ (सन् २०३०) सम्म नेपालमा शिक्षामा तीनै तहका सरकारको लगानी कुल गार्हस्थ उत्पादनको कम्तीमा ७ प्रतिशत हुनेछ । आधारभूत तहसम्मको शिक्षा अनिवार्य र पूर्ण राज्यको दायित्वमा रहेको हुनेछ । शिक्षामा स्रोतको दिगो व्यवस्थापन भै शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ । वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने छ ।

# परिच्छेद सातः योजनाको नतिजा खाका

## ७.१ परिचय

यस योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, योजनाका समग्र उद्देश्यहरू तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरिएको छ । गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी योजनाको पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरिएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरिएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारीसमेत उल्लेख गरिएको छ ।

नतिजा खाका आवधिक योजनfको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो । यसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ । यसले वार्षिक योजना निर्माणका लागि आधार सृजना गर्नाका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ । यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ । नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ ।

यस परिच्छेदमा योजनाको समग्र खाकाअन्तर्गत अपेक्षित प्रभावको आकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरिएको छ । त्यसै गरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ ।

## ७.२ योजनाको समग्र नतिजा नतिजा खाका

यस शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाकाअन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ । त्यसै गरी योजनाको दीर्घकालीन र मध्यकालीन तथा तत्कालीन उपलब्धिहरू उल्लेख गरिएको छ भने उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ । यस पछिका दुई तालिकामा (तालिका ७.१ र ७.२) नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू (KPIs) र कार्यक्रम नतिजा सूचकहरू (PRF) समावेश गरिएको छ ।

चित्र ७.१: योजनाको समग्र नतिजा नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू

## मध्यकालीन उपलब्धि (Medium-term outcome)

| उपलब्धि | नतिजा सूचक | सत्यापनका स्रोत तथा तरिका |
|---|---|---|
| गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रूपमा स्थापित भई सबैका लागि सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समता र समावेशिता प्रवर्धन हुने । | मुख्य कार्यसम्पादन सूचकहरू (KPIs) | –एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>– वार्षिक स्थिति प्रतिवेदन<br>– विद्यार्थी उपलब्धि परीक्षण<br>– विद्यालय कार्यसम्पादन प्रतिवेदनहरू<br>– विभिन्न विषयगत अध्ययन, अनुसन्धान, सर्वेक्षणहरू<br>–मध्यावधिक तथा अन्तिम मूल्याङ्कन |

## तत्कालीन उपलब्धि (Immediate outcomes)

| उपलब्धि | नतिजा सूचक | सत्यापन स्रोत तथा तरिका |
|---|---|---|
| १५. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने ।<br>१६. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।<br>१७. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।<br>१८. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने।<br>१९. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।<br>२०. विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने ।<br>२१. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुने।<br>२२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चत हुने।<br>२३. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि भई सिकाइमा सुधार हुन सहयोग पुग्ने ।<br>२४. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।<br>२५. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।<br>२६. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग पुग्ने । | –मुख्य कार्यसम्पादन सूचकहरू (KPIs)<br><br>– कार्यक्रम नतिजा सूचकहरू (PRF) | –एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>– वार्षिक स्थिति प्रतिवेदन<br>–वार्षिक अनुगमन प्रतिवेदनहरू<br>–विभिन्न तहका वार्षिक प्रगति समीक्षाहरू<br>–सार्वजनिक परीक्षाका नतिजा विश्लेषण<br><br>- |

## ७.३ प्रमुख कार्यसम्पादन सूचकहरू (Key Performance Indicators-KPIs)

तालिका ७.१: प्रमुख कार्यसम्पादन सूचकहरू (KPIs)

| S.N. | Indicators | Baseline (2019/20) | Targets | | | | | 5-year target (to 2024/25) | 10-year target (to 2030/31) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 2020/21 | 2021/22 | 2022/23 | 2023/24 | 2024/25 | | |
| | **1. Basic education (ECED and PPE)** | | | | | | | | |
| 1.1 | Gross enrolment ratio (GER) in ECED and PPE | 86.4 | 89.0 | 91.6 | 94.3 | 97.1 | 100.0 | 100 | 105 |
| 1.2 | Percentage of Children with 4 years | 67.2 | 71.2 | 75.5 | 80.1 | 84.9 | 90.0 | 90 | 100 |
| 1.3 | % of ECED/PPE teachers with required qualification | 95.7 | 96.5 | 97.4 | 98.3 | 99.1 | 100.0 | 100 | 100 |
| 1.4 | % of ECED/PPE teachers with basic training (15 days) | 91.2 | 92.9 | 94.6 | 96.4 | 98.2 | 100.0 | 100 | 100 |
| 1.5 | % of Grade 1 new entrants with ECED/PPE experience | 68.7 | 72.5 | 76.5 | 80.8 | 85.3 | 90.0 | 90 | 100 |
| | **2. Basic education (Grades 1–8)** | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 2.1 | Gross intake rate in Grade 1 | 121.9 | 118.5 | 115.3 | 112.1 | 109.0 | 106.0 | 106 | 100 |
| 2.2 | Net intake rate in Grade 1 | 96.8 | 97.2 | 97.7 | 98.1 | 98.6 | 99.0 | 99 | 99 |
| 2.3 | GER of basic (Grades 1-5) | 119.3 | 117.8 | 116.3 | 114.9 | 113.4 | 112.0 | 112 | 107 |
| 2.4 | Net enrolment ratio (NER) in basic education (Grades 1-5) | 97.1 | 97.7 | 98.2 | 98.8 | 99.4 | 100.0 | 100 | 100 |
| 2.5 | GER of basic education (Grades 1-8) | 110.4 | 111.3 | 112.2 | 113.1 | 114.1 | 115.0 | 115 | 110 |
| 2.6 | NER of basic education (Grades 1-8) | 93.8 | 94.8 | 95.8 | 96.9 | 97.9 | 99.0 | 99 | 100 |
| 2.7 | Gender parity index (GPI) in NER in basic education (Grades 1-8) | 0.98 | 1.0 | 1.0 | 1.0 | 1.0 | 1.0 | 1.00 | 1.00 |
| 2.8 | Survival rate for Grade 8 | 79.3 | 82.9 | 86.6 | 90.5 | 94.6 | 98.9 | 98.9 | 99.5 |
| 2.9 | Completion rate for basic education level | 72.7 | 77.3 | 82.2 | 87.3 | 92.8 | 98.7 | 98.7 | 99 |
| 2.10 | % of out of school children in basic education (age 5-12) | 6.2 | 4.3 | 3.0 | 2.1 | 1.4 | 1.0 | 1.0 | 0 |
| | **3. Secondary education** | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 3.1 | GER in Grades 9-10 | 94.6 | 96.7 | 98.9 | 101.1 | 103.3 | 105.6 | 105.6 | 109 |
| 3.2 | NER in Grades 9-10 | 68.7 | 71.1 | 73.5 | 76.1 | 78.7 | 81.4 | 81.4 | 96.4 |
| 3.3 | GER in Grades 11-12 | 51.5 | 55.9 | 60.6 | 65.7 | 71.3 | 77.3 | 77.3 | 85.8 |
| 3.4 | NER in Grades 11-12 | 25.8 | 28.2 | 30.8 | 33.6 | 36.7 | 40.1 | 40.1 | 62.2 |
| 3.5 | GER in Grades 9-12 | 71.4 | 75.0 | 78.9 | 82.9 | 87.1 | 91.6 | 91.6 | 97.4 |
| 3.6 | NER in Grades 9-12 | 47.6 | 49.5 | 51.6 | 53.6 | 55.8 | 58.1 | 58.1 | 72.1 |
| 3.7 | Survival rate to Grade 10 | 60.3 | 66.4 | 73.2 | 80.6 | 88.9 | 97.9 | 97.9 | 99 |
| 3.8 | Survival rate to Grade 12 | 24 | 25.9 | 28.0 | 30.3 | 32.8 | 35.4 | 35.4 | 52.3 |
| 3.9 | GPI in NER in Grades 9-12 | 1.01 | 1.0 | 1.0 | 1.0 | 1.0 | 1.0 | 1.00 | 1.00 |
| | **4. Non-formal education and lifelong learning** | | | | | | | | |
| 4.1 | Literacy rate for 5 year old+ | 78 | 81.3 | 84.8 | 88.3 | 92.1 | 96.0 | 96 | 100 |
| 4.2 | Literacy rate for 15-24 year olds | 92 | 93.4 | 94.7 | 96.1 | 97.6 | 99.0 | 99 | 100 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 4.3 | Literacy for 15 year old and above | 58 | 64.0 | 70.7 | 78.0 | 86.1 | 95.0 | 95 | 100 |
| | **5. Teacher management and professional development** | | | | | | | | |
| 5.1 | % of female teachers in basic level | 43.7 | 44.9 | 46.1 | 47.4 | 48.7 | 50.0 | 50 | 50 |
| 5.2 | % of female teachers in secondary level | 20.6 | 21.4 | 22.3 | 23.1 | 24.1 | 25.0 | 25 | 30 |
| 5.3 | % ECED schools meeting PMEC | TBC | | | | | | 60 | 90 |
| 5.4 | % of basic schools meeting PMEC | 13.4 | 18.7 | 26.0 | 36.1 | 50.3 | 70.0 | 70 | 95 |
| 5.5 | % of secondary schools meeting PMEC | TBC | 20 | 30 | 40 | 50 | 55 | 60 | 90 |
| | **6. Sector finance** | | | | | | | | |
| 6.1 | Education sector budget as % of national budget | 11.64 | 12.6 | 13.5 | 14.4 | 15.3 | 16.1 | 17.0 | 20 |
| 6.2 | Provincial education sector budget as % of provincial budget | | | | | | | | |
| 6.3 | LG education sector budget as % of Local Government budget | | | | | | | | |

## ७.४ कार्यक्रम नतिजा खाका (Programme Result Framework-PRF)

### तालिका ७.२: प्रमुख कार्यसम्पादन सूचकहरू (KPIs)

| क्र. सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | २०७८/७९ देखि २०*२/८३ सम्म | २०*३/८४ देखि २०*७/८८ सम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | |
| १.प्रारम्भिक बालविकास तथा शिक्षा | | | | | | | | | | | |
| १.१ | सहजै देखिने भर्नादर | प्रतिशत | 86.4 | 89.0 | 91.6 | 94.3 | 97.1 | 100.0 | 100.0 | 105 | |
| १.२ | ४ वर्ष उमेरका बालबालिकाको भर्ना | प्रतिशत | 67.2 | 71.2 | 75.5 | 80.1 | 84.9 | 90.0 | 90 | 100 | |
| १.३ | आधारभूत तालिम प्राप्त शिक्षक | प्रतिशत | 91.2 | 92.9 | 94.6 | 96.4 | 98.2 | 100.0 | 100 | 100 | |
| १.४ | कक्षा १ मा बालबिकासको अनुभव सहित भर्न हुने बालबालिका | प्रतिशत | 68.7 | 72.5 | 76.5 | 80.8 | 85.3 | 90.0 | 90 | 100 | |
| १.५ | आधारभूत मापदण्ड पूरा गरेका केन्द्र | प्रतिशत | | 20 | 30 | 40 | 50 | 55 | 60 | 90 | |
| १.६ | केन्द्र सञ्चालन | सङ्ख्या | 30039 | 30039 | 30039 | 30039 | 30039 | 30039 | 30039 | 30039 | |
| १.७ | बालबालिकाका लागि सिकाइ सामग्री | सङ्ख्या | 30039 | 30039 | 30039 | 30039 | 30039 | 30039 | 150195 | 150195 | |
| १.८ | दिवा खाजा | सङ्ख्या | 5555075 | 538885 | 532220 | 525786 | 514149 | 499660 | 2610700 | 2610700 | |
| १.९ | प्रोत्साहन सहायता प्राप्त गर्ने अपाङ्गता भएका बालबालिका | सङ्ख्या | | 2689 | 2868 | 3058 | 3262 | 3479 | 15355 | 15355 | |
| १.१० | अभिभावक र व्यवस्थापन समिति अभिमुखीकरण | केन्द्र | | 30039 | 30039 | 30039 | 30039 | 30039 | 30039 | 30039 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १.११ | आधारभूत शिक्षक तालिम सञ्चालन (१५ दिन) | सङ्ख्या | | 10000 | 10000 | 10039 | | | 30039 | 30039 | |
| २. आधारभूत शिक्षा | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा कूल प्रवेश दर | प्रतिशत | 121.9 | 119 | 115 | 112 | 109 | 106 | 106 | 100 | |
| २.२ | कक्षा १ मा खूद प्रवेश दर | प्रतिशत | 96.8 | 97 | 98 | 98 | 99 | 99 | 99 | 99 | |
| २.३ | कक्षा १-५ मा कूल भर्ना दर | प्रतिशत | 119.3 | 118 | 116 | 115 | 113 | 112 | 112 | 107 | |
| २.४ | कक्षा १-५ मा खूद भर्ना दर | प्रतिशत | 97.1 | 98 | 98 | 99 | 99 | 100 | 100 | 100 | |
| २.५ | कक्षा १-८ मा कूल भर्ना दर | प्रतिशत | 10.4 | 17 | 27 | 44 | 71 | 115 | 115 | 110 | |
| २.६ | कक्षा १-८ मा खूद भर्ना दर | प्रतिशत | 93.8 | 95 | 96 | 97 | 98 | 99 | 99 | 100 | |
| २.७ | आधारभूत तहमा समयोजित खूद भर्ना दर | प्रतिशत | 95.0 | 95 | 96 | 96 | 97 | 97 | 97 | 99 | |
| २.८ | आधारभूत तहमा विद्यालय बाहिरका विद्यार्थी | प्रतिशत | 4.9 | 4 | 4 | 4 | 3 | 3 | 3 | 1 | |
| २.९ | आधारभूत तहमा लैङ्गिक समता सूचकाङ्क -खूद भर्ना दरमा_ | अनुपात | 0.98 | 0.98 | 0.99 | 0.99 | 1.00 | 1.00 | 1 | 1 | |
| २.१० | कक्षा १ मा कक्षा दोहोऱ्याउने दर | प्रतिशत | 12.3 | 7.0 | 4.0 | 2.2 | 1.3 | 0.7 | 0.7 | 0 | |
| २.११ | कक्षा १ मा कक्षा छाड्ने दर | प्रतिशत | 4.2 | 2.6 | 1.6 | 1.0 | 0.6 | 0.4 | 0.4 | 0 | |
| २.१२ | कार्यसम्पादनमा आधारित अनुदान (कक्षा १ मा कक्षा दोहोऱ्याउने दर र कक्षा छाड्ने दर घटेको आधारमा) | | 3000 | 5000 | 7000 | 9000 | 10500 | 12482 | 12482 | 16652 | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्म पुग्ने दर | प्रतिशत | 79.3 | 82.9 | 86.6 | 90.5 | 94.6 | 98.9 | 98.9 | 99.5 | |
| २.१४ | आधारभूत तह पूरा गर्ने दर | प्रतिशत | 72.7 | 77.3 | 82.2 | 87.3 | 92.8 | 98.7 | 98.7 | 99 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१५ | न्यूनतम शिक्षकको व्यवस्थाका लागि थप शिक्षक | | | | | | | | | | |
| २.१५.१ | आधारभूत तह कक्षा १-५ | सङ्ख्या | | 2000 | 1922 | | | | 3922 | | |
| २.१५.२ | आधारभूत तह कक्षा ६-८ | सङ्ख्या | | 10000 | 10000 | 4401 | | | 28401 | | |
| २.१६ | आधारभूत तहमा न्यूनतम सुविधा (PMEC) पुगेका विद्यालय (शिक्षक, कक्षाकोठा, पुस्तकालय, पाठ्यपुस्तक र छाब तथा छात्रा शौचालय) | | | | | | | | | | |
| २.१६.१ | ५ मध्ये ३ वाटा न्यूनतम सुविधा (PMEC) पुगेका विद्यालय | प्रतिशत | 63.6 | 69.6 | 76.2 | 83.4 | 91.3 | 100.0 | 100 | 100 | |
| २.१६.२ | ५ मध्ये ५ वाटा नै न्यूनतम सुविधा (PMEC) पुगेका विद्यालय | प्रतिशत | 13.4 | 18.7 | 26.0 | 36.1 | 50.3 | 70.0 | 70 | 100 | |
| २.१७ | दिवा खाजा प्राप्त गर्ने विद्यार्थी | सङ्ख्या | 2488386 | 2765382 | 3273317 | 3753791 | 4211455 | 4208057 | 18212002 | | |
| २.१८ | प्रोत्साहन तथा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी (गरिबीको रेखा मुनिका १८ प्रतिशत र अपाङ्गता भएका समेत गरी जम्मा २० प्रतिशतका लागि) | | 2510129 | 837430 | 843352 | 843328 | 842291 | 841611 | 4208013 | | |
| २.१९ | पाठ्यपुस्तक उपलब्ध हुने विद्यार्थी | सङ्ख्या | 3806639 | 4187149 | 4216760 | 4216641 | 4211456 | 4208057 | 21040063 | | |
| २.२० | दुर्गम क्षेत्र तथा लक्षित बालबालिकालाई आवासीय प्रबन्ध (माध्यमिक समेत) | सङ्ख्या | 10741 | 11039 | 11346 | 11661 | 11984 | 12317 | 58347 | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **३. माध्यमिक शिक्षा** | | | | | | | | | | |
| ३.१ | कूल भर्ना दर ९-१० | प्रतिशत | 96.4 | 98.2 | 100.0 | 101.8 | 103.7 | 105.6 | 105.6 | 109 | |
| ३..२ | खूद भर्ना दर ९-१० | प्रतिशत | 68.7 | 71.1 | 73.5 | 76.1 | 78.7 | 81.4 | 81.4 | 96.4 | |
| ३.३ | कूल भर्ना दर ११-१२ | प्रतिशत | 51.5 | 55.9 | 60.6 | 65.7 | 71.3 | 77.3 | 77.3 | 85.8 | |
| ३.४ | खूद भर्ना दर ११-१२ | प्रतिशत | 25.8 | 28.2 | 30.8 | 33.6 | 36.7 | 40.1 | 40.1 | 62.2 | |
| ३.५ | कूल भर्ना दर ९-१२ | प्रतिशत | 71.4 | 75.0 | 78.9 | 82.9 | 87.1 | 91.6 | 91.6 | 97.4 | |
| ३.६ | खूद भर्ना दर ९-१२ | प्रतिशत | 47.6 | 49.5 | 51.6 | 53.6 | 55.8 | 58.1 | 58.1 | 72.1 | |
| ३.७ | माध्यमिक तहको कक्षा १० सम्म पुग्ने दर | प्रतिशत | 60.3 | 66.4 | 73.2 | 80.6 | 88.9 | 97.9 | 97.9 | 99 | |
| ३.८ | माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर | प्रतिशत | 24.0 | 25.9 | 28.0 | 30.3 | 32.8 | 35.4 | 35.4 | 52.3 | |
| ३.९ | माध्यमिक तहको (९-१२) खूद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | अनुपात | 1.01 | 1.01 | 1.01 | 1.00 | 1.00 | 1.00 | 1.00 | 1.00 | |
| ३.१० | न्यूनतम शिक्षकको व्यवस्थाका लागि थप शिक्षक | शिक्षक | | 10000 | 10000 | 4835 | 200 | 350 | 25385 | | |
| ३.११ | माध्यमिक तहमा न्यूनतम सुविधा (PMEC) पुगेका विद्यालय (शिक्षक, कक्षाकोठा, पुस्तकालय, सूचना तथा प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला, पाठ्यपुतक र छात्र तथा छात्रा शौचालय) | | | | | | | | | | |
| ३.११.१ | ७ मध्ये ७ ओटै न्यूनतम सुविधा (PMEC) पुगेका विद्यालय | प्रतिशत | | 20 | 30 | 40 | 50 | 55 | 60 | 90 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.११.२ | ७ मध्ये ५ ओटा न्यूनतम सुविधा (PMEC) पुगेका विद्यालय | प्रतिशत | | 30 | 45 | 55 | 65 | 75 | 90 | 100 | |
| ३.१२ | प्रोत्साहन तथा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी (कक्षा ९-१२) (गरिबीको रेखा मुनिका र अपाङ्गता भएका समेत गरी जम्मा १० प्रतिशत) | सङ्ख्या | 83594 | 143283 | 143226 | 144064 | 144598 | 145963 | 721135 | | |
| ३.१३ | पाठ्यपुस्तक उपलब्ध हुने विद्यार्थी | सङ्ख्या | 1019095 | 1432834 | 1432263 | 1440641 | 1445981 | 1459628 | 7211347 | | |
| ३.१४ | प्राविधिक धारका विद्यालय | सङ्ख्या | 484 | 484 | 484 | 484 | 484 | 484 | 484 | 484 | |
| ३.१५ | नमुना विद्यालय | सङ्ख्या | 422 | 422 | 422 | 422 | 422 | 422 | 422 | 422 | |
| ४ | **विद्यालय व्यवस्थापन र नियमन** | | | | | | | | | | |
| ४.१ | विद्यालय खुलेका दिनको सुनिश्चिता (less than 220 Days) | विद्यालय | 9291 | 11653 | 14615 | 18330 | 22989 | 28833 | 28833 | 28833 | |
| ४.२ | शिक्षक उपस्थिति दर | प्रतिशत | 88 | 90 | 93 | 95 | 97 | 100 | 100 | 100 | |
| ४.३ | विद्यार्थी उपस्थिति औसत दिन | दिन | 183 | 186 | 190 | 193 | 196 | 200 | | | |
| ४.४ | शिक्षकले कक्षाकोठामा बिताएको समय | | | | | | | | | | |
| **५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | | | | | | | | | | | |
| ५.१ | ५ वर्षमाथिको साक्षरता दर | प्रतिशत | 78 | 81.6 | 81.6 | 81.6 | 81.6 | 81.6 | 98 | 100 | |
| ५.२ | १५-१४ वर्षको साक्षरता दर | प्रतिशत | 92 | 93.4 | 93.4 | 93.4 | 93.4 | 93.4 | 99 | 100 | |
| ५.३ | १५ वर्षमाथिको साक्षरता दर | प्रतिशत | 58 | 64.0 | 64.0 | 64.0 | 64.0 | 64.0 | 95 | 100 | |
| ५.४ | खुला विद्यालय सञ्चालन | सङ्ख्या | 121 | १२१ | १२१ | १२१ | १२१ | १२१ | 121 | | |
| ५.५ | 11 र १२ कक्षाको लागि खुला विद्यालय सञ्चालन | सङ्ख्या | 7 | ७ | ७ | ७ | ७ | ७ | 7 | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.६ | सामुदायिक सिकाइ केन्द्रको सवलीकरण र सञ्चालन | सङ्ख्या | 2150 | २१५० | २१५० | २१५० | २१५० | २१५० | 2150 | | |
| ५.७ | साक्षरता कक्षा सञ्चालन | सङ्ख्या | 24 | १२ | 12 | 0 | 0 | 0 | 24 | | |
| **६. पाठ्यक्रम र मूल्याङ्कन** | | | | | | | | | | | |
| ६.१ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुप कक्षा १ देखि १२ सम्का पाठ्यक्रम तथा पाठ्यसामग्री विकास र कार्यान्वयन | कक्षा | 1.2, 6,, 11, 12 | 3.7 | 4, 8,9, | 5, 10 | | | सवै कक्षा | | |
| ६.२ | मूल्याङ्क प्रक्रिया तथा साधन विकास, परीक्षण र कार्यान्वयन | कक्षा | कक्षा 1 - 3 | कक्षा 11, 12, 6-8 | कक्षा 4 - 5 | कक्षा 9-10 | | | सवै कक्षा | | |
| ६.३ | आधारभूत र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षामा सुधार | तह | | 3 | 3 | 3 | 3 | 3 | 3 | | |
| ६.४ | प्राविधिक धारतर्फका पाठ्यक्रम समायोजन तथा पाठ्यसामग्री विकास | विषयक्षेत्र | | 6 | 6 | | | | सवै ६ विषयक्षेत्र | | |
| ६.५ | प्राविधिक धार तर्फको कार्यक्रमको प्रभावकारिता अध्ययन | पटक | | 1 | | | | 2 | 2 | | |
| **७. शिक्षक विकास र व्यवस्थापन** | | | | | | | | | | | |
| ७.१ | शिक्षक सक्षमता कार्यढाँचा विकास (विश्वविद्यालयको शिक्षक तयारी पद्धति, पाठ्यांश, तालिम केद्र र स्थानीय तहको लागि समेतलाई आधार दिने गरी) | पटक | | 1 | | | | | 1 | | |
| ७.२ | विश्वविद्यालयहरुका शिक्षक तयारी पद्धतिमा परिवर्तन | पटक | | 1 | | | | | 1 | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७.३ | सेवा प्रवेश तालिम (खाली भएकोमा नियुक्ति हुने र नयाँ थप नियुक्ति हुने) | प्रतिशत | | 27000 | 26000 | 10000 | 5200 | 5400 | 73600 | | |
| ७.४ | तलिम केन्द्रहरुको क्षमता विकास | सङ्ख्या | | 8 | 30 | 30 | | | 30 | | |
| ७.५ | थप तालिम केन्द्र व्यवस्थापन | सङ्ख्या | 7 | 22 | 22 | | | | 29 | | |
| ७.६ | एक महिने क्षमता विकास तालिम | शिक्षक | 50000 | 10000 | 11000 | 110000 | 11538 | 10000 | 103538 | | |
| ७.७ | प्रत्येक स्थानीय तहले विद्यालयका शिक्षकहरूलाई सहयोग गर्ने गरी शिक्षक सहयोग समूह गठन र परिचालन | स्थानीय तह | | 753 | 753 | 753 | 753 | 753 | 753 | 753 | |
| ७.८ | सवै तालिम केन्द्रहरूमा अनलाइन निरन्तर शिक्षक सहयोग र पृष्ठपोषणको पद्धति विकास | सङ्ख्या | | 1 | 7 | 22 | | | 30 | | |
| **८. समता र समावेशीकरण** | | | | | | | | | | | |
| ८.१ | विशेष विद्यालय सञ्चालन | सङ्ख्या | 34 | 48 | 48 | 48 | 48 | 48 | 48 | | |
| ८.२ | स्रोत कक्षा सञ्चालन | सङ्ख्या | 380 | 380 | 380 | 380 | 380 | 380 | 380 | | |
| **९. पूर्वाधार तथा भौतिक संरचना एवम् उत्थानशील (resilience) शैक्षिक वातावरण विकास** | | | | | | | | | | | |
| ९१ | नयाँ पूर्वाधार र भौतिक संरचना निर्माण | कोठा सङ्ख्या | 173582 | 8000 | 8000 | 8000 | 8000 | 8000 | 40000 | 27116 | |
| ९.२ | मर्मत र सम्भार | कोठा सङ्ख्या | 9558 | 1000 | 1201 | 1000 | 1000 | 1000 | 5201 | | |
| ९.३ | शौचालय, पानी र सरसफाइ | विद्यालय सङ्ख्या | 15114 | 2000 | 2000 | 4000 | 6000 | 6000 | 20000 | 20000 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९.४ | क्षमता विकास कार्यक्रम | स्थानीय तह | | 753 | 753 | 753 | 753 | 753 | 753 | | |
| ९.५ | सचेतना कार्यक्रम सञ्चालन | स्थानीय तह | | 753 | 753 | 753 | 753 | 753 | 753 | | |
| **१०. सूचना तथा सञ्चार प्रविधि** | | | | | | | | | | | |
| १०.१ | केन्द्रीय तहमा एकीकृत सूचना तथा सञ्चार प्रयोगशाला (ICT Lab) स्थापना, विकास र प्रयोग | पटक | | 1 | 1 | | | | | | |
| १०.२ | अन्तरक्रियात्मक विद्युतीय सामग्री (Interactive digital materials) विकास | विषय | 9 | 4 | 4 | 4 | 8 | 6 | 24 | | |
| १०.३ | अन्तरक्रियात्मक विद्युतीय सामग्री (Portal समेत) को व्यवस्थापन | पटक | | 1 | | | | | 1 | | |
| १०.४ | विद्यालयहरुमा पूर्वाधार विकास (Connectivity and equipment) | विद्यालय | 5000 | 2000 | 2000 | 2000 | 1181 | 0 | 7181 | 12181 | |
| १०.५ | सबै तालिम केन्द्रहरुले अनलाइन निरन्तर शिक्षक सहयोग र पृष्ठपोषणको पद्धति विकास | केन्द्र | | 10 | 10 | 9 | 0 | 0 | २९ | | |
| १०.६ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धति थप व्यस्थित गर्ने | पटक | 1 | 1 | 1 | | | 1 | 3 | 5 | |
| १०.७ | शैक्षिक सेवा प्रवाह (फारमहरू भर्ने लगायतका सम्भाव्य सबै प्रक्रियालाई) लाई सूचना तथा सञ्चार पद्धतिमा आधारित बनाउने | पद्धति | | | 1 | | १ | | 2 | 4 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **११. शासकीय प्रवन्ध (संस्थागत संरचना र क्षमता विकास)** | | | | | | | | | | | |
| ११.१ | जिल्ला शिक्षा समन्वय तथा विकास एकाइको पुनर्गठन | सङ्ख्या | 77 | 2 | | | | | 20 | | |
| ११.२ | माध्यमिक तहका प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | प्रअ सङ्ख्या | | | 7000 | | | | 7000 | | |
| ११.३ | कर्मचारीको क्षमता विकास (सेवा प्रवेश र सेवाकालीन लगायत) | सङ्ख्या | | 500 | 500 | 500 | 200 | 300 | 2000 | | |
| ११.४ | प्रतिवेदन पद्धति सुदृढ बनाउने (कार्यक्रम, EMIS, आर्थिक र अन्य पक्षहरूसँग सम्बन्धित अनलाइन पद्धतिमा विकास गर्ने) | सङ्ख्या | | 8 | 753 | | | | 761 | 761 | |
| ११.५ | तीनै तहका सरकारमा शिक्षा सेवा प्रवाह गर्ने कर्मचारी व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण र कार्यान्वयन | पटक | | 1 | | | | | 1 | | |
| ११.६ | शिक्षा सेवाका कर्मचारीको क्षमता विकासका लागि उच्च अध्ययन कार्यक्रम | जना | | 10 | 10 | 10 | 10 | 10 | 50 | 100 | |
| ११.७ | शैक्षिक नीति तथा योजना सम्बन्धमा स्थानीयका जनप्रतिनिधि र कर्मचारीको अन्तरक्रिया | तह | | 753 | | 753 | | | 753 | | |
| **१२. अनुगमन तथा मूल्याङ्कन** | | | | | | | | | | | |
| १२.१ | समग्र कार्यक्रमको अनुगमन मूल्याङ्न | पटक | 3 | 3 | 3 | 3 | 3 | 3 | 15 | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२.२ | वार्षिक पुनरावलोकन | पटक | 1 | 1 | 1 | 1 | 1 | 1 | 5 | | |
| १२.३ | मध्यावधिक मूल्याङ्कन | पटक | | | | 1 | | | 1 | | |
| १२.४ | अन्तिम मूल्याङ्कन | | | | | | | 1 | 1 | | |
| १२.५ | विद्यालय कार्यसम्पादन परीक्षण | विद्यालय सङ्ख्या | | 2000 | 2000 | 2000 | 2000 | 2000 | | | |
| १२.६ | विद्यार्थीको उपलब्धि परीक्षण | कक्षा | | 8 | | 8 | | 10 | | | |
| १२.७ | सामाजिक परीणण | विद्यालय | | 35520 | 35520 | 35520 | 35520 | 35520 | 35520 | 35520 | |

# सन्दर्भ सामग्रीहरू

# अनुसूचीहरू